**सम्पादकीय**
शान्ति र संविधान सुनिश्चित गर ! २
**पाठकमञ्च** ३
**प्रतिक्रिया**
दुबिनी गाउँमा कमरेड मदनको सप्ताहव्यापी प्रशिक्षण – **परशुराम मेघी गुरुङ** ४
**आवरण**
तीनबुँदे सहमति र सहमतीय राजनीतिको दिशा – **झलनाथ खनाल** ५
**दस्तावेज**
राष्ट्रिय सहमतिका लागि नेकपा (एमाले)को प्रस्ताव ८
बैठकद्वारा पारित अन्य प्रस्तावहरु १०
**विश्लेषण**
मार्क्सवादको सिर्जनात्मक प्रयोगका तीन धरोहर – **प्रदीप ज्ञवाली** ११
**अध्ययन निष्कर्ष**
माओवादीका केही गलत सैद्धान्तिक अवधारणाको शल्यक्रिया १६
**सिद्धान्त/बहस**
माओवादी उग्रवादको पराजय : एक मार्क्सवादी नजर – **घनश्याम भुसाल** २१
**ज्यादती विशेष**
क्रुर त्रासदी र सचेत पङ्क्तिको सफाया ! – **सूर्य थापा** २४
अब यस्तो कहिल्यै नगरियोस् ! – **देवशङ्कर पौडेल** २५
द्वन्द्वको अवधिमा अनाहकमा ज्यान गुमाएका योद्धाहरु (नामावली) २८
आततायी ज्यादती र हत्याका केही घटना प्रसङ्ग – **ज्ञानेन्द्र आरण** ४०
**समाचार**
संस्थागत निर्णयको आधारमा अघि बढ्न आग्रह ४१
**पुस्तक अंश**
झपटबहादुर बुढाथोकी – **जगदीश घिमिरे** ४२
**ज्यादती/प्रेस**
प्रेसमाथि माओवादी दमन – **शिव गाउँले** ४४
युद्धअपराधलाई संरक्षण – **जनक नेपाल** ४६
**ज्यादती/सर्वसाधारण**
बाँदरमुढे : अझै निको नभएको घाउ – **जनक अर्याल** ४७
बसभित्रै जलाएर बालिका काजोलको हत्या ४८
**माओवादी ज्यादती**
माओवादीको अपराधकर्म – **कर्णबहादुर थापा** ४९
माओवादी हिंसा र रोल्पाले भोग्नुपरेको क्षति –**शान्तकुमार ओली** ५१
**ज्यादती/प्रतिशोध**
माओवादी तरिका माओवादीकै विरुद्ध – **रेवन्त झा** ५३
**पूर्वाधारमा हमला**
'जनयुद्ध'को ध्वंस र पुनःनिर्माणको लागत लेखाजोखा – **मोतीप्रसाद पौडेल** ५४
**लडाकु व्यवस्थापन**
गाँठो कहाँ छ ? – **डा. दीपकप्रकाश भट्ट** ५६
**साहित्य/कथा/कविता**
मृत्युको खबर – **घनश्याम शर्मा** ५९
ती दुवैले भनेनन् –**अग्निशिखा** ६१
**शब्द-शब्द**
राजनीतिक शब्द परिचय – **शार्दूल भट्टराई** ६२
**जिल्ला नेतृत्व**
डम्बरबहादुर सिंह, अध्यक्ष- जाजरकोट ६३
**गठन/पुनःगठन**
जिल्ला र क्षेत्रीय अधिवेशन जारी ६६
**मोफसल**
सर्लाहीमा कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त विवेचना –**लक्ष्मण पौडेल** ७०
**सम्मेलन**
प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चको पहिलो सम्मेलन ७५
मुक्ति समाजको नयाँ नेतृत्वका कार्यभार र चुनौती –**अनन्त यात्री विश्वकर्मा** ७६
निर्वाचित केन्द्रीय नेतृत्व ७७

**प्रेरक घटना**
बालुवाटार बैठक र आठबुँदे सहमति – **प्रदीप ज्ञवाली** ७८ **अन्तिम पृष्ठ**
माओवादीले नेपाली क्रान्तिलाई धोका दिएको छ – **मणि थापा** ८०

# शान्ति र संविधान सुनिश्चित गर !

जेठ १४ गते रातिको तीनबुँदे सहमतिले संविधानसभाले निरन्तरता त पाएको छ, तर शान्ति र संविधानको सुनिश्चितता भने हुनसकेको छैन। सहमतिको आफुखुसी व्याख्या र दलीय हितकेन्द्रित उपयोगको चाहनाले राष्ट्रिय सहमतिको यात्रा पर धकेलिँदै गएको छ। सबैतिरको सार्थक पहलले मुलुक आसन्न दुर्घटना र संवैधानिक अनिश्चितताको खतराबाट तत्कालका लागि मुक्त त भएको छ, तर नयाँ सहमति नहुने हो भने समस्याको ढुङ्गोलाई अलि पर धकेलेको मात्रै ठहरिनेछ।

आफूलाई संविधानसभाको 'जननी' दाबा गर्ने एकीकृत नेकपा (माओवादी)ले संविधानसभाको निरन्तरताजस्तो महत्वपूर्ण प्रश्नलाई पनि प्रधानमन्त्रीको कुर्सीसँग सौदाबाजी गर्ने जस्तो धृष्टता गर्‍यो, उसको निष्ठा र दाबामाथि यसले गम्भीर प्रश्नचिह्न उब्जाइदिएको छ। निश्चित दलीय स्वार्थका निम्ति माओवादीहरू संविधानसभाजस्तो सङ्घर्षको उपलब्धि र जनताको आशाको केन्द्रलाई पनि जुवाको खालमा थाप्न तयार हुँदारहेछन् भन्ने तथ्यले उनीहरूको 'उपयोगितावाद'लाई पुनर्पुष्टि गरेको छ। त्यसरी नै, आफूलाई लोकतन्त्रका मसिहा ठान्ने कतिपय व्यक्तिहरूबाट पनि जसरी त्यस रात जसरी संविधानसभा भर्सेला परे परोस्, बरु सङ्कटकाल लगाउँला या आयोगबाट संविधान बनाउँला तर माओवादीलाई फाइदा हुने संविधानसभाको म्याद थप गर्नुहुँदैन भन्ने जस्ता मनशाय जसरी प्रकट भयो। यसले लोकतन्त्रप्रतिको उनीहरूको जैविक दाबामाथि नै ठूलो प्रश्न खडा भएको छ। यसले एउटा खतरातिर पनि सङ्केत गरेको छ- सत्तास्वार्थको अल्पदृष्टिका सिकार कतिपय 'क्रान्तिकारी' या 'प्रजातन्त्रवादी'हरूका हातमा हाम्रो संविधानसभा अझै पनि सुरक्षित छैन।

तीनबुँदे सहमतिको मुख्य निष्कर्ष हो- सहमतिको यात्रालाई भत्काएर गल्ती गरियो, अब त्यसलाई पुनःस्थापना गर्नुपर्छ। यो स्वीकारोक्तिसँगै शान्ति र संविधानको सुनिश्चतताका लागि राष्ट्रिय सहमतिको सरकार बनाउने र त्यसका लागि प्रधानमन्त्रीले राजीनामा दिने सहमति भयो। अर्थात् शान्ति र संविधानको सुनिश्चितताका लागि नयाँ सरकार र त्यसका लागि प्रधानमन्त्रीद्वारा मार्गप्रशस्ति। शान्ति र संविधानको सुनिश्चितताको प्रश्नबाट अलग्याएर प्रधानमन्त्रीको राजीनामा एकोहोरो रटान गर्दै माओवादीले सहमतिको मर्मको अपव्याख्या गरिरहेको छ।

शान्ति र संविधानको सुनिश्चितताको बाटोमा केही तगाराहरू छन्। ती मूलतः माओवादीका कारण सिर्जित तगाराहरू हुन्। माओवादी विश्वासको वातावरण निर्माणका लागि विगतका सहमति कार्यान्वयन गर्न र नयाँ संविधानका लागि आफूलाई लडाकुसँग सम्बन्धविच्छेद र हिंसाबाट मुक्त गर्न तयार हुनेबित्तिकै सबै समस्याले सहज निकास पाउनेछन् र सहमतिको नयाँ यात्रा प्रारम्भ हुनेछ। तर, बहस जब माओवादी पार्टीको नागरिक पार्टीमा रूपान्तरणका प्रश्नमा केन्द्रित हुन्छ र जब अन्य दल माओवादीसँग माओवादी लडाकुहरूको समायोजन र पुनःस्थापनाको विश्वसनीय प्रतिबद्धता, ठोस कार्यतालिका र इमानदार कार्यान्वयनको प्रतिबद्धता खोज्छन्, माओवादी एकपछि अर्को गर्दै बाहना बनाएर समस्यालाई थाती राख्न चाहन्छ। एकातिर संविधानसभा निर्वाचनपछि भएको लिखित सहमतिबमोजिम ६ महिनाभित्रमा सम्पन्न भइसक्नुपर्ने लडाकु समायोजन र पुनःस्थापनाको काम आज पनि अधुरै रहनु, पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा उनको काँधमा एकैसाथ समायोजन विशेष समितिको अध्यक्ष, माओवादी 'सेना' को सर्वोच्च कमान्डर र व्यवहारतः राज्यका सुरक्षा अङ्गको पनि प्रमुख गरी तीनवटा जिम्मेवारी हुँदा पनि त्यस कार्यकालमा कुनै प्रगति नहुनुले अन्य दलको मनमा सन्देह पैदा हुनु स्वाभाविकै हो।

सम्भवतः माओवादीले लडाकु, 'क्यान्टोनमेन्ट' र 'कन्टेनर'मा हतियार कायमै राखेर समाजमा एउटा मनोवैज्ञानिक सन्त्रास कायमै राख्न चाहन्छ र ऊ अन्य दल एवम् समाजबाट अनेकौं छुट, सुविधा र 'विशेष व्यवहार' हासिल गर्न चाहन्छ। शिविर र लडाकु कायमै राख्दा यसबाट प्राप्त हुने आर्थिक लाभ, ती स्थलहरूलाई तालिमलगायत अन्य सन्देहास्पद गतिविधिका लागि प्रयोग गर्न सकिने सुविधा र आफ्ना विवादास्पद कार्यकर्तालाई संरक्षण गर्ने थलोका रूपमा प्रयोग गर्न सकिने सोच बनाइरहेका हुन सक्छन् माओवादीहरू। तर, उनीहरूको यस्तो तरिका अलोकतान्त्रिक र शान्ति प्रक्रियाको मर्मविपरीत त छँदैछ, यसले गम्भीर सामाजिक समस्यालाई पनि निम्त्याइरहेको छ। १९ हजारभन्दा बढी लडाकुलाई अनिश्चित भविष्यको अन्योलमा तीन वर्षभन्दा बढी समय राख्नु आफैं गम्भीर जोखिमलाई निम्त्याउनु हो। उनीहरूलाई स्वेच्छिक रूपमा कुनै विकल्प पनि रोज्न नदिनु र दलीय स्वार्थका लागि 'ब्ल्याकमेलिङ'को रूपमा प्रयोग गर्न खोज्नु प्रत्युत्पादक हुनेछ।

त्यसैले यतिबेला समस्याको गाँठो माओवादी लडाकुहरूको समायोजन र पुनःस्थापना गर्दै शान्ति प्रक्रियालाई पूर्णता दिने प्रश्नमा अल्झिएको छ। यो समस्या समाधान हुनासाथ संविधान निर्माणको मुख्य प्रश्नमा ढुक्क भएर लाग्न सकिन्छ र

माओवादीसँग अन्य दलको सहकार्यका तगाराहरू समाप्त हुन्छन् । स्पष्ट छ, यो काममा माओवादीले मात्रै निर्णायक ढङ्गले सहयोग पुऱ्याउनसक्छ ।

'नवयुग'को यस अङ्कमा प्रस्तुत विशेष सामग्रीले पनि शान्तिको खाँचोलाई टड्कारो गरी औंल्याएका छन् । यहाँ प्रस्तुत गरिएका नामहरू आस्थाका ती व्यक्तित्वहरूका हुन्, जसले खालि माओवादी हुन नमानेका कारण, उनीहरूले मागेको चन्दा र आश्रय दिन नसकेका कारण या उनीहरूको कार्यक्रममा सहभागी हुन नगएका कारण क्रूरतापूर्वक मारिएका थिए । हत्या-हिंसाको शृङ्खलाको यो अध्यायको पाना अब इतिहासमा बन्द गरिनुपर्छ । यो काम माओवादी पार्टीको नागरिक रूपान्तरणमा निर्भर छ ।

थपिएको एक वर्षभित्रमा पनि संविधान निर्माण नहुनु र शान्ति प्रक्रिया पूर्ण नहुनु जनताप्रति विश्वासघात हुनेछ । संवैधानिक अनिश्चितताको त्रास र आफ्नो प्रतिनिधिसभाप्रतिको मोहका कारण जनताले यसपटक दलहरूको कमजोरीलाई क्षमायाचना गरेका छन् र थप एउटा अवसर दिएका छन् । तर जनताले सधैंभरि त्यस्तो अवसर दिने छैनन् । त्यसैले समयको गाम्भीर्यलाई ध्यानमा राखेर शान्ति र संविधान सुनिश्चित गर्न दलहरू केन्द्रित हुनुपर्छ ।

# सत्ता प्राप्तिको खुड्किलो मात्रै नबनाऔं

**सम्पादकज्यू,**

नेपाली राजनीतिका शिखर व्यक्तित्व जननेता कमरेड मदन भण्डारी र कुशल सङ्गठक जीवराज आश्रितको दुःखद् अवसान भएको १७ वर्ष पुगेछ । यस अवधिमा हामीले उहाँहरुले देखाएको बाटोमा अगाडि बढ्न सक्यौं कि सकेनौं ? त्यसको समीक्षा गर्नुपर्दछ । जननेता कमरेड मदन भण्डारीले प्रतिपादन गर्नुभएको जनताको बहुदलीय जनवाद (जबज)लाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त त बनायौं तर विगतमा हामीले पण्डितले पुराणको बखान गरेझैं भजन निकै गायौं तर त्यसलाई सत्ताप्राप्तिको खुड्किलो बनाउन पुग्यौं । जसले गर्दा संशोधनवादी र काउत्स्कीपरस्त विचारधारा भन्ने आरोप आफूलाई क्रान्तिकारी भन्न रुचाउने उग्रवामपन्थी तत्वहरुले लगाइरहे । त्यस आरोपलाई प्रमाणित गर्न हामी नै अग्रसर भयौं कि ? फलतः २०५९ मा तत्कालीन राजा ज्ञानेन्द्रले जननिर्वाचित सरकारलाई बर्खास्त गरी राजकीय सत्ता आफ्नो हातमा लिएपछि ०६१ मा प्रतिगमन आधा सच्चिएको नाममा शेरबहादुर देउवाको सरकारमा सामेल भयौं । त्यतिबेला नेकपा (एमाले)ले गम्भीर गल्ती गरेको थियो । समकालीन विश्वपरिस्थितिको मूल्याङ्कन गरी जननेता मदन भण्डारीले मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकासका लागि अघि सार्नुभएको नेपाली क्रान्तिको कार्यक्रम जबजमाथि विरोधीहरुले विभिन्न प्रकारका गम्भीर आरोप लगाउँदै प्रहार गरिरहेका छन् ।

त्यो बेला नेकपा (एमाले)ले गरेको गल्तीले गर्दा नेपाली समाजको अग्रगामी परिवर्तनका लागि जननेता मदन भण्डारीले प्रतिपादन गर्नुभएको जबजमाथिको विभिन्न आरोप लगाइए । तर, अबका दिनमा नेकपा (एमाले)ले गम्भीर भएर सोच्नुपर्दछ र जबजमाथिका आरोपहरुलाई झुटो सावित गर्नुपर्दछ । यसको प्रयोग र विकासमा अराजकतावाद र गुटबन्दीहरुलाई पन्छाउँदै एकजुट भई अगाडि बढ्नुपर्ने बेला आएको छ। किनभने हामीले विगतमा गरेका गल्तीकमजोरीको समीक्षा गर्नु जरुरी छ ।

दस वर्ष लामो युद्ध लडेर आएको उग्रवामपन्थी पार्टी एकीकृत माओवादी अहिले देशको सबैभन्दा ठूलो दलका रुपमा स्थापित छ । आखिर सशस्त्र युद्धबाट वर्तमान परिस्थितिमा जनवादी क्रान्ति सम्पन्न गर्न सकिँदो रहेनछ भन्ने महसुस उसलाई भएको छ । खुला प्रतिस्पर्धामा आउनु, बहुदलीयतालाई स्वीकार्नु, कानुनी राज्यलाई आत्मसात् गर्छु भन्ने प्रतिबद्धता जगाउनु भनेको उसले जननेता मदन भण्डारीद्वारा प्रतिपादित जबजको अन्तर्वस्तुलाई स्वीकारेको हो । यद्यपि, उसले अझै पनि सत्ताकब्जा गर्ने भन्ने शब्दजाल रच्न छाडेको छैन । तर, प्रष्टै छ- उसले अब एक्काईसौं शताब्दीको जनवादका नाममा बहुदलीय जनवादको अनुशरण गरिरहेको छ । यस अर्थमा पनि जबजको औचित्य अझ प्रस्ट भएको छ ।

संविधानसभाको निर्वाचनमा धक्का खाएर नेकपा (एमाले) तेस्रो स्थानमा सीमित भएको कुरालाई मनन गर्दै आगामी दिनमा पार्टीलाई सशक्त बनाएर लैजानुपर्दछ र नेपाली क्रान्तिको कार्यक्रम जबजको प्रयोग र सफल कार्यान्वयन गरी तदनुरुपको परिवर्तित समाज स्थापना गर्न हामी अग्रसर हुनुपर्दछ । विगतमा जसरी जबजलाई सत्ता

प्राप्तिको खुड्किलोका रुपमा प्रयोग गर्नुहुँदैन । यसको सिर्जनात्मक प्रयोग र विकास गरी जनवादी सत्ताप्राप्तिको दिशामा जानुपर्ने आवश्यकता छ । यसनिम्ति नेकपा (एमाले)का नेताहरु एकजुट भएर आपसी वैमनस्यता त्यागी गुट-उपगुटको रोग उखेलेर फाल्नुपर्दछ । जननेता प्रिय कमरेडहरुको सपनालाई साकार पार्नका निम्ति पार्टी एकढिक्का भएर लाग्नुपर्दछ । यो नै दिवङ्गत जननेताप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ ।

**– एकराज सुवेदी**

**सदस्य, युवासङ्घ, नेपाल, जिल्ला कमिटी, पर्वत**

**भूलसुधार**

नवयुगको जेठ अंकमा प्रकाशित जिल्ला नेतृत्व अन्तर्गत गुरुप्रसाद बुर्लाकोटी धादिङको परिचयमा २०४५ सालमा स्यादुलमा भएको पहिलो जिल्ला अधिवेशनबाट सुरेश कार्कीको नेतृत्वमा जिल्ला कमिटी बनेको हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ । **– सम्पादक**

# दुबिनी गाउँमा कमरेड मदनको सप्ताहव्यापी प्रशिक्षण

**❒ परशुराम मेघी गुरुङ**

'नवयुग'को जेठ अङ्क कमरेड मदन भण्डारी र जनताको बहुदलीय जनवाद (जबज) मा केन्द्रित गरिएकोमा राम्रो लाग्यो । कमरेड मदनलाई सम्झँदा उहाँले दुबिनी गाउँमा दिनुभएको प्रशिक्षणको विशेष सम्झना भएकाले संक्षिप्तमा उल्लेख गरेको छु :

सङ्खुवासभा जिल्लामा पार्टी कामको विकास र विस्तार निकै छिटो भएको मान्नुपर्छ । २०३६ सालको चैतमा जिल्ला पार्टी सक्रिय दल गठन भयो । त्यसको करिब दुई वर्षपछि जिल्ला पार्टी सङ्गठन कमिटीको गठन भयो । त्यसले ०३९ पुसको पहिलो साता एक हप्ता लामो प्रशिक्षण कार्यक्रम आयोजना गर्‍यो । र, हामी त्यही प्रशिक्षणमा भाग लिन निर्धारित समयअनुसार नै दुबिनी गाउँ पुग्यौं ।

सिद्धकाली गाविसको पूर्वउत्तरमा रहेको दुबिनी गाउँ चित्लाङको थाप्लोमा रहेको छ । त्यहाँ पुग्न सोझो नाके उकालो पार गर्नुपर्छ । तर, त्यहाँ पुगेपछि सारा थकाइ मेटाउने वरिपरिका असाध्यै रमाइला दृश्यहरु देखिन्छन् । तल देखिने पिलुवा दोभान, वारिपारिका गाउँबस्तीहरु, सोझै अगाडि देखिने मङ्गलबारे गुम्दापोखरी र मेन्दम्पको अग्लो थुम्कीबाट भोट-मधेस नै देखिन्छ भन्ने आहान छ । मास्तिर नजिकै ठूलो पातलसँगै जोडिएको खर्क मैदान छ । हामी पुग्दा असाध्यै घमाइलो र रमाइलो थियो- दुबिनी गाउँ । अलि उतापट्टि ठूलै शेर्पा गाउँ थियो तर त्यहाँ आम्नेसाम्ने देखिने पाँच-छवटा घर मात्रै थिए । तिनै घरमध्येको सेतो चाहिँ कमरेड नन्दीकिशोर न्यौपानेको घर थियो । घरसँगै पछाडिपट्टि लामो मतान थियो, त्यसको भुइँतला वारपार वस्तुभाउ बाँधिएका थिए । माथिल्लो तलाको अघिल्लो भागमा दुईवटा खाट मिलाइएको सानो कोठा र त्यसको पछाडिपट्टि घाँस-पराल राख्ने लामो हलजस्तो कोठा थियो । तिनलाई सरसफाइ गरेर चट्ट मिलाएर प्रशिक्षणको कक्षा व्यवस्थित गरिएको थियो ।

त्यहाँ व्यवस्थापन मिलाउन कमरेड तुलसी न्यौपाने चाँडै पुगिसक्नुभएको थियो । तर, व्यवस्थापनको मूल जिम्मा भने गणेश न्यौपानेको थियो । उहाँले यस्तो जिम्मेवारी बाँडफाँड गरेर मिलाउनुभएको रहेछ । आमा विष्णुमाया न्यौपाने, बहिनी देवी, भाइ हुमप्रसाद र कृष्णले खानपान, खाजा र चियाको प्रबन्ध गर्ने, बुबाले गाउँवरिपरिको वातावरण बुझ्ने र कमरेड गणेशले स्थानीय पार्टी कमिटीका साथीहरुको सहयोगमा सुरक्षा प्रबन्धका साथै जिल्लाको गतिविधि चैनपुर बजारको अवस्थासमेत बुझ्ने सम्पर्क सूत्र मिलाइएको थियो ।

१०-१५ जना सजिलै सुत्न र बस्न सकिने गरी सुकुल बिच्छ्याइएको छ । माथ्लोपट्टि भित्तामा पार्टीको झन्डा टाँगिएको थियो, बीचमा लालटिन बलिरहेको थियो, वरिपरि केही अनुहार उज्यालोमा प्रस्टै देखिन्थे । रातको १२:३० भइसकेको थियो, निर्धारित समयभन्दा दुई घण्टा ढिलो सहिदहरुलाई सम्मान व्यक्त गर्दै मुट्ठी उठाएर सामूहिक अन्तर्राष्ट्रिय गीत गाउँदै प्रशिक्षणको उद्घाटन भयो । प्रमुख अतिथि कमरेड सागर (मदन भण्डारी)ले सादा कागजमा लेखेर टाँसिएको सानो ब्यानर खोलेर उहाँले कार्यक्रमको उद्घाटन गर्नुभयो र सङ्क्षिप्त मन्तव्य दिनुभयो । मैले सुनेको कमरेड सागरको पहिलो मन्तव्य त्यही थियो । सम्झिएसम्म उहाँको भनाइ थियो- क्रान्तिमा लाग्ने योद्धाले क्रान्तिकारी सिद्धान्त अध्ययन गर्नु र आत्मसात् गर्नु पहिलो सर्त हो । क्रान्तिकारी सिद्धान्त र विचारको आलोकमा नै जनता अजेय क्रान्तिकारी शक्तिका रुपमा अगाडि बढ्न सक्छन् ।' उद्घाटन कार्यक्रम करिब एक घण्टामै समापन भयो । पुसको लामो रात बितेर बिहान छ बजिसक्दा हामी सबै उठेर नृत्यकर्मतिर लाग्यौं । सागरले केही समय योगासनमा बिताउनुभयो, जीवनमा मैले योगासन पहिलोपटक उहाँबाटै थाहा पाएँ । बटुकाभरि तातो चियासँगै नौलो बिहानीले भोलिपल्ट हामीलाई स्वागत गर्‍यो । बिहान आठ नबज्दै कक्षाको सुरुआत भयो ।

सङ्खुवासभा जिल्लाबाट प्रशिक्षणमा सहभागी कमरेडहरु तुलसी न्यौपाने, भीम बस्नेत, मुरारी खतिवडा र म थियौं भने धनकुटा, धरान र अन्य ठाउँका अरु पाँचजना हुनुहुन्थ्यो । प्रशिक्षणका विषयहरु लामै थिए- मलाई याद भएका विषयहरुमा राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थिति, नेपाली समाजको विकासक्रम, कम्युनिस्ट आन्दोलनको इतिहास, नेपाली क्रान्तिको राजनीतिक-कार्यनीतिक कार्यदिशा, प्रधान अन्तरविरोध, नेपाली क्रान्तिको कार्यक्रम, रणनीति र कार्यनीति आदि प्रशिक्षणका विषयवस्तुहरु थिए । ती सबै विषयहरुमा सागरले नै मूल प्रस्तुति गर्नुभयो । र, छलफलमा अन्य प्रशिक्षक कमरेडहरुले सहभागी भई सहयोग गर्नुभयो । अत्यन्तै गम्भीर र रोचक छलफल चाहिँ प्रधान अन्तरविरोध बारेमा भएको थियो । त्यहीबेला पार्टीका धारणा देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरुको साँठगाँठमा नेपाली

जनताको अन्तरविरोध प्रधान रहेको भन्ने थियो । त्यो कुरा बुझ्न हामीलाई धेरै गाह्रो परिरहेको थियो । समयक्रममा पार्टीले त्यसलाई सच्यायो पनि ।

प्रत्येक दिन बिहान करिब सात बजेदेखि बेलुकी ११ बजेसम्म बीचमा खाना र खाजाको छुट्टीबाहेक लगातार १२-१३ घण्टा कमरेड सागरले हामीलाई बुढापाकाले भनेझैं छोटा मसिना कथा, तुक्काको प्रयोग गर्दै प्रशिक्षण दिनुभयो । उहाँ बेलाबखत मुसुक्क हाँस्नुहुन्थ्यो तर खित्का छाडेर हाँस्नुभएको मैले देखिनँ । विषयवस्तु अत्यन्त गम्भीर र मुक्त कण्ठले प्रशंसा गरी उहाँबाट प्रस्तुत हुँदा निकै रोचक लाग्थ्यो । प्रशिक्षणको पहिलो र दोस्रो दिन हामी सहभागीहरु साह्रै गम्भीर जस्ता भयौं । तेस्रो दिनदेखि भने भीम बस्नेतको रोचकघोचक ठट्टाले हाम्रो हाँसोको खित्का थामिएन । कमरेड सागरलाई पनि उहाँले निकै हँसाउनुभयो ।

प्रत्येक बेलुकी खाना खाइसकेपछि परिवारसँग समाज र क्रान्तिका कुरा गर्नुका साथै एक दुईवटा गीत सुनाउने काम हुन्थ्यो । नन्दकिशोर न्यौपाने प्रश्न सोध्न साह्रै सिपालु हुनुहुन्थ्यो । आमाले चाहिँ होस पुऱ्याएर काम गर्नू, सत्रुको फन्दामा परिएला भनेर धेरै पीर गर्नुहुन्थ्यो । सागरले हामी प्रत्येकलाई कुराकानी गर्न प्रेरित गर्नुहुन्थ्यो । जनतासँग कसरी राजनीतिक कुरा सुरु गर्ने ? समसामयिक विषयवस्तु र समाजका घटनाक्रमहरु कसरी राजनीतिसँग जोडिएका हुन्छन् ? तिनको विश्लेषण गरेर जनतामा प्रस्तुत गर्ने तरिका आदि बारेमा परिवारजनसँग सागरले गर्नुभएको कुराकानीबाट त्यो बेला निकै सिक्ने मौका मिल्यो । सागरले व्यवस्थापनको बारेमा हामीसँग सुरुमै छोटो जानकारी लिनुभएको थियो । कार्यक्रमको अन्तिममा सबै सहयोगी कमरेड र परिवारजनसँग छोटो बिदाइ कार्यक्रम आयोजना गरियो । त्यतिबेला सागरले बिदाइको क्रममा भन्नुभएको थियो, 'यी सबै नेपाली क्रान्तिका लागि महत्वपूर्ण काम हुन् । यति ठूलो काम सम्पन्न गर्न यहाँहरुले गर्नुभएको सहयोगका लागि सबैलाई धन्यवाद छ । यस्तै योगदानबाट तपाईं-हाम्रै जीवनकालमा यो मुलुकमा सामाजिक परिवर्तन सम्भव हुनेछ र जनताले जित्नेछन् । अनि, यहाँहरुको बीचमा हामी फेरि पनि आउने छौं ।'

बिदाइ कार्यक्रम सकेपछि हामीले केही समय पार्टी कमिटीको बैठक बस्यौं र केही समय आराम गऱ्यौं । चार नबज्दै गणेश दाइले उठ्ने सङ्केत गर्नुभयो । हामी सबै उठ्यौं, न्याना हातहरु मिलायौं र एक-अर्कालाई अभिवादन गऱ्यौं । नयाँ उत्साह र जिम्मेवारीका साथ हामी तीन समूहमा बाँडिएर त्यहाँबाट हिँड्यौं ।

पार्टीका कार्यक्रमहरुमा वर्षमा एक-दुईपटक कमरेड सागरसँग भेटघाट भइरह्यो । तर, ०४६ पछि मात्रै उहाँ नै कमरेड मदन भण्डारी हुनुहुँदो रहेछ भन्ने थाहा भयो । समय कति चाँडो बित्दोरहेछ । झन्डै ३० वर्षअघिको कथाजस्तै लाग्ने त्यो प्रशिक्षण कार्यक्रम सम्झँदा कुनै पनि प्रशिक्षणमा सहभागी भइरहँदा म आफू कमरेड सागरसँग दुबिनी गाउँमै छु जस्तो अनुभूति हुन्छ । त्यतिबेलाजस्तो गाउँकेन्द्रित भएर व्यवस्थित रुपमा प्रशिक्षण अभियान चलाउन सक्दा मात्र पार्टीपङ्क्तिको सैद्धान्तिक-राजनीतिक स्तर वृद्धि हुनुका साथै क्रान्तिकारी ध्येय र उद्देश्यमा स्पष्टता ल्याउन सम्भव हुन्छ । ❒

# तीनबुँदे सहमति र सहमतीय राजनीतिको दिशा

**❒ झलनाथ खनाल**

मुलुकका प्रमुख राजनीतिक दलबीचमा २०६७ जेठ १४ गते भएको तीनबुँदे सहमति संविधान निर्माण र शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने नयाँ आधार र उर्जा हो । यो सहमति यस दिशाको नयाँ उचाइ पनि हो । यतिबेला सहमति नै सबैखाले राजनीतिक समस्याहरूको समाधान गर्ने अचुक अस्त्र हो । र, यो नै वर्तमान सन्दर्भमा मलुकमा लोकतान्त्रिक विधि र व्यवस्थाको रक्षा गर्दै शान्ति र संविधान प्राप्त गर्ने माध्यम पनि हो ।

अनुभवबाट के कुरा सिद्ध भइसकेको छ भने हामीले विगतमा साझा लक्ष्य र निशाना निर्धारण गरेर अघि बढ्दा धेरै सफलता हासिल गरेका छौं । हामीले जब राजतन्त्रलाई साझा शत्रु किटान गरी राजतन्त्रविरोधी आन्दोलन सञ्चालन गऱ्यौं, त्यसबेला हामी सफल भएका थियौं । मुलुकका सम्पूर्ण शक्तिहरू एक ठाउँमा उभिन सकेकाले नै राजतन्त्र उन्मूलन गर्न सम्भव भएको थियो । राजतन्त्रको अन्त्यदेखि संविधानसभाको निर्वाचनसम्म आइपुग्दा सहमति र सहकार्यका ऐतिहासिक चरण, प्रक्रिया र महत्वपूर्ण प्रयोग सफल भएका छन् । हामीले साझा सहमति र सङ्कल्पको बलमा नै अन्तरिम संविधान र अन्तरिम व्यवस्थापिका बनायौं । बृहद् शान्ति सम्झौतादेखि अन्य विभिन्न सहमति र सम्झौताहरू सहमतिकै आधारमा हुँदै आएका हुन् । सहमतिको नीतिबाट निर्देशित हुँदै जनताका आकाङ्क्षा र राष्ट्रिय आवश्यकतालाई मूल ध्येय बनाउँदै अघि बढ्दा नै हामी आजको उचाइसम्म आइपुगेका छौं ।

यसरी संविधानसभा निर्वाचनको कालखण्डसम्म आइपुग्दा हामीले मुलुकको राजनीतिक परिवर्तनको प्रवाहलाई निकै सुरक्षित र सुविधाजनक हिसाबले अगाडि बढाएर ल्याएका थियौं । संविधानसभाको निर्वाचन पनि सहमतिका आधारमा नै सम्पन्न गरेका थियौं । तर, संविधानसभाको निर्वाचनपछि हामीले त्यो सहमतिको प्रक्रियालाई जसरी उन्नत किसिमले अघि बढाउनुपर्थ्यो, त्यो हुन सकेन । यो राजनीतिक नेतृत्वको ठूलो भूल वा असफलता हो । जनताको जनादेशलाई पछ्याउँदै अगाडि बढ्न नसकेका कारण राष्ट्रिय राजनीतिमा सङ्कटहरू बढ्दै गए । संविधानसभाको निर्वाचनमा जनताले कुनै पनि एक दललाई बहुमत दिएका थिएनन्, कसैलाई एक सिट, कसैलाई ५० भन्दा बढी सिट, कसैलाई १ सयभन्दा बढी सिट त कसैलाई २ सयभन्दा बढी सिट प्राप्त भएको थियो । तर, कसैलाई पनि वहुमत प्राप्त भएको थिएन । यसको सिधा अर्थ र मर्म थियो, दलहरूका बीचमा निरन्तर सम्पर्क, संवाद, सहमति र सहकार्य होस् । सरकार सञ्चालनदेखि शान्ति प्रक्रियालाई अगाडि बढाउनेसम्मका कामलाई सहमतिकै आधारमा सञ्चालन गर्नुपर्छ भन्ने नै उक्त जनमतको सन्देश थियो । हाम्रो अन्तरिम संविधानको मूल भावना र मान्यता पनि तदनुरूप सहमतीय राजनीति नै रहेको छ ।

यस्ता सबै बाध्यता, राष्ट्रिय आवश्यकता र जनादेशप्रति इमानदार रहँदै शान्ति प्रक्रियालाई अगाडि बढाउने र तोकिएको समयसीमाभित्रै संविधान बनाउनुपर्ने दायित्व हाम्रो काँधमा थियो । संविधानसभाको निर्वाचनपश्चात् सहमतिको संस्कार र मर्मलाई राज्यका हरेक अङ्ग र प्रक्रियामा स्थापित गर्दै लैजानुपर्नेमा सरकार निर्माणको प्रक्रियामा आएर हामीले बहुमतीय खेल आरम्भ गऱ्यौं । सहमति र सहकार्यको जग भत्कँदै गएपछि संविधान र शान्तिको लक्ष्य सङ्कटमा पऱ्यो । सरकार निर्माणको यही बहुमतीय प्रयोग र अभ्याससँगै राजनीतिक दलबीच मित्रता र सहकार्यको भावनाभन्दा पनि तिक्तता, आशङ्का र अस्वस्थ प्रतिद्वन्द्विता बढ्दै गयो । एकआपसमा अविश्वासको खाडल गहिरो बन्दै गयो । एकले अर्कोलाई खोजीखोजी आरोप र प्रत्यारोप गर्ने प्रक्रियाले तीव्रता लियो । देशका विभिन्न ठाउँहरूमा सत्तारुढ दल र प्रतिपक्षका कार्यकर्ताहरूबीच हिंसात्मक झडपहरू वृद्धि हुँदै जानथाले । व्यवस्थापिका-संसद् सत्तापक्ष र प्रतिपक्षमा बाँडिने कुरा त्यति असहज नभए पनि संविधासभामा पनि त्यही छाप र प्रभाव देखिन थालेपछि संविधान निर्माणमा प्रतिकूलता पैदा हुँदै जानु स्वाभाविक थियो । प्रतिपक्षमा बस्नेले निरन्तर आन्दोलन र विरोधका कार्यक्रम सञ्चालन गर्दै जाने स्थिति बन्यो । पहिले माओवादीको नेतृत्वमा रहेको सरकारका विरुद्ध नेपाली काङ्ग्रेसले चलाएको निरन्तरको विरोध र आन्दोलन तथा पछि नेकपा (एमाले)को नेतृत्वको सरकारका विरुद्ध माओवादीले चलाएको निरन्तरको विरोध र सङ्घर्ष एउटै गलत प्रक्रियाका फरकफरक आयाम मात्रै थिए । तिनीहरू बहुमतीय राजनीतिका अनिवार्य उपज थिए । यसरी बहुमतीय सरकार निर्माणको प्रक्रिया सुरु भएदेखि नै द्वन्द्वले बढी तीक्तता र हिंसात्मक रूप लिँदै गयो ।

प्रतिक्रियावादी तथा पुनरुत्थानवादी शक्ति र व्यक्तिहरू दलहरूबीचमा बढेको यो अन्तरद्वन्द्वबाट खुसी हुँदै गए । उनीहरूले दलहरूको बीचका अन्तरविरोधलाई अझ चर्काउन र त्यसबाट फाइदा लिन सकेसम्म कोसिस गरे । उनीहरूले संविधान बनाउने काम संविधानसभाको हो, व्यवस्थापिका, संसद् र सरकारको होइन भन्ने प्रचारलाई जोड दिए । उनीहरूले सरकार निर्माणको प्रक्रिया र विधिले संविधान निर्माणलाई अप्ठ्यारोमा पार्दैन भन्ने प्रचार पनि जोडतोडका साथ गरे । जबकि नेपालको सन्दर्भमा संविधान निर्माण, सरकार निर्माण र शान्ति निर्माणका प्रक्रियाहरू एकआपसमा छुट्याउनै नसक्ने गरी जोडिएका छन् । द्वन्द्व व्यवस्थापनबाट अगाडि बढेका कुनै पनि मुलुकमा जो द्वन्द्वमा संलग्न शक्ति र पात्रहरू हुन्छन्, उनीहरूले सत्तामा हिस्सेदारी खोज्न सक्छन् । उनीहरूमध्ये एकथरि मात्र सत्तामा र अर्कोथरि प्रतिपक्षमा बसेर आपसमा विश्वास आर्जित गर्न सकिन्न र समस्याहरूको समाधान पनि गर्न सकिँदैन । वास्तवमा द्वन्द्वकालबाट अघि बढिरहेको मुलुकका निम्ति द्वन्द्वमा संलग्न पात्रहरूबीच सत्ता साझेदारीको विषय निकै महत्वपूर्ण हुन्छ । साझा र संयुक्त सरकारको संयन्त्र वास्तवमा एकआपसको विश्वासको आधार बन्न सक्दछ । हाम्रो देशको द्वन्द्वको व्यवस्थापन र रूपान्तरणको प्रक्रियामा हामीले यो पक्षलाई गम्भीरतापूर्वक लिन सकेनौं । खासगरी, संविधानसभाको निर्वाचनपछि यो कुरा ओझेलमा पर्नगयो र बहुमतीय प्रतिस्पर्धातिर उन्मुख हुने काम भयो । यसले दलहरूका बीचमा दरार बढ्नु अनिवार्य हुन्थ्यो । स्वाभाविक रूपले दलहरूबीचको विश्वासलाई कायम राख्न आपसी सहयोग र सद्भावलाई बढाउन र सहकार्यलाई अघि बढाउन राष्ट्रिय सहमतिको सरकार अनिवार्य हुन्छ । त्यस्तो सरकारले मात्र राष्ट्रियस्तरमा नै विश्वासको वातावरण निर्माण गर्नसक्छ र शान्ति तथा संविधान निर्माणको प्रक्रियालाई स्वस्थ ढङ्गले अघि बढाउने आधार निर्माण हुनसक्छ । हामीले व्यवहारबाट प्राप्त गरेको यो महत्वपूर्ण अनुभव हो ।

यस कुरालाई गम्भीरतापूर्वक लिन नसक्दा परिवर्तनकारी राजनीतिक दलहरूकै बीचमा बढ्दै गएको अन्तरविरोध यसरी तीव्र बन्यो कि जेठ १४ मा आइपुग्दा त्यो डरलाग्दो अवस्थामा पुगेको थियो । जेठ १४ मा पार्टीहरूबीच सहमति बन्छ कि बन्दैन ? संविधान संशोधन हुन्छ कि हुँदैन ? र संविधानसभाको म्याद थपिन्छ कि थपिँदैन भन्ने प्रश्न चारैतिर उठिरहेका थिए । कतै संविधानसभा विघटन भएर नेपाली जनताका ६० वर्षसम्मका संघर्षका उपलब्धिहरू समाप्त हुने हुन् कि भन्ने आशङ्का जताततै व्याप्त थियो । त्यति मात्र होइन, संविधानसभा विघटन हुने कुराले चालू अन्तरिम संविधानसमेत निस्क्रिय हुने हो कि, शान्ति प्रक्रियासमेत भङ्ग हुन गई मुलुक फेरि हिंसा र अन्तरद्वन्द्वको दुष्चक्रतिर फस्ने हो कि भन्ने चिन्ता आम जनमानसमा व्याप्त थियो । विशेष गरेर हाम्रो पार्टीका आमकार्यकर्ताहरू, समर्थक तथा शुभेच्छुकहरू सबैभन्दा बढी चिन्तित थिए। त्यस्तो अवस्थामा आमजनताका सामु  दलहरूको परीक्षा पनि भइरहेको थियो । इतिहासको त्यस ऐतिहासिक सङ्कटको घडीमा कुन दलले कस्तो अडान र नीति लिन्छ, जनता त्यो कुरा हेरिरहेका थिए । देशभित्रका नागरिक मात्र होइन र प्रवासी नेपालीसमेत चिन्ताका साथ उक्त घटनाक्रमलाई हेरिरहेका थिए । नेपाललाई माया गर्ने अन्तर्राष्ट्रिय मित्रहरूसमेत अत्यन्त चिन्तित थिए । कुनै पनि अवस्थामा मुलुकमा संविधानसभाको आयु बढाउन संविधान संशोधन गरियोस् भन्ने पक्षमा आमजनता एकताबद्ध थिए। नेकपा (एमाले)ले त्यस घडीमा अनेक प्रवृत्तिहरूसँग जुध्दै संविधानसभाको कार्यकाल थप्ने अडानलाई अगाडि सारेको थियो । त्यसबेला प्रायः सबैजसो दल कुनै न कुनै रूपको अन्योलमा परेका देखिन्थे। उग्रवामपन्थी दुस्साहसवाद त्यस्तो बेलामा पनि सडक आन्दोलन गर्ने, आन्दोलनबाट सत्ताकब्जा गर्ने र सडकबाट संविधान घोषणा गर्ने दिवास्वप्न देखिरहेको थियो । संविधानसभाबाट संविधान निर्माण गर्ने आधार र अवस्था समाप्त नहुँदै अन्यत्रैबाट संविधान निर्माणको चाहना राख्नु वा प्रयास गर्नु राजनीतिक क्रान्ति र सङ्घर्षका मूल्यको उपहास गर्नु हुन्थ्यो । अर्कातिर दक्षिणपन्थी र पुनरुत्थानवादी शक्तिहरू संविधानसभाको आयु जेठ १४ सम्म मात्रै हो, त्यसअन्दा पछाडिका लागि यसको आयु बढ्न सक्दैन भन्दै थिए । संविधानमा संशोधन पनि गर्नु हुँदैन, बरु सिधै अर्को निर्वाचनमा जानुपर्छ भन्ने मत उनीहरूको थियो । वास्तवमा अन्तरिम संविधानको कुन चाहिँ धाराका आधारमा अर्को निर्वाचन सम्भव थियो र ? त्यस्तो तर्क प्रकारान्तरले संविधानसभालाई समाप्त पार्ने र मुलुकलाई पुनरुत्थानतर्फ लैजाने षड्यन्त्र मात्रै थियो । उपरोक्त उग्रवामपन्थी र दक्षिणपन्थी भड्काउहरूले शान्ति र संविधान निर्माणको प्रक्रियालाई नै समाप्त पार्न खोजिरहेका थिए । उनीहरू शान्तिपूर्ण जनक्रान्तिका उपलब्धिहरूलाई समाप्त पार्न चाहन्थे। तर हाम्रो पार्टी नेकपा (एमाले) यस्तो विषम घडीमा पनि अत्यन्त सचेत र सतर्क भएर राष्ट्रिय राजनीतिलाई सही दिशामा डोऱ्याउन दृढ प्रयत्न गरिरहेको थियो । त्यसका निम्ति हाम्रो पार्टीले संविधान संशोधन गर्ने र संविधान सभाको म्याद एकवर्ष थप्ने प्रस्ताव अघि सारेको थियो ।

सबैलाई थाहै छ, संविधानसभामा २५ वटा दलहरू छन् । उनीहरूका आआफ्नै दृष्टिकोण र अडानहरू छन् । संविधानसभाको म्याद थप्ने सम्बन्धमा पनि उनीहरूमध्ये विभिन्न पार्टीका विभिन्न अडान र दृष्टिकोण पनि थिए । तर, पनि आमरूपमा उनीहरू मुख्य दलहरूतर्फ हेरिरहेका थिए । आखिर हाम्रो पार्टीले अन्य दुई दलसँग मिलेर तीनबुँदे दस्तावेज तयार पाऱ्यो । त्यो तीनबुँदे दस्तावेज तयार पार्न हामीले १४ गतेको दिनभरि नै संवाद जारी राख्यौं । तैपनि अझै कतिपय कुरा मिलिरहेका थिएनन्, अन्त्यमा हाम्रो पार्टीले नै पहलकदमी गरेर एनेकपा ( माओवादी) र नेपाली काङ्ग्रेसका बीच सहमति निर्माण गऱ्यौं र १४ गते राती १२ बज्नुभन्दा केही अघि मात्र तीनबुँदे राजनीतिक सहमतिमा हस्ताक्षर गर्न सम्भव भयो। परिणामस्वरूप त्यो सहमति तत्कालैबाट कार्यान्वयनमा आउन थाल्यो । त्यही सहमति अनुरूप हामीले संविधानसभाको म्याद एक वर्ष थप्न सफल भयौं । संविधानसभाको म्याद थप्नका लागि हाम्रो पार्टीले अघि सारेको प्रस्ताव, अडान र पहलकदमीको यथासमयमा मूल्याङ्कन हुने नै छ। यदि जेठ १४ गते राती संविधानसभाको म्याद नथपेको भए त्यही रात १२ बजेबाट संविधानसभा विघटित भई जनताको ६० वर्षदेखिको सङ्घर्षको प्रतिफल समाप्त हुने थियो । संविधान निस्क्रिय हुन्थ्यो र सरकारको वैधानिकता पनि समाप्त हुन्थ्यो । मुलुकमा विधिको शासन समाप्त भई चारैतिर अराजकताले टाउको उठाउने ठाउँ पाउँथ्यो । यस्तो अवस्थाबाट मुलुकलाई बचाउने काम हाम्रो पार्टी नेकपा (एमाले)ले अन्य सबै पार्टीहरूलाई समेत सहमत बनाएर गर्न सक्यो । त्यसैले भन्न सकिन्छ नेकपा (एमाले) यो मुलुकलाई अगुवाइ गर्ने मार्गदर्शक शक्ति हो ।

यसरी पछिल्लो समयमा तीन दलबीच सम्पन्न भएको तीनबुँदे सहमति अर्को एउटा महत्वपूर्ण दस्तावेज हो । यो तीनबुँदे सहमतिले यस अर्थमा ऐतिहासिक महत्व राख्दछ कि त्यसकै माध्यमबाट हामीले संविधानसभा बचाउनसक्यौं । मुलुकलाई राजनीतिक दुर्घटनाबाट बचाउनसक्यौं । यही तीनबुँदे सहमतिमार्फत शान्ति र संविधानको लक्ष्य पूरा गर्ने आधार बचाउन सक्यौं, जनताका मौलिक अधिकार जोगाउन सक्यौं, विधिको शासन र व्यवस्था बचाउन सक्यौं । तीनबुँदे सहमति अहिले पनि कार्यान्वयनको क्रममा छ । तीमध्ये दोस्रो बुँदा लागू भइसकेको छ । अब पहिलो र तेस्रो बुँदा कार्यान्वयन हुने क्रममा छन् । यो सहमति कार्यान्वयन हुनुको अर्थ हो, मुलुकले बहुमतीय प्रतिस्पर्धाको राजनीतिलाई छोडेर सहमतीय राजनीतिको दिशातर्फ पदार्पण गर्नु । राष्ट्रिय समहति निर्माण नगरी र राष्ट्रिय सहमतिको सरकार गठन गरेर अघि नबढी हामी शान्ति प्रक्रियालाई पूर्णतामा पुऱ्याउन पनि सक्दैनौं र संविधान निर्माण गर्ने कामलाई अघि बढाउन पनि सक्दैनौं । अहिले सिङ्गो राष्ट्रको कार्यभार शान्ति र संविधान निर्माण गर्नु हो । अन्य सबै पार्टीहरूको मुख्य कार्यभार पनि शान्ति र संविधान निर्माण गर्नु नै हो । तर, कतिपय पार्टीहरू यो कुरालाई किटानीका साथ भन्न सकिरहेका छैनन् । र, उनीहरूभित्र बहुमतीय सरकार गठन गरेर अघि बढ्ने भ्रम अझै बाँकी छ । हामीले यो प्रवृत्तिसँग अहिले पनि होसियार हुनुपर्दछ । तर, हाम्रो पार्टी शान्ति र संविधानलाई आफ्नो मात्र होइन सिङ्गो राष्ट्रको मुख्य कार्यभार ठान्छ । र, त्यसैलाई अर्जुनदृष्टि बनाएर अघि बढ्नुपर्छ भन्ने ठान्छ । तीनबुँदे सहमति कार्यान्वयन नगरी हामी त्यो दिशातर्फ अघि बढ्न सक्दैनौं । त्यसैले हाम्रो सिङ्गो पार्टीको कर्तव्य बनेको छ, तीनबुँदे सहमतिलाई अविलम्ब कार्यान्वयन गर्ने, राष्ट्रिय सहमतिको सरकार बनाउने, अविलम्ब शान्ति प्रक्रियालाई टुङ्गो लगाउने र तालिकाबद्ध ढङ्गले नयाँ संविधान निर्माण गर्ने दिशामा अघि बढ्ने । तसर्थ, सिङ्गो पार्टी एकताबद्ध भई तीनबुादे सहमतिको कार्यान्वयन गर्दै सहमतीय राजनीतिको दिशामा अघि बढौं ।
❐

# सहमतिपत्र

ऐतिहासिक जनआन्दोलनको जनादेश, नेपालको अन्तरिम संविधान २०६३, लोकतन्त्र, दिगो शान्ति तथा विस्तृत शान्ति सम्झौताको भावनाअनुरुप हामीहरु निम्नलिखित प्रतिबद्धता व्यक्त गर्दछौं :-

१. शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउन यस सम्बन्धमा बाँकी कामहरु अविलम्ब सम्पादन गर्न तथा नयाँ संविधान निर्माणको ऐतिहासिक जिम्मेवारी पूरा गर्न सहमति र सहकार्यका साथ अघि बढ्न हामीहरु दृढ प्रतिज्ञ छौं ।
२. नयाँ संविधान निर्माणको प्रक्रियामा उल्लेखनीय काम भए तापनि सबै काम पूरा नभएकाले संविधानसभाको कार्यावधि एक वर्ष थप्न हामी सहमत छौं ।
३. उपर्युक्त जिम्मेवारी एवं कार्यहरु यथाशीघ्र सम्पन्न गर्ने सहमतिका आधारमा राष्ट्रिय सहमतिको सरकार गठन गरी अघि बढ्न वर्तमान संयुक्त सरकारका प्रधानमन्त्री अविलम्ब राजीनामा गर्न तत्पर रहेको कुरा स्पष्ट गर्दछौं ।

| | | |
|---|---|---|
| **पुष्पकमल दाहाल 'प्रचण्ड'** | **रामचन्द्र पौडेल** | **झलनाथ खनाल** |
| अध्यक्ष | उपसभापति एवं संसदीय दलका नेता | अध्यक्ष |
| एनेकपा (माओवादी) | नेपाली काङ्ग्रेस | नेकपा (एमाले) |

# राष्ट्रिय सहमतिका लागि नेकपा (एमाले)को प्रस्ताव

१. नेकपा (एमाले)ले सुरुदेखि नै राष्ट्रिय सहमतिको आधारमा शान्ति, संविधान एवम् सरकार निर्माण गर्ने नीति र दृष्टिकोण लिँदै आएको छ । यसका लागि राजनीतिक दलहरुबीच विद्यमान असमझदारी र अन्तरविरोधलाई सहमति र सहकार्यमा बदल्न जरुरी छ । आन्दोलनका नाममा सडकबाट पूर्वशर्त अघि सारेर सहमति बन्न सक्तैन । त्यसैले संवादको टेबुलमा बसेर शान्ति, संविधान र सत्ता साझेदारीको विषयमा एकैसाथ साझा निष्कर्षमा पुग्नु जरुरी छ ।

केही समयअघि तीन प्रमुख राजनीतिक पार्टीका शीर्ष नेताहरुको बैठकमा हामीले मुलुकमा विद्यमान गतिरोध अन्त्य गर्दै सहमतिका साथ शान्ति र संविधानको उद्देश्यमा पुग्नका लागि विगतको समीक्षा, परस्परमा विश्वासको वातावरण निर्माण, शान्ति प्रक्रिया, संविधान निर्माण, सत्ता साझेदारीलगायत छबुँदे कार्यसूचीमा छलफल गर्ने र प्याकेजमा सहमति निर्माण गर्ने निर्णय गरेको थियो । त्यसको लगत्तै पछि यी कार्यसूचीहरुमा केन्द्रित भएर छलफल गर्नु र सबैलाई मान्य हुने गरी सहमतिमा पुग्नुको साटो एनेकपा (माओवादी) सडक आन्दोलनतर्फ अग्रसर भयो । अहिले पनि राजनीतिक दलहरुका बीचमा छलफल हुनुपर्ने र सहमति निर्माण गरिनुपर्ने विषयहरु यिनै हुन् ।

अब ०६७ जेठ १४ गतेभित्र शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन र संविधानसभाबाट लोकतान्त्रिक संविधान निर्माण गर्न सम्भव छैन भन्ने कुरा स्पष्ट भइसकेको छ । त्यसैले सङ्कटपूर्ण राष्ट्रिय राजनीतिलाई सकारात्मक निकास दिन, संवैधानिक रिक्तता उत्पन्न भएर मुलुक अतिवादतिर धकेलिनसक्ने खतरालाई अन्त्य गर्न, ऐतिहासिक जनआन्दोलन, शान्तिप्रक्रिया र संविधानसभा निर्वाचनबाट प्राप्त उपलब्धिलाई संरक्षण गर्न र शान्ति, संविधान र सामाजिक-आर्थिक परिवर्तनका राष्ट्रिय अभिभारा पूरा गर्न संविधानसभामा उपस्थित राजनीतिक दलहरु, विशेषतः प्रमुख राजनीतिक दलहरुको बीचमा निम्नानुसारको सहमति हुन जरुरी छ :

**२.१ विगतको समीक्षा**

तात्कालीन सात राजनीतिक दल र नेकपा (माओवादी) तथा नेपाल सरकार र नेकपा (माओवादी)बीच भएका बाह्रबुँदे समझदारी, विस्तृत शान्ति सम्झौतालगायतका सहमति र सम्झौताहरू दिगो शान्ति, लोकतन्त्र र सामाजिक-आर्थिक रूपान्तरणका सन्दर्भमा ऐतिहासिक, युगान्तकारी र दूरगामी महत्व राख्ने दस्तावेजहरू हुन् । यी सहमतिमार्फत निरङ्कुशतन्त्रलाई पराजित गर्ने, हिंसा-प्रतिहिंसाको शृङ्खलालाई अन्त्य गर्दै दिगो शान्तिको आधार तयार गर्ने, संविधानसभाको ऐतिहासिक निर्वाचन सम्पन्न गर्ने, समावेशी र प्रतिनिधिमूलक संविधानसभा गठन गर्ने, राजतन्त्रलाई समाप्त गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने जस्ता अत्यन्त महत्वपूर्ण उपलब्धि प्राप्त भएका छन् । महिला, दलित, आदिवासी-जनजाति, मधेसीलगायत उत्पीडनमा परेका समुदायको हितमा महत्वपूर्ण कदम चालिएका छन् । यी उपलब्धि ऐतिहासिक महत्वका छन् ।

तर, ती सम्झौताहरूले निर्दिष्ट गरेअनुरूप निर्धारित समयभित्रै माओवादी लडाकुहरुको व्यवस्थापन (पुनःस्थापना र समायोजन) हुन र शान्ति प्रक्रियालाई पूर्णता दिन नसक्नु, संविधान निर्माणको कार्य सम्पन्न हुन नसक्नु गम्भीर कमजोरी हो । शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन र संविधान निर्माण गर्न मुख्य राजनीतिक दलबीच राष्ट्रिय सहमति अपरिहार्य हुने यथार्थलाई आत्मसात गर्न र त्यसलाई निरन्तरता दिन नसक्दा शान्ति प्रक्रिया र संविधान निर्माणमा गम्भीर व्यवधान उत्पन्न भएको छ । सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता नागरिक छानबिन आयोग, उच्चस्तरीय राज्य पुनःसंरचना आयोगजस्ता शान्ति प्रक्रियाका महत्वपूर्ण संयन्त्रहरू निर्माण हुन नसक्नु र पूर्वप्रतिबद्धताअनुरूप द्वन्द्वकालमा कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने, विस्थापितहरू निर्बाध रूपमा घर फर्कन पाउने, सबै दलहरूले भयरहित वातावरणमा राजनीतिक गतिविधि गर्न पाउनेजस्ता स्थिति सिर्जना हुन नसक्नुजस्ता कमजोरीले गर्दा शान्ति प्रक्रियामा जटिलता थपिएको छ । तसर्थ, विगतको गम्भीर समीक्षा गर्दै उपलब्धिलाई संस्थागत गर्न, कमजोरीलाई सच्याउन र बाँकी रहेका अभिभारालाई पूरा गर्न अग्रसर हुन जरुरी छ ।

**२.२. विश्वासको वातावरण निर्माण**

विगतमा भएका सहमतिको इमानदारीपूर्ण परिपालना हुन नसक्दा र आपसी मतभिन्नतालाई समाधान गर्न नसक्दा मुख्य राजनीतिक दलबीच विश्वासको सङ्कट गहिरिएको छ । एकीकृत नेकपा (माओवादी)ले शान्ति प्रक्रियालाई पूर्ण रूपले आत्मसात गर्न र लोकतन्त्रका विश्वव्यापी मान्यतालाई स्वीकार्न सकेन भन्ने आशङ्का अन्य दलमा उत्पन्न भएको छ । अन्य दलहरू अग्रगामी एजेन्डामा सहमत हुन सकेनन् र आफूहरूलाई एक्लो पार्न थालियो भन्ने संशय एकीकृत नेकपा (

माओवादी)मा उत्पन्न भएको छ । यस्तो अविश्वासलाई अन्त्य गर्न र परस्परमा विश्वासको वातावरण निर्माण गर्न देहायका काम गर्न जरुरी छ :

क. द्वन्द्वकाल र त्यसयता कब्जा गरिएका तथा नियन्त्रणमा लिइएका घरजग्गा एकीकृत नेकपा (माओवादी)का तर्फबाट सम्बन्धित व्यक्तिलाई तत्काल फिर्ता गर्ने । त्यस सम्बन्धमा कुनै विवाद उत्पन्न भई जटिलता आएमा प्रचलित कानुनको अधीनमा रही प्रशासनद्वारा बिनाराजनीतिक हस्तक्षेप छिनोफानो गर्ने ।

ख. बेपत्ता नागरिक छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकलाई व्यवस्थापिका-संसद्बाट अविलम्ब पारित गर्ने र यी आयोगहरू गठन गर्ने ।

ग. सहमतिमा हस्ताक्षर भएको एक हप्ताभित्रमा योङ कम्युनिस्ट लिग (वाईसीएल)को ब्यारेकीकृत संरचना अन्त्य गर्ने । उसले सामूहिक रूपमा बस्ने प्रयोजनका लागि प्रयोग गरेका सार्वजनिक र निजी आवास तत्काल फिर्ता गर्ने । त्यसउता ब्यारेकीकृत संरचनालाई अवैध ठहर गरी कानुनी कारबाही गर्ने ।

**२.३ माओवादी सेनाका लडाकुहरूको सम्भाव्य समायोजन र पुनःस्थापना**

क. माओवादी सेनाका लडाकुहरूलाई अविलम्ब विशेष समितिको मातहत ल्याई सञ्चालन निर्देशिका (Operational Manual) तथा आचारसंहिता अनुरूप रेखदेख, नियन्त्रण र व्यवस्थापन गर्ने । तत्काल विशेष समितिअन्तर्गत सचिवालय गठन गर्ने । माओवादी सेनाका लडाकुहरूसम्बन्धी सम्पूर्ण विवरण अनमिनले विशेष समितिलाई उपलब्ध गराउने ।

ख. माओवादी सेनाका लडाकुहरूलाई स्वेच्छिक बिदाइ, पुनःस्थापना र सम्भाव्य समायोजनका विकल्पमध्ये कुनै एक विकल्प छनोट गर्नदिने । सम्भाव्य समायोजनको अधिकतम् सङ्ख्या तोकी कुनकुन सुरक्षा निकायमा केकति सङ्ख्यामा समायोजन गर्ने हो, राजनीतिक सहमतिबाट त्यससम्बन्धी निर्णय गर्ने ।

ग. स्वेच्छिक बिदाइमा जान चाहनेहरूलाई बिदाइ गर्ने र सम्भाव्य समायोजन र पुनःस्थापनामा जान चाहने लडाकुहरूलाई अलग-अलग शिविरमा राखी हाल कायम रहेका शिविरहरूको व्यवस्था अन्त्य गर्ने । शिविरहरूको सुरक्षा नेपाल सरकारले गर्ने ।

घ. शिविरभित्र कन्टेनरमा रहेका, शिविरको सुरक्षाका लागि छुट्याइएका र माओवादी नेताहरूको सुरक्षाका लागि बाहिर राखिएका सबै हतियार नष्ट गर्ने । माओवादी नेताहरूलाई आवश्यकताअनुसार सुरक्षाको व्यवस्था सरकारले गर्ने । यो सहमतिसँगै माओवादी नेताहरूको सुरक्षासम्बन्धी विशेष सहमति खारेज गर्ने ।

ङ. सम्भाव्य समायोजनमा जान चाहनेहरूले सम्बन्धित सुरक्षा निकायको स्थापित मापदण्डलाई पूरा गर्नुपर्ने छ । स्थापित मापदण्ड भन्नाले विद्यमान सुरक्षा निकायका कानुन र कार्यविधिद्वारा निर्धारित मापदण्डलाई बुझिनेछ । यसो गरिरहँदा विशेष समितिको प्राविधिक समितिले गरेका सिफारिसहरुलाई समेत ध्यानमा राखिनेछ । यस सन्दर्भमा सेना र हतियारको व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौतामा उल्लेखित 'सम्भाव्य समायोजन' को सिद्धान्तलाई स्वीकार गर्ने ।

च. उल्लेखित मापदण्ड पूरा गर्न नसक्नेहरूका लागि पुनःस्थापनाका विकल्प खुला राख्ने ।

छ. यी सबै काम सम्पन्न गर्न निश्चित मिति तोक्ने । सो समयावधिभित्र सम्बन्धित शिविरमा नाम दर्ता नगराउने लडाकुहरूप्रति राज्यको कुनै दायित्व नहुने ।

**२.४. नयाँ संविधान**

क. बाह्रबुँदे समझदारी, विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान- २०६३ मा प्रतिबद्धता व्यक्त गरिएअनुरूप देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुनःसंरचना गर्ने सङ्कल्प, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, पूर्ण प्रेस स्वतन्त्रता, राज्यशक्तिको पृथकीकरण तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्यमान्यताप्रतिको प्रतिबद्धता, लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानप्रतिको सङ्कल्पलाई केन्द्रमा राख्दै, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको नयाँ संविधान निर्माण गर्ने ।

ख. नेपालको अन्तरिम संविधान- २०६३ को व्यवस्था, संविधानसभा राज्य पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा गरिएको प्राविधिक सहयोगको अपेक्षा तथा उक्त प्रतिवेदनमाथि संविधानसभामा छलफल हुँदा अभिव्यक्त विचारका आधारमा उच्चस्तरीय राज्य पुनःसंरचना आयोग गठन गर्ने र त्यसको सिफारिसका आधारमा संविधानसभाबाट राज्य पुनःसंरचनाको काम सम्पन्न गर्ने ।

ग. संविधानका अन्तर्वस्तुमा रहेका मतभिन्नताहरूलाई समाधान गर्न अधिकतम प्रयत्न गर्ने । सहमति हुन नसकेका महत्वपूर्ण विषयहरुमा जनमतसङ्ग्रहको आधारमा निर्णय गर्ने ।

घ. नेपालको अन्तरिम संविधान- २०६३ को धारा ६४ को प्रतिबन्धात्मक वाक्यांशमा आवश्यक संशोधन गरी संविधानसभाको कार्यकाल एक वर्ष थप गर्ने ।

ङ. सरकारले संविधान संशोधन विधेयक व्यवस्थापिका-संसद्मा पेस गर्ने र राजनीतिक सहमतिका आधारमा त्यसलाई पारित गर्ने ।

**२.५ सत्ता साझेदारी**

क. कब्जा सम्पत्ति फिर्ता गर्ने, वाईसीएलको अर्धसैनिक संरचनाको अन्त्य गर्ने, बेपत्ता नागरिक छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने, उच्चस्तरीय राज्य पुनःसंरचना आयोग गठन गर्ने, माओवादी सेनाका लडाकुहरू विशेष समितिको नियन्त्रण र निर्देशनमा आउने, उनीहरू पुनःस्थापना तथा सम्भाव्य समायोजनका अलग-अलग शिविरमा जाने र सम्भाव्य समायोजनको अधिकतम सङ्ख्या निश्चित गर्नेलगायतका विषयहरुमा सहमति भएको र स्पष्ट कार्यविधि तथा समयावधि निश्चित गरेर सहमति पत्रमा हस्ताक्षर गरेको लगत्तै पछि राष्ट्रिय सहमतिको सरकार गठन सुरुआत गर्ने ।

ख. राजनीतिक दलहरूबीच शान्ति, संविधान र सत्ता साझेदारीको विषयमा सहमति भएपछि र सहमतिका आधारमा सरकारको नेतृत्व र विभागीय जिम्मेवारी बाँडफाँडको टुङ्गो भएपछि प्रधानमन्त्रीले तिनको कार्यान्वयनका लागि मार्गप्रशस्त गर्ने ।

*(नेकपा (एमाले)द्वारा ३ जेठ २०६७ मा केन्द्रीय कार्यालय मदननगर बल्खुमा आयोजित पत्रकार सम्मेलनमा वितरित अध्यक्ष झलनाथ खनालले हस्ताक्षर गर्नुभएको दस्तावेज)*

# बैठकद्वारा पारित अन्य प्रस्तावहरू

नेकपा (एमाले) केन्द्रीय कमिटीको चौथो बैठक ०६७ जेठ १ र २ गते पार्टी केन्द्रीय कार्यालय, मदननगर बल्खुमा पार्टी अध्यक्ष कमरेड झलनाथ खनालको अध्यक्षतामा बस्यो । बैठकमा राष्ट्रिय सहमतिको प्रस्ताव र कमरेड वामदेव गौतमद्वारा जारी ज्ञापनपत्रका बारेमा विस्तृत छलफल भयो ।

बैठकमा सर्वप्रथम कमरेड अध्यक्षले राष्ट्रिय सहमतिसम्बन्धी प्रस्ताव प्रस्तुत गर्नुभयो । उक्त प्रस्तावमाथि विभिन्न कमरेडहरुले आआफ्नो सुझाव प्रस्तुत गर्नुभयो । अन्त्यमा, बैठकमा प्रस्तुत सुझावहरुलाई आत्मसात गर्दै सर्वसम्मतिले उक्त प्रस्ताव पारित गरियो । प्रस्तावमा मुलुकको वर्तमान जटिल राजनीतिक परिस्थितिमा शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने, संविधानसभाबाट नयाँ संविधान निर्माण गर्ने, त्यसका लागि सहमतिका आधारमा संविधानसभाको समय विस्तार गर्ने तथा समग्र राजनीतिक सहमतिका लागि सरकारले मार्ग प्रशस्त गर्ने विषयहरु बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

बैठकमा केन्द्रीय अनुशासन आयोगका अध्यक्ष अमृतकुमार बोहराले कमरेड वामदेव गौतमद्वारा पार्टी अध्यक्षको नाममा इमेलद्वारा पठाउनुभएको ज्ञापनपत्रको सम्बन्धमा अनुशासन आयोगले अगाडि बढाएको समग्र प्रक्रियाको बारेमा विस्तृत रुपमा जानकारी दिनुभयो । आयोगद्वारा सोधिएको स्पष्टीकरणमा कमरेड वामदेव गौतमले दिनुभएको जवाफ सन्तोषजनक नभएकाले उहाँलाई सात दिनको समय दिएर थप स्पष्टीकरण सोधिएको कुरा अमृत बोहराले प्रस्ट्याउनुभयो ।

वामदेव गौतमले उक्त ज्ञापनपत्र सम्बन्धमा आफ्नो राय विस्तृत रुपमा प्रस्तुत गर्नुभयो । अन्त्यमा, बैठकले ज्ञापनपत्र दिने विधि, प्रक्रिया र तरिका पार्टीको विधानसम्मत नभएको र उहाँको विचार पनि पार्टीको निर्णयअनुरुप नभएकाले त्यससम्बन्धमा गम्भीर आलोचना गर्दै आत्मालोचना गर्न निर्देशन दियो । यस विषयलाई केन्द्रीय अनुशासन आयोगले अगाडि बढाइरहेकाले समयमै आवश्यक निर्णय लिन अनुशासन आयोगलाई बैठकले अनुरोध गऱ्यो ।

**पारित अन्य प्रस्तावहरु**

१. यही मिति २०६७ बैशाख १९ गतेदेखि एनेकपा (माओवादी)को आह्वानमा चलेको देशव्यापी आमहड्तालको सन्दर्भमा मकवानपुर जिल्ला, मनहरी गाविस वडा नं.- १ को लोथर भन्ने स्थानमा बन्दकर्ता एनेकपा (माओवादी)को भ्रातृसङ्गठन वाईसीएलका कार्यकर्ताबाट ढुंगा प्रहार गरी हत्या गरिएका नेकपा (एमाले)सम्बद्ध युवासंघ मनहरी गाउँ कमिटीका सदस्य कमरेड सुदीप कार्कीलाई यो बैठकले सहिद घोषणा गर्नुका साथै उहाँप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्नुका साथै दिवङ्गत कार्कीका शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ । उहाँलाई सहिद घोषणा गर्न, हत्यामा संलग्न व्यक्तिहरुलाई कडा कारबाही गर्न र दिवङ्गत कार्कीका परिवारजनलाई क्षतिपूर्ति दिन यो बैठक नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

२. यो बैठक गत वैशाख महिनामा नवलपरासी मुकुन्दपुर गाविस- ६ स्थित गोर्खा ब्रुअरी प्रालिमा भएको घटनालाई लिएर एनेकपा (माओवादी)ले नेकपा (एमाले)का कार्यकर्ता यमुना आचार्य, देवकला बराल, लालबहादुर थापा, देवीदत्त कँडेल र तीर्थ कँडेललगायतका १४ जना एवम् सर्वसाधारण जनतामाथि झुटो मुद्दा लगाई घटनालाई षड्यन्त्रपूर्ण तरिकाले राजनीतिकरण गरेको छ ।

त्यस्तै, बैशाख ८ गते एनेकपा (माओवादी)का कार्यकर्ताहरुले नेकपा (एमाले) कावासोती गाउँ कमिटीको कार्यालय र कावासोतीस्थित क्युपेकको कार्यालय तथा साँझ ८ बजे नेकपा (एमाले) नेतृ कमरेड देवकला बरालको घरमा तोडफोड र लुटपाट गरे। बैशाख १० गते माओवादीका कार्यकर्ताहरुले नेकपा (एमाले) नवलपरासी जिल्ला पार्टी कार्यालयमा पेट्रोल पोखेर आगो लगाइ दिए। यो बैठक माओवादीबाट गरिएका उक्त आगजनी, लुटपाट र कुटपिटलगायतका घटनाको घोर विरोध र भर्त्सना गर्दै आइन्दा यस्ता क्रियाकलाप नगर्न एनेकपा (माओवादी)लाई आह्वान गर्दछ।

३. यो बैठक एनेकपा (माओवादी)द्वारा गत चैत ३० गते नेकपा (एमाले) बाँके जिल्ला फत्तेपुर गाउँका किसान कार्यकर्तामाथि गरिएको कुटपिटको घटना, बैशाख १८ गते नेकपा (एमाले) राष्ट्रिय प्रतिनिधि परिषद् जाजरकोटका सदस्य कमरेड लालबहादुर महतारामाथिको अपहरण र कुटपिटको घटना, नेकपा (एमाले) सुर्खेतका कार्यकर्ताहरुलाई चारैतिर घेरा हाली कुटपिट गरी गम्भीर घाइते बनाएका घटनाहरुको घोर विरोध र भर्त्सना गर्दछ।

४ यही बैशाख १३ गते माओवादीका कार्यकर्ताहरुद्वारा बझाङ जिल्ला मटेला गाविस- २ बस्ने बझाङ क्याम्पसका प्रमुख विष्णु गिरीमाथिको साङ्घातिक आक्रमण, गत चैत २४ गते नेकपा (एमाले) डोल्पा जिल्लाको पार्टी कार्यालयमा माओवादीद्वारा गरिएको तोडफोड र पार्टी सचिव कमरेड अंगद बुढामाथि गरिएको साङ्घातिक आक्रमण, बैशाख २० गते हुम्ला जिल्ला कमिटीका सदस्य वर्ष रोकायालाई अपहरण गरेको घटना, बैशाख १५ गते भोजपुर जिल्ला कमिटीका सदस्य कमरेड खगेन्द्र बोगटीको घरमा भएको लुटपाटको घटना, धनुषा जिल्ला भुचक्रपुर गाउँ पार्टी अध्यक्ष कमरेड राजकुमार महतो र सदस्य कमरेड दुखरण महतोका ८५ वटा आँपका रुख काटेर क्षति पुऱ्याएको घटनालगायत देशका विभिन्न ठाउँमा माओवादीका कार्यकर्ताहरुबाट गरिएका यस किसिमका अराजनीतिक, प्रतिशोधपूर्ण र हिंसात्मक क्रियाकलापहरुको नेकपा (एमाले) केन्द्रीय कमिटीको यो बैठक घोर विरोध र भर्त्सना गर्दै आइन्दा यस्ता घटना दोहोरिन नदिनका लागि माओवादी पार्टीलाई चेतावनी दिन चाहन्छ। त्यसका साथै यस्ता घटनामा संलग्न व्यक्तिहरुलाई यथाशीघ्र पक्राउ गरी कारबाही गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछ। ❒

# मार्क्सवादको सिर्जनात्मक प्रयोगका तीन धरोहर

**❒ प्रदीप ज्ञवाली**

सन् ९० को दशकमा विश्वकम्युनिस्ट आन्दोलनले केही यस्ता मेधावी नेताहरू गुमायो, जो सोभियत सङ्घको विघटन र पूर्वी युरोपबाट समाजवादी सत्ताहरूको पराजयसँगै रक्षात्मक अवस्थामा पुगेको कम्युनिस्ट आन्दोलनको पुनःजीवनको सन्दर्भमा आशाका ज्योति थिए। आआफ्नो देशमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्न उनीहरूले खेलेको भूमिका अतुलनीय थियो। तर, आफूभित्रको क्षमतालाई पूर्ण रूपले उद्घाटन गर्न नपाउँदै अल्पायुमै उनीहरू हामीबाट बिदा भए। उनीहरूमध्ये कसैको प्रतिक्रियावादी षड्यन्त्रबाट हत्या भयो भने कोही आन्दोलनको कठिन यात्राबाट सिर्जित गम्भीर रोगसँग सङ्घर्ष गर्दागर्दै थकित भएर चीरविश्राममा पुगे। आज हामी अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका तीनजना विशिष्ट प्रतिभाहरू विनोद मिश्र, क्रिस हानी र मदन भण्डारीबारे सङ्क्षिप्त चर्चा गर्दैछौं।

विनोद, क्रिस र मदन फरक-फरक देश, फरक-फरक परिवेश र फरक-फरक पृष्ठभूमिका नेताहरू थिए। तर, केही आश्चर्यजनक समानता थिए तिनीहरूबीच। मार्क्सवादका सर्वव्यापी सच्चाइका मार्गदर्शनमा आफ्नो मुलुकको क्रान्तिका विशिष्ट एवम् मौलिक बाटोको प्रतिपादन गर्न उनीहरूले आफ्नो सिङ्गो जीवन खर्चिएका थिए। अरूले खनिदिएको बाटोमा यन्त्रवत् ढङ्गले हिंड्ने अन्योलग्रस्त यात्रु थिएनन् उनीहरू। उनीहरू त आफ्नो गन्तव्यलाई स्पष्ट देख्नसक्ने र त्यहाँ पुग्नका लागि नयाँ गोरेटो खन्नसक्ने सिर्जनशील व्यक्तित्व थिए। उनीहरू भीडबाट लतारिने होइन, भीडलाई डोहोऱ्याउनसक्ने सामर्थ्यसहितका अगुवा थिए। सशस्त्र आन्दोलनको पृष्ठभूमिबाट आएको पार्टीलाई शान्तिपूर्ण बाटोमा रूपान्तरण गर्न उनीहरूको निर्णायक भूमिका थियो। आआफ्नो माटोमा असाध्यै लोकप्रिय थिए तीनैजना। अनौठो समानता थियो उनीहरूमा- तीनैजना साहित्य र सङ्गीतमा रुचि राख्ने कोमल हृदयका धनी, स्वप्नदर्शी र संवेदनशील व्यक्तित्व थिए।

**समर्पण र गतिशीलताका धरोहर : विनोद मिश्र**

'तपाईं यहाँ किन हुँ ? बैठक जारी राख्नुस् !'

आईसीयुमा आफूलाई भेट्न आएका केन्द्रीय सदस्यलाई सासैसासले भनेको यो वाक्य नै विनोद मिश्रको अन्तिम वाक्य ठहरियो । उनकै अध्यक्षतामा सुरु भएको बैठक जारी त भयो, तर उनको अन्त्येष्टिपछि, उनको अनुपस्थितिमा, शोक र भारी बादलका छायामुनि ।

मृत्युको केही पल पहिलेसम्म पनि आन्दोलन, क्रान्ति र पार्टीप्रति पूर्णरूपमा समर्पित कमरेड विनोद मिश्र भारतीय कम्युनिस्ट आन्दोलनलाई उग्रवामपन्थी जडताबाट मुक्त गर्दै लोकप्रिय वामपन्थी आन्दोलनका रूपमा अगाडि बढाउने महत्वपूर्ण व्यक्तित्व थिए । उनकै पहलमा सुरु भएको उक्त अभियान आज भारतीय कम्युनिस्ट पार्टी (माले -लिबरेसन) का रूपमा भारतीय राजनीतिमा वामपन्थी क्रान्तिकारी विकल्पमा रूपमा खडा हुने प्रयासमा छ ।

उत्तरपुरको मिर्जापुर पुर्ख्यौली भए पनि जबलपुर हतियार कारखानामा काम गर्ने कर्मचारी सूर्यप्रकाश मिश्रका माहिला छोराको रूपमा २४ मार्च १९४७ मा जन्मिएका विनोद मिश्रले आफ्नो स्कुल र कलेजको शिक्षा कानपुरबाट हासिल गरेका थिए । कान्यकुब्ज डिग्री कलेजबाट स्नातक र क्राइस्ट चर्च कलेजबाट गणितमा पोस्ट ग्रेजुएसन गरेका विनोद मिश्र मेधावी विद्यार्थी थिए । १९६६ दुर्गापुरमा मेकानिकल इन्जिनियरिङ पढ्न सुरु गरेदेखि नै उनी वामपन्थी विद्यार्थी आन्दोलनमा सक्रिय भए । पश्चिम बङ्गाल त्यतिबेला विद्यार्थी, मजदुर तथा किसान आन्दोलनको रापमा थियो र नक्सलबाडी आन्दोलन उत्कर्षमा थियो । उनी डीपी बक्सी, बीबी पाण्डे, मोहन दत्त, तरुण सरकार, परेश बनर्जी, सुदर्शन बोसलगायत कलेजको पढाइ छाडी एकैचोटि पूर्णकालीन राजनीतिमा होमिने ३० जनामध्ये एक थिए । १९७० को सुरुमा दुर्गापुरको स्थानीय सङ्गठन कमिटीको सचिवको हैसियतमा पार्टी राजनीति सुरु गरेका विनोद मिश्र छिटै वर्दवान जिल्ला कमिटीका सदस्य बने । तत्कालै गिरफ्तारीमा परेका विनोद मिश्रलाई जेलमा चरम यातना दिइयो । उनी जेलभित्रै अध्ययन, बहस, प्रशिक्षण र आन्दोलनमा आगोको फिलिङ्गो बनेर निस्किए । दुई वर्षपछि जेलबाट छुट्दा उल्टै किन यति छिटै छुट्यो र किन फेरि गिरफ्तार भएन भन्ने बाहिरका साथीहरूको अनावश्यक शङ्काको घेरामा उनी परे र जिम्मेवारीबिहीन बनाइए । तर, निराश नभई उनी चित्तरञ्जनलगायतका ग्रामीण क्षेत्रमा गएर सङ्गठन र आन्दोलनका काममा एक्लै भए पनि लागिरहे ।

१९७२ को २८ जुलाईमा चारु मजुमदारको हत्या भएपछि त्यसै पनि धक्काको क्रमबाट गुज्रिरहेको नक्सलबाडी आन्दोलनमा विखण्डनको शृङ्खला सुरु भयो । केन्द्र छिन्नभिन्न भएको, चरम दमनले निराशाको लहर सिर्जना भएको, शीर्ष नेताहरू चारु मजुमदारलाई 'श्रद्धेय नेता' भन्ने कि 'श्रद्धेय र प्रिय नेता' भन्नेजस्ता अर्थहीन शब्दजालको लडाइँमा अल्झिएका र आन्दोलन दिशाविहीन भएको अवस्थामा विनोद मिश्रले आफ्नै ढङ्गले दुर्गापुरमा विद्यार्थी र मजदुरका बीचमा कामलाई उठाउन अथक प्रयास गरे । रातमा दृष्टिक्षमता कम हुने समस्याबाट ग्रसित भए पनि उनले गाउँमा समेत कामलाई विस्तार गरे र विशेष गरेर वर्दवान जिल्लामा किसान आन्दोलन उठाउन भगीरथ प्रयत्न गरे । यही क्रियाशीलताले उनलाई छिटै पश्चिम बङ्गाल क्षेत्रीय कमिटीमा पदोन्नति हुने आधार तयार गरिदियो ।

सन् १९७२ मा पुनःगठित केन्द्रीय कमिटी '७३ मा फेरि विभाजित भयो- महादेव र शर्मा गुटमा । पार्टीभित्र वैचारिक सङ्घर्षलाई तीव्र पारिरहेका विनोद मिश्र १९७३ मा वर्दवान, नादिया, बाँकुरा, वीरभूम, उत्तर बङ्गाल, कलकत्ताजस्ता आन्दोलनका केन्द्रभाग ओगटेको क्षेत्रीय कमिटीको सचिव बने । उनले एकीकृत र सुदृढ केन्द्र स्थापना गर्न, वैचारिक स्पष्टता कायम गर्न र उग्रवामपन्थी जडता र अधिभूतवादी मान्यताबाट मुक्त गर्न विचारधारात्मक बहस र सङ्घर्षलाई पनि सघन बनाए । नक्सलबाडी आन्दोलनमा झण्डै बर्जित विषयजस्तै बनाइएका जनआन्दोलन र जनसङ्गठन विस्तारै स्वीकार्य हुनथाले । यसै क्रममा उनको सुब्रत दत्त (कमरेड जौहर) सँग भेट भयो र उनीहरूकै सक्रियतामा १९७४ मा भाकपा (माले)को नयाँ केन्द्र स्थापना गरियो । क्रान्तिकारी आदर्शहरूको रक्षा र सुदृढ कम्युनिस्ट केन्द्रको स्थापनाको लक्ष्य बोकेको यो समूह क्रियाशील हुँदै गर्दा १९७५ मा सुब्रत दत्तको हत्यापछि अर्को धक्का लाग्यो । यद्यपि, विनोद मिश्र अन्य कमरेडलाई अगाडि बढाउन चाहन्थे तर साथीहरूको निकै ठूलो जोड पछि उनी महासचिव बन्न तयार भए । दोस्रो महाधिवेशनले पनि उनलाई पुनः सर्वसम्मत महासचिव चयन गर्‍यो ।

महासचिवको जिम्मेवारी सम्हालेपछि उनले पार्टीमा शुद्धीकरण अभियान सुरु गरे । परिवर्तित सन्दर्भमा पार्टीका नीतिहरूलाई तर्जुमा गर्न उनले वैचारिक/राजनीतिक कामलाई सघन बनाए । सङ्गठनात्मक सञ्जाललाई राष्ट्रव्यापी बनाउन १९७९ मा अखिल भारत सम्मेलन आयोजना गरियो । त्यही वर्ष दार्जिलिङको फाँसीदेवा क्षेत्रमा उनी प्रहरी घेरामा परे र उनलाई कैयौं राउन्ड गोली लाग्यो । तर पनि, उनी उम्किन सफल भए । त्यस घटनामा उनले आफ्ना निकटतम सहयोद्धा बाकुल सेनलाई गुमाए । त्यही वर्ष उनले चीन भ्रमण गरे ।

तीव्र वैचारिक सङ्घर्षको दौरानमा उनले पार्टीलाई जडसूत्रवाद, उग्रवामपन्थ र सङ्कीर्णताको घेराबाट मुक्त गर्न अथक प्रयत्न गरे । पार्टीको पहलमा विस्तारै जनसङ्गठन र जनआन्दोलनमा तीव्रता आउन थाल्यो । यही क्रममा उनकै पहलमा १९८२ मा इन्डियन नेसनल फ्रन्ट (आईपीएफ) गठन गरियो । यो मोर्चा भाकपा (माले) लाई हिंसात्मक उग्रताबाट मुक्त गर्दै आम जनताको बीचमा स्थापित गर्ने र लोकतान्त्रिक दिशामा 'सिफ्ट' गर्ने महत्वपूर्ण मोड थियो । तेस्रो अखिल भारतीय सम्मेलनपछि पार्टीले निर्वाचनमा भाग लिने नीति अख्तियार गर्‍यो । यद्यपि, नक्सलबाडी आन्दोलनको बँचेखुचेको

'क्रेज', क्षतविक्षत आन्दोलन, संसदीय राजनीति गरिरहेका अन्य वामपन्थी पार्टीहरूबीच पृथक पहिचान कायम गर्ने समस्या, विसर्जनवादको खतरा र चरम नैराश्यको बीचबाट आन्दोलनको नयाँ धार विकास गर्नु सहज थिएन । तर, आफ्नो गहन सैद्धान्तिक/वैचारिक ज्ञान, कार्यकर्तामाझ लोकप्रियता र सुस्पष्ट दृष्टिकोण र निष्ठाका बलमा उनले यस दिशामा पार्टीलाई सफलतापूर्वक अगुवाइ गरे । संसद्मा क्रान्तिकारी हस्तक्षेप, जुझारु किसान आन्दोलन र जनवादी क्रान्तिका निम्ति कम्युनिस्ट पार्टीको नेतृत्व- भाकपा (माले)का मुख्य नीतिहरू तय भए । १९९२ मा पाँचौं महाधिवेशनपछि पार्टीलाई खुला गर्ने नीतिअन्तर्गत भाकपा (माले) खुला भयो र कोलकाताको ब्रिगेड परेड मैदानमा विनोद मिश्रले पहिलो सार्वजनिक मन्तव्य दिए । भाकपा (माले) राष्ट्रिय राजनीतिको मूलधारमा समावेश भयो- वामपन्थी विकल्प बन्ने प्रयासका साथ ।

त्यसपछि पार्टीलाई राष्ट्रव्यापी विस्तार गर्न प्रतिकूल स्वास्थ्यका बाबजुद विनोद मिश्रले अथक प्रयत्न गरे । बाबरी मस्जिद काण्डमा साम्प्रदायिक फासीवादका विरुद्ध भाकपा (माले)को उद्घोष र आन्दोलन बहुचर्चित परिघटना थियो । उनका घनिष्ट सहयोद्धा अनिल बरुआको सहादत र चर्चित क्रान्तिकारी योद्धा नागभूषण पटनायकको देहावसान १९९८ मा विनोद मिश्रलाई व्यक्तिगत रूपमा पनि आघात पर्ने घटना भए । उनी कमजोर स्वास्थ्यका बाबजुद चेन्नईदेखि भुवनेश्वरसम्मको पटनायकको शवयात्रामा सम्मिलित भएर अन्त्येष्टिमा अत्यन्त भावुक शोकमन्तव्य व्यक्त गरे ।

१९९८ को डिसेम्बरको १७ देखि सुरु भएको केन्द्रीय कमिटीको बैठकको अध्यक्षता गरेका विनोद मिश्रले बैठकपछि राती अबेरसम्म आफ्ना साथीहरूसँग 'कविता चर्चा'लगायत अनेकौं अनौपचारिक वार्ता गरे । तर, त्यो रात उनको अन्तिम रात थियो भन्ने कुरा न उनलाई थाहा थियो न त उनका साथीहरूलाई नै । बिहानपख उनलाई हृदयाघात भयो र अस्पताल दौडाइयो । करिब १२ घण्टापछि भारतीय कम्युनिस्ट आन्दोलनका यी विलक्षण प्रतिभा र नेपाली जनता एवम् नेपाली कम्युनिस्टहरूका प्रिय साथी विनोद मिश्र सदाका लागि बिदा भए ।

**साँझ नपर्दै अस्ताएको सूर्य : क्रिस हानी**

'.... घृणा र पूर्वाग्रहले भरिएको एउटा गोरा हाम्रो देशमा आयो र यस्तो मूर्खतापूर्ण कुकृत्य गर्‍यो, जसले गर्दा हाम्रो सिङ्गो राष्ट्र सङ्कटको डिलमा उभिन पुगेको आभास भएको छ । एउटी श्वेत महिला, जो अफ्रिकन मूलकी थिइन्, उनले आफ्नो ज्यान जोखिममा हालिन् (र हत्यारालाई गिरफ्तार गराइन्), ता कि हामीले थाहा पाउनसकौं र हत्याको बारेमा न्याय दिलाउन सकौं । कमरेड क्रिस हानी, शान्ति, स्वतन्त्रता र न्यायका योद्धा, सर्वोपरी रूपमा गरिब, श्रमिक र गाउँलेहरूका प्रेमी, असल धरतीपुत्र... । उनको हत्याले सिङ्गो देश र संसारभरि धक्काको लहर सिर्जना गरेको छ । अब सबै दक्षिणी अफ्रिकीहरू तिनीहरूका षड्यन्त्रविरुद्ध उभिने बेला आएको छ, जसले क्रिस हानीले बलिदान गरेको उद्देश्य अर्थात् हामी सबैको स्वतन्त्रता नष्ट गर्न चाहन्छन् ....!'

नेल्सन मण्डेलाले टेलिभिजनबाट यो गम्भीर, भावुकतापूर्ण र हृदयस्पर्शी अपिल गरिरहँदा उनका आँखा अश्रुपुरित थिए । सिङ्गो दक्षिण अफ्रिका आफ्ना प्रिय नेता, दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीका महासचिव र एएनसीको छापामार सेना 'एमके'का निवर्तमान सेनाप्रमुख क्रिस हानीको कायरतापूर्ण हत्याको शोक, आक्रोश र प्रतिशोधको ज्वालामा दन्किरहेको थियो । तर, मण्डेलाको अपिलले सबैलाई एक हदसम्म शान्त तुल्यायो र उनीहरू शोकलाई शक्तिमा बदल्दै शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउने र संविधानसभा निर्वाचन गर्ने अभियानमा केन्द्रित भए ।

क्रिस हानी दक्षिण अफ्रिकी स्वतन्त्रता सङ्ग्रामले जन्माएका उत्कृष्ट नेतामध्ये एक थिए । २८ जुन १९४२ मा आफ्ना मातापिताका पाँचौं सन्तानका रूपमा जन्मिएका उनको नाम तेम्बिसिली (प्रतिज्ञा) थियो । सानैदेखि पढ्नमा कुसाग्र उनी कक्षा फड्किँदै दाजुलाई भेट्टाउन पुगेका थिए । फिस तिर्न नसकेर झण्डै पुरेत बन्ने बाटोमा लागेका उनी कलेज पढ्ने क्रममा एएनसीको युथ लिगको सदस्य बनेर १५ वर्षकै उमेरमा राजनीतिमा होमिए । राती-राती पोस्टर टाँस्ने, दिउँसो बहस क्लबहरू सञ्चालन गर्ने र गाउँमा गएर समेत सङ्गठन बनाउने काम गर्दै आफ्नो क्षेत्रमा सङ्गठन विस्तार गर्न सक्रिय भूमिका खेलेका उनी युवाका ढुकढुकी थिए । ग्र्याजुएसनपछि केपटाउन गएर ल फर्ममा काम गर्न सुरु गरेका उनी त्यहाँ पनि सक्रिय रहे र १९६२ मा कम्युनिस्ट पार्टीको भूमिगत सम्मेलनमा सहभागी भए । १८ महिना जेल जीवनपछि एएनसीले उनलाई सोभियत सङ्घमा सैनिक तालिममा पठायो र त्यहाँबाट फर्केपछि उनले ताञ्जानियामा शिविर खडा गरेर एएनसीका सैन्य सङ्गठन 'उम्खोन्तो वे सिज्वे' (राष्ट्रको भाला) को कमिसार बने । लडाकुहरूका सुखदुःखसँग एकाकार हुने, उनीहरूलाई निरन्तर उत्साहित गरिरहने र आफैं नमुना बनेर अभियान सञ्चालन गर्ने हानीको शैलीले हजारौं युवाहरूलाई युद्धमा होमिन प्रेरित गर्‍यो । सङ्गठनको पत्रिका 'झिसमिसे' निकालेर लडाकुहरूलाई वैचारिक/राजनीतिक हिसाबले प्रशिक्षित गर्ने काममा उनको ठूलो भूमिका थियो । उनी जिम्बाब्वेलगायत विभिन्न मुलुकका स्वतन्त्रता सङ्ग्रामलाई सघाउन विदेश पनि पुगे । यस क्रममा गिरफ्तार भएर २ वर्षपछि मुक्त भएका उनी पछि एएनसीको मुख्यालय जाम्बियामा सरेपछि त्यहींको सचिवालयमा क्रियाशील रहे । १९८७ मा छापामार सेनाका प्रमुख जे स्लोभो कम्युनिस्ट पार्टीका महासचिव बनेपछि क्रिस हानी सेनाप्रमुख छानिए । उनको नेतृत्वमा एएनसीले थुप्रै सशस्त्र कारबाहीहरू सञ्चालन गर्‍यो ।

१९९० मा नेल्सन मण्डेला जेलमुक्त भए र शान्ति प्रक्रिया आरम्भ भयो । तर, सशस्त्र सङ्घर्षको कार्यदिशाद्वारा प्रशिक्षित छापामारहरूलाई शान्तिप्रक्रियाप्रति आश्वस्त तुल्याउनु र वार्ताप्रति सकारात्मक बनाउनु सहज थिएन । पार्टीले

शान्ति प्रक्रियामा सहभागी हुन गरेको निर्णयले लडाकुहरूमा असन्तुष्टि देखापऱ्यो । 'कसरी विश्वास गर्न सकिन्छ ती गोराहरूलाई ?' 'कसले प्रत्याभूति गर्छ नेताहरूको सुरक्षाको ?' 'कतै हामी आत्मसमर्पण त गर्दै छैनौं ?' 'किन बिसाइँदै छ हतियार पूर्ण विजय प्राप्त नहुँदै ?' यस्ता प्रश्नहरूले बैठक र भेलाहरू तात्तिने गर्थे । कैयौं बैठकमा त खुद नेल्सन मण्डेलालाई समेत आच्छुआच्छु पार्थे लडाकुहरूले । तर, क्रिस शान्त मुद्रामा, धैर्यता र मृदु मुस्कानका साथ प्रस्तुत हुन्थे र विश्वसन्दर्भ कसरी बदलिएको छ, किन शान्ति प्रक्रियामा प्रवेश गर्नु आवश्यक छ र मुक्ति, शान्ति, समृद्धि र प्रजातन्त्रको आफ्नो लक्ष्यमा पार्टी कसरी अडिग छ भन्ने कुरा लडाकुहरूलाई सम्झाउँथे । यस्तै एउटा प्रशिक्षणपछि एउटा योद्धाले भनेका थिए, 'कमरेड क्रिस, म तपाईंसँग पूर्ण सहमत त छैन, तर तपाईंलाई विश्वास गर्छु । आज तपाईं सिपाही कम, राजनीतिज्ञ बढी देखिनुभएको छ । तर, तपाईंले हामीलाई छाडेर जान चाहिँ पाउनुहुन्न ।' सर्वसाधारणबाट समेत उनलाई 'आफैंलाई गिरफ्तार गर्न चाहनेहरूसँग तिमी किन वार्ताको वकालत गर्छौ ?' भनेर प्रश्नको ओइरो लाग्थ्यो ।

'के कमरेड क्रिस वार्ताको पक्षमा थिए ? हो, तर खालि वार्ताको पक्षमा मात्रै भने होइन । के उनी शान्तिको पक्षमा थिए ? हो, तर केवल शान्तिको पक्षमा मात्रै भने होइन । उनी यस्तो वार्ताका लागि लडे, जसले केही परिणाम देओस् । उनी त्यस्तो सहमतिका निम्ति लडे, जसले खालि सुन्दर शब्द मात्रै उत्पादन गर्दैन, खालि नयाँ झन्डा र नयाँ राष्ट्र गान मात्रै जन्माउँदैन, सरकारमा नयाँ चेहरा मात्रै पैदा गर्दैन । उनी त्यस्तो सम्झौताको पक्षमा लडे, जसले देशका आम जनताका निम्ति गहन परिवर्तनको मार्ग खोलिदेओस् ।' कम्युनिस्ट पार्टीका महासचिव जे स्लोभोले भनेका थिए । क्रिस हानीको व्यापक जनसम्पर्क, उनको अटल निष्ठा, उनको दृढता र लोकप्रियताले लडाकुहरूलाई शान्ति प्रक्रियामा सहभागी बनाउन सम्भव भयो । यद्यपि, बाहिर भने उनलाई पार्टीभित्रको कट्टरपन्थी र हिंसालाई निरन्तरता दिन चाहने भनेर बद्नाम गर्ने प्रयास गरियो र शान्ति प्रक्रियापछि पनि पटक-पटक गिरफ्तारीको प्रयास भयो ।

उनी दृढ कम्युनिस्ट थिए । उनले भनेका थिए, 'मैले समाजवादप्रतिको आफ्नो विश्वासलाई कहिल्यै डग्न दिएको छैन । मेरा निम्ति उक्त विश्वास बलियो छ, किनकि यो नै जनताको र गरिबहरूको बहुमतको विश्वास हो, जससँग म पनि सम्बन्धित छु ।' एएनसीमा उनी अत्यन्त लोकप्रिय थिए, जहाँ उनले ९५ प्रतिशत मत प्राप्त गरेका थिए । एमकेको प्रमुखको रूपमा पनि उनी अत्यन्त सफल थिए । तर, पछि उनले कम्युनिस्ट पार्टीको महासचिवमा निर्वाचित भएर यो जिम्मेवारी अन्य साथीलाई हस्तान्तरण गरे । सरकारमा महत्वपूर्ण जिम्मेवारी पाउन सकिन्थ्यो भन्ने साथीहरूको भनाइप्रति उनको टिप्पणी थियो, 'को क्याबिनेटमा हुन्छ, कुन विभागको जिम्मेवारी पाउँछ मुख्य कुरा होइन । मेरा निम्ति मुख्य कुरा हो, जनताको जीवनमा सुधार आउँछ कि आउँदैन । त्यसो भएन भने दक्षिण अफ्रिका बेकार हुन्छ । त्यस्तो स्थितिमा म मेरै पार्टीको सरकारविरुद्ध समेत सडकमा उत्रिनेछु ।'

यस्ता लोकप्रिय, निष्ठावान्, शान्तिप्रिय र जनताको प्रिय नेताको हत्या १० अप्रिल १९९३ मा आफ्नै घरअगाडि कायरतापूर्वक गरियो । त्यसो त, उनीसँग ३ जना अङ्गरक्षकहरू थिए । तर, उनीहरूलाई धपेडी भयो भनेर उनले बिदामा पठाएका थिए, उनीहरूले नमान्दा नमान्दै । उनी बाहिर घुमेर फर्किँदै गर्दा कारबाट ओर्लिनेबित्तिकै एउटा पोलिस दक्षिणपन्थी हत्यारा जानुस बालुसले नजिकैबाट गोली प्रहार गऱ्यो र भाग्यो । यो घटना देखेकी एकजना श्वेतमहिलाले उसलाई गिरफ्तार गराइन् । उसले प्रयोग गरेको पिस्तोल साउथ अफ्रिकन कन्जर्भेटिभ पार्टी नामक दक्षिणपन्थी पार्टीको सांसदको भएको अनुसन्धानबाट पुष्टि भयो ।

क्रिस हानीको अन्त्येष्टी दक्षिण अफ्रिकामा भएका सबैभन्दा ठूला अन्त्येष्टीमध्ये एक थियो, जहाँ लाखौं जनताले आफ्ना प्रिय नेताको अन्तिम बिदाइ गरे । दुवै अपराधीलाई अदालतले मृत्युदण्ड दियो । तर, अनौठो के भयो भने तिनीहरूले जुन संविधानसभाको विरोध गरेका थिए, त्यही संविधानसभाबाट बनेको संवैधानिक अदालतले मृत्युदण्ड खारेज गरिदियो र उनीहरू आजपर्यन्त आजीवन काराबासको सजाय भोगिरहेका छन् ।

क्रिस हानीले आफ्नो ज्यान दिएर पनि दक्षिण अफ्रिकाको शान्ति प्रक्रिया र मुक्तिको मार्गलाई सुदृढ गरे । आज त्यो राष्ट्र धेरै अर्थमा नमुना राष्ट्र बन्न पुगेको छ र दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीले एएनसीसँग मिलेर राष्ट्रको समुन्नतिका निम्ति महत्वपूर्ण भूमिका खेलिरहेको छ ।

**शताब्दी नायक मदन भण्डारी**

'केही समययता देखि मदन भण्डारीसँग अत्यन्त निकट सम्बन्ध रहेको थियो । मुलुकमा आइपर्ने सङ्कटलाई यो मान्छेले हरतरहले टार्छ भन्ने विश्वास मैले लिएको थिएँ । तर, यो 'इम्प्रेसन' विकसित भइरहेकै बेला यस्तो दुःखद् घटना हुन पुग्यो । आज देशले नेपालको होनहार सपुत गुमाएको छ । मैले एउटा ठूलो र अत्यन्त ठूलो सहयोद्धालाई गुमाएको छु', गणेशमान सिंहले यस्तो शोक मन्तव्य दिइरहँदा उनका आँखा रसाइरहेका थिए ।

'सिद्धान्तका निम्ति जीवन होइन, जीवनको निम्ति सिद्धान्त' यस अभिव्यक्तिले कमरेड मदन भण्डारीको सोच, शैली र योगदानको अन्तर्वस्तुलाई प्रतिबिम्बित गर्छ । उनले त्यस्तो अवस्थामा नेपाली कम्युनिस्ट आन्दोलनको रक्षा र विकास गरे, जतिबेला विश्वव्यापी रूपमै आन्दोलनले अभूतपूर्व धक्का खाएको थियो । फुकुयामा जस्ता 'दार्शनिक'हरूले 'इतिहासको अन्त्य' र 'विचारको मृत्यु'को गीत गाइरहेको बेला, हन्टिङ्टनजस्ता 'विद्वान्' हरूले अबको द्वन्द्व विचारधाराहरूबीच होइन, कथित सभ्यताहरूबीच हुन्छ भन्ने भविष्यवाणी गरिरहेका बेला उनले मार्क्सवादको झन्डाको दृढतापूर्वक रक्षा गरे । रक्षा

मात्रै गरेनन्, यसको सिर्जनात्मक प्रयोग गर्दै सगरमाथाको फेदीमा फहराउने काम पनि गरे । यसै भएर होला, प्रसिद्ध अमेरिकी पत्रिका 'न्युजविक' ले लेख्यो, 'नेपालः जहाँ कार्लमार्क्स जीवित छन् ।'

जम्माजम्मी ४१ वर्षको छोटो जीवन जिउन पाएका कमरेड मदन भण्डारी पार्टीको महासचिवका रूपमा पौने चार वर्ष नेतृत्वमा रहे । सार्वजनिक जीवन उनले तीन वर्ष मात्रै बिताउन पाए । तर, उनको छोटो जीवन अत्यन्त गतिशील, प्रभावकारी र अविस्मरणीय रह्यो । मदन भण्डारीले पूर्णकालीन राजनीति सुरु गर्दा नेपाल निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाहीको क्रुर पाइतालामुनि पिल्सिइरहेको थियो भने कम्युनिस्ट आन्दोलन अनेकौं समस्याबाट ग्रस्त थियो । बीसको दसकमा सुरु भएको विखण्डन, नैराश्य र दक्षिणपन्थी अवसरवादविरुद्ध विद्रोह गर्दै आन्दोलनलाई एकताबद्ध, गतिशील र सही दिशामा डोऱ्याउने इमानदार प्रयास भएको भए पनि आन्दोलन फेरि उग्रवामपन्थी जडता, यान्त्रिकता र अन्धानुकरणको विचलनमा पुगेको थियो । सबैखाले विचलनबाट मुक्त गर्दै आन्दोलनलाई अगाडि बढाउने सिलसिलामा तात्कालीन नेकपा (माले) केन्द्रीय कमिटीभित्र चलेका गम्भीर वैचारिक बहसका मुख्य अभियन्तामध्ये एक कमरेड मदन थिए । चिनियाँ क्रान्तिको मोडेललाई आदर्श मान्ने मान्यताबाट मुक्त गर्दै नेपाली क्रान्तिको मौलिक सिद्धान्त र बाटोको अन्वेषण गर्न, सशस्त्र सङ्घर्ष र भूमिगत अर्धफौजी सङ्गठनलाई सङ्घर्ष र सङ्गठनको मुख्य रूप मानी हिंडेको पार्टीमा जनसङ्गठन र जनआन्दोलनको कार्यदिशा स्थापित गर्न, समाजको मुख्य अन्तरविरोध पहिल्याउन, राजनीतिक शक्तिहरूको सही विश्लेषण गर्न, निर्वाचन, मानवअधिकार र जनताका दैनन्दिनका सरोकारका विषयमा आन्दोलन उठान गर्ने सन्दर्भमा पार्टीका सही नीति तर्जुमा गर्न र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको सम्यक विश्लेषण गर्न मदन भण्डारीले वैचारिक अगुवाइ गरे । यही भूमिकाले उनलाई पार्टीमा वैचारिक नेताका रूपमा स्थापित गर्दै लग्यो र उनी चौथो महाधिवेशनबाट महासचिवमा सर्वसम्मत निर्वाचित भए ।

यस क्रममा मदन भण्डारीको अगुवाइमा जनताको बहुदलीय जनवादको प्रतिपादन गरियो, जो पार्टीको पाँचौ महाधिवेशनबाट नेपाली क्रान्तिको कार्यक्रमको रूपमा र छैटौं महाधिवेशनबाट सिद्धान्तका रूपमा स्थापित भएको छ । जनताको बहुदलीय जनवादको प्रभाव हामी सिङ्गो नेपाली समाजमा देख्नसक्छौं, जहाँ उग्रवामपन्थ र जडसूत्रवादलाई परित्याग गर्दै नेकपा माओवादी) पनि यसलाई पछ्याउन बाध्य भएको छ भने औपचारिक राजनीतिक स्वतन्त्रतालाई नै 'प्रजातन्त्र' मान्ने नेपाली काङ्ग्रेससमेत सामाजिक न्यायसहितको लोकतन्त्र र गणतन्त्रसम्म आइपुगेको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा समेत लोकप्रिय, शान्तिपूर्ण र जनताको अभिमतमाथि आधारित वामपन्थी आन्दोलनको लहर आइरहेको सन्दर्भले जबजको सहीपनालाई पुष्टि गर्दै लगेको छ ।

कमरेड मदन भण्डारीको मान्यता थियो, सिद्धान्तले गतिशील जीवनका यथार्थलाई पछ्याउन सक्नुपर्छ । समाजको अगुवाइ गर्न नसक्ने शास्त्र र सूत्रलाई पञ्छाउनसक्ने साहसले नै मदन भण्डारीलाई नवीन विचारक, सिद्धान्तकार र मार्क्सवादको सिर्जनात्मक प्रयोगका अगुवाको रूपमा स्थापित गरिदियो ।

कमरेड मदन भण्डारी अविचलित लोकतान्त्रिक योद्धा थिए । उनकै मुख्य पहलमा ०४६ सालमा संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेसबीच सहकार्य सम्भव भएको थियो, जुन सहकार्य ३० वर्षे तानाशाही व्यवस्था समाप्त गर्ने मुख्य आधार बन्नपुग्यो । उनी प्राप्त प्रजातान्त्रिक अधिकारलाई संस्थागत गर्न आन्दोलनकारी शक्तिबीच लामै समयसम्म सहकार्य हुनुपर्ने मान्यता राख्थे र उनले यसका निम्ति अथक प्रयास पनि गरेका थिए । तर, तत्कालीन नेपाली काङ्ग्रेस नेतृत्वमा रहेको कम्युनिस्टविरोधी उग्र सोचका कारण यो सम्भव भएन । तत्पश्चात् सुरु भएको कम्युनिस्ट र काङ्ग्रेस द्वन्द्वले दरबारिया प्रतिगामी शक्तिहरूलाई उत्साहित बनाउँदै अन्त्यमा प्राप्त उपलब्धि खोस्ने तहसम्म पुऱ्याइदियो । ठूलो धक्कापछि फेरि लोकतान्त्रिक शक्तिहरू एकै ठाउँ उभिनुपरेको स्थिति र उनले ०४७ सालको संविधानलाई आलोचनात्मक समर्थन गर्दै त्यसमा राखेका असहमतिका २७ बुँदालाई १६ वर्षपछि पुनर्स्थापित प्रतिनिधिसभाले घोषणाको रूपमा आत्मसात गरेको तथ्यले कमरेड मदन भण्डारीको दूरदर्शितालाई स्पष्ट पार्छ ।

राष्ट्रियताको सङ्घर्षमा कमरेड मदन भण्डारीको नेतृत्वदायी भूमिका थियो । टनकपुर सम्झौताको विषयमा भएको सङ्घर्ष र प्रगतिशील राष्ट्रवादको उनको नयाँ परिभाषा अविस्मरणीय छन् ।

मदन भण्डारी असाध्यै कुशल वक्ता थिए । जनताको सरोकारका मुद्दालाई जनबोलीमा अत्यन्त प्रभावकारी ढङ्गले राख्नसक्ने सामर्थ्यले गर्दा उनले पचासौं हजार श्रोतालाई मन्त्रमुग्ध पार्दै घन्टौं आबद्ध गरिरहन सक्थे । पानी परेर भाषण छोट्याउन खोज्दा पनि श्रोताहरूले नमानेर मन्तव्य जारी राख्नुपर्ने मदन भण्डारी इतिहासमै पहिलो नेता थिए । 'महाराज, हात नलम्काइ बक्स्योस्, आँखा नचम्काइबक्स्योस् ।……राजनीति गर्ने मन छ भने श्रीपेच फुकालेर मैदानमा आइबक्स्योस्, यो मदन भण्डारी प्रतिस्पर्धा गर्न तयार छ...' यस्तो ओजस्वी भाषणबाट जनतामा गणतान्त्रिक चेतनाको विकास गर्ने कमरेड मदन भण्डारी अद्वितीय नेता थिए । त्यसैले 'कान्तिपुर' पत्रिकाले गरेको सर्वेक्षणमा उनी शताब्दी नायकका रूपमा छानिए ।

जनताका यस्ता लोकप्रिय नेता र आन्दोलनका यस्ता वैचारिक मार्गदर्शकको ०५० साल जेठ ३ गते अत्यन्त रहस्यमय जिप दुर्घटनामा हत्या गरियो । हत्याको १७ वर्ष बितिसक्दा पनि यसको रहस्यको पर्दा उघ्रिन सकेको छैन । घटनाको एक मात्र

साक्षी ड्राइभर अमर लामाको रहस्यमय हत्याले घटनाको गहिराइमा पुग्ने सूत्र नै चुँडिएको अवस्था छ । तर, आम नेपाली जनता आज पनि यो घटनालाई सामान्य जिप दुर्घटना मान्न तयार छैनन् । उनीहरू यसलाई नेपालको लोकप्रिय कम्युनिस्ट आन्दोलन, देशभक्तिपूर्ण आन्दोलन र लोकतन्त्रलाई समाप्त पार्ने अदृष्य षड्यन्त्र ठान्छन् । मदन भण्डारीका विचारहरूको मार्गदर्शनमा अगाडि बढिरहेको बेला यो हत्याको पर्दा उघार्ने प्रयासलाई पनि निरन्तर जारी राख्नु आवश्यक छ । ❒

# माओवादीका केही गलत सैद्धान्तिक अवधारणाको शल्यक्रिया

नेपाली कम्युनिस्ट आन्दोलन दक्षिणपन्थी र उग्रवामपन्थी भड्काउहरूका विरुद्ध निरन्तर सङ्घर्ष गर्ने क्रममा नै विकसित र विस्तृत बन्दै आइरहेको छ । यो आन्दोलनको विकासक्रममा कहिले दक्षिणपन्थी भड्काउहरू पैदा हुने गरेका छन् र कहिले उग्रवामपन्थी भड्काउ पैदा हुने गरेका छन् । ती दुवै दिशाबाट प्रकट हुने गलत विचार र प्रवृत्तिका विरुद्ध गहिरो विचारधारात्मक सङ्घर्ष नगरी त्यस्ता प्रवृत्तिहरू पराजित भएका पनि छैनन् र कम्युनिस्ट आन्दोलनले नयाँ अग्रगति लिन पनि सकेको छैन । यति बेला नेपाली कम्युनिस्ट आन्दोलनमा फेरि उग्रवामपन्थी भड्काउले शिर उठाएको छ । सन् १९९० को परिवर्तनपछि देशमा वामपन्थी सरकार बन्न नसक्नु, नेपाली काङ्ग्रेसको घोर दक्षिणपन्थी सरकार बन्नु, त्यसले ०४६ सालको जनआन्दोलनका मर्म र भावनालाई बेवास्ता गर्न थाल्नु, मुलुकलाई यथास्थितिवाद र प्रतिगमनतिर धकेल्न थाल्नु र जनताका आधारभूत समस्याहरू चर्को बन्दै जानथाल्नुले नेपाली कम्युनिस्ट आन्दोलनभित्र उग्रवामपन्थी भड्काउ प्रकट हुने खतरा निरन्तर बढ्दै गयो । त्यही सिलसिलामा नेपाली कम्युनिस्ट आन्दोलनमा नयाँ गुटका रूपमा नेकपा (माओवादी) देखापर्‍यो र त्यसले उग्रवामपन्थी धारलाई व्यवस्थित रूपले अघि ल्याउन थाल्यो । आज त्यो प्रवृत्ति एउटा जबर्जस्त वैचारिक-राजनीतिक भड्काउका रूपमा देखापरेको छ । त्यसले सामाजिक क्रान्तिलाई अघि बढाउने सिलसिलामा धेरै पक्षमा गलत विचार, दृष्टिकोण र नीतिहरू अघि सारेको छ । तिनीहरूलाई सङ्क्षेपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**आजको युगको चरित्रका सम्बन्धमा**

- उनीहरू महान 'अक्टोबर क्रान्ति'ले सुरुआत गरेको समाजवादी विश्वक्रान्तिको वस्तुगत प्रक्रिया पूर्ण रूपले समाप्त भइसकेको र त्यो प्रक्रिया संशोधनवाद र प्रतिक्रियावादमा पतन भइसकेको ठान्छन् ।
- उनीहरू उपरोक्त कारणले विश्वमा कतै पनि समाजवादी मुलुकहरू नरहेको, समाजवाद निर्माणसम्बन्धी वस्तुगत प्रक्रियाको अस्तित्व नै समाप्त भएको र सिङ्गो विश्वमा पुँजीवाद मात्र रहेको देख्छन् ।
- उनीहरू त्यसैले आफ्नो विश्लेषणमा विश्व महान् अक्टोबर समाजवादी क्रान्तिभन्दा पहिलेको अवस्थामा पुगेको र सिङ्गो विश्व फेरि पुँजीवादी विश्वक्रान्तिकै अवस्थामा फर्केको ठान्छन् ।
- त्यसैले उनीहरू वर्तमान युगलाई पुँजीवादबाट समाजवादतिर सङ्क्रमणको युगको रूपमा मान्दैनन् । उनीहरूको दृष्टिकोणले उक्त कुरालाई मान्न दिँदैन । त्यसैले उनीहरू वर्तमान युगको चरित्रका सम्बन्धमा नै गलत दृष्टिकोण राख्छन् ।

**क्रान्तिको मार्गदर्शक सिद्धान्तका सम्बन्धमा**

- उनीहरू मार्क्सवाद-लेनिनवादलाई 'पुरानो' र 'अपर्याप्त' भएको ठान्छन् र त्यसलाई मात्र आफ्नो 'मार्गदर्शक सिद्धान्त' मान्दैनन् ।
- उनीहरू कहीं अस्तित्वमा नै नभएको र आफ्नै मनोगत विश्लेषणद्वारा तथा विभिन्न देशका मनोगतवादी उग्रवामपन्थी कम्युनिस्टहरूको मनोगत विश्लेषणद्वारा तयार गरिएको 'माओवाद'लाई मार्क्सवाद-लेनिनवादको 'सर्वोच्च रूप' ठान्छन् । त्यसैलाई उनीहरू विश्वव्यापी रूपमा मान्नुपर्ने 'मार्गदर्शक सिद्धान्त' ठान्छन् ।
- उनीहरू अझ अहिले पार्टीको दोस्रो राष्ट्रिय सम्मेलनपछि आएर त आफ्नो मार्गदर्शक सिद्धान्त 'प्रचण्डपथ'लाई समेत मान्न पुगेका छन् ।

● यसरी मार्क्सवाद-लेनिनवादको विश्वव्यापी सत्यतालाई अस्वीकार गर्ने, सार्वभौमिक सच्चाइलाई छोड्दै जाने र चीनको 'सांस्कृतिककालीन' विशिष्ट अनुभवलाई नै सार्वभौम सत्य ठान्ने गर्छन । र, त्यसभन्दा पनि अझ अघि बढेर केही वर्षको अन्तरालमा आफूले प्राप्त गरेका नितान्त आंशिक अनुभवलाई नै सार्वभौमिक सच्चाइ ठान्दै 'प्रचण्डपथ' लाई सार्वभौमीकरण गर्ने प्रयत्न गर्छन् ।

● यसरी आंशिक अनुभव वा विशिष्ट अनुभवलाई सार्वभौम सच्चाइ वा विश्वव्यापी सच्चाइ मान्न पुगिरहेका छन् र निम्नपुँजीवादी चिन्तनलाई नै आफ्नो मार्गदर्शक सिद्धान्त मान्न पुगेका छन् । त्यसैले समाजको सामाजिक अवस्था, सामाजिक क्रान्ति, सामाजिक क्रान्तिका नियमहरू र सामाजिक क्रान्तिको भविष्यजस्ता यावत् कुराहरूलाई हेर्ने सवालमा निम्नपुँजीवादी, एकलकाँटे र गलत दृष्टिकोण लिन पुगेका छन् ।

**वर्तमान विश्वपरिस्थितिको विश्लेषण सम्बन्धमा**

● विश्वमा खालि साम्राज्यवाद र पुँजीवाद मात्र देख्छन र सबै मुलुकहरूलाई शत्रु श्रेणीमा नै गणना गर्छन् ।

● विश्व समाजवादी क्रान्तिका महत्वपूर्ण आधारका रूपमा रहेका समाजवादी मुलुकहरू र त्यस शक्तिको भूमिकालाई देख्तैनन् । चीन, कोरिया, भियतनाम, क्युबा र लाओसजस्ता मुलुकहरू पनि उनीहरूको नजरमा पुँजीवादी मुलुक नै हुन् र आ-आफ्नो देशको विशिष्ट स्थितिमा निर्माण गरिरहेको समाजवाद उनीहरूका नजरमा पुँजीवाद नै हो ।

● यसरी पुँजीवाद र समाजवादका बीचमा, विश्व क्रान्तिका पक्षधर शक्तिहरू र विरोधी शक्तिहरूका बीचमा, विभिन्न खाले राज्यहरूका वर्गीय चरित्रका बीचमा तथा सत्रु र मित्रका बीचमा भिन्नता मात्र पनि गर्न सकिरहेका छैनन् ।

● उनीहरू विश्व धरातलमा समाजवादी विश्वक्रान्तिको वस्तुगत अवस्था विद्यमान नभई कुनै पनि पिछडिएको वा अर्धसामन्ती तथा अर्धउपनिवेशी देशमा पनि नयाँ जनवादी क्रान्तिको प्रक्रिया अस्तित्वमा आउन सक्तैन भन्ने कुरालाई पनि बुझिरहेका छैनन् । जब विश्वमा कहिं पनि पुँजीवादलाई छिन्नभिन्न पारिएको वा प्वाल पारिएको हुँदैन, त्यसबेला नेपाल वा अन्य कुनै पनि तेस्रो विश्वका मुलुकमा नयाँ जनवादी क्रान्तिको वस्तुगत आधार नै तयार हुन सक्तैन भन्ने कुरालाई उनीहरू देख्तैनन् ।

● विश्व कम्युनिस्ट आन्दोलन, विभिन्न उत्पीडित राष्ट्र र मुलुकहरूले चलाइरहेका स्वतन्त्रता, जनवाद र मुक्तिका आन्दोलनहरू, मजदुर आन्दोलनहरू, तमाम श्रमजीवी जनताका आन्दोलनहरू, वातावरण, मानवअधिकार र प्राकृतिक साधनस्रोत संरक्षणका आन्दोलनहरू र विभिन्न देशमा भइरहेका समाजवाद निर्माणका वस्तुगत प्रक्रियाहरू सबै नै वर्तमान विश्व समाजवादी क्रान्तिका विभिन्न धाराहरू र सङ्घटक अङ्गहरू हुन् भन्ने कुरालाई पनि देख्न सकिरहेका छैनन् । त्यसैले विश्व परिस्थितिको विश्लेषण गर्ने, त्यसभित्र रहेका दुई पक्षहरूलाई देख्ने र एउटा सन्तुलित दृष्टिकोण अघि सार्ने कुरामा पनि उनीहरू एकपाखे, एकलकाँटे र गलत दृष्टिकोण राख्छन् ।

**एउटा देश र विश्वको कम्युनिस्ट आन्दोलनका सम्बन्धमा**

● कम्युनिस्ट आन्दोलन एउटा अन्तर्राष्ट्रिय वा भूमण्डलीय आन्दोलन भएर पनि त्यो प्रत्येक देशको ठोस राष्ट्रिय धरातलबाट मात्र अघि बढ्न सक्छ । त्यसलाई सम्बन्धित देशको ठोस वास्तविकताका आधारमा अघि बढाउनुपर्ने हुन्छ र त्यसलाई कुनै पनि एउटा अन्तर्राष्ट्रिय केन्द्रबाट नेतृत्व गर्न, हाँक्न वा समन्वय गर्नसम्म पनि सकिंदैन र त्यसो गर्नु गलत हुन्छ भन्ने कुरालाई मान्दैनन् ।

● त्यसैले 'क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलन' (Revolutionary International Movement) नामक सङ्गठनलाई आफ्नै 'अन्तर्राष्ट्रिय केन्द्र' बनाउन पुगेका छन् उनीहरू । जुन केन्द्रमा विश्वका उग्रवामपन्थी कम्युनिस्टहरूका समूहहरू मात्र आबद्ध छन् र तिनीहरूकै बीचमा पनि मतैक्यता छैन ।

● प्रत्येक देशको कम्युनिस्ट आन्दोलन एउटा स्वतन्त्र आन्दोलन हो, अन्य देशका कम्युनिस्ट आन्दोलनसँग त्यसको समानताका आधारमा सम्बन्ध रहन सक्छ, कुनै पार्टी, देश र नेता केन्द्र बन्न सक्तैनन् र प्रत्येक देशको कम्युनिस्ट आन्दोलन आफैंमा एउटा सार्वभौम प्रक्रिया पनि हो भन्ने कुरालाई पनि मान्दैनन् ।

● उनीहरू त्यसैले एकातिर 'रिम' नामक 'अन्तर्राष्ट्रिय सङ्गठन'का नेपाली इकाई बनेका छन्, रिमको निर्देशन मान्न बाध्य छन् र अर्कातिर उनीहरू नेपालजस्तो एउटा स्वतन्त्र र सार्वभौम मुलुकलाई 'दक्षिण एसियाली सोभियत फेडरेसन' को सदस्य बनाउने र नेपालको स्वतन्त्र तथा सार्वभौम रहने वास्तविक आत्मनिर्णयको अधिकारलाई अहिलेदेखि नै कुल्चिन चाहन्छन् ।

● त्यसैले उनीहरू विश्व कम्युनिस्ट आन्दोलनका स्वतन्त्र, समान र सार्वभौम इकाईहरूबीचको द्वन्द्वात्मक अन्तर्सम्बन्धलाई पनि ठीक ढङ्गले बुझ्न सकिरहेको छैनन् ।

**नेपाली क्रान्तिको कार्यक्रम**

● उनीहरू नयाँ जनवादमा बहुदलीय प्रतिस्पर्धाको परिपाटी स्थापना हुनुपर्छ र त्यो त्यसबेलाको वस्तुगत परिस्थितिको अनिवार्य प्रतिबिम्ब हुन्छ भन्ने कुरालाई मान्दैनन् ।

- अहिले पनि विगत स्टालीनकालीन 'सोभियत मोडल'कै पिछलग्गु बनिरहेका छन्, नयाँ जनवादलाई एउटा पार्टीको एकलौटी आधिपत्य तथा एकदलीय शासन पद्धतिका रूपमा बुझिरहेका छन् र त्यही पद्धतिलाई नेपालमा लागू गर्ने सपना देखिरहेका छन् ।

- उनीहरू दलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, वालिग मताधिकार, शक्तिपृथकीकरण, जनअनुमोदन, निर्वाचित प्रतिनिधिहरूद्वारा जनइच्छाको परिचालन र जनइच्छा प्रतिनिधित्व गर्न नसक्नेलाई प्रत्याह्वान गर्नेजस्ता प्रजातान्त्रिक पक्षहरूलाई अहिले पनि निषेधात्मक रूपले हेर्छन् र तिनीहरूको आवश्यकतालाई अस्वीकार गर्दछन् ।

- उनीहरू राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिस्थितिमा आइरहेका फेरबदलहरूले हाम्रा कार्यक्रमिक धारणा र पक्षहरूमा पनि परिवर्तन ल्याउँछ र समयले माग गरेका कुराहरूलाई आफ्ना लक्ष्यहरूमा समाविष्ट गर्दै जानुपर्छ भन्ने कुरालाई पनि मान्दैनन् ।

**संसदीय सङ्घर्षको उपयोग**

- उनीहरू समाजमा चल्ने वर्गसङ्घर्ष एक वा अर्को हिंसाबाट मात्र अघि बढ्दैन, त्यसभित्र सङ्घर्षका खुला वा गुप्त, कानुनी वा गैरकानुनी, वैधानिक वा अवैधानिक, संसदीय वा गैरसंसदीय, शान्तिपूर्ण वा हिंसात्मक, निःशस्त्र वा सशस्त्र, छापामार सङ्घर्ष वा राष्ट्रिय जनविद्रोह, आर्थिक वा राजनीतिक आदि अनेक रूप हुन सक्छन् भन्ने कुरालाई मान्दैनन् र खास रूपहरूमा मात्र निरपेक्षरूपले लागिरहनुलाई नै क्रान्तिकारिता ठान्छन् ।

- उनीहरू कुन देशमा कति बेला सङ्घर्षको कुन रूपलाई प्राथमिकता दिनुपर्छ भन्ने कुरा आफ्नो चाहना, इच्छा र आकाङ्क्षामा खोज्छन् तर सङ्घर्षका रूपहरू भनेका स्वयम् वस्तुगत प्रक्रियाका उपज हुन् र तिनीहरू सम्बन्धित समाजको वर्गसम्बन्ध, वर्गअन्तर्विरोध, वर्गसङ्घर्षको अवस्था र शत्रु वर्गले अपनाइरहेका दमन र उत्पीडनका तरिकाहरूमाथि समेत निर्भर गर्दछन् भन्ने कुरालाई पनि मान्दैनन् ।

- उनीहरू उपरोक्त कारणले जुन देशमा प्रजातान्त्रिक अवसरहरू छ, संसद् छ, आवधिक निर्वाचन हुन्छ र कानुनी, खुला, वैधानिक र संसदीय सङ्घर्ष गर्ने अवसर हुन्छन्, ती देशका क्रान्तिहरू ती अवसरहरूको अधिकतम् उपयोग नगरी अघि बढ्न सक्तैनन् भन्ने कुरालाई पनि मान्दैनन् । त्यसैले उनीहरू सङ्घर्षका उपरोक्त सम्भावनाहरूलाई निरपेक्ष रूपमा नै अस्वीकार गर्छन् र खालि छापामार सङ्घर्ष, दीर्घकालीन सङ्घर्ष आदिको मात्र वकालत गर्न पुग्छन् । त्यसले क्रमशः आफूलाई अलगथलग पार्दै लान्छ भन्ने कुरा पनि बुझिरहेका छैनन् ।

**नेपाली समाजमा विद्यमान राजनीतिक शक्तिहरूको वर्गविश्लेषण**

- उनीहरू क्रान्तिका ठूलाठूला कुरा गरिरहेका छन्, तर नेपाली समाजमा विद्यमान विभिन्न राजनीतिक शक्तिहरूको वर्गविश्लेषणमा नै ठूलो भ्रम सिर्जना गरिरहेका छन् । कुन राजनीतिक शक्तिको वर्गचरित्र के हो भन्ने कुरालाई पनि आफ्नो मनोगत इच्छा र चाहनाका आधारमा निष्कर्ष निकाल्ने काम गरिरहेका छन् ।

- उनीहरू नेपाली कम्युनिस्ट आन्दोलनका विभिन्न समूहहरूलाई आफ्नो मनोगत निष्कर्षका आधारमा विभिन्न बिल्लाहरू भिराउने काम गरिरहेका छन् । त्यसैले उनीहरू नेकपा (एमाले)लाई समेत 'प्रतिक्रियावादमा पतन भएको' पार्टीका रूपमा विश्लेषण गरिरहका छन् र उनीहरूको 'सशस्त्र डफ्फा'लाई शत्रु घोषित गरिएको नेकपा (एमाले) का कार्यकर्ताहरूमाथि हत्या गर्ने, अपहरण गर्ने, कुटपिट गर्ने, अङ्गभङ्ग गर्ने र लुटपिट गर्ने काममा उकासिरहेका छन् । प्रतिक्रियावादी शक्ति र वामपन्थी शक्तिलाई छुट्याउने कसी के हो ? यति प्राथमिक कुराको पनि उनीहरूलाई ज्ञान छैन ।

- उनीहरू एकातिर राजतन्त्र ध्वस्त गर्ने कुरा पनि गरिरहेका छन्, तर व्यवहारमा देशका धेरै ठाउँमा पूर्वपञ्चहरूसँग मैत्रीपूर्ण सम्बन्ध कायम राख्ने, उनीहरूलाई बचाउने, उनीहरूले गल्ती नै गरे पनि वास्ता नगर्ने तर एमालेका कार्यकर्ताहरूमाथि 'सुराकी गरेको' झुटो आरोप लगाएर हमला गर्ने काम गरिरहेका छन् । उनीहरूले खासखास घटनामा 'गल्ती भएको' कुरा स्वीकार गरे पनि आमव्यवहारमा परिवर्तन भएको देखिंदैन ।

- उनीहरूले त्यसरी नै दरबार, राप्रपा, पूर्वपञ्चहरू, नेपाल सद्भावना पार्टी र अन्य विभिन्न वाम समूहका बारेमा ठोस वर्गविश्लेषण अझैसम्म पनि प्रस्ट रूपले बाहिर ल्याउन सकिरहेका छैनन् ।

**ग्रामीण क्षेत्रमा वर्गविश्लेषण**

- उनीहरू सिद्धान्ततः नेपाली समाजको ग्रामीण क्षेत्रमा जमिन्दार, धनी किसान, मध्यम किसान, गरिब किसान र भूमिहीन किसान वा कृषि मजदुर गरेर पाँचवटा वर्गहरू छन् भन्ने कुरालाई दस्तावेजमा भन्छन् । तर, ती विभिन्न वर्गहरू र उनीहरूको प्रतिनिधित्व गर्ने शक्तिहरू वा व्यक्तिहरूप्रतिको नीति के हो भन्नेबारेमा उनीहरू प्रस्ट छैनन् ।

- त्यही कारणले उनीहरूले आफूसँग मतभेद राख्ने, आफूले भनेको नमान्ने, अन्य वामपन्थी समूहसँग सम्बद्ध कार्यकर्ता, अन्य वाम समूहबाट निर्वाचित जनप्रतिनिधि र बिल्कुल श्रम गरेर खाने मध्यम र गरिब किसानहरूमाथि समेत हमला गर्दै आएका छन्, त्यस्ता कैयौं श्रमजीवी व्यक्तिहरूलाई हत्यासमेत गर्दै आएका छन् र वर्गीय रूपले जमिन्दार वर्गका भन्न सकिनेहरूमाथि गरिएका कारबाही थोरै मात्र छन् । त्यसैले उनीहरू वास्तविक वर्गसङ्घर्ष होइन, निम्नपुँजीवादी प्रतिशोधका कार्वाहीहरू सङ्गठित गरिरहेछन् र आफ्नो चरित्रलाई शङ्कास्पद बनाइरहेका छन् ।

**जनताबीचका अन्तर्विरोधहरूको सही सञ्चालन**

उनीहरू जनताबीचका अन्तर्विरोधहरूलाई पनि सही ढङ्गले सञ्चालन गरिरहेका छैनन् । एकातिर उनीहरू 'गाउँ जनसरकार' र 'जिल्ला जनसरकार' बनाएको कुरा गर्छन् । गाउँका विभिन्न मुद्दाहरू मिलाएको समेत कुरा गर्छन् तर अर्कातिर उनीहरूका अन्तर्विरोध समाधान गर्ने मैत्रीपूर्ण तरिकाहरू अपनाउन सकिरहेका छैनन् ।

उनीहरू विभिन्न ठाउँमा एकआपसमा अन्तर्विरोध भएका जनतालाई उनीहरूको कथित जनअदालतसामु उभ्याउँछन् र आफ्नो पार्टीलाई समर्थन गर्ने पक्षमा सोझै पक्षपातपूर्ण ढङ्गले न्याय निरूपण गर्छन् । यसले पनि उनीहरू जनअदालत चलाउने नाउँमा प्रतिशोधपूर्ण कारबाही नै गरिरहेका छन् भन्ने प्रस्ट पार्छ ।

उनीहरूले कयौं ठाउँमा आफ्ना समर्थकहरूले अन्याय गरेको देख्तादेख्तै पनि एमाले वा अन्य पार्टीका समर्थक जनतालाई न्याय नदिएको, पक्षपात गरेको र धेरै ठाउँमा इन्साफ गर्ने नाउँमा कुटपिट गरेको र गलत कुरालाई पनि जबर्जस्त आतङ्क सिर्जना गरेर 'हो' भन्न लगाएको देखिएको छ । यो पनि निम्न पुँजीवादी प्रतिशोधपूर्ण कारबाही नै हो ।

**वैचारिक सङ्घर्ष र वर्गसङ्घर्षबीचको भिन्नता**

उनीहरू वैचारिक सङ्घर्ष र वर्गसङ्घर्षका बीचको भिन्नतालाई पनि देख्न सकिरहेका छैनन् । प्रतिक्रियावादी वर्गसँगको सङ्घर्ष आमरूपमा शत्रुतापूर्ण नै हुन्छ । त्यो शत्रुतापूर्ण सङ्घर्षबाट नै समाधान पनि हुन्छ । तर, विचारधारात्मक सङ्घर्ष भनेको आमरूपमा कम्युनिस्ट आन्दोलनभित्रको सङ्घर्ष हो, त्यो मूलतः वैचारिक-सैद्धान्तिक सङ्घर्ष हो र मित्रतापूर्ण सङ्घर्ष नै हो । कहिलेकाहीं त्यसले वैचारिक रूपमा बढी आक्रामक र शत्रुतापूर्ण रूप लिनसक्छ । तर, वैचारिक सङ्घर्ष भनेको रूपान्तरणको सङ्घर्ष नै हो । उनीहरू यो भिन्नतालाई पनि बुझ्न सकिरहेका छैनन् ।

उनीहरूले यो भिन्नतालाई बुझ्न नसकेकै कारणले एमाले र अन्य वाम पार्टीहरूसँगको वैचारिक सङ्घर्षलाई पनि वर्गसङ्घर्षकै कोटीमा झारिरहेका छन् र आफूसँग मतभेद राख्ने वामपन्थी कार्यकर्ताहरूको हत्या गरेर कम्युनिस्टहरूको रगतले समेत आफ्ना निम्नपुँजीवादी प्रतिशोधकारी हातहरू रङ्गाइरहेका छन् ।

उनीहरू त्यसैकारण मित्रतापूर्ण सङ्घर्षलाई शत्रुतापूर्ण सङ्घर्षमा बदल्दै छन्, मित्रतापूर्ण अन्तर्विरोधलाई शत्रुतापूर्ण बनाउँदै छन्, वैचारिक सङ्घर्षलाई वर्गसङ्घर्षका कोटीमा राख्दै छन् र जताततै प्रहारको अराजकतावादी कार्यनीतिमा चलिरहेका छन् । यो पनि निम्नपुँजीवादी दृष्टिकोण र चिन्तनकै परिणाम हो ।

**जातीय मुक्ति र राष्ट्रिय मुक्तिको प्रश्न**

उनीहरू नेपाली समाजको ऐतिहासिक विकासको अवस्था र यस समाजमा रहेको जातीय र भाषिक समस्याका बारेमा पनि ऐतिहासिक भौतिकवादी दृष्टिकोण विकास गर्न सकिरहेका छैनन् ।

उनीहरू नेपाली समाज सिङ्गो रूपमा नै एउटा आधुनिक राष्ट्रका रूपमा विकास गरिरहेको छ र यहाँ रहेका सबै मानव समूहहरू विभिन्न जाति वा जाति समूहका रूपमा रहेका छन् भन्ने कुरामा प्रस्ट हुन सकेका छैनन् ।

उनीहरू नेपाली समाज एकपछि अर्को राज्य विस्तारका शृङ्खलाहरू पार गर्दै अन्तिम एकीकरणको प्रक्रियाद्वारा विकसित भएको सामन्ती एकीकृत र एकात्मक राज्य हो, जो अहिले अर्धसामन्ती र अर्धउपनिवेशी अवस्थामा छ भन्ने कुरालाई पनि प्रस्टताका साथ मान्दैनन् ।

उनीहरू यो कुरालाई ठीक ढङ्गले नबुझेको हुनाले नै नेपाली समाजमा विभिन्न जाति (Nationality) हरूलाई आत्मनिर्णयको अधिकार दिने कुरा गरिरहेका छन्, त्यसका लागि विभिन्न जातिहरूलाई 'राष्ट्रिय मुक्ति मोर्चा' गठन गर्न प्रेरित गरिरहेका छन् र एकात्मक राज्य (unitary state) नेपाललाई अनेक 'जातिहरूको राज्य' खडा गर्न लगाएर 'जातीय राज्यहरूको महासङ्घ' बनाउने दिवास्वप्न देखिरहेछन् । तर, उनीहरूको यो गैरमार्क्सवादी प्रयत्नले नेपाली समाजमा रहेको जनएकतालाई तोड्ने, जातीय सङ्घर्षतर्फ धकेल्ने, राष्ट्रिय एकतालाई कमजोर पार्ने र अन्ततः प्रतिक्रियावाद र प्रभुत्ववादलाई नै मद्दत पुऱ्याउने कुरा प्रस्ट छ । यो उनीहरूभित्र रहेको अर्को खतरनाक निम्नपुँजीवादी चिन्तन हो ।

**व्यक्ति, कमिटी र पार्टी कमिटीबीचको अन्तर्सम्बन्ध**

कुनै पनि कम्युनिस्ट पार्टीले आमजनताबाट विचार र अनुभवहरू लिन्छ, तिनीहरूलाई विश्लेषण र संश्लेषण गर्छ र क्रान्तिकारी वैज्ञानिक कुराहरूलाई फेरि सामान्यीकृत गरेर जनताकै बीचमा लैजान्छ । यो क्रम बारम्बार दोहोरिँदै जाने क्रममा नै पार्टीका नीति, सिद्धान्त र जनताको क्रान्तिकारी व्यवहारद्वारा अझ परिस्कृत, अद्यावधिक र वैज्ञानिक बन्दै जान्छन् भन्ने कुरालाई पनि उनीहरू मान्नछोडेका छन् ।

किनभने त्यस्तो प्रक्रिया सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारीको वैज्ञानिक प्रणालीअन्तर्गत मात्र सही ढङ्गले अपनाउन सकिन्छ । यो यस्तो प्रणाली हो, जसलाई छोड्नेबित्तिकै एउटा कम्युनिस्ट पार्टी सञ्चालनको हिसाबले कम्युनिस्ट पार्टी रहँदैन । सामूहिक नेतृत्वलाई जति सुदृढ र व्यवस्थित बनाउन सकिन्छ, कम्युनिस्ट पार्टीभित्र व्यक्ति र कमिटीका बीचको सम्बन्ध त्यति नै सुदृढ, सजीव र गतिशील बन्न सक्छ । तर, उनीहरूले आफ्नो दोस्रो राष्ट्रिय सम्मेलनबाट 'अध्यक्ष' र 'प्रचण्डपथ'को जुन प्रणाली अघि सारेका छन्, त्यो पार्टीमा व्यक्तिगत नेतृत्वको अभ्यास हो र त्यसले पार्टीलाई व्यक्तिगत तानाशाहीको निम्नपुँजीवादी अभ्यासतिर लानु अनिवार्य छ ।

उनीहरू कम्युनिस्ट पार्टीमा व्यक्ति सधैं कमिटीको मातहत हुन्छ, कमिटीले गर्ने सबै निर्णयहरू सामूहिक निर्णय हुन्छन्, ती निर्णयहरूलाई भने श्रम विभाजनअनुरूप अलगअलग व्यक्तिले अलगअलग क्षेत्रमा व्यक्तिगत रूपले जिम्मेवारी

निर्वाह गर्नुपर्ने हुन्छ भन्ने कुरालाई अस्वीकार गर्न पुगेका छन् र 'विचारको केन्द्रीकरण' र 'नेतृत्वको स्थायित्व'का नाममा व्यक्तिगत नेतृत्वको सामन्तवादी शैलीलाई आत्मसात् गर्नपुगेका छन्। त्यसले माओवादी पार्टीलाई क्रमशः सङ्कटतिर धकेल्नु अनिवार्य छ।

उपरोक्त कुराहरूका साथै कम्युनिस्ट पार्टी निर्माण सम्बन्धमा, संयुक्त मोर्चा निर्माण सम्बन्धमा, मानवअधिकारको सम्मान गर्ने सम्बन्धमा, क्रान्तिकारी जनशैली अख्तियार गर्ने सम्बन्धमा, राजतन्त्र, शाहीसेना र नेपाली राज्य संरचनालाई हेर्ने सम्बन्धमा तथा क्रान्तिकारी परिस्थितिको मूल्याङ्कन सम्बन्धमा समेत उनीहरूसँग गम्भीर उग्रवामपन्थी भड्काउ विद्यमान छ। त्यो भड्काउको कारणले नै उनीहरू नेपाली समाज र क्रान्तिका बारेमा धेरै भ्रान्त धारणाहरू अघि सार्न पुगिरहेका छन्, नेपाली जनतालाई निम्नपुँजीवादी दुस्साहसवादको बाटोमा हिँडाउन पुगिरहेका छन् र अनावश्यक बलिदानतिर निर्दोष जनतालाई धकेलिरहेका छन्।

**माओवादी आन्दोलनको चरित्र सम्बन्धमा**

**कुनै पनि पार्टी, सङ्गठन, मोर्चा वा शक्तिको चरित्र निर्धारण**

कुनै पनि देशमा र कुनै पनि कालमा सम्बन्धित देशको संस्थापनाका पक्षमा रहेको राजनीतिक पार्टी, मोर्चा वा शक्ति होस् अथवा त्यसको विरुद्ध सङ्घर्षरत राजनीतिक पार्टी, मोर्चा वा शक्ति होस्, तिनीहरूको चरित्र निरूपण गर्ने सवाल सधैं विवाद र बहसको विषय बन्दै आएको छ। खासगरी संस्थापनाका विरुद्ध सङ्घर्षरत शक्तिहरूका बारेमा बढी विवाद रहने गरेको देखिन्छ। त्यति मात्र होइन, त्यस्ता शक्तिहरू कमजोर होउन्जेल एक ढङ्गले चित्रण गर्ने र अलिक बलियो हुन थालेपछि अर्को ढङ्गले चित्रण गर्नेजस्ता अवसरवादी प्रवृत्ति पनि देखिन्छन्। वास्तवमा त्यस्ता शक्तिहरू साना हुन् वा ठूला, कमजोर हुन् वा बलिया, संस्थापनाका पक्षमा हुन् वा त्यसको विरुद्धमा सङ्घर्षरत हुन्, तिनीहरूको चरित्र निर्धारण गर्ने कुरा एउटा महत्वपूर्ण राजनीतिक विश्लेषणको विषय हो। त्यसलाई निम्न तीन आधारमा हेरिनुपर्दछ। पहिलो हो- सम्बन्धित पार्टी, सङ्गठन, मोर्चा वा शक्तिको दृष्टिकोण, विचार, नीति, कार्यक्रम र उद्देश्य। दोस्रो हो- त्यसका आमजनता र राष्ट्रसँगका सम्बन्धहरू। तेस्रो हो- त्यसका क्रियाकलाप र व्यवहारहरू। मुलभूत रूपमा उपरोक्त तीन कुराहरूका आधारमा नै कुनै पनि पार्टी, सङ्गठन, मोर्चा वा शक्तिको चरित्र के हो भन्ने कुरालाई विश्लेषण गरिनुपर्दछ। हामीले नेकपा (माओवादी) र उनीहरूले चलाइरहेको आन्दोलनलाई पनि त्यसरी नै हेर्नुपर्छ।

**यससम्बन्धी अन्तर्राष्ट्रिय अनुभवहरू**

विश्वका विभिन्न देश वा क्षेत्रमा रहेका विभिन्नखाले शक्तिहरूका बारेमा खासगरी संस्थापनाका विरुद्ध सङ्घर्षरत पार्टी, सङ्गठन, मोर्चा वा शक्तिको चरित्र निर्धारणका बारेमा धेरै विविधता पाइन्छन्। कतिपय शक्ति राष्ट्रहरूले प्यालेस्टाइन मुक्ति मोर्चा, अफ्रिकाका विभिन्न मुक्ति मोर्चाहरू र विभिन्न देशमा कम्युनिस्ट पार्टीकै नेतृत्वमा रहेका संयुक्त मोर्चाहरूलाई पनि लामो समयसम्म आतङ्कवादी सङ्गठन मान्दै आएको देखिन्छ। आइरिस क्रान्तिकारी सेना ( आईआरए)लाई स्वयम् ब्रिटेनले सयौं वर्षसम्म 'आतङ्ककारी सङ्गठन' मान्दै आएको देखिन्छ। यसरी कतिपय बेलामा शक्ति राष्ट्रहरूको 'आफ्नो स्वार्थ'अनुरूप पनि चरित्र निरूपनको कार्यलाई पूर्वाग्रही दृष्टिकोण लिएर गरेको देखिन्छ। वास्तवमा आतङ्कवाद भनेको के हो र छापामार विद्रोह भनेको के हो भन्ने बारेमा प्रस्ट भिन्नता छ। जुन सङ्गठन वा शक्तिका प्रस्ट राजनीतिक उद्देश्य छन्, त्यसका प्रस्ट दृष्टिकोण नीति, कार्यक्रम र कार्यदिशा छन्, जनतासँग सम्बन्ध छ, त्यो सम्बन्ध सञ्चालन गर्ने संयन्त्रका रूपमा विभिन्न जनसङ्गठनहरू र संयुक्त मोर्चा छन्, त्यसलाई जनताको कुनै न कुनै महत्वपूर्ण हिस्साको समर्थन प्राप्त छ, घोषित उद्देश्यप्राप्तिका निम्ति जसले सशस्त्र सङ्गठन बनाएको छ र कुनै न कुनै भौगोलिक क्षेत्रलाई आधार बनाएर काम गरिरहेको छ, त्यस्तो सङ्गठन, पार्टी वा मोर्चालाई विद्रोही राजनीतिक शक्तिका रूपमा मान्नुपर्छ र त्यसले चलाएको सङ्घर्षलाई छापामार विद्रोहका रूपमा लिनुपर्छ।

उपरोक्त सङ्गठनहरूबाहेक अन्य त्यस्ता सङ्गठनहरू पनि विश्वका विभिन्न भागमा छन्, जो आमजनतासँग सरोकार राख्दैनन्, ससाना सशस्त्र जत्थाहरू बनाएर हिँड्छन्, आफ्ना तात्कालिक तथा निहीत स्वार्थका निम्ति महत्वाकाङ्क्षी हिंसात्मक योजना बनाउँछन्, अपर्झट आक्रमण गर्छन् र विभिन्न व्यक्तिहरूलाई अपहरण गर्ने, कब्जामा राखेर मोलतोल गर्ने, व्यक्ति हत्या गर्ने, तोडफोड गर्ने, विध्वंस गर्ने, विमान वा बस अपहरण गर्ने र बम पड्काउने जस्ता कार्य र तरिकाहरू अपनाउँछन्, तिनीहरू आतङ्ककारी सङ्गठनको कोटीमा पर्दछन्। उदाहरणका निम्ति इटालीको 'रेड ब्रिगेड', जापानको 'द रेड आर्मी', स्पेनको 'ब्राइडर माइन्ड होप'जस्ता सङ्गठनहरू आमरूपमा आतङ्कवादी सङ्गठनहरू मानिएका छन्। तर, खास अवस्थामा एउटा विद्रोही शक्तिले पनि आफ्नो विपक्षीलाई आतङ्कित पार्न, उनीहरूलाई प्रतिकूल स्थितिमा पुऱ्याउन र उनीहरूका समर्थकहरूलाई शक्तिहीन बनाउन विभिन्नखाले व्यक्तिहत्या र आतङ्कका तरिकाहरू पनि अपनाएको देखिन्छ। गहिरोगरी विश्लेषण गरेर हेर्दा नेकपा (माओवादी) ले संचालन गरेको आन्दोलनमा सशस्त्र छापामार सङ्घर्षका तरिकाहरू, आतङ्ककारी तरिकाहरू र जनआन्दोलनका तरिकाहरूसमेत प्रयोग भएको देखिन्छ।

**निष्कर्ष**

यसरी सबै राजनीतिक पार्टी, समूह र व्यक्तिहरूका समेत दृष्टिकोण, अडान र विश्लेषणलाई केलाउँदा माओवादी आन्दोलनको चरित्रका सम्बन्धमा कार्यदल निम्न निष्कर्षमा पुगेको छ :

स्वाभाविक रूपले नेकपा (माओवादी) नेपाली कम्युनिस्ट आन्दोलनबाटै उत्पन्न भएको एउटा उग्रवामपन्थी समूह हो । त्यसका गलत दृष्टिकोण, विचार र नीतिहरूले नेपाली कम्युनिस्ट आन्दोलनमा र आमजनतामा वैचारिक भ्रमको घना बादल सिर्जना गरेको छ, क्रान्तिको प्रक्रिया र तरिकाकै सम्बन्धमा पनि भ्रम सिर्जना गरेको छ र त्यसका गलत व्यवहार र कार्यशैलीहरूले कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट परम्परालाई बद्नाम गर्ने कामसमेत गरेको छ । त्यसैले यस आन्दोलनले नेपाली क्रान्ति र रूपान्तरणको स्वाभाविक विकासमा अवरोध खडा गरेको छ र त्यसलाई नोक्सान पुऱ्याउने काम गरिरहेको छ ।

तर, माओवादीहरू जतिसुकै गलत ढङ्गले भए पनि नेपाली समाजमा आमूल परिवर्तन गर्ने उद्देश्य राख्छन् । त्यस उद्देश्य प्राप्तिका निम्ति उनीहरूसँग निश्चित दर्शन, दृष्टिकोण, कार्यक्रम, नीति र विचारहरूको श्रृङ्खला छ । त्यसका आधारमा चल्ने उनीहरूसँग सङ्गठन छ, जनताको एउटा भागसँग सम्बन्ध छ र उनीहरू निश्चित भूगोलमाथि आधारित भएर पनि काम गरिरहेका छन् । त्यसैकारण नेकपा (माओवादी) एउटा राजनीतिक शक्ति नै हो र त्यसले चलाइरहेको आन्दोलन एउटा राजनीतिक आन्दोलन तथा उनीहरूले सञ्चालन गरिरहेको कथित जनयुद्ध पनि त्यही राजनीतिक आन्दोलन वा विद्रोह नै हो । त्यसैले यस समूहलाई पूर्णरूपले आतङ्ककारी समूह भन्नु र उनीहरूले चलाइरहेको आन्दोलनलाई समग्र रूपमा नै आतङ्कवादी ठोकुवा गर्नु मुनासिव देखिँदैन ।

यसरी एउटा राजनीतिक समूह र शक्ति भए पनि त्यो उग्रवापन्थी समूह र शक्ति हो । त्यसले क्रान्तिको आत्मगत शक्ति र वस्तुगत परिस्थिति बीचको सम्बन्धलाई, सङ्घर्ष र सङ्गठनका विभिन्न रूपहरूबीचको सम्बन्ध तथा गुण र मात्राबीचको सम्बन्धलाई द्वन्द्वात्मक दृष्टिकोणले हेर्नसकेको पाइँदैन । उनीहरू भिन्न मत राख्ने अन्य पार्टीका कार्यकर्ता र समर्थकहरूलाई सताउने, उनीहरूलाई विभिन्न प्रकारका आरोप लगाउने, विचार बदल्न धम्की दिने, जनप्रतिनिधिहरूलाई राजीनामा गर्न बाध्य तुल्याउने, जबर्जस्त चन्दा लिने, लुटपाटसमेत गर्ने, अनेक आरोप लगाएर कुटपिट गर्ने, अङ्गभङ्ग गरिदिने, अपहरण गर्ने र हत्या गर्नेसमेतका आतङ्कवादी कार्यहरू समेत गरिरहेका छन् । त्यति मात्र होइन, उनीहरू विभिन्न स्थानमा बारुदी सुरुङ बिछ्याउने, बम पड्काउने, तुलबम राख्ने र मानिसहरूलाई आतङ्कित बनाउने प्रयाससमेत गर्दछन् । त्यसैले माओवादीहरूका क्रियाकलापमा आतङ्ककारी तरिकाहरू पनि ठूलो मात्रामा प्रयोग भएको देखिन्छ । आजभोलि उनीहरू विभिन्न रूपका जनआन्दोलनहरू पनि सङ्गठित गर्न खोजिरहेका देखिन्छन् । त्यो भने राम्रो कुरा हो । तर, आतङ्कवादी तरिकाबाट पूर्णरूपले मुक्त नभई जनआन्दोलनको प्रक्रियालाई विस्तार गर्न सकिन्न र शान्तिपूर्ण परिवर्तनको प्रक्रियालाई अङ्गिकार गर्न पनि सकिन्न । किनभने माओवादी समूहमा दृष्टिकोणको हिसाबले निम्नपुँजीवादी दृष्टिकोण, महत्वाकाङ्क्षा र जडसूत्रवाद, राजनीतिक चिन्तनका हिसाबले उग्रवामपन्थी चिन्तन तथा अराजकतावाद र तरिका तथा क्रियाकलापको हिसाबले आतङ्ककारी तरिकासमेत ठूलो मात्रामा रहेको देखिन्छ । त्यसैले नेकपा (माओवादी)ले चलाएको आन्दोलन उपर्युक्त गल्तीकमजोरी वा भड्काउसहितको एउटा राजनीतिक विद्रोह हो । त्यसैले यो एउटा राजनीतिक आन्दोलन हो र यसले खडा गरेको समस्या राजनीतिक समस्या हो । जुन वस्तुगत र आत्मगत कारणबाट यो आन्दोलनको सिर्जना भएको छ, ती कारणहरूलाई नै निवारण नगरेसम्म आन्दोलनलाई साम्य पार्न सकिन्न । त्यसैले यस समस्यालाई समाधान गर्न अब कुनै टालटुले तरिकाबाट सम्भव देखिँदैन । यसका निम्ति साहसिक राजनीतिक कदम र अग्रसारिताको जरुरत देखिन्छ । यस्ता समस्याहरू कहीं पनि सैनिक रूपले समाधान भएका पाइँदैनन् । राजनीतिक समस्यालाई राजनीतिक ढङ्गले नै समाधान गर्नुपर्ने हुन्छ र आमजनता तथा राष्ट्र आज यस्तो कदम चाल्नसक्ने राजनीतिक नेतृत्वको अपेक्षा व्यग्रताका साथ गरिरहेको देखिन्छ ।

***(यो सामग्री नेकपा (एमाले) द्वारा कमरेड झलनाथ खनालको संयोजकत्वमा गठित माओवादी र राज्यद्वारा सिर्जित हिंसा र आतंकसम्बन्धी अध्ययन कार्यदलको प्रतिवेदन-०५८ को एक अंश ।- सम्पादक)***

# माओवादी उग्रवादको पराजय : एक मार्क्सवादी नजर

## ❒ घनश्याम भुसाल

अनिश्चितकालीन आमहड्तालको लज्जाजनक असफलतापछि एकीकृत नेकपा (माओवादी) राजनीतिकरुपमा ओरालो लाग्दैछ भन्ने तथ्य अब सबैका साम स्पष्ट भएको छ । यस खालको पराजय उसले अहिलेसम्म ब्यहोर्नुपरेको थिएन । सैद्धान्तिकरुपमा भन्ने हो 'बाह्रबुँदे समझदारी'मा हस्ताक्षर गर्दा नै 'जनयुद्ध' पराजित भइसकेको थियो । तर, जनताको बहुदलीय जनवादलाई मार्क्सवादी सिद्धान्तका रुपमा स्थापित गर्ने मामिलामा नेकपा (एमाले)बाट विगत १२/१५ वर्षदेखि

हुँदै आएका कमजोरीहरुको कारणले माओवादीले उक्त पराजयलाई लुकाउने मौका पाएको थियो । आफ्नो पराजयलाई उसले लडाइँको मोर्चा फेरिएको वा 'जनयुद्ध' शान्ति-वार्ताको टेबुलमा आएको भनेर प्रचार गऱ्यो र एक हदसम्म स्थापित पनि गऱ्यो । तर, आमहड्तालमा समेत शर्मनाक पराजय व्यहोर्नुपरेपछि अब 'जनयुद्ध जारी छ' भनेर नारा लगाउनसमेत उसका लागि गाह्रो भएको छ । शान्तिवार्तामा आएपछि उसले एकैसाथ दुई तरिका अपनाएको थियो- एकातिर आफ्नो पार्टी पङ्क्तिलाई 'जनयुद्ध' जारी छ भनेर गोलबन्द गरिरहनु र अर्कातिर, शान्ति र प्रजातान्त्रिक प्रक्रियामा आइसकेको भनेर बाहिरी दुनियाँलाई विश्वास दिलाउनु । त्यसो गरेर उसले पार्टीबाहिर र भित्र भ्रम दियो र दुवैतिरबाट राजनीतिक फाइदा उठायो । संविधानसभाको निर्वाचनसम्म माओवादीको यो यात्रा तीव्र गतिमा थियो । तर, घटनाक्रम अगाडि बढ्दै जाँदा परिणाम के भयो भने न 'जनयुद्ध' जारी रह्यो, न त शान्ति प्रक्रिया नै अगाडि बढ्यो । यसबीचमा उसले राष्ट्रपति निर्वाचनमा ठक्कर खायो, जर्नेल रुक्माङ्गदलाई हटाउने प्रयत्नमा असफल भयो, राष्ट्रपतिविरोधी आन्दोलन तुहियो, नागरिक सर्वोच्चताको आन्दोलन बेवारिस भयो, प्रधानमन्त्रीको राजीनामाको आन्दोलन निरर्थक ठहरियो, कमरेड प्रचण्डलाई सडकबाट प्रधानमन्त्री बनाउन आह्वान गरिएको आमहड्ताल आफैंले फिर्ता गर्नुपर्ने भयो र अन्त्यमा संविधानसभाको आयु लम्ब्याउन मागिएको प्रधानमन्त्रीको राजीनामाको फिरौती पनि प्राप्त भएन । यसरी, अन्ततः ऊ आफैं भ्रमित थियो भन्ने पुष्टि हुँदै गयो । वस्तुतः त्यो पार्टी आफैंले निर्माण गरेको सैद्धान्तिक र राजनीतिक चक्रव्यूहमा फस्दै गयो । अब दाबीका साथ के भन्न सकिन्छ भने त्यो पार्टी माओवादी-प्रचण्डपन्थी पार्टीका रुपमा अगाडि बढ्नै सक्दैन ।

माओवादी लामपुच्छ्रे तारोजस्तै तीव्र गतिमा र असाधारण चमक-धमकका साथ नेपाली राजनीतिमा देखापऱ्यो । हतियार उठाएको पाँच/छ वर्षमै नेपाली राजनीतिलाई डोऱ्याउन थाल्यो । करिब दश वर्ष नेपाली राजनीतिलाई हल्लाइरह्यो । संविधानसभाको निर्वाचनमा समेत अकल्पनीय विजय देखायो । तर, अहिले त्यसैगरी एकपछि अर्को पराजय भोग्दैछ । अब माओवादीले टाउको उठाउन सजिलो छैन तर नेपालको राजनीतिक भविष्यमा त्यसका प्रभावहरु लामो समयसम्म रहनेछन् । तर, यति ठूलो घटना र त्यो घटनाको मुख्य पात्र माओवादीका बारेमा अहिलेसम्म आवश्यक गम्भीरताका साथ विमर्श भएको छैन । माओवादी राजनीतिका बारेमा केही छलफल अवश्य भएको छ तर उसको राजनीति कुन सैद्धान्तिक भूमिमा उभिएको थियो भन्नेबारेमा भने अत्यन्तै कम अध्ययन-छलफल भएको छ । जसले गर्दा माओवादीको उत्थान र पतनका बारेमा सतही विचारहरुको बोलबाला देखिएको छ । ऊ किन विजयी देखिएको थियो र किन पराजित हुँदैछ भन्ने वस्तुगत मूल्याङ्कन गर्न सकिएन भने राजनीतिमा अज्ञात कारणहरु प्रभावी हुनेछन् र पार्टीहरुमा अज्ञात कारणहरुप्रति भक्ति बढ्न जानेछ । फलतः सिद्धान्तबिनाको राजनीतिले कुनै पनि पार्टीलाई सत्ताबजारका दलालहरुको जमातमा परिणत गरिदिनेछ । माओवादीका बारेमा आधारभूत सैद्धान्तिक समझदारी भएन भने हामी या त माओवादीलाई क्रान्तिकारी देख्नेछौं र उग्रवादी कित्तामा खडाहुन्छौं या त माओवादी ज्यादतीको बदला लिन दक्षिणपन्थी कित्तामा खडा हुन्छौं । त्यसरी हामी या त आत्मसमर्पणवादी, या उन्मूलनवादी हुनेछौं । वस्तुतः माओवादीका बारेमा नेकपा (एमाले)को दृष्टिकोण मार्क्सवादी-द्वन्द्ववादी वा रुपान्तरणवादी हुनुपर्छ । स्पष्ट छ : माओवादीका बारेमा मार्क्सवादी समझदारी स्थापित गर्ने काम नेकपा (एमाले)को हो, जनताको बहुदलीय जनवादको हो ।

माओवादी जसरी आएको थियो त्यो पराजित हुनैपर्थ्यो र पराजित हुँदै छ । माओवादीको पराजयलाई दक्षिणपन्थीहरुले मार्क्सवादको, समाजवादको वा कम्युनिस्टहरुको पराजयका रुपमा प्रचार गर्नेछन् र भावी सन्ततिलाई त्यस्तो शिक्षा दिइनेछ । उग्रवादीहरुले त्यसलाई माओवादी नेतृत्वका संशोधनवादी विचारको पराजयका रुपमा प्रचार गर्नेछन् र भविष्यमा अरु युद्धहरुको प्रयत्न गर्नेछन् । पराजय बढ्दै जाँदा माओवादीभित्रै पनि झगडा बढ्दै जानेछ र पराजयको जिम्मा एकले अर्कालाई लगाएर उम्किने प्रयत्नमा ऊ विभाजित हुन सक्नेछ । त्यसैले माओवादीलाई रुपान्तरित गर्ने सैद्धान्तिक योग्यताका साथ नेकपा (एमाले)को आमपङ्क्ति खडा हुँदा स्वयम् हाम्रो पार्टीको सैद्धान्तिक जग बलियो बन्दै जान्छ, अर्कोतर्फ माओवादीले प्रभावित पारेको ठूलो पङ्क्तिलाई रुपान्तरित गर्न सकिनेछ ।

**किन निश्चित छ माओवादी पराजय ?**

मनोविज्ञानको एउटा र मुख्य पक्षको विश्लेषण गर्दा माओवादीहरुले क्रान्तिलाई आफ्ना रिसइबी साँध्ने, कुन्ठा समाधान गर्ने, वीरता प्रदर्शन गर्ने, समाजमा उथल-पुथल मच्चाइदिने, सेना-पुलिस, अड्डा-अदालतमाथि नियन्त्रण गर्ने र आफ्नो मर्जीको प्रशासन चलाउने महत्वाकाङ्क्षाका रुपमा समेत लिएको देखिन्छ । यस्ता मनोगत आग्रहको पूर्तिका लागि क्रान्तिले मानिसका भौतिक र मानसिक आवश्यकताहरु तत्कालै पूरा गरिदिन्छ भनेर उनीहरुले प्रचार गरे । वस्तुतः ती आवश्यकताहरु वास्तविक समाजवादमा मात्रै पूरा हुनसक्थे । जसको प्राथमिक सर्त उत्पादक शक्ति र समस्त जनगणको चेतनाको उन्नतस्तर हो । उत्पादक शक्तिको पर्याप्त विकास गरेर मात्रै ती आवश्यकता पूरा हुँदैनन्, जस्तो कि अमेरिकालगायत अन्य पुँजीवादी मुलुकहरुमा उत्पादक शक्तिको पर्याप्त विकास भएको छ तर समाजवादी चेतनाको अभावमा त्यहाँ ती आवश्यकताहरु पूरा भएका छैनन् । त्यस्तै, वितरणको व्यवस्था समान भएर मात्रै पनि ती आवश्यकता पूरा हुँदैनन् । जस्तो कि, सांस्कृतिक क्रान्तिकालीन चीनमा त्यो हुन सकेन र जनवादी क्रान्ति सम्पन्न भएको ६० वर्ष पुगिसक्दा पनि अझै सकेको छैन । उत्पादक शक्ति र सामाजिक चेतना भनेको समग्र समाजको अवस्था हो । त्यस्तो समाज क्रान्तिको एउटा प्रयत्न वा तथाकथित एउटा फड्कोबाट बन्दैन । यसबारेमा मार्क्सवादले हामीलाई धेरै स्पष्ट र महत्वपूर्ण शिक्षा दिएको छ । सामाजिक-आर्थिक रुपान्तरण वा क्रान्तिका बारेमा मार्क्सद्वारा १८५९ मा लेखिएको निम्न उद्धरण नै हाम्रो यो छलफलका लागि पर्याप्त छ :

*'... उत्पादक शक्तिहरुको विकासका लागि ठाउँ रहेसम्म कुनै पनि सामाजिक व्यवस्था भत्किँदैन, पुरानै समाजको गर्भमा नयाँ उन्नत उत्पादन सम्बन्धहरुको अस्तित्वका लागि अवस्थाहरु परिपक्व नभईकन (उन्नत उत्पादन सम्बन्धहरु) देखा पर्दैनन् । तसर्थ, मानिसले सदैव आफूले समाधान गर्नसक्ने कार्यभारहरुका लागि मात्रै आफूलाई तयार पार्दछ । किनकि, यस कुरालाई अझै स्पष्टसँग राख्दा, सधैं के देखिने छ भने ती कार्यभारहरु तब मात्र देखा पर्छन् जब तिनीहरुको समाधानका लागि वस्तुगत अवस्था तयार भइसकेको छ वा कम्तीमा पनि तयार हुने क्रममा छ ।'*

मार्क्सले यो निष्कर्ष कुनै खास घटनाको विश्लेषण गर्दा उल्लेख गरेका होइनन् । बरु समाजको समग्र अध्ययनको निष्कर्षका रुपमा उनले अगाडि सारेका हुन् । त्यसैले यसलाई किनारा लगाएर क्रान्तिका मार्क्सवादी सिद्धान्तको निर्माण र व्याख्या गर्न सकिन्न ।

माओवादीले आफूलाई माओवादी घोषणा गर्दा माओत्सेतुङको राजनीतिक अर्थशास्त्रको आधारमा नेपाली समाजलाई पुनःगठित गर्ने दाबी गरेको थियो । त्यसअनुसार निजी सम्पत्तिको उन्मूलन क्रान्तिको तात्कालिक कार्यभार हुन्थ्यो । पुँजीवादी विकासले राम्ररी खुट्टा टेक्नसमेत नपाएको चीनमा निजी पुँजीको उन्मूलन गर्ने नारालाई तात्कालिक कार्यभार बनाउँदा चीनले १० वर्ष नराम्रो हन्डर खायो । वस्तुतः चीनमा समाजवादी उत्पादन सम्बन्धका लागि अवस्था परिपक्व भइसकेको थिएन । त्यही गलत विचारलाई नेपालमा लागू गर्ने निष्कर्षका आधारमा बनाइएको माओवाद मार्क्सवादविपरीत थियो । नेपाली समाज पुँजीवादमा प्रवेश गरे पनि त्यो पुँजीवाद राष्ट्रिय चरित्रको उत्पादक पुँजीवाद होइन । उत्पादक पुँजीवादको विकास नभईकन उत्पादक शक्तिको विकास हुँदैन । अर्थात्, उत्पादक पुँजीवादको विकास र उत्पादक शक्तिको विकास सँगसँगै हुँदै जान्छ । त्यसैले नेपाली क्रान्तिको तात्कालिक कार्यभार राष्ट्रिय पुँजीको विकास गर्नु हो । त्यसका लागि आवश्यक पर्ने राजनीतिक र कानुनी संरचनाहरु निर्माण गर्नु हो ।

हाम्रो कार्यभार राष्ट्रिय पुँजीको विकास गर्नु भएकाले यस क्रान्तिमा राष्ट्रिय पुँजीपति वर्ग क्रान्तिको सहयात्री हुन्छ । त्यसैले पुँजीपति वर्गको राजनीति पनि रहिरहन्छ । दलाल पुँजीपति वर्गमात्रै यस क्रान्तिको विरोधमा आउँछ । तर, नेपालमा दलाल पुँजी र राष्ट्रिय पुँजी यसरी घालमेल भएको छ कि, ती दुई पुँजीलाई अहिले नै अलगअलग पहिचान गर्न गाह्रो छ । पुँजीको चरित्रलाई सैद्धान्तिक रुपमा पहिचान गर्न सकियो भने पनि व्यवहारिक रुपमा राष्ट्रिय र दलाल पुँजीपतिलाई छुट्ट्याउन झनै गाह्रो छ । हाम्रो वर्ग बनोट कस्तो छ भने किसान वा मजदुर वा मध्यम पुँजीपति वर्गहरुसमेत स्पष्ट वर्गका रुपमा अझै छुट्टिइसकेका छैनन् । कुनै व्यक्तिले कारखानामा काम गर्छ, ऊ त्यहाँको मजदुर हो भने घरमा अलिकति खेती छ, त्यहाँ ऊ किसान हो । कुनै व्यक्ति घरमा किसान हो, विद्यालयमा पढाउँछ, त्यहाँ ऊ मजदुर हो तर त्यहीं उसको साझेदारी छ, त्यहाँ ऊ मालिक पनि हो । कुनै पुँजीपति वा बैंकले खेती गर्नका लागि दिने ऋण राष्ट्रिय चरित्रको हुन्छ भने त्यही बैंकले जग्गा दलाललाई दिने ऋण दलाल चरित्रको हुन्छ । त्यसैले क्रान्तिविरोधी वर्गका रुपमा अहिले नै मानिसहरुको यो समूह हो भनेर किटान गर्न गाह्रो छ । राज्यले राष्ट्रिय पुँजीको विकास गर्ने योजना अगाडि सार्दा राष्ट्रिय पुँजीपति वर्ग पनि देखिँदै जानेछ र साथसाथै क्रान्तिविरोधी दलाल पुँजीपति वर्ग पनि देखिँदै जानेछ । त्यसक्रममा अहिले हाम्रो क्रान्तिको राजनीतिक उपलब्धिका विरुद्ध देखापरेका प्रतिक्रियावादी शक्तिहरुमध्ये कतिपय प्रतिक्रियावादी आर्थिक-सामाजिक वर्गका रुपमा देखा पर्नेछन् भने कतिपय राष्ट्रिय पुँजीपति वर्गमा रुपान्तरित हुनेछन् ।

नेपाली समाजको उपरोक्त वास्तविकतालाई इन्कार गरेर जुन कार्यभार निर्धारण गरिन्छ त्यो क्रान्तिको वास्तविक कार्यभार हुन सक्दैन । पुँजीवादको पर्याप्त विकास नभइसकेको मुलुकमा समाजवादी उत्पादन सम्बन्ध स्थापित गर्नखोज्नुलाई 'कार्यभार' भनिँदैन । किनकि त्यसका लागि 'वस्तुगत अवस्था तयार भइसकेको' छैन । यसैले ती 'कार्यभार' नभएर मनोगत कल्पनामात्र हुन् । माओवादीले क्रान्तिका बारेमा जुन कार्यभार बनाएको थियो, ती मनोगत थिए । त्यसैले 'जनयुद्ध'को अवश्यम्भावी पराजय पूर्वनिश्चित नै थियो । उसका अगाडि माओवादी क्रान्तिको वस्तुगत अवस्था नभएको हुनाले त्यो वस्तुगत कमजोरीलाई लुकाउन उसले 'जातीय राज्य' जस्तो प्रतिक्रियावादी नारा अगाडि सार्नुपर्‍यो, क्रान्तिकारी चलाखीका नाममा राजा र उनको नियन्त्रणमा रहेको शाही सेनासँग गठबन्धन गर्नुपर्‍यो, त्यही क्रममा उसले भारतीय सत्ता-संयन्त्रसँग 'गुप्त कुटनीतिक सम्बन्ध' बनाउनुपर्‍यो । यसरी उसमा क्रान्तिको सिद्धान्तभन्दा कूटनीति र जालझेल हाबी हुँदै गयो । नेतृत्वमा रहेको चलेखल र कुटनीतिका विचारहरु संगठनमा सर्दै गए र सम्पूर्ण पार्टीपङ्क्ति चलखेल, कुटनीति, चमत्कार, छलाङजस्ता असैद्धान्तिक तथा अराजनीतिक विश्वासमा संगठित हुनपुग्यो । यसरी अहिले माओवाद वा प्रचण्डपथ भनेको त्यस्तै मनोगत र गैरमार्क्सवादी विश्वासहरुको पर्याय बन्दै गएको छ । त्यसैले अहिले माओवादीको पराजय भनेको मार्क्सवाद, समाजवाद वा क्रान्तिको पराजय नभएर माओवादी पार्टीका मनोगत र काल्पनिक कार्यभारहरुको पराजय हो ।

**उग्रवादको पनि इतिहास छ**

क्रान्तिका बारेमा यस्तो भ्रम नेकपा (माओवादी)मा मात्र देखापरेको होइन । कम्युनिस्ट आन्दोलनको विगत एक सय वर्षको इतिहासमा यस्ता प्रशस्त सन्दर्भहरु छन्, जसले नेपालमा माओवादी उग्रवादलाई जन्मने सैद्धान्तिक ठाउँ प्रदान गरे । अर्थात्, आज पनि क्रान्तिका बारेमा गलत सैद्धान्तिक समझदारी बन्नका लागि हाम्रो इतिहासमा प्रशस्त ठाउँ छ । मार्क्सवाद र क्रान्तिकारी इतिहासको समग्र अध्ययनका आधारमा सिद्धान्त बनाउन र सिद्धान्तलाई बुझ्न सकिएन भने पराजयको इतिहास दोहरिइरहने खतरा रहन्छ । लेनिनको नेतृत्वमा १९१७ मा रुसमा भएको क्रान्ति मार्क्सवादको सर्वथा महत्वपूर्ण प्रयोग थियो । विश्व समाजवादी इतिहासमा त्यसले असाधारण प्रभाव पारेको छ । त्यसलाई इन्कार गरेर समाजवादी क्रान्तिका बारेमा विचार बनाउन

सकिन्न । तर, त्यसपछिका करिब एक सय वर्षका अनुभवहरुको समग्र र आलोचनात्मक अध्ययन गर्न र शिक्षा लिन नसक्ने हो भने हामी बारम्बार तिनै गल्तीहरुको सिकार भइरहनेछौँ जुन गल्ती हाम्रा अग्रजहरुले गरेका थिए ।

लेनिनको मृत्युपछि सोभियत रुसमा जुन परिस्थिति बन्यो, त्यसमा क्रान्तिका सिद्धान्तहरुको आलोचनात्मक मूल्याङ्कन गर्न र कमजोरीहरु हटाउन सकिएन । रुसी कम्युनिस्ट पार्टीभित्र बढ्दै गएका अन्तरविरोध र साम्राज्यवादी षड्यन्त्रका बीच स्टालिनको व्याख्या नै सर्वोपरी हुनगयो । उनले लेनिनवादको व्याख्या गर्दै लेनिनवाद नै साम्राज्यवादी युगको मार्क्सवाद हो भनेर किटानी गरिदिए । अनि, स्टालिनले व्याख्या गरेको लेनिनवाद नै मार्क्सवाद हुने भयो । रुसी क्रान्तिपछि विश्वव्यापी रुपमा मजदुर तथा किसान आन्दोलनहरु देखापरे । साम्राज्यवादविरोधी राष्ट्रिय स्वाधीनताका आन्दोलनले पनि गुणात्मक रुपमा विकास गर्‍यो । यस्तो अवस्थामा सोभियत नेतृत्वले व्याख्या गरेको मार्क्सवाद नै आधिकारिक मार्क्सवादका रुपमा संसारभरि स्थापित भयो । चीनमा माओत्सेतुङले क्रान्तिका बारेमा महत्वपूर्ण र सिर्जनात्मक प्रयोगहरु गरे, विचारहरु अगाडि सारे । क्रान्तिपछि चिनियाँ कम्युनिस्ट पार्टीमा पनि विवादहरु देखापरे र अन्ततः सोभियत कम्युनिस्ट पार्टीमा जस्तै शत्रुतापूर्ण हुँदै गए । जनवादी क्रान्तिपछि राष्ट्रिय पुँजीको आवश्यक विकास नगरीकनै समाजवादमा जाने आग्रहले गर्दा चीनमा 'महान् छलाङ' र 'सर्वहारा सांस्कृतिक क्रान्ति' सञ्चालन गरिए । यसैबीच सोभियत र चिनियाँ कम्युनिस्ट पार्टीका बीचमा विवादहरु बढे र ती पनि शत्रुतापूर्ण बन्दै गए । यहाँसम्म आइपुग्दा सोभियतसङ्घमा उत्पादनमा कमी हुन थालिसकेको थियो । त्यसको अर्थ उत्पादक शक्तिको विकास अवरुद्ध हुँदै थियो । उता, चीनमा पनि उत्पादनका समस्या बढ्दै गए र कारबाही गरिएका तेङ् स्याओपिङहरुलाई माओ स्वयम्ले पुनर्स्थापित गर्नथालेका थिए । यसैबीच, १९७६ मा माओको मृत्युपछि 'सांस्कृतिक क्रान्ति'का बारेमा पुनर्विचार गर्न थालियो । चिनियाँ नेतृत्वले उत्पादक शक्तिको विकासका लागि अनुकूल नीतिहरु विकसित गर्दै गयो र त्यो टिक्यो । उता सोभियतसङ्घमा गोर्वाचोभले केही सुधारहरु गर्ने प्रयत्न गरे तर धेरै ढिलो भइसकेको थियो । अन्ततः १९९० मा सोभियतसङ्घ नै विघटित भयो ।

मार्क्सवादलाई सामाजिक अध्ययनको विधिको रुपमा बुझ्नुपर्छ भनिरहे पनि सोभियत क्रान्तिपछि लेनिनवाद र त्यो पनि स्टालिनले व्याख्या गरेको लेनिनवादलाई नै मार्क्सवादका रुपमा हामीले बुझ्यौँ । त्यसबाहेक माओलाई पनि हामीले स्वयम् माओका आँखाबाट हेर्‍यौँ, मार्क्सवादी विधिका आधारमा माओका सिद्धान्तहरुलाई हेरेनौँ । वास्तवमा १९५६ सम्मका माओ र १९५७ पछिका माओमा ठूला भिन्नताहरु छन् । त्यस्तै १९१७ भन्दा अगाडिका लेनिन, १९१७ देखि १९२०-२१ सम्म र त्यसपछिका लेनिनका सोचहरुमा अनेकन भिन्नताहरु छन् । तर, हामीले मार्क्सवादको अध्ययनलाई भन्दा चिनियाँ र सोभियत अनुभवहरुलाई ध्यान दियौँ । यस हिसाबले हेर्दा सोभियत र चिनियाँ नेतृत्वले व्याख्या गरेको मार्क्सवाद नै हाम्रो पनि मार्क्सवाद भयो । जबकि, लेनिनवादी वा माओवादी धाराभन्दा बाहिर मार्क्सवादका बारेमा अत्यन्तै व्यापकता र गहिराइमा अध्ययनहरु भएका छन् । ती सबैलाई हामीले दुत्कार्दै गयौँ । यसरी कम्युनिस्ट आन्दोलनमा मार्क्सवादी सिद्धान्तहरु वा सिद्धान्त निर्माणका विधिहरुप्रति बेवास्ता बढ्दै जाँदा नेपालको कम्युनिस्ट राजनीतिमा पनि उग्रवादी मान्यताहरुले मनोविज्ञानको तहसम्म जरा गाडे । यसै क्रममा माओवादी उग्रवादलाई क्रान्तिकारी विचार ठान्ने राजनीतिक चेतना बन्न गयो । जसका आधारमा माओवादी उग्रवाद हुर्कने र बढ्ने मौका पायो ।

**जबजलाई स्थापित गरौँ, उग्रवादलाई साँघुर्‍याऔँ**

माथि भनिएझैँ माओवादी उग्रवाद त अब ओरालो लाग्यो, लाग्यो । तर, नेपाली समाजको क्रान्तिकारी रुपान्तरणको भविष्यमा त्यसले के प्रभाव पार्छ त ? सामान्यतया दक्षिणपन्थी राजनीतिक नेताहरु र पुँजीबजारका आदेशहरुको तामेली गर्ने मिडियाले कस्तो प्रभाव दिँदै छन् भने माओवादीले अन्तिम पराजयको मुख देखेपछि मुलुक स्वतः अगाडि बढिहाल्छ । कस्तो प्रभाव सिर्जना गरिँदैछ भने, माओवादीको विरोध गर्नु नै राजनीतिको एकमात्र योग्यता हो । यो कल्पित प्रभावबाट क्रान्तिलाई, खासगरी नेकपा (एमाले)को समग्र पङ्क्तिलाई मुक्त गर्न सकिएन भने हामीले हाम्रो ऐतिहासिक कार्यभार पूरा गर्न सक्ने छैनौँ । त्यस अवस्थामा हामीले पार्टी र जनताको बहुदलीय जनवादलाई जोगाउन सक्ने छैनौँ । वा, त्यस अवस्थामा हामीले येनकेन जोगाउने पार्टी जनताको बहुदलीय जनवादी रहने छैन । वा, हामीले भन्ने जनताको बहुदलीय जनवाद मार्क्सवादी रहने छैन ।

आजसम्मको क्रान्तिकारी इतिहासले के देखाएको छ भने समाजवादका नमुनाका रुपमा निर्माण भएको सोभियत मोडेल यस्तो समाजवादी संरचना थियो जसमा उत्तरोत्तर विकसित हुने मानवीय सिर्जनालाई ठाउँ दिइएन । त्यसरी त्यो मानिसको वास्तविक जीवनबाट टाढिँदै गयो । त्यस्तै, प्रजातन्त्रले मानिसको सिर्जनात्मकतालाई ठाउँ दिनसक्थ्यो तर आजसम्म अभ्यास गरिएको पुँजीनियन्त्रित प्रजातन्त्र यस्तो प्रजातान्त्रिक प्रक्रिया बन्यो, जुन प्रक्रियामा मनुष्यत्वबिनाको मानिसमात्रै हिँड्ने गर्‍यो । वस्तुतः मार्क्सवाद सम्पूर्ण मनुष्यत्वका लागि निर्माण गरिने समाजवाद-साम्यवादको बाटो हो । यसको अर्थ सोभियत समाजवादी संरचना र पुँजीनियन्त्रित प्रजातन्त्रका अभ्यासमा देखिएका कमजोरीहरुलाई हटाउने गरी निर्माण गरिने सिद्धान्त नै मार्क्सवादी क्रान्तिको सिद्धान्त हो ।

उपरोक्त मार्क्सवादी प्रस्थापनामा आधारित भएर मात्रै जनताको बहुदलीय जनवादले आफ्नो क्रान्तिकारी चरित्रलाई स्थापित गर्छ । यसलाई एउटा सिद्धान्तका रुपमा स्पष्टसँग राख्दा- प्रजातान्त्रिक विधिद्वारा समाजको प्रगतिशील रुपान्तरण गर्ने सिद्धान्त नै जनताको बहुदलीय जनवाद हो । यसको अर्थ स्पष्ट छ : यदि त्यसमा समाजको प्रगतिशील वा क्रान्तिकारी वा श्रमजीवीवर्गीय रुपान्तरणको ध्येय, कार्यक्रम र कार्ययोजना छैन भने, अनि समाजको प्रगतिशील रुपान्तरणको ध्येय आफैँमा पूर्ण हुँदैन यदि त्यसमा प्रजातान्त्रिक प्रक्रियाको ग्यारेन्टी छैन भने प्रजातान्त्रिक अभ्यास आफैँमा पूर्ण हुँदैन । त्यसैले, आज माओवादीको उग्रवादको पराजयले खाली हुनजाने राजनीतिक ठाउँमा जनताको बहुदलीय जनवादलाई

स्थापित गर्ने उद्देश्यका साथ त्यसलाई पूरा गर्न सकिएन भने माओवादीको पराजयले प्रतिक्रान्तिको मात्र सेवा गर्नेछ। अर्थात्, नेपाली राजनीतिको भविष्यलाई सुरक्षित राख्नका लागि शर्त हो : मार्क्सवादी सिद्धान्तको जगमा जनताको बहुदलीय जनवादलाई स्थापित गर्नु र त्यसको बलमा माओवादी उग्रवादलाई पराजित गर्नु ।

❒

# क्रूर त्रासदी र सचेत पङ्क्तिको सफाया !

## ❒ सूर्य थापा

२०५२ साल फागुन १ गतेदेखि नेकपा (माओवादी)ले थालेको 'जनयुद्ध'का क्रममा कुल १६ हजार ९ सय २ जनाले आफ्नो जीवन गुमाउनुपर्‍यो । 'सहिदको पङ्क्तिमा लामबद्ध बनौं' भन्ने उद्घोष गरिएको एक दशक लामो यस कालखण्डमा सुरेश वाग्ले (गोरखा), किमबहादुर थापा (रोल्पा), शेरमान कुँवर र मोहन गौतम (सिन्धुली), कृष्ण सेन 'इच्छुक' लगायत करिब आधा दर्जन नेतृत्वपङ्क्तिका व्यक्तिहरु 'सहिद' हुनपुगेको पाइन्छ । तर, कार्यकर्तापङ्क्तिले भने त्यस आह्वानलाई निकै ठूलो बलिदानको मूल्य चुकाएर पूरा गरेको देखिन्छ । एकीकृत माओवादीले आफ्ना ८ हजार ३ सय ९८ जना दिवङ्गत कार्यकर्तालाई सहिद घोषणा गर्न प्रस्ताव गरेकोमा पछि ७ हजार २ सय ७५ जना त्यसनिम्ति योग्य रहेको अन्तिम नामावली प्रस्तुत गरेको छ । 'मुक्ति या मृत्यु'को उद्देश्यका साथ लड्नेक्रममा यसरी सहिदको पङ्क्तिमा लामबद्ध बन्नेहरुको तरिका वा बाटो सही वा गलत के थियो ? यसको समीक्षा हुँदै जाला । तर, घोषित राजनीतिक लक्ष्यका खातिर हाँसीहाँसी मृत्युको बाटो रोज्नु र मृत्यु स्वीकार गर्नु नै महान् बलिदान हो । भलै ! तिनको बलिदान यसै खेर गएर निरर्थक भयो ! त्यसै युद्धका क्रममा १ हजार १७ सैनिक, १ हजार ४ सय ९१ प्रहरी, ३ सय ६ सशस्त्र प्रहरी र २५ जना सरकारी गुप्तचरले ज्यान गुमाउनुपरेको थियो । यस हिसाबले गणना गर्दा माओवादी र सुरक्षाकर्मी मारिएको अनुपात करिब ३:१ हुन्छ । मूलतः सत्ता खोसाखोसको यस प्रक्रियामा मारिएका माओवादी कार्यकर्ताको उद्देश्य आफ्ना केही नेताहरुलाई प्रधानमन्त्री, मन्त्री र सभासद् बनाउने मात्र पक्कै थिएन । तर, पछिल्लो घटनाक्रमले स्पष्ट गरिसकेको छ- माओवादी नेतृत्व अब सत्ता होइन, सरकार प्राप्तिमा केन्द्रित छ । तर विडम्बना ! विगतमा नौ महिना आफ्नै अध्यक्षले सरकारको नेतृत्व गर्दा 'मृतक कमरेड'हरु विवादास्पद रुपमा 'सहिद' घोषित त भए, तर तिनले कुनै उल्लेख्य राहत पाउन सकेनन् । ६ सय बेपत्ता नेता-कार्यकर्ताहरुको खोजी गर्ने त कार्यदलसमेत गठन हुनसकेको छैन ।

आफ्नो गलत र असम्भव राजनीतिक उद्देश्यका निम्ति निहत्था र निर्दोष व्यक्तिहरुको सफाया गर्ने माओवादी रबैयाले सिङ्गो नेपाली समाजलाई हिंस्रक र अराजक बनाएको छ । युद्धका घाउचोटहरु शान्ति प्रक्रियाको तीन वर्ष बित्दासम्म मेटिनु त परै जाओस्, तिनमा खाटा बस्नसमेत सकेको छैन । जो मारिए, तिनको परिवार बिचल्लीमा पर्‍यो, खास पीडा र क्षति कस्तो हुन्छ ? तिनले असैह्य कष्टका रुपमा भोगे र भोगिरहेका छन् । तिनको घाउमा मल्हमपट्टी लगाउन राज्यले समेत उचित ध्यान दिनसकेको छैन । 'मर्ने मरिगए, बाँच्नेको के गयो र ?' भन्ने किसिमको व्यवहार आफ्नै नेता र सरकारले गरिरहँदा पो सहिनसक्नु पीडा हुन्छ- पीडित जनलाई !

हुन त युद्ध नापतौल गरेजस्तो हुँदैन भनेर ज्यादती, क्रुरता र अवमानीय हर्कतलाई ढाकछोप गर्ने प्रयत्न गर्न खोजिन्छ । तर, सहिदको. पङ्क्तिमा लामबद्ध बन्ने, सफाया, मृत्युदण्ड, अपहरण, यातनाजस्ता शब्दावली स्वयम्ले यो ज्यादती हुलमुलमा नभएर योजनाबद्ध थियो । केही 'सन्काहा'हरुले बैठक बसेरै कथित सफायाको निर्णय गरी योजना बनाएको, अझ क्रुरताको शैली र रुपसमेत छनोट गरी कार्यान्वयन गरेको घटनाक्रम देख्न सकिन्छ । कथित सुराकीको आरोप लगाएर यसक्रममा थुप्रै जनयोद्धाहरुको ज्यान लिने हर्कत सबैभन्दा धेरै गरेको पाइन्छ । सिंहदरबारमा कुनै सरकार बन्यो, कोही प्रधानमन्त्री र मन्त्री भयो तर त्यही पार्टीको समर्थक भएवापत् जिल्ला र सुदूर बस्तीमा थुप्रै स्थापित योद्धाहरु मारिनुपरेका पनि कैयौं घटना रहेका छन् । यस ढङ्गले कूल २ हजार ५ सय ३१ जना निःशस्त्र नेता, कार्यकर्ता र सर्वसाधारणहरु नेकपा (माओवादी)को ज्यानमारा आक्रमणका निशाना बनेका छन् । त्यसमध्ये १ हजार ५ सय ३९ जना विभिन्न पार्टीका नेता-कार्यकर्ताहरु नै रहेको आँकडा उपलब्ध छ ।

राजनीतिक नेता-कार्यकर्ताको हत्या भएको सूचीमा माओवादी (लडाकुसमेत) ७ हजार २ सय ७५, नेपाली काङ्ग्रेस १ हजार ४९, नेकपा (एमाले) ४ सय ९०, राप्रपा ८४, नेपाल सद्भावना पार्टी ४, जनमोर्चा नेपाल ३, नेकपा (मसाल) ३, जनतान्त्रिक तराई मुक्ति मोर्चा ३, समता पार्टी २, नेकपा (माले) १, राप्रपा नेपाल १, राष्ट्रिय जनमुक्ति मोर्चा १, जनता परिषद् १ लगायतको विवरण रहेको छ । यसरी कुल ८ हजार ९ सय १७ जना राजनीतिक नेता-कार्यकर्ता युद्धको अवधिमा मारिनुपरेको छ । क्रान्ति र प्रतिक्रान्ति, जुनसुकै बाहनामा होस्, करिब १० हजारको संख्यामा सचेत पङ्क्तिको हत्या भएको स्थिति ज्यादै ठूलो क्षति हो । किनभने, एउटा राष्ट्र वा समाजले चाहँदैमा बीपी कोइराला, पुष्पलाल, रत्नकुमार बान्तवा, मदन भण्डारी, यदु गौतम र चक्रबहादुर डगौरा चौधरी जन्माउन र हुर्काउन सम्भव हुँदैन । मार्क्स, माओ, महात्मा गान्धी, नेहरु र मण्डेला जन्माउने ताकत त सिङ्गो विश्वमै विरलै र अपवादका रुपमा देखापर्छ । नेपालको सशस्त्र युद्धको कालो सुरुङमा कति त्यस्ता योद्धाहरु पालुवामै निमोठिए होलान् ? 'नेपालमा माओवादीपीडितको तथ्याङ्कीय अभिलेख' शीर्षकको पुस्तकालय तथा सूचना विज्ञान विषयमा ज्ञानेन्द्र आरणको शोधपत्रमा माओवादीद्वारा पासविक तरिकाले हत्या गरिएका राजनीतिक नेता, कार्यकर्ता, शिक्षक, कर्मचारी, बुद्धिजीवी, पत्रकार र सर्वसाधारणको संख्या ५ हजार ३ सय ६६ रहेको उल्लेख छ । राजनीतिक दलहरुले आफ्ना नेताकार्यकर्ताको त व्यवस्थित अभिलेख राख्न सकेको पाइँदैन भने आफ्नो पक्षमा एक शब्द कठै बोलिदिने कोही नभएका सर्वसाधारणका अझै कस्तो हविगत भएको होला ? त्यसैले, यो सङ्ख्या अझै ठूलो हुने निश्चित छ । सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक आयोग गठन भई सत्य-तथ्यमा पुग्नसक्दा मात्रै वास्तविक पीडित र मृतकहरुको यथार्थ तथ्याङ्क उपलब्ध हुनसक्नेछ ।

मानवीय क्षतिको उल्लिखित तस्बिरले मुलुकले युद्धको डढेलो कसरी भोग्नुपर्‍यो भन्ने देखाउँछ । तर, यो केबल मृतक र बेपत्ताको समस्यामा मात्रै घुमेको तस्बिर हो । राजनीतिक नेता-कार्यकर्ताको हत्यासँगै गाउँ समाज आफ्नो अगुवाबाट बञ्चित भएको र परिवारले अभिभावक गुमाएको हुन्छ । त्यसको बहुआयामिक प्रभाव र असरको लेखाजोखा त हुनै सकेको छैन । माओवादी युद्धलाई केबल तिनका १९ हजार लडाकुको व्यवस्थापनसँग जोडेर समाधान खोज्नु निःतान्त एकपाखे प्रयास हो । लडाकुलाई राज्यले अर्बौं खर्च गर्नसक्छ, तर जीवन नै उत्सर्ग गरेका योद्धाहरुलाई 'सहिद'को सम्मान र तिनका लालबालाको जीविका र शिक्षादीक्षाका लागि केही अर्ब रुपियाँ बन्दोबस्त गरी खर्च गर्न किन ध्यान नपुर्‍याएको ? यो काम सरकारले अविलम्ब गर्नुपर्छ । बरु यस क्रममा माओवादीले जस्तो आफ्ना कार्यकर्तालाई मात्रै 'सहिद' बनाउने गल्ती नगरी सामाजिक परिवर्तनको कष्टसाध्य प्रक्रियामा जीवन आहुति दिएका सम्पूर्णलाई 'सहिद'को सम्मान दिनैपर्छ । किनभने 'जनयुद्ध'का क्रममा जुनसुकै सरकारको निर्णयअनुसार शान्तिसुरक्षा कायम गर्न जुट्ने क्रममा जीवन दिएका सुरक्षाकर्मीहरु यसरी ज्यान गुमाएका सम्पूर्ण योद्धाहरु, जनक्रान्तिका अमर सहिदहरु र तमाम सर्वसाधारणको बलिदानको जगमा उभिएर मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्र बन्न पुगेको छ । यसलाई संस्थागत गरेर अघि बढ्न पनि तमाम सहिदहरुको उचित सम्मान गर्ने जिम्मेवारी र दायित्व सरकारले पूरा गर्नुपर्छ । ❐

# अब यस्तो कहिल्यै नगरियोस् !

## ❐ देवशङ्कर पौडेल

हाम्रो देश राजनीतिक हिंसाको एक दसक लामो यात्राबाट गुज्रेर यहाँसम्म आइपुगेको छ । अझै पनि त्यस भुक्तमानको खड्गो टरिसक्यो भनेर ढुक्क हुन सकिने अवस्था आएको छैन । पीडकहरूको हुङ्कारको रन्को रन्किन छाडेकै छैन । तिनका कमान्डरहरू दारा किटेर विरोधीहरूलाई दागा धरिरहेका छन् । आफ्नो मनोकाङ्क्षा पूरा नभएको ठानेर विक्षिप्त भई होस गुमाउने, तनावमा परेर भाउन्निएर ठन्डा ठाउँ खोज्दै भौंतारिने, नीदहराम भयो भनेर साँझपख मदहोस् हुने, एकान्त मन पराउने, ठाउँकुठाउँ बर्बराइरहने गरिरहेका छन् । सिद्धान्तको सहारामा अघि बढिरहेका बेला उत्पन्न समस्यालाई देखेर एउटा मार्क्सवादको विद्यार्थी यसरी तनावमा देखिनु स्वयम्मा मार्क्सवादसम्मत् छैन ।

व्यक्तिहत्या र लुटको राजभन्दा आजको अवस्था असहज मानिरहेको पूर्वविद्रोही पक्ष सन्तुष्ट देखिँदैन । मानवबलिले नअघाएजस्तो उसको अतृप्त आत्मा भड्किएर विक्षिप्तताको चरमोत्कर्षमा पुगेजस्तो छ । शान्ति सम्झौतापछि पनि प्रतिस्पर्धीको क्रियाकलाप डायरी वा मनको नोट कापीमा टिपोट गरिरहेको र गौंडा गल्छेडामा फेला पार्नासाथ बदला चुकाउने धम्की पनि दिइरहेको छ ।

हिजो र आजसम्म पनि निर्मूल हुन नसकेको यस हत्याहिंसाको शृङ्खलाले हजारौं नेपालीको ज्यान लियो । विशेषगरी, युवायुवतीको ठूलो सङ्ख्या जबर्जस्ती जीवनबाट हात धुन बाध्य भयो । नेपाली संस्कृतिअनुसार 'साँझ परेपछि सबै प्राणी, वनस्पतिहरू बास बसेका हुन्छन्' भनिन्छ । किसानहरू रातको समयमा कुखुरा मात्र होइन, साँझ परेपछि करेसाको सागसब्जी, घिरौंला, फर्सीसमेत टिप्ने र काट्ने गर्दैनन् । तर, नेपाली विद्रोही चाहिं गाउँ-घरमा बनेको आफ्नो कच्ची

घरमा दिनभरि खेतीको कामले थकित शरीर लिएर सुतिरहेका किसानहरूलाई खोरबाट खसी झिकेर मनखुसी मौलामा लगेर बलि चढाएझैं बध गर्न कति हिच्किचाएनन्। जो विचार बोकेबापत् बाँच्न पाउने न्यूनतम अधिकारबाट समेत बञ्चित गराइए ती अग्रजहरू आदरणीय र प्रातस्मरणीय हुनुहुन्छ। शक्तिखोरको गोप्य भिडियो टेप होस् वा खुलामञ्चका सम्भाषणमा किन नहोस्, तीनै आदरणीयको पङ्क्तिमा अरु धेरैलाई लामबद्ध गर्न चाहिरहेझैं देखिँदैछन् 'महान् क्रान्तिकारी'हरू।

आफूले देखेको सपना अर्काले हुबहु नदेखेकै कारण देखिसकेको सपना पूरा गर्न पाउनु त परै, नयाँनयाँ सपना देख्ने आँखा सजिएका कैयन शरीरसमेत माटोभित्र समाधीस्थ भइसकेका छन्। पार्टीले प्रशिक्षित गरेका कार्यकर्ताहरू विचारको प्रचारको शिलसिलामा मारिनुभएको हो। त्यस्ता आज्ञाकारी कार्यकर्ता दिवङ्गत हुँदा बाँचेकाहरूले उहाँहरूले उठाउनुभएको झण्डा झन्माथि उठाउनु कर्तब्य हो। कोही सहयोद्धा उहाँहरूलाई सम्झनु साटो भाग्ने गर्दछन्। त्यस्ता बैगुनीलाई दिने उपयुक्त संज्ञा शब्दकोशमा उल्लेख छैन। सामान्य चलनचल्तीको भाषामा त्यस्तालाई कृतघ्न भन्ने गरिएको छ।

नेकपा (एमाले) जिल्ला कमिटी रुकुमका सचिव कमरेड यदुकुमार गौतमलाई पहिले ढुङ्गाले हानेर ढलेपछि थिचेर घाँटी सेरेर हत्या गरियो। अर्मा, रुकुमकै शेरबहादुर खड्कालाई आफ्नै आँगनमा चारै हात-खुट्टा बाँधेर, चारैतिर थिचेर, अचानोमा गर्धन राखेर खसी काटेझैं गरी हत्या गरिएको रहेछ। थेचम्बु-ताप्लेजुङका किरण लिम्बुलाई कुटिकुटी घाँटी सेरेर ( अन्नपूर्ण), भोजपुरका शालिकराम अधिकारी (च्यामा), दोलखाका शिक्षक तिलकबहादुर केसी (काटाकुटी), दोलखाका उपाध्यक्ष रामबहादुर घिसिङ तामाङ (रयाले), काभ्रेपलाञ्चोकका कृष्णप्रसाद सापकोटा र सिंहवीर तामाङ अनि काभ्रेकै भीमखोरीका गोपाल रायमाझी, गोगने, मकवानपुरका गोकर्ण अर्याललाई गर्धन छिनाएर अलगअलग पारिएछ।

फस्कु, दोलखाका भरत भनिने चक्रबहादुर बुढाथोकीको घरमा पाहुना बनेर गएका अतिथिलाई गुन्द्री बिछ्याउँदै गरेका बखत निहुरिंदा गर्धनमा खुकुरीले छप्क्याएर प्राण लिइएछ। रसुवाका पूर्वजिविस सभापति भीमलाल हिराचन थकाली र बागेश्वरी, नुवाकोटका नवराज ढकाललाई घाँटी सेरेर शरीर टाउको अलग-अलग ठाउँमा फालिएछ। ज्यामिरे-सिन्धुपाल्चोकका ज्ञानेन्द्र खड्कालाई पाता फर्काएर भलिबलको खम्बामा बाँधेर विभिन्न संवेदनशील अङ्गहरू काटेर आखिरमा घाँटी शेरेर हत्या गरिएछ। सोही जिल्ला थाङ्पालधाप गाविसका युक्तबहादुर अधिकारीको टाउको गिडेर लासको काखिमुनि च्यापेजस्तो गराई राखेर क्रुर ठट्टा पनि गरिएछ। अर्धतोष, अर्घाखाँचीका होमप्रसाद भन्ने हुमानन्द बञ्जाडेलाई पसलमा बसिरहेको बेला गोलीहानेर ढलेपछि गर्धन रेटेर छिनाली टाउको दोबाटामा राखेर 'माओवादीको विरोध गर्नेहरूको हविगत यस्तै हुन्छ' भनेर प्रदर्शन गरिएछ। दोवा, म्याग्दीका तुलप्रसाद पुर्जालाई पाता फर्काई, मुखमा रुमाल कोची, घाँटी रेटेर हत्या गरिएछ। सिपखाना, कालिकोटका शिक्षक/पत्रकार नवराज शर्माको टाउको छिनाइएछ। रझेना-बाँकेका हस्मत अलि बेहनाको घाँटी रेटी हत्या गरिएछ। हिकिलाँ, दार्चुलाका उदयसिंह धामीलाई समातेर उनको घरमाथिको ब्रहमदेवताको मन्दिरमा चारै हात-खुट्टा बाँधी धारिलो हतियारले घाँटी छिनाएर हत्या गरिएछ। हिकिला-दार्चुलाकै पदमसिंह बडाललाई खुकुरीले टुक्रा-टुक्रा पारी घाँटी छिनाएर हत्या गरिएछ। श्रीपुर, कञ्चनपुरका बाबुराम चौधरीको हातखुट्टा गिँडेर, घाँटी रेटेर टाउको छुट्याइएछ। अनि रामपुर विलासीपुर, कञ्चनपुरका अनन्तराम भट्टको पनि खुकुरीले घाँटी रेटेर उनको विचार मन्थन गर्ने टाउको छुट्याइएछ।

हरिहरपुर, सुर्खेतका शेरबहादुर ओली र गोकुल बस्नेतलाई एकैपटक कब्जामा लिएपछि बस्नेतकै सामु ओलीलाई कुटीकुटी मारिएछ। ६० वर्षका पाका मान्छे मारेको हृदयविदारक दृश्य देखेका २४ वर्षका युवा गोकुल बस्नेत आफैंलाई समेत पुर्ने खाल्टो खन्न लगाई पाता फर्काएर घाँटीसम्म खाल्डोमा पुरेर दिनसकेजति मानसिक यातना दिदैं चारैतिरबाट निरीह टाउकामा पिटेर मारिएछ।

बडहरामाल, सिरहाका पञ्चा मुखिया, नरैनापुर, बाँकेका जाहिर खाँ, पहलमानपुर, कैलालीका सितलदास चौधरी थारुको घाँटी सेरेर गिडमात्र छाडी टाउकै बेपत्ता पारिएछ, जो आजसम्म फेला पार्न सकेनन् सम्वद्ध पार्टी र परिवार जनले।

नुनढाकी, संखुवासभाकी सीता गुरुङलाई २०/२२ दिन चरम यातना दिंदै घुमाएर काटीकाटी मारिएछ। ठूलोपाताल, दोलखाका गाविस अध्यक्ष पूर्वशिक्षक बुद्धिमान पाख्रिन तामाङलाई काटेर, घोचेर, हत्या गरेर पनि कैयन किलोमिटर घिसारेर फालिएछ। शङ्खु, ललितपुरकी वडासदस्य गोरीमाया लामा तामाङलाई तीन दिनसम्म पिटेर पैताला चिरेर, आँखा झिकेर, स्तन काटेर, तड्पाई-तड्पाई मारिएछ। कटुञ्जे, धादिङका रामचन्द्र श्रेष्ठको छाती, भुँडी, टाउको आदि खुकुरीले चिरेर मारिएछ। किरानचोक, धादिङका रामबहादुर पण्डितको शरीरमा बम राखी बिष्फोट गराएर हत्या गरिएछ। चापाकोट, स्याङजाका शिक्षक गुप्तबहादुर विश्वकर्मालाई बर्माले अङ्ग-अङ्ग छेडेर, घोर्याहा ढुङ्गाले किचेर, धारिलो हतियारले काटेर मारिएछ। गोखुङ्गा, अर्घाखाँचीका नेत्रप्रसाद खनाललाई खुकुरीले छ्याक-छ्याक काटेर, कान छुट्टयाएर, भुङ्ग्रोमा तताएको रातो र तातो फलामे झीर एउटा कानबाट छिराई अर्को कानबाट निकाल्नेजस्तो क्रुरतम् अभ्यास गरेको पनि सुनिएकै हो। सिङ्गा, म्याग्दीका शिक्षक मणिलाल शर्मालाई टाउको र गर्धनमा खुकुरी प्रहारगरी छिया-छिया पारेर मारिएछ। सिकर्मी काम गरेर जीविकोपार्जन गर्ने खोलागाउँ, रुकुमका चीनबहादुर रोकालाई प्रहरी चौकीको झ्याल, ढोकाआदि बनाएवापत

बुट, लाठीले मरणासन्न पिटेपछि खुकुरीले काटेर हत्या गरिएछ । फुकोट, कालीकोटका रोम बोगटीको हात, खुट्टा पालै-पालो काटेर हत्या गरिएछ । विद्यापुर, सुर्खेतका सूर्यप्रसाद पौडेललाई खुकुरीले छप्क्याएर क्षतबिक्षत पारेर हत्या गरिएछ ।

कैलालीका पूर्वसांसद चक्रबहादुर डगौरा चौधरी थारूलाई गोली हानेर मारिएछ । विद्यापुर, सुर्खेतका कृष्णप्रसाद शर्मालाई पाता फर्काएर, रुखमा बाँधी गोली ठोकेर मारिएछ ।

दौलतपुर, बर्दियाका रितेशजङ्ग शाहको मुखबाट धारिलो हतियार घुसाएर तल्ला दाँत, च्यापु र ओठ गिडतिर पारेर माथिल्लो दाँतआदि हिस्सा टाउकातिर पारी छुट्याएर हत्या गरिएछ ।

भर्खर अप्रेसन गरेर आराम गरिरहेका फूलबारी, ओखलढुङ्गाका शिक्षक गुरुप्रसाद लुइँटेललाई तीन हप्तासम्म चरम यातना दिएर बिभिन्न गाउँ घुमाएर अन्त्यमा बरुणेश्वर, रामपुरको बरको रुखमा झुण्ड्याएर मारिएछ । लामीडाँडा, दोलखाका शिक्षक उद्धवराज शिवाकोटीलाई जिब्रो छेडेर गाउन र पैताला चिरेर नाच्न लगाएर अन्त्यमा रुखमा झुण्ड्याएर मारिएछ । भीमेश्वर नपा, दोलखाका नगर सभासद् मित्रमान तामाङलाई अपहरण गरेर शारीरिक र मानसिक यातना दिँदै दिँदै शैलुङ्गेश्वरमा पुऱ्याएर रुखमा झुण्ड्याएर हत्या गरिएछ ।

पकरवास, रामेछापका पुष्करबहादुर चौहानलाई अपहरणपछि पिट्नु पिटेपछि अत्मसमर्पण नगरेबापत् दुबै हात पाता फर्काई आँखा फुटाएर आग्लै आग्लाले पिट्दै मरणासन्न पारेर घिसार्दै दोबाटामा लगेर गोली हानी मारिएछ ।

मूलपानी, धादिङका लालबहादुर भन्ने राजु विश्वकर्मालाई अनकन्टार पाखामा लगेर स्वयम्लाई खाल्टोखन्न लगाई जिउँदै आफ्नो मातृभूमिमा समाधीस्थ गरिएको रहेछ । भाटाकाटिया, अछामका विष्णु साउदलाई अपहरण गरी धेरै दिन सँगै हिडाएर, अहेबको तालिम प्राप्त प्राविधिक भएकाले माओवादीका बिरामीको उपचार पनि गराएर अन्तमा घरमा ल्याई परिवारका अगाडि मासु ताछेर जिउँदै खाल्डोमा पुरिएछ । चुनवाङ, रुकुमका चूडामणि सुनारलाई जिउँदै खाल्डोमा पुरेर मारिएछ ।

नायकवाडा, जाजरकोटका नरबहादुर राउतलाई मारेर रुखको धोद्रामा हाली गुपचुप पारिएछ । धेरै अवधिपछि कङ्काल फेलापार्दा कपडाले राउतकै मृत शरीर हो भन्ने पहिचान भएछ ।

झेनाम, रोल्पाका नीमलाल रोकालाई खाना खान नदिएको भनेर कुटेरै मारिएछ ।

हार्जङ, रोल्पाकी ८४ वर्षिया वृद्धा खीरमती पुनको घरमा माओवादीले गरेको भित्तेलेखन पुलिसले मेट्न लगाएछ । भोलिपल्ट माओवादी आएर किन मेटेको भनी वृद्धाको दुवै हातका औंला र हर्थुङ्गा किचिपिची मात्र पारेनन् बन्दुकका कुन्दाले बुढी मान्छेको करङसमेत भाँचिदिए । त्यही चोट निको हुन नसकेर उनी मरिछन् ।

कालीकोट, रुप्सा गाउँकी मिरा सहकारी, खगेनकोट, जाजरकोटका कमला दमाईं र दानबहादुर शाहलाई छङ्गाछुर भीरबाट जीउँदै हुत्याइदिएर यसरी मान्छे मार्दा कस्तो देखिन्छ भन्ने नियालेर अनुभव बटुलिएको रहेछ ।

हार्जङ, रोल्पाका मानबहादुर गिरी, ढाँटे पुन, नरबहादुर पुन, बेगमबहादुर पुन, आइमन पुन, पुष्टबहादुर गिरी, अमृतबहादुर गिरी आदि घरभित्र बसेको बेला बाहिर निस्कने ढोका र झ्याल बन्द गरी खर, पराल, ढोडजस्ता सुकेका तृण थुपारेर फागुन महिनाको सुख्खा याममा आगो लगाई सिकारीले दुम्सी पोलेझैं बर्बरतापूर्वक सामूहिक हत्या गरिएछ । यस घटनाले हिट्लरको ग्यासच्याम्बरलाई पनि उछिनेको देखियो ।

पोकली, ओखलढुङ्गाका उज्जनकुमार श्रेष्ठलाई मारेर लिखुको भेलमा लास बेपत्ता पारेपछि मेरो भाइ किन मारियो भनेर खोजी गर्दा, शोकमा रुँदा, कराउँदा उनका माइला दाजु गणेशकुमार श्रेष्ठ लिखु किनारामा नै मारिए । दुई छोरा गुमाएको पीडा छरछिमेकमा रोएर व्यक्त गर्नसमेत बञ्चित भएर परिवारले गाउँ छाड्यो । आठ दसक हिउँद पार गरेका बृद्ध मातापिताले  थातथलो छाडेर नयाँ जीविका सृष्टि गर्दाको पीडा कस्तो होला ?

यस किसिमले कसैका दिमागमा सनक चड्यो भन्दैमा देशभरि राजनीतिक कार्यकर्ताहरूलाई झुण्ड्याएर, सेरेर वा मार हानेर, शीर छेदन गरेर कसैको टाउको गिंडको नजिक, कसैको टाढा, कसैको हालसम्म बेपत्ताको हालतमा पारेको समेत पाइयो । पक्रेर कडा यातना दिँदै अनकन्टार पाखामा लगेर स्वयम्लाई खाल्टो (चिहान) खन्न लगाई जिउँदै आफ्नो मातृभूमिमा समाधीस्थ पनि गरिएको रहेछ ।

कैयनलाई कन्चटमा गोली हानेर, बर्माले अङ्गअङ्ग छेडेर तड्पाई-तड्पाई प्राण लिने काम गरिएछ । कतै ढुङ्गामाथि हात-खुट्टा तेर्स्याई माथिबाट घोप्याहा ढुङ्गाले किचेर पनि मारिएछ । परिवारका सामु मासु ताछ्दै कुटीकुटी प्राण जानुअघि नै खाल्टो खनेर पुरिएको पनि रहेछ । बसभित्रै आगो लगाएर र कुनै बसलाई विद्युतीय धरापमा पारेर मानव जातिको सामूहिक हत्यासमेत गरिएछ । मानव जीवनमाथि यस्ता किसिम-किसिमका क्रुरताको अभ्यास गरेको रहेछ हाम्रो देशको विद्रोहीले ।

यो सङ्कलन व्यवस्थित गर्दागर्दै मकवानपुरमा सुदीप कार्की नामक नेकपा (एमाले)का होनहार युवा मोटरसाइकलबाट यात्रा गरिरहेका बखत लोहोरोजस्तो ढुङ्गाले कन्चटमा प्रहार गरेर हत्या भयो । यो घटना पनि पीडाको लहरमा सूचीबद्ध छ ।

यसरी हेर्दा नेपाली जनताले राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक आदि मानव सभ्यताका नैसर्गिक अधिकार, स्वतन्त्र र मुक्त आकाशमा कावा खाँदै उपभोग गर्न पाउने हक अझै उपलब्ध भएको छैन । मानव रगत बगेको बगेकै छ । जति रगत बग्छ, पीडा झन्झन् थपिँदो छ । विश्व मानचित्रमा यति सानो मुलुकमा ‘सहिदको सूची’ले निकै धेरै पृष्ठ

कागज ढाक्न थालिसक्यो। तर बिचार, ध्येय र परिवर्तनका खातिर जीवन उत्सर्ग गर्ने अमर सहिदहरू र तिनका परिवारजनको सम्मान र सहयोगका निम्ति सहिद बनाउने र बनाइने दुबै पक्ष उदासीन छन्।

प्रत्येक मान्छे जन्मँदा पृथ्वी, सूर्य, चन्द्रमालगायतको विश्व-ब्रह्मान्ड पनि सँगै प्राप्त गरेको हुन्छ। एउटा मान्छे सकिँदा ऊमात्र सकिँदैन, उसले देखेको संसार र कल्पना सबै एकैसाथ समाप्त हुन्छ। यति महत्वपूर्ण पक्षका बारेमा खेलवाड गरिनुहुँदैन। मुलुक निर्माणका लागि एउटा स्वस्थ मस्तिष्क भएको मान्छेको जीवनको ज्यादै ठूलो महत्व हुन्छ। आफ्नो जीवन, पद र सुख सुविधाका लागि सर्वसाधारणको रगत ढल बराबरै ठान्नेहरूले यतातिर ध्यान दिनैपर्ने भएको छ।

नेकपा (एमाले)का मात्र नेता-कार्यकर्ता, समर्थक, शुभचिन्तकसमेत गरीकन यस अवधिमा पुग-नपुग पाँच सयको अकाल ज्यान लिइएछ। त्यसमध्ये उही हसिया-हथौडा अङ्कित लाल पताकाधारीले मात्र झन्डै तीन सयको हाराहारीमा क्रुरतम हत्या गरेको रहेछ। उसलाई हत्या नै गर्नु थियो भने पनि यति क्रुरता चाहिं किन ? त्यसको कारण सार्वजनिक गर्नैपर्छ। कथित युद्धमैदानबाट बाँचेर फर्किएका सिपाहीहरूलाई सोध्नुपर्दछ, मृत्युको मुख कति भयावह हुन्छ ? युद्धको नाममा व्यक्तिहत्यामा पतन भएकाहरूको मुख र व्यवहार संसारभरका सभ्य मान्छेले देख्ने, संचारमाध्यमको पहुँच पुग्ने ठाउँको अगाडि त यति चहऱ्याउँदो र छुद्र छ भने गाउँ कुनामा कति स्वेच्छाचारी होला ?

अपराध अदालतहरू काम नपाएर बसेका हुनसक्छन्। यति धेरै कार्यकर्ता निमोठिएको हृदयविदारक दृश्य देखेर पनि अनदेखाजस्तै हुनु अगुवाहरूको अक्षमता मानिन सक्छ। अब शान्तिको मिर्मिरे आउन लागेको छ भनेर हौसिएर मात्र हुँदैन। यी कार्यकर्ताको त्यस्तो के अपराध थियो ? नेतृत्वले यसको उत्तर एकएक गरी सत्तारोहण गरिसकेको पूर्वविद्राहीसँग माग्नुपर्दछ। सायद यसैका निम्ति सत्य निरुपण तथा मेलमिलाप आयोग बनाउने सहमति गरिएको थियो होला, तर किन कार्यान्वयन हुन सकिरहेको छैन ?

मारिएकाहरूका आश्रित विधवा-विधुर, टुहुरा, अनाथहरूको के हालत छ होला ? यसको समेत सूक्ष्म अध्ययन गरिनुपर्दछ। सयौं घटनाहरूलाई छिट्पुट मान्न सकिँदैन। अन्तर्राष्ट्रिय अदालतहरू मानव सभ्यताले सिर्जना गरेका हुनाले बनको हुँडारले कति खरायो निल्योजस्तो मानव समाजमा थाहा नभएकोझैं पार्नुहुँदैन। यो त मारिने कार्यकर्ताहरूको सङ्क्षिप्त कुरामात्रै भयो। लुटिएका, कुटिएका, थातबास निकाला गरिएका, सातो उडाइएका देशभरिका कार्यकर्ता र जनताको के हालत छ ? यसको जवाफदेही नेतृत्वले हुन सक्नैपर्दछ।
❐

# द्वन्द्वको अवधिमा अनाहकमा ज्यान गुमाएका योद्धाहरू

***(दश वर्ष लामो सशस्त्र द्वन्द्वको अवधिमा देशभरि कूल ४९० जना नेकपा (एमाले) का होनहार नेता-कार्यकर्ताले ज्यान गुमाउनुपऱ्यो। २०५२ सालदेखि ०६३ मङ्सिरसम्मको यस अवधिमा अनाहकमा ज्यान गुमाउने नेता-कार्यकर्ताको यो सङ्ख्या राणा, पञ्चायत र राजतन्त्र अन्त्य गर्न जीवन आहुति दिने सहिदहरुभन्दा धेरै गुणा बढी रहेको तथ्य स्पष्टै छ। यसमा माओवादीका कारण सबभन्दा बढी २९५, राज्यबाट १८८, अज्ञात समूहबाट १ र क्रस फायरिङमा ६ जनाको हत्या भएको छ। द्वन्द्वको अवधिमा जीवन-आहुति दिने पार्टी नेता-कार्यकर्ताहरुको नामावली सङ्कलित गर्न, सत्यतथ्य परीक्षण गर्न र व्यवस्थित अभिलेख तयार गर्न पार्टीले कमरेड देवशङ्कर पौडेललाई जिम्मा दिएको थियो। उहाँले करिब दुई महिना लामो अवधि अध्ययन गरी प्रतिवेदन पार्टीसमक्ष बुझाउनुभएको थियो। यो नामावली सोही प्रतिवेदनबाट यहाँ प्रस्तुत गरिएको छ- सम्पादक।)***

**१. मेची अञ्चल**

१. **ताप्लेजुङ**

| क्रस | नाम थर | ठेगाना लिङ्ग | संलग्नता मार्ने पक्ष | जन्म मिति | हत्या मिति | घटनास्थल | हत्याको | प्रकृति | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मच्छिन्द्र महतारा | हाङदेवा-७ | गाक सदस्य | ०१३।११।४ | ०५८।९।२७ | हाङदेवा-७ | गोली प्रहार | पु | माओवादी |
| २ | श्रीप्रसाद गौतम | लिङखिम-९ | गाक सचिव | ०२३।१।३ | ०५९।१।१२ | घरछेउ, लिङखिम-९ | राती अपहरणपछि गोली हानी हत्या | पु | माओवादी |
| ३ | मसिने माबो लिम्बु | मामाङ्खे-५ | गाक सदस्य | ०१५ | ०५९।४।१० | घरैमा | कुटेर | पु | माओवादी |
| ४ | नरबहादुर लिम्बु | लिवाङ-५, थुकिमा | गाक सदस्य | ०१८।८। | ०५९।४।५ | घरैमा | गोली प्रहारबाट | पु | माओवादी |
| ५ | किरण लिम्बु सुब्बा | थेचम्बु-९ | गाक सदस्य | ०२७।१।१२ | २०६०।५।२९ | थेचम्बु-३ | कुटीकुटी, घाँटी रेटी मारेको | पु | माओवादी |
| ६ | देवेन्द्र चोङबाङ | साँघु-४, | गाक सदस्य | ०२२।१।... | २०५९।७।२२ | साँघु-४, | कुटपिट पछि | पु | माओवादी |
| ७ | तारा लवा | थुकिमा-६ | अखिल | ०४२।२।५ | ०५८ ।८।२१ | थुकिमा-६ | कुटेर गोली हानी हत्या | पु | माओवादी |
| ८ | इन्द्र तामादेन लिम्बु | तापेथोक-५ | गाक सदस्य | ०२२।१२।३ | ०५८।११।२७ | लिङखिम-९, शिवाबजार | गोली प्रहार | पु | राज्य |
| ९ | पासाङ शेर्पा (भोटिया) | यामफुदिन-३ | गाक सदस्य, गाविस अध्यक्ष | | ००९।३।४ | ०६०।७।१५ | घरैमा गोली प्रहार | पु | राज्य |

२. **पाँचथर**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नन्दकुमार गुरुङ | ओयाम-८ | सा.सदस्य | २४ बर्ष | ०६०।६।२७ | सिकैचा, ताप्लेजुङ | अपहरणगरेर लगे, मार्‍यौं भने | पु | माओवादी |
| २ | इन्द्रलाल ढकाल | ओयाम-८ | समर्थक | २६ बर्ष | ०६०।६।२७ | सिकैचा, ताप्लेजुङ | अपहरणगरेर लगे, मार्‍यौं भने | पु | माओवादी |
| ३ | लोकबहादुर सामसुहाङ | ओयाम-८ | समर्थक | ४० बर्ष | ०६०।६।२७ | सिकैचा, ताप्लेजुङ | अपहरणगरेर लगे, मार्‍यौं भने | पु | माओवादी |
| **३. इलाम** | | | | | | | | | |
| १ | खेन्द्रप्रसाद गिरी (केन्द्र) | जितपुर-४ | समर्थक | ४४ बर्ष | ०५८।११।२४ | सोयाक जंगल | ११ गते अपहरण गरेर २४ गते गोली ठोकेर हत्या | पु | माओवादी |
| २ | चित्रबहादुर गुरुङ | इरौंटार- | इक सचिव गाविस अध्यक्ष | ४३ बर्ष | ०५९।१।३० | इरौंटार | गोली ठोकेर मारिएको | पु | माओवादी |
| ३ | तिलक सिंजाली मगर | जीतपुर-१ | समर्थक | १९ बर्ष | ०६१।१२।२४ | जीतपुर, नवमी बजार | गोली ठोकेर हत्या | पु | माओवादी |
| ४ | शिवकुमार राई | आमचोक-५ | सं.सदस्य | ३३ बर्ष | ०६१।७।८ | आमचोक | काटेर हत्या | पु | माओवादी |
| ५ | आसबहादुर राई | इभाङ-४ | सं.सदस्य | ४१ बर्ष | ०६३।४।८ | बाँफो-५, जंगलमा | झुण्डयाएर हत्या | पु | माओवादी |
| ६ | चक्रबहादुर परियार | सुलिबुङ-६ | गाक सदस्य | ६० बर्ष | ०६२।३।१३ | सुलिबुङ | कुटेर हत्या | पु | माओवादी |
| ७ | युवराज पोखरेल | बरवोटे-१ | सं.सदस्य | ३३ बर्ष | ०५९ | बरवोटे-१ | सेना र माओवादीको चेपुवा परेर मृत्यु | पु | माओवादी |
| ८ | लोकबहादुर खडका | गोर्खे-२ | गाक सचिव | ३९ बर्ष | ०५९।१२।३ | गोर्खेको जोगमाइ खोला | भीरबाट तल लास फेला परेको | पु | माओवादी |
| ९ | चेतन भट्टराई | इरौंटार-१ | गाक सदस्य, वडाध्यक्ष | | ५३ बर्ष | ०५९।२।२२ | (एम्बुलेन्समा)सेनाको चरम यातना पछि उपचार हुनै नपाई मृत्यु | पु | राज्य |
| १० | चेवन पौडेल | नामसालिङ-६ | सं. सदस्य | २७ बर्ष | ०५९।५।५ | नामसालिङ बाटोमा | गोली हानी हत्या | पु | राज्य |
| ११ | मणिकुमार राई | चुलाचुली | गाक सदस्य | ५३ बर्ष | ०६१।७।२४ | चुलाचुली | गोली हानी हत्या | पु | राज्य |
| १२ | सन्तबहादुर तामाङ | धुसेनी-७ | गाक सदस्य | ३८ बर्ष | ०६१।१।२१ | धुसेनी देउमाइ खोला | गोली हानी हत्या | पु | राज्य |
| **४. झापा** | | | | | | | | | |
| १ | सुनिल थापामगर | गोलधाप-४ | साधारण सदस्य | | ०३९।२।११ | ०६०।८।१९ | गोलधाप-४ | | |
| | | कञ्चटमा गोली हानी हत्या | | पु. | माओवादी | | | | |
| २ | कृष्णबहादुर खड्का | गौरादह-४ | गाक सदस्य | ४९ बर्ष | ०६१।८।९ | गौरादह | कुटीकुटी हत्या | पु | माओवादी |
| ३ | पुन्यप्रसाद पराजुली | घैलाढुवा-१ | समर्थक | | ०६२।१२।१७ | चारआली | कुटेर थिलोथिलो पारेर हत्या | पु | राज्य |
| **२. कोसी अञ्चल** | | | | | | | | | |
| **५. सङ्खुवासभा** | | | | | | | | | |
| १ | सीता गुरुङ | नुनढाकी-१ | वडा सदस्य | | ०६०।६।१२ | नुनढाकी | २०/२२ दिन घुमाएर काटेर मारेको | म | माओवादी |
| २ | सुवास कार्की (पुस्कर) | खाँदवारी नपा-११ | अखिल | | ०५९।५।२३ | अपहरण | माओवादीले भाषणमा मार्‍यौं भने | पु | माओवादी |
| ३ | लाक्पा शेर्पा | जलजला-२ | समर्थक | | ०५९।५।२६ | जलजला | कुटिकुटी हत्या | पु | माओवादी |
| ४ | हर्कबहादुर जिमी राई | तामाखोप-५ | सा.सदस्य | | ०६०।६।२२ | घरमै | काटेर हत्या | पु | माओवादी |
| **६. तेह्रथुम** | | | | | | | | | |
| १ | गंगाकुमार मास्के | जलजले-१ | गाविस सचिव | ४२ बर्ष | ०६०।६।१० | विद्यालय छेउमा | खुकुरी प्रहार गरी हत्या | पु | माओवी |
| २ | ठगेन्द्र ढकाल | ओयाकजुङ-५ | पूर्व वडा सदस्य | | ४६ बर्ष | ०५८।१२।१७ | घरैमा | | |
| | | खुकुरीले काटेर हत्या | | पु | माओवादी | | | | |
| **७. भोजपुर** | | | | | | | | | |
| १ | शालिकराम अधिकारी | अन्नपूर्ण-८ | सं. सदस्य | ५५ बर्ष | ०५९।६।१० | अन्नपूर्ण | खुकुरीले गर्धन छिनाएर अलग-अलग पारेको | पु | माओवादी |
| २ | श्यामकुमार दर्जी | तिम्मा-७ | समर्थक | | ०६२।८।३१ | तिम्बा | गोली प्रहार गरी हत्या | पु | माओवादी |
| ३ | सविना खवास | केउरेपानी-६ | समर्थक | | ०५९।९।२९ | दिङ्लाबजार | गोली हानेर हत्या | म | क्रस फायरिङ |
| ४ | शरणकुमार तामाङ | साङपाङ-७ | समर्थक | | ०६०।६।१४ | देउराली-१, भ्याउँपोखरी | गोली हानेर हत्या | पु | राज्य |
| ५ | देवेन्द्र राई | देवानटार-७ | समर्थक | | ०६२।९।२१ | घोडेटार | गोली प्रहार गरी हत्या | पु | राज्य |
| **८. धनकुटा** | | | | | | | | | |
| १ | भूपाल भण्डारी | मुगा-२ | समर्थक | | ०६०।१०।२ | सल्लेरी, धनकुटा | बसमा बम पड्केर मृत्यु | पु | माओवादी |
| २ | राजन भट्टराई | मुगा-४ | समर्थक | | ०६१।५।१० | चुङमाङको बाटोमा | कुटिकुटी हत्या | पु | माओवादी |
| ३ | रामजी थापा | मुगा-२ | समर्थक | | ०६१।३।१० | मुगा-२ | घाँटी रेटेर टाउको छुट्याएर हत्या | पु | माओवादी |
| ४ | रुद्रबहादुर लिम्बु | परेवादिन-२ | सा. सदस्य | | ०६१।८।२३ | सिदुवा | गोली हानी हत्या | पु | माओवादी |
| ५ | रामलाल मोक्तान | चुङमाङ-२ | समर्थक | ४४ बर्ष | ०६१।१२।१९ | घरछेउ सडकमा | काटेपछि गोली हानी हत्या | पु | माओवादी |
| ६ | केदार ताम्ली (लिम्बु) | मारेककटहरे-९ | समर्थक | | ०५८।८।१३ | वसन्तपुर | गोली हानी हत्या | पु | राज्य |
| ७ | नगेन्द्रकुमार राई | आँखिसल्ला-४ | समर्थक | | ०५८।५।२८ | घरमै | गोली हानी हत्या | पु | राज्य |
| ८ | कविबहादुर चेमजोङ लिम्बु | | राजारानी-१ | समर्थक | | | राजारानी-४ | | |
| | | गोली हानी हत्या | पु | राज्य | | | | | |
| **९. सुनसरी** | | | | | | | | | |
| १ | गोबिन्द दाहाल | भरोल-३ | इक सदस्य | | ०५९।३।७ | घरैमा | गोली हानी हत्या | पु | माओवादी |
| २ | लालबहादुर माझी | बराहक्षेत्र-४ | समर्थक | ३२ बर्ष | ०६२।१२।१३ | बयरवन | गोली लागेपछि उपचारका लागि काठमाडौ लगेको त्यतै मृत्यु | पु | क्रस फायरिङ |
| **१०. मोरङ** | | | | | | | | | |
| १ | खड्गबहादुर राई | रमिते-२ | वडाअध्यक्ष, गाक सदस्य | | | ०५९।६।८ | रमितेखोला | | |
| | | झो.पु.निर्माणस्थलबाट अपहरण गरि गोली हानी हत्या | | | | पु | माओवादी | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | हेमचन्द्र खनाल | उर्लावारी-४ | समर्थक | ००६।७ | ०६२।१२।९ | चोकबजार | बैङ्क आक्रमण हुँदा गोली लागी मृत्यु | पु | माओवादी |

**३. सगरमाथा अञ्चल**

**११. सोलुखुम्बु**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भोजराज बस्नेत | सोताङ-९ | शिक्षक | ३० बर्ष | २०६१।१।२४ | सोताङ | कुटीकुटी मारेको | पु | माओवादी |
| २ | प्रेमबहादुर राई | जुमिङ-२ | अखिल उपाध्यक्ष | | १९ बर्ष | ०६१।७।२८ | जुमिङ | | |
| | | कुटीकुटी मारेको | पु | माओवादी | | | | | |

**१२. खोटाङ**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मुक्सन किरात राई | लङ्ग्याङ-७ | अखिल रा. पार्षद | | ०५९।६।२४ | | दोर्पा-१, च्युरीडाँडा | | |
| | | २४ गते अपहरण २५ गते हत्या पु | | | माओवादी | | | | |
| २ | नुक्तराज ढुङ्गाना | विजयखर्क-३ | सं. सदस्य | | ०५९।५।१५ | विजयखर्क-३ | धारिलो हतियार प्रयोग गरी हत्या | पु | माओवादी |
| ३ | प्रभुनाथ भट्टराई | डम्वरखु शिवालय-१,कात्तिके | | जिक सदस्य | | ०६३।१।१३ | बेलवारी, मोरङ | | |
| | | गोली ठोकी हत्या पु | | राज्य | | | | | |
| ४ | दुर्गा कोइराला | चिसापानी-२ | सं. सदस्य | | ०६०।८।२१ | डम्वरखु | शिवालय-१,कात्तिके | | |
| | | गोली हानेर हत्या पु | | राज्य | | | | | |
| ५ | राजेन्द्रकुमार राई | रतन्छा-३ | समर्थक | ३४ बर्ष | ०५९।१।१७ | साप्सुखोला | माछा मार्दै गरेका बखत माओवादी ठानेर गोली हानी हत्या | पु | राज्य (एमाले) |
| ६ | रोशन राई | रतन्छा-३ | समर्थक | ११ बर्ष | ०५९।१।१७ | साप्सुखोला | माछा मार्दै गरेका बखत माओवादी ठानेर गोली हानी हत्या | पु | राज्य( एमाले) |
| ७ | गोबिन्दबहादुर राई | रतन्छा-३ | समर्थक | ३४ बर्ष | ०५९।१।१७ | साप्सुखोला | माछा मार्दै गरेका बखत माओवादी ठानेर गोली हानी हत्या | पु | राज्य (एमाले) |

**१३. ओखलढुङ्गा**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | उज्जनकुमार श्रेष्ठ (भुवन) | | पोकली-२ | समर्थक | ०२२।११।१५ | ०५५।३।१० | टारकेरावारी | | |
| | | गोली हानी हत्या पु | | माओवादी | | | | | |
| २ | गुरूप्रसाद लुइँटेल | फुलवारी-७ | शिक्षक | ०१९।३।१९ | ०६०।६।६ | बरुणेश्वर-१ | बरको रुखमा भुण्डचाएर | पु | माओवादी |
| ३ | गोठे मगर | जन्तरखानी-५ | वालक | १५ बर्ष | ०५८।९।२२ | जन्तरखानी, नलिडाँडा | विद्युतीय धराप | पु | माओवादी |
| ४ | कविता सुनुवार | पोकली-४ | समर्थक | | ०५८।१।२१ | घरैमा | सुन लुटेर- खुकुरी, छुरी प्रयोग गरेर | | |
| | हत्या | म | माओवादी | | | | | | |
| ५ | मस्ते तामाङ | मुलखर्क-५ | समर्थक | | ०६१।११।१० | घरैमा | पक्रेर गोली ठोकी हत्या | पु | माओवादी |
| ६ | भीलबहादुर कार्की | प्राप्चा-४ | समर्थक | ६१ बर्ष | ०५६।३।२६ | घरैमा | धारिलो हतियारले काटेर हत्या | पु | माओवादी |
| ७ | पदमबहादुर तामाङ | पाल्ले-८ | समर्थक | | ०५९।२।१२ | पाल्ले | गोली हानेर | पु | राज्य |
| ८ | लालमाया तामाङ | पोकली-६ | समर्थक | | ०५९।३।८ | घरैमा | पक्रेर गोली ठोकी हत्या | म | राज्य |
| ९ | त्रिपाल तामाङ | पोकली-६ | गाक सदस्य | | ०५९।३।८ | घरैमा | पक्रेर गोली ठोकी हत्या | पु | राज्य |

**१४. उदयपुर**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ध्रुवप्रसाद तिम्सिना | पञ्चावती-४ | सं.सदस्य | | ०५९।९।२२ | पञ्चावती | गोली हानेर हत्या | पु | माओवादी |

**१५. सिरहा**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | योगेन्द्रप्रसाद यादव | इनरवा-९ | इक सदस्य | | ०६१।१।६ | भगवानपुर हुलाके सडकबाट घरजाँदै गर्दा | गोली हानेर हत्या | पु | माओवादी |
| २ | पञ्चा मुखिया | बडहरामाल-७ | गाक सदस्य | ५१ बर्ष | ०६३।५।२६ | बडहरामाल, | कमलानदि किनारामा | | |
| | | घाँटी काटेर हत्या टाउको फेला परेन | | | पु | माओवादी | | | |
| ३ | वीरकुमार सिंह बेलदार | धनगढी-२ | समर्थक | | ०६०।५।१६ | धनगढी चोकमा | गोली हानेर हत्या | पु | राज्य |

**१६. सप्तरी**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | देवनारायण यादव | काचन-७ | वडाध्यक्ष, गाक सदस्य | | ३६ बर्ष | ०५९।५।९ | घरैमा गोली हानी हत्या | | पु माओवादी |
| २ | जनार्दनप्रसाद यादव | मेग्रडा-३ | सा.सदस्य, गाविस अध्यक्ष | | २००२ | ०६०।७।१२ | गाउँमा गोली हानी हत्या | | पु माओवादी |
| ३ | सियाराम झा | बेल्ही-३ | गाविस अध्यक्ष ४९ बर्ष | | ०६०।६।१ | बेल्ही | गोली हानी हत्या | पु | माओवादी |

**४. जनकपुर अञ्चल**

**१७. दोलखा**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बुद्धिमान पाखिन | ठूलोपाताल-१ | जिक सदस्य गाविस अध्यक्ष | ०२६।९।११ | ०५९।८।१७ | बावरे | काटेर, घोचेर बावरेमा मारेको लास सुनखानीको सित्कामा फाले | पु | माओवादी |
| २ | तिलकबहादुर केसी | च्यामा-४ | शिक्षक, इक सदस्य | ३५ बर्ष | ०६०।५।२९ | सहरे-६ | घाँटी सेरेर टाउको छिनालेर हत्या | पु | माओवादी |
| ३ | रामबहादुर घिसिङ | काटाकुटी-२ | इक सदस्य, गाविस उपाध्यक्ष | | ०५९।७।२९ | काटाकुटी-८ | घाँटी सेरेर हत्या | पु | माओवादी |
| ४ | मित्रमान तामाङ | भीमेश्वर-४ | नगर सभासद्, | | | ०५६।५।२६ | शैलुङ्गेश्वर | | |
| | | यातनापछि रुखमा भुण्डचाएर हत्या | | | पु | माओवादी | | | |
| | | | सं.सदस्य | | | | | | |
| ५ | सोबिन्द्रप्रसाद काफ्ले | जफे-६ | गाक सदस्य, शिक्षक | | ०६१।१।२७ | मैनापोखरी | बसमा यात्रा गरिरहेको बखत | पु | माओवादी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | गोली लागी मृत्यु | | |
| ६ | टीकाप्रसाद ढुङ्गेल | नाम्दु-३ | संगठित सदस्य | | ०६१।५।१२ | नाम्दु-३, डाँडागाउँ | विद्युतीय धरापमा परी मृत्यु | पु | माओवादी |
| ७ | चक्रबहादुर बुढाथोकी (भरत) | फस्कु-३ | एमाले शुभचिन्तक | | ०५५।१०।१ | घरैमा | हत्यारालाई पाहुना ठानी गुन्द्री बिछ्याउन निहुरिएको बेला खुकुरीले गर्धनमा छप्क्याएर हत्या | पु | माओवादी |
| ८ | शर्मिला सुनुवार | हावा-३ | समर्थक | | ०६१।१।२७ | मैनापोखरी | बसमा यात्रा गरिरहेको बखत गोली लागी मृत्यु | म | माओवादी |
| ९ | विष्णुमाया सुनुवार | हावा-२ | समर्थक | | ०६१।१।२७ | मैनापोखरी | बसमा यात्रा गरिरहेको बखत गोली लागी मृत्यु | म | माओवादी |
| १० | गुणमाया सुनुवार | हावा-३ | समर्थक | | ०६१।१।२७ | मैनापोखरी | बसमा यात्रा गरिरहेको बखत गोली लागी मृत्यु | म | माओवादी |
| ११ | दलमान थामी | आलम्पु-७ | पूर्व जिकस | | ०६२।२।२ | चरिकोट घरमा | गोली हानी हत्या | पु | माओवादी |
| १२ | मयानाथ फुयाल | च्यामा-४ | समर्थक | | ०५९।७।२८ | हलहले, लाँकुरी | यात्रुवाहक बस विद्युतीय धरापमा पर्दा मृत्यु | पु | माओवादी |
| १३ | पुष्पा जिरेल | जिरी-५ | बालक | ७ बर्ष | ०६०।११।३० | जिरी | जोतेको बारीमा बम खेलाउदा पड्केर मृत्यु | म | माओवादी |
| १४ | उद्धव शिवाकोटी | लामिडाँडा-६ | सं.सदस्य, शिक्षक | ३७ बर्ष | ०६१।५।१० | नाम्दु-६ | अपहरणपछि जिब्रो छेडेर गाउन र पैताला चिरेर नाच्न लगाउनेजस्ता यातनासहित रुखमा झुण्ड्याएर हत्या | पु | माओवादी |
| १५ | गायत्री पोखरेल | सुरी-७ | समर्थक | | ०५८।९।१ | घरैमा | माओवादी बसेको बेला एक्कारी बन्दुक पड्केर मृत्यु | म | माओवादी |
| १६ | दत्तबहादुर तामाङ | चिलङ्खा-६ | समर्थक | | ०५९।७।२८ | हलहले, लाँकुरी | यात्रुवाहक बस विद्युतीय धरापमा पर्दा | पु | माओवादी |
| १७ | नरबहादुर भुजेल | सुरी-३ | समर्थक | | ०५९।२।८ | सुरी-३ | गोली हानेर हत्या | पु | राज्य |
| १८ | श्यामकाजी श्रेष्ठ | सुरी-३ | समर्थक | | ०५९।२।८ | सुरी-३ | गोली हानेर हत्या | पु | राज्य |
| १९ | हरिशंकर भण्डारी | मेलुङ-७ | समर्थक | | ०६०।११।११ | घरैमा | गोली हानेर हत्या | पु | राज्य |
| २० | परशुराम राउत | भीनपा-२ | समर्थक | | ०५९।१।४ | भीनपा-२ | हुलाक बोकेर हिडिरहेको बेला गोली हानेर हत्या | पु | राज्य |

**१८. रामेछाप**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रकाशकुमार आले | तिल्पुङ-५ | सा. सदस्य | ४८ बर्ष | ०५९।५।१७ | अल्छेचौतारो, तिल्पुङ्ग | समातेर गोली हानी हत्या | पु | माओवादी |
| २ | झपडबहादुर बुढाथोकी | तिल्पुङ्ग-२ | इक सदस्य | ४८ बर्ष | ०५९।५।१८ | हलेदे, तिल्पुङ | समातेर गोली हानी हत्या | पु | माओवादी |
| ३ | गणेशकुमार श्रेष्ठ | साँघुटार-१ | सं.सदस्य | ०१४।१०।२० | ०५९।८।६ | घँगरबोटे, साँघुटार | समातेर गोली हानी हत्या | पु | माओवादी |
| ४ | पुष्करबहादुर चौहान | पकरवास-६ | इक सदस्य, वडाध्यक्ष | ०१३।६।१५ | ०६०।५।१४ | आँगेटार, माकादुम | कब्जामा लिएर, दुवै आँखा फुटाएर पाता फर्काएर कुटिकुटी मारेपछि लासमा गोली हानेको | पु | माओवादी |
| ५ | डम्बरबहादुर घिसिङ तामाङ | गुन्सी-४ | समर्थक | ३६ बर्ष | ०६०।६।४ | कानपुर-३, काभ्रे | घाँटी रेटेर झुण्डचाइएको | पु | माओवादी |
| ६ | नवीन कार्की | चुचुरे-२, धौले | बालक | १२ बर्ष | ०६०।११।१८ | धौले, चुचुरे-२ | खेलाउँदा बम पड्केर मृत्यु | पु | माओवादी |
| ७ | नदीप कार्की | चुचुरे-२, धौले | बालक | ९ बर्ष | ०६०।११।१८ | धौले, चुचुरे-२ | खेलाउँदा बम पड्केर मृत्यु | पु | माओवादी |
| ८ | खड्गबहादुर कार्की | बेताली-६ | समर्थक | ०३४।१।३ | ०६१।१।२७ | मैनापोखरी, दोलखा | बसमा गोली लागेर मृत्यु | पु | माओवादी |
| ९ | मुकुन्द खत्री के.सी. | चनखु-५ | सर्वसाधारण | २५ बर्ष | ०६१।१।२७ | मैनापोखरी, दोलखा | बसमा गोली लागेर मृत्यु | पु | माओवादी |
| १० | लक्ष्मी कार्की | रस्नालु-५ | समर्थक | २८ बर्ष | ०६१।५।२१ | मैनापोखरी, दोलखा | विद्युतीय धरापमा परी मृत्यु | म | माओवादी |
| ११ | इमानसिंह तामाङ | नागदह-९ | समर्थक | ०३१।२।१० | ०६२।४।३१ | पाल्ले, कठजोर-४ | समातेर कुटिकुटी हत्या | पु | माओवादी |
| १२ | जाङ्बु शेर्पा | गुम्देल-३, तेह्रिम | बालक | ११ बर्ष | ०६२।८।२६ | आफ्नै घरमा | खेलाउँदा बम पड्केर मृत्यु | पु | माओवादी |
| १३ | तालबहादुर बस्नेत | बाम्ती-८ | विद्यार्थी | ०४७।७।८ | ०६३।९।६ | आफ्नैघर, बाम्ती | खेलाउँदा बम पड्केर मृत्यु | पु | माओवादी |
| १४ | भीमबहादुर महत | बिजुलीकोट-८ | शुभचिन्तक | | ०५९।५।१६ | मावि प्राङ्गण | ढुङ्गाले किचेर, त्रिशुलले घोचेर | पु | माओवादी |
| १५ | उत्तरबहादुर ढुङ्गेल | कठजोर-८ | शुभचिन्तक | ७२ बर्ष | ०५९।५।१९ | साउनेपानी, कठजोर | ढुङ्गाले किचेर | पु | माओवादी |
| १६ | सुष्मिता कार्की | ठोसे, बिरौटा | बालिका | ७ बर्ष | ०६१।८।२४ | बिरौटा, ठोसे | क्रस फायरिङमा परी मृत्यु | म | क्रस फायरिङ्ग |
| १७ | शिवहरि आछामी | भटौली-२ | सा.सदस्य | १८ बर्ष | ०५८।९।२६ | भटौली, मुगिटार | टाढैबाट गोली हानी हत्या | पु | राज्य |
| १८ | राजु पौडेल | भलुवाजोर-५ | समर्थक | २१ बर्ष | ०५९।१।१६ | रामेछाप-२ | समातेर गोली हानी हत्या | पु | राज्य |
| १९ | भुपाल थोकर | रामेछाप-२ | समर्थक | २७ बर्ष | ०५९।१।१६ | भलुवाजोर-६ | समातेर गोली हानी हत्या | पु | राज्य |
| २० | तीर्थराज पौडेल | सैपु-४ | समर्थक | २७ बर्ष | ०५९।३।८ | ढाँडे, सैपु | टाढैबाट गोली हानी हत्या | पु | राज्य |
| २१ | पदम तामाङ | सैपु-१ | समर्थक | ३६ बर्ष | ०५९।५।२४ | पोकु, सैपु-१ | टाढैबाट गोली हानी हत्या | पु | राज्य |
| २२ | मीनबहादुर दमाईं नेपाली | गोठगाउँ-७ | समर्थक | ५७ बर्ष | ०५९।५।३१ | च्युरीपाखा, साँघुटार | समातेर गोली हानी हत्या | पु | राज्य |
| २३ | अर्जुनबहादुर महत | बिजुलीकोट-८ | समर्थक | २५बर्ष | ०५९।६।२४ | सिमलबोटे, विजुलीकोट | समातेर गोली हानी हत्या | पु | राज्य |
| २४ | राजकुमार केसी पौडेल | देउराली-९ | संगठित सदस्य | ४३ बर्ष | ०५९।७।७ | सालु गाविस, ढुङ्गेछाप | समातेर गोली हानी हत्या | पु | राज्य |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २५ | रामजी श्रेष्ठ | देउराली-९ | सा.सदस्य,वडा सदस्य | ३४ बर्ष | ०५९।७।७ | सालु गाविस | समातेर गोली हानी हत्या | पु | राज्य |
| २६ | नेत्रबहादुर कार्की | देउराली-८ | सा.सदस्य | ४९ बर्ष | ०५९।७।७ | सालु गाविस | समातेर गोली हानी हत्या | पु | राज्य |
| २७ | टेकबहादुर बस्नेत | देउराली-१ | समर्थक | ३० बर्ष | ०५९।७।७ | सालु गाविस | समातेर गोली हानी हत्या | पु | राज्य |
| २८ | दुर्गाबहादुर बस्नेत | देउराली-१ | सा.सदस्य | ३६ बर्ष | ०५९।७।७ | सालु गाविस | समातेर गोली हानी हत्या | पु | राज्य |
| २९ | लोकबहादुर भुजेल | देउराली-१ | समर्थक | ६२ बर्ष | ०५९।७।७ | सालु गाविस | समातेर गोली हानी हत्या | पु | राज्य |
| ३० | दयानारायण श्रेष्ठ | तिल्पुङ-९ | शिक्षक, सं.सदस्य | ४२ बर्ष | ०५९।७।१५ | तिल्पुङ्ग-२ | समातेर गोली हानी हत्या | पु | राज्य |
| ३१ | लालबहादुर तामाङ | बिजुलीकोट-४ | समर्थक | ४२ बर्ष | ०५९।८।९ | चित्रेभञ्ज्याङ्ग, नागदह | टाढैबाट गोली हानी हत्या | पु | राज्य |
| ३२ | वीरबहादुर तामाङ | बिजुलीकोट-४ | समर्थक | १७ बर्ष | ०५९।८।९ | पैयुँबोट, नागदह | टाढैबाट गोली हानी हत्या | पु | राज्य |
| ३३ | टेकराज घिसिङ | ओखेनी-१ | समर्थक | १९बर्ष | ०६०।९।२७ | सालुपाटी, सालु | टाढैबाट गोली हानी हत्या | पु | राज्य |
| ३४ | धावा तामाङ लामा | फुलासी-६ | समर्थक | ६५ बर्ष | ०६१।११।१५ | फुलासी-६, | टाढैबाट गोली हानी हत्या | पु | राज्य |

**१९. सिन्धुली**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | रत्नबहादुर बाइवा | पिपलमाडी-९ | वडा सदस्य | ५० बर्ष | ०६१।१०।२४ | पिपलमाडी-९ | विद्युतीय धरापमा परी मृत्यु | पु | माओवादी |
| २ | कृष्णहरि दाहाल | सिन्धुली, बेलघारी-२ | कर्मचारी (वन सुरक्षा गार्ड) | ३० बर्ष | ०६०।९।१९ | रौतहट जंगल | गोली हानी हत्या | पु | माओवादी |
| ३ | विष्णु सुनुवार | कमलामाई नपा-३ | समर्थक | २७ बर्ष | ०५९।१।१० | कमलामाई | गोली हानेर हत्या | पु | राज्य |
| ४ | बलबहादुर रम्तेल | तीनकन्या-७ | समर्थक | | ०६०।११।२ | तीनकन्या, धापचौकी | गोली हानेर हत्या | पु | राज्य |
| ५ | ज्ञानबहादुर रम्तेल | तीनकन्या-७ | समर्थक | | ०६०।११।२ | तीनकन्या, धापचौकी | गोली हानेर हत्या | पु | राज्य |
| ६ | गंगाइ धामी | दुधौली-३ | सं.सदस्य, गाविस पिएन | | ०५९।१।१२ | उदयपुर ब्यारेक | ०५९।१।१० मा पक्राउ हत्या मिति थाहा भएन । लास बेपत्ता | पु | राज्य |

**२०. सर्लाही**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गजेन्द्र राय (डमरी) | वसन्तपुर-८ | समर्थक | २२ बर्ष | ०६१।२।१९ | गाउँमै | गोली हानेर हत्या | पु | राज्य |
| २ | पदमबहादुर विश्वकर्मा | परवानीपुर-२ | गाक सदस्य | | ०५५।११।६ | सिन्धुली | खेत जोतिरहेका बेला गोली हानी हत्या | पु | राज्य |
| ३ | शंकर साहनी | अचलगढ-८ | गाक सचिव | | ०६०।६।२५ | गडैया चौकी | खाल्टो खन्न लगाई जिउँदै पुरेर हत्या | पु | राज्य |
| ४ | रामेश्वर साहनी | अचलगढ-५ | गाक सदस्य | | ०६०।६।२५ | गडैया चौकी | खाल्टो खन्न लगाई जिउँदै पुरेर हत्या | पु | राज्य |

२१. **महोत्तरी** : एकजना पनि मारिनु परेन ।

**२२. धनुषा**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जगतनारायण साह | भुटहीपटेर्वा-२ | गाक सदस्य, गाविस अध्यक्ष | ४७ बर्ष | ०६२।१।२४ | निवास | काटेर गोली हानी हत्या | पु | माओवादी |
| २ | विष्णुदेव महतो | नौवाखोर-२ | | | ०५७।१०।२७ | लौवाखोर, परासी | | पु | माओवादी |

## ५. वागमती अञ्चल

**२३. रसुवा**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भीमलाल हिराचन | धुञ्चे-५ | पूर्व अञ्चल समन्वय कमिटी, सदस्य | | ०६०।१।२७ | सरमथली-७ | घाँटी सेरेर टाउको अलग गरेर फालिएको | पु | माओवादी |

**२४. नुवाकोट**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | देवराज न्यौपाने | कुमरी-४ | गाक सदस्य | ३० बर्ष | ०५९।७।२८ | कुमरी | खुकुरी प्रहारबाट छियाछिया पारी बिभत्स हत्या | पु | माओवादी |
| २ | धनसिंह तामाङ | बुङ्ताङ-७ | जिक सदस्य | ५३ बर्ष | ०६०।११।४ | बुङ्ताङ | घाँटी सेरेर हत्या | पु | माओवादी |
| ३ | नवराज ढकाल | बागेश्वरी-४ | इक सदस्य | ३४ बर्ष | ०६१।२।१ | सुन्दरादेवी | घाँटी सेरेर बाटामाथि गिड र बाटामुनि टाउको फाले । संगै अपहरण गरेको साथीलाई कुटेर अचेत पारेपछि उँधोमुण्टो पारेर भुण्डचाएर तलवाट ठूलो भाँडामा पानी तताएर मासु फत्फति भारेर क्रुरतापूर्वक हत्या गरे । | पु | माओवादी |
| ४ | हिरा थापा | समुद्रटार-२ | समुद्रटार-२ | | ०६२।२।८ | समुद्रटार | पक्रेर गोली हानी हत्या | पु | राज्य |
| ५ | खेतप्रसाद लामिछाने | बागेश्वरी-३ | समर्थक | २० बर्ष | ०५८।८।२३ | बागेश्वरी- | गोली हानी हत्या | पु | राज्य |

**२५. सिन्धुपाल्चोक**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ज्ञानेन्द्र खड्का | ज्यामिरे-३ | जि.प्रचार विभाग सदस्य | ३३ बर्ष | ०६०।५।२१ | ज्यामिरे- | पाता फर्काएर भलिबलको पोलमा बाँधेर घाँटी सेरेर हत्या | पु | माओवादी |
| २ | युक्तबहादुर अधिकारी | थाङपालधाप-७ | इक सदस्य | | ०६०।११।१६ | थाङ्पालधाप | खुकुरीले टाउको गिडेर हत्या । लासको काखीमुनी टाउको राखेको | पु | माओवादी |
| ३ | गंगाबहादुर सुवेदी | राम्चे-४ | इक सदस्य, गाविस उपाध्यक्ष | | ०५६।२।१४ | राम्चे-४ | अपहरणपछि काटेर हत्या | पु | माओवादी |
| ४ | आसपाल तामाङ | महाङ्काल-२ | समर्थक | | ०५७।१०।२५ | महाङ्काल | दाउराको चिर्पटले हिर्काएर मारेको | पु | माओवादी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | रेशमबहादुर बानियाँ | कुञ्चोक-८ | अनेकिसं उपाध्यक्ष | | ०५९।६।१६ | | कुञ्चोक- घाँटी सेरेर हत्या | पु | माओवादी |
| ६ | क्षेत्रबहादुर ढकाल | बराम्ची-१ | समर्थक | | ०५९।२।५ | बराम्ची | घाँटी सेरेर हत्या | पु | माओवादी |
| ७ | विशाल लामा तामाङ | ठूलोपाखर-३ | अखिल प्राक सदस्य | | | ०६३।२।२६ | ठूलोपाखर कुटिकुटी मारेर गाडेको | पु | माओवादी |
| ८ | अशोककुमार लामा | हैबुङ-६ | युवासंघ इलाक सदस्य | | | ०६०।७।२८ | हैबुङ गोली हानेर हत्या | पु | राज्य |
| ९ | दीपबहादुर घले | मेलम्ची-९ | युवासंघ क्षेत्रीय सदस्य | | | ०५९।१।४ | मेलम्ची गोली हानेर हत्या | पु | राज्य |
| **२६.** | **काभ्रेपलाञ्चोक** | | | | | | | | |
| १ | बलराम सापकोटा | पाँचखाल-९ | इलाका सचिव | | ०५८।७।२ | पाँचखाल | अपहरणपछि हत्या | पु | माओवादी |
| २ | कृष्णप्रसाद सापकोटा | रयाले-३ | पूर्व जिक सदस्य | | ०५९।५।३१ | कुसादेवी | घाँटी सेरेर छुट्ट्याएर हत्या | पु | माओवादी |
| ३ | सिंहवीर तामाङ | रयाले-१ | सा.सदस्य | ४२ बर्ष | ०५९।६।१ | भुमेडाँडा | घाँटी सेरेर हत्या | पु | माओवादी |
| ४ | गोपाल रायमाझी | भिमखोरी-५ | गाक सचिव | ४३ बर्ष | ०६१।११।२५ | भिमखोरी | घाँटी सेरेर हत्या | पु | माओवादी |
| ५ | सनत श्रेष्ठ | छत्रेवाझ-१, दाप्चा | समर्थक | २५ बर्ष | ०६०।१।१ | छत्रेबाझ | गोली प्रहार गरी हत्या | पु | माओवादी |
| ६ | श्रीबहादुर कुँवर | चौवास-९ | सा. सदस्य | | ०५५।४।२४ | घरछेउ खोल्सामा | गोली प्रहार गरी हत्या | पु | माओवादी |
दैलेखका अपाङ्ग शिक्षक लक्ष्मण गिरीलाई चन्दा नदिएबापत हत्या गरे । रोल्पाका अनिल पुनलाई तरबार प्रहार गरी हत्या गरे । जग्गाकब्जा गरी हत्या गरिएकामा रुकुमका बलबहादुर पुन र बर्दियाका कमल स्वाँर रहेका छन् । उल्लिखित व्यक्तिको हत्यापछि सम्पूर्ण सम्पत्ति र जेथा कब्जा गरेका थिए ।

रुकुममा चार जनाको प्रेस विज्ञप्ति जारी गरेर हत्या गरेका थिए । रोल्पाका शान्ति सुनारलाई आगजनी गरी हत्या गरे । सोलुखुम्बुका घनश्याम निरौला र लमजुङका मुक्तिनाथ अधिकारीलाई रुखमा झुण्ड्याई हत्या गरे । रामेछापका गोविन्द खड्का र लोकबहादुर तामाङलाई ढुङ्गाले किची हत्या गरे । कुमार थापा र रामशरण खत्रीको यातनापछि हत्या गर्न नदीमा बगाइदिए । असल सिंह तामाङलाई त यातनापछि जिब्रो काटी, पैताला खोपी गाउन र नाँच्न लगाई हत्या गरे । नोखराज गौतमलाई मट्टितेल खन्याई आगो लगाई गोली हानेर हत्या गरेका थिए । जुम्लाका मनप्रसाद उपाध्यायको जिब्रो काटी हत्या गरेका थिए ।

धादिङका मोतीराम सिलवालको घाँटी सेरेर र दाङका तारानाथ योगीको क्रियापुत्री बसेका बेला हत्या गरे । रोल्पामा ११ महिनाकी जसमायाँ पुनको पनि उनीहरूले हत्या गरे । प्यूठानका खिमबहादुर जिसी, दाङका धर्मबहादुर बुढाथोकीको छुरा प्रहार गरी हत्या गरे । भोजपुरका धर्मप्रसाद तिवारी र महेन्द्रकुमार राईलाई परिवारको अगाडि देवस्थानमा लगी गोली हानेर हत्या गरे ।

माओवादीबाट गोली प्रहार गरी हत्या गरिएका १ सय ७९ जना रहेका छन् । खुकुरी प्रहारबाट मारिएका १ सय २२ जना छन् भने ३ सय ५० जनाजतिको घटना प्रकृति खुलेको छैन । नेपाली काङ्ग्रेसप्रति आस्थावान् रहेकै आधारमा माओवादीबाट बलिवेदीमा चढाइएकी यी प्रतिनिधि पात्रहरू हुन् । माओवादीको यो शैली अझै कायम छ र पछिल्लोपल्ट ताप्लेजुङका रमा हाङगामलाई हिंस्रक धारिलो हतियार प्रहार तथा पिस्तोलबाट गोली प्रहार गरी ०६६ कात्तिक ९ गते हत्या गरियो । माओवादी हिंस्रक भएकै कारण सरकार, नागरिक समाज, मानवअधिकारवादी र राजनीतिक दलहरू सबै डराएको प्रस्ट छ । यो शृंखलाको अविलम्ब अन्त्य गर्नु जरुरी छ । माओवादीको हिंस्रक हमलाको निशाना अब कोही पनि हुन नपरोस् । हामी पीडितको यही कामना छ ।

*(आरण, नेपाली काङ्ग्रेस शान्ति प्रक्रिया एवम् द्वन्द्वपीडित अनुगमन तथा समन्वय समितिका केन्द्रीय सदस्य हुनुहुन्छ ।)*

# संस्थागत निर्णयको आधारमा अघि बढ्न आग्रह

नेकपा (एमाले) केन्द्रीय सचिवालयका सचिव युवराज ज्ञवालीले एक विज्ञप्ति प्रकाशित गर्दै संविधानसभा सम्बन्धमा पार्टीले गरेको संस्थागत निर्णयबारे कुनै भ्रममा नपर्न आह्वान गर्नुभएको छ । उहाँले ९ जेठ २०६६ मा जारी गर्नुभएको उक्त विज्ञप्तिमा वरिष्ठ नेता तथा वर्तमान सरकारका प्रधानमन्त्री कमरेड माधवकुमार नेपालद्वारा जेठ ७ गते नर्वेली वातावरण तथा विकासमन्त्री एरिक सोल्हेमसँग त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भएको भेटवार्तापछि संवाददाताहरुसँग, 'पहिले त म संविधानसभाको पक्षमा पनि होइन । माओवादीहरुलाई खुसी पार्न राम्रो हुन्छ भने ठिकै हो भन्ने मान्यता बोकेको मान्छे हुँ । नभए त मैले संविधानसभा होइन अर्को माध्यमबाट पनि संविधान बनाउन सकिन्छ भन्ने प्रस्ताव राखेकै पनि हो', भनी अभिव्यक्त कुराले आम नेपाली जनसमुदाय र पार्टीमा गम्भीर किसिमको भ्रम सिर्जना भएको जनाउनुभएको छ ।

उहाँले नेपालको प्रजातान्त्रिक र वामपन्थी आन्दोलनमा २००६ सालदेखि नै जनताले आफ्नो संविधान आफैं बनाउनुपर्छ भन्ने मान्यता अघि बढ्दै आएको हो । यो कुनै एउटा पार्टीको माग नभएर कम्युनिस्ट र काङ्ग्रेस सबै लोकतान्त्रिक पार्टीहरुको माग हो । मुलुकको शक्ति सन्तुलनको अवस्था र तत्कालीन विशिष्ट परिस्थितिअनुसार कहिले यो विषय मुख्य राजनीतिक मागको रुपमा अगाडि आयो भने कहिले यसभन्दा अर्को विषय प्रमुख माग बनेको बेला छायामा पर्‍यो । तर पनि, जनताले आफ्नो संविधान आफैं बनाउन नसक्दासम्म जनताको आन्दोलनबाट प्राप्त सीमित अधिकारहरु बारम्बार खोसिने र राजाको निरङ्कुशता दोहोरिंदै जाने अवस्था नेपाली राजनीतिमा कायम रह्यो । त्यसैले खासगरी तत्कालीन राजा ज्ञानेन्द्रको प्रतिगमनपछि संविधानसभासँगै राजतन्त्रको अन्त्य गर्नुपर्ने विशिष्ट परिस्थिति उत्पन्न भयो । त्यसबेलाको परिस्थितिको विश्लेषणको आधारमा नेकपा (एमाले)ले संविधानसभा र लोकतान्त्रिक गणतन्त्रको मागलाई प्रमुख नाराको रुपमा एकैसाथ उठाएको थियो । यस विषयलाई व्यापक छलफलपछि पार्टी केन्द्रीय कमिटीले पारित गरेको थियो । त्यस्तै, त्यसबेला राजाको निरङ्कुशताविरुद्ध सङ्घर्षरत सात राजनीतिक पार्टीहरुले यो विषयलाई साझा नाराको रुपमा अघि बढाएका थिए । त्यसैले यो विषय नेकपा (माओवादी)को मात्र नभई नेकपा (एमाले) लगायत अन्य पार्टीहरु र नेपाल राष्ट्रको समेत साझा विषय बनेको वास्तविक यथार्थलाई नबिर्सन व्यक्तव्यमा भनिएको छ ।

# झपडबहादुर बुढाथोकी

**❑ जगदीश घिमिरे**

२०५७ सालसम्म चरिकोट फेदीको तामाकोसीको नयाँ पुलसम्म मात्रै मोटर जान्थ्यो । पछि खिम्ती जलविद्युत् आयोजनास्थल किर्नेटारसम्म पुग्यो । अब मन्थलीभन्दा पर पुग्छ । मैले रामेछापमा पूरा समय दिएर काम गरेका वर्षहरुमा म अनगिन्ती पटक पहिले नयाँ पुल र पछि किर्नेटारसम्म मोटरमा र त्यसपछि हिंडेर मन्थली गएको छु ।

तामाकोसी किनारको त्यो पट्यारलाग्दो गोरेटोमा मलाई एउटा दृश्यले सधैं आकर्षित गर्थ्यो । त्यो थियो- मन्थलीभन्दा तीन किलोमिटर वर हलेदे बिसीमा बाटामुनिको यौटा घरको धुरीमा फरफराइरहेको हँसिया-घनअङ्कित झन्डा । लाग्थ्यो- यौटा सक्कली कम्युनिस्ट त्यहाँ रहेछ । त्यो झन्डा बहुदल आएदेखि २०५९ साल भदौ १८ गते माओवादीले झपडबहादुर बुढाथोकीको हत्या नगरेसम्म अटुट फरफरायो ।

उनको शव घरभन्दा तीन सय मिटर पर पाइयो । जिउमा तीन गोली लागेका थिए । घटनास्थलमा माओवादी सेनाका लुगाका टुक्रा र जुत्ता फेला परेका थिए, जसबाट अनुमान गर्न सकिन्थ्यो- उनले माओवादीहरुसँग अन्तिम साससम्म सकेको सङ्घर्ष गरे । उनी जन्ड मिजासका थिए । आखिर उनी पनि उनलाई मार्ने नव कम्युनिस्टभन्दा पुराना र खारिएका कम्युनिस्ट थिए । माओवादी थिएनन्, तर कम्युनिस्ट धर्म नमान्ने 'काफिर' वा विधर्मी पनि थिएनन् ।

झपडसँग मेरो परिचय यसरी भयो-

यौटा यात्रामा म थरक मार्न र चिया खान झपडको पसलमा बसें । चिया बनाउँदै गर्दा उनले भने- 'तासेसले जिल्लाभरि खानेपानी बनाउँछ, यो गाउँलाई हेर्दैन । कोसीको पानी खाँदाखाँदा झाडाबान्ता लागेर मर्न लागियो । कति केटाकेटी मरिसके । बर्खाभरि बाढीको लेदो खानुपर्छ । कैलेकाहीं त मान्छेको लास पनि लगिराखेको हुन्छ । ती सिनु र लासलाई पन्छाएर खानेपानी भर्नुपर्छ । म एमाले भएकाले मेरो निवेदनलाई सौताको छोरोजस्तो गरेको तपाईंहरुले ?'

मैले सोधें, 'के तासेसले काङ्ग्रेस-गाउँमा मात्रै काम गर्छ ?'

'त्यो त गर्दैन', उनले भने ।

'के तासेसले काङ्ग्रेसका लागि मात्रै खानेपानी बनाएको छ ?'

'त्यो पनि छैन ।'

'अनि किन त्यसो भनेको त ?', मैले भनें ।

'हामीले निवेदन हालेको यतिका भै'सक्यो । तासेसले केही पनि गरेको छैन ।'

मैले भनें, 'मैले तपाईंहरुको मुहान हेरिसकें । राम्रो छ । सिँचाइ नै बनाउन पनि पुग्ने पानी छ । तर, हामीकहाँ तपाईंको जस्तै कोसीको पानी खाने सिन्धुको सिमानाका सित्खा र डब्खा घाटदेखि ओखलढुङ्गाको सिमानाका नवलपुरसम्म सुनकोसी किनारका पन्ध्र कोसका माझीगाउँहरुका निवेदन परेका छन् । त्यसैगरी, खिम्तीदेखि बेनीघाटसम्म तामाकोसी किनारका छ कोसका माझीगाउँका निवेदनहरु पनि तपाईंहरुभन्दा धेरै पहिले परेका छन् । ती माझीगाउँका निवेदनलाई प्राथमिकता दिऊँ कि तपाईंहरुलाई ?'

'हाम्रो गति माझीहरुको भन्दा के गतिलो छ र ?' उनले भने ।

'तपाईंहरु अलि जाली-फटाहा हुनुहुन्छ । अहिले भर्खरै मसँग फटाहा कुरा गरेको कबोल गर्नुभयो ।'

'के कुरा ?' उनी चकित भए ।

'तपाईं एमाले भएकाले हामीले तपाईंहरुको खानेपानी नबनाएको भनेको होइन ?'

'त्यो त त्यसै भनेको', उनले टार्न खोजे ।

'तपाईंले साँच्चै गरेको फटाइँ पनि भनिदिऊँ ?' मैले भनें ।

'मैले त त्यस्तो केही फट्याइँ गरेको छैन । म कम्युनिस्ट हुँ । म हाक्काहाक्की साँच्चासाँच्ची कुरा मात्रै गर्छु', उनले सगर्व भने ।

'आफूलाई सबैले त्यसै भन्छन् । के तपाईंले यो दोबाटोको पसलमा बसेर चिया खाने सबैलाई सधैंभरि तासेसले म्याद गुज्रेको, सडेको ओखती बाँड्छ भनेको होइन ? के जगदीश घिमिरेले काङ्ग्रेसी डाक्टर मधु घिमिरे ल्याएर गाउँगाउँमा स्वास्थ्य शिविर राखेर म्याद गुज्रेको ओखती दिन्छ, काङ्ग्रेसको प्रचार र सङ्गठन गर्छ भनेको होइन ?'

'त्यो त चुनावका बेलामा भनेको कुरा पो त । आफ्नू उम्मेदवार कमरेडलाई जिताउन अलिअलि त गर्नैपर्छ, सर', उनले स्वीकार गरे ।

'चुनावको बेला पनि, चुनाव नभएको बेला पनि तपाईंले जानीजानी खराब नियतले पूरा झुटो प्रचार गरेको हो कि होइन ?' मैले भनें ।

'त्यसका लागि म माफी चाहन्छु', उनी गले ।

'अहिले माफी मागेर के हुन्छ ? भोलि फेरि त्यसै भनिहाल्नुहुन्छ । किनभने म तपाईंको कमरेड होइन । तपाईंका धेरै कमरेडहरु यस्तै झुटो प्रचार गर्छन् ।'

'मबाट अब कहिल्यै त्यस्तो हुँदैन, विश्वास गर्नुस्', उनले भने ।

'हेर्नुस्, हामी खसहरुमा सयकडा पचहत्तर जाली-फटाहा छौं । खसहरु खानेपानी बनाउनुभन्दा पहिले जे पनि गर्छौं भन्छन्, बनाउन थालेपछि केही पनि गर्दैनन् । माझीहरुमा सयकडा दस मात्रै जाली-फटाहा छन् । माझीगाउँको काम नसकीकन तपाईंको पालो आउँदैन । त्यसमाथि दाताले दिनुपर्‍यो । तपाईंका कमरेडहरु हामीलाई अमेरिकन सीआईएका एजेन्ट हुन्, तिनीहरुसँग पैसा नलेऊ भन्छन् ।'

'तिनले भनेर हुन्छ ? यहाँ आएर खाऊन् न लास र सिनु पन्साएर कोसीको लेदो पानी, अनि के भन्दा रहेछन् हेरौंला !' उनले भने ।

पालो आएपछि तासेसले झपडलाई नै अगुवा बनाएर हलेदेमा सिंचाइ र खानेपानी बनायो । हलेदेलगायत पूरै तिलपुङ गाविसलाई कार्यक्षेत्र बनाएर कृषि स्वास्थ्य, बचत-ऋण सहकारी, साक्षरता, महिला परिचालन र शिक्षा आदिका एकीकृत विकासको प्याकेजका कार्यक्रम पनि थाल्यो । यी काममा झपड स्वयम्सेवी अगुवा भए । हाम्रो काम गर्ने मेलो मन परेर उनले तासेसको सदस्य हुने चाहना गरे, बनायौं । उनी तासेसका सबै कार्यक्रम र बैठकहरुमा नियमित उपस्थित हुन्थे र जानेको योगदान गर्थे । उनी एमालेका राजनीतिक कार्यकर्ताका साथै गतिला सामुदायिक विकास कार्यकर्ता पनि भए ।

उनी निकै गरिब किसान थिए । उनलाई सधैं आफ्नै कामको चापाचाप हुन्थ्यो । तैपनि गाउँको विकासको काममा पूरा समय दिन्थे । कुनै पनि गाउँका विकासको मेलो बुझ्न चाख भएको र इमानदारीपूर्वक काम गर्न प्रतिबद्ध सहयोगी कार्यकर्ता छैन भने त्यस गाउँमा सफलताभन्दा बढी असफलता पाइन्छ । त्यस ठाउँको विकास गर्ने झपडको दृढ लगन र प्रतिबद्धताका कारण नै हामीले त्यहाँ काम गरेका थियौं ।

हलेदेमा सबै काम राम्रोसँग सम्पन्न भए । तर, झपड र उनका दाजु मीनबहादुरबाहेक अरु कुनै किसानले पनि तरकारी खेती गरेर आम्दानी बढाएनन् । बाह्रै महिना सिँचाइ गर्ने पानी भए पनि धान र मकै मात्रै लगाए । त्यहाँका अरु खसहरुले अल्छी गरेर आफैंलाई ठगे ।

कट्टर एमाले भए पनि झपडले ०५६ सालको चुनावअघि मसँग भने, 'सर, यसपालि टिकट लिएर आउनुस् ।'

'टिकट ल्याएर के गर्नु ? तपाईंको पार्टीले लक्ष्मण घिमिरेलाई हराएको जस्तो मलाई पनि हराइदिहाल्छ नि !' मैले भनें ।

'तपाईं लक्ष्मण घिमिरे हो र हराउन सक्छ ? म र मजस्ता धेरै एमाले कार्यकर्ताले तपाईंको समर्थन गर्छन् । म त खुलेरै लाग्छु । पार्टीले कारबाही गरे जान्छु काङ्ग्रेसमा । आफ्ना सबै साथीहरु लिएर विद्रोह नै गरे पनि मजत्तिको कार्यकर्तालाई एमालेले गुमाइहाल्दैन । तपाईंभन्दा यो जिल्लामा बढी विकास गरेको अरु कोही उम्मेदवार बनाओ अनि त्यसलाई समर्थन गर्छु भन्छु । को छ र त्यस्तो ? क्वै छैन र त त्यो अड्को थाप्छु भनेको', उनले भने ।

न मैले कहिल्यै टिकट ल्याएँ, न उनले कहिल्यै एमाले छाडे ।

झपड लामा कपाल र दारी पाल्थे । मैलाधैला किसान, सानु काँटका, कार्लमार्क्सजस्ता देखिन्थे । ठेलाले पुरिएको हत्केला उनको कठोर परिश्रमका साक्षी थिए । मारिँदा अठ्चालीस वर्षका थिए । उमेरमा भारत गएर काम गरेका थिए र उहीँ कम्युनिज्मको दीक्षा लिएर आएका थिए । उनी सदैव कट्टर कम्युनिस्ट रहे । उनको के अपराध थियो, सार्वजनिक भएन । एमालेले काठमाडैँमा उनको शोकसभा गऱ्यो । आयोजकहरुले त्यसमा राख्न मसँग उनको फोटो मागे । दिएँ ।

रामेछापमा सेनातिरबाट कुख्यात दोरम्बा घटनालगायत अनेकौँ हत्या भए । मारिनेहरु यातना र गोलीको सिकार भए भने घाइते हुनेहरु र पक्राउ पर्नेहरु कुटपिट र अनेकथरिका यातनाका सिकार भए ।

कुन पक्षले कति अचाक्ली गऱ्यो, त्यसको वास्तविकता चाहिँ गर्ने र गरिनेलाई मात्र थाहा हुन्छ । उनै कारणीले गरेको वर्णन पनि यथार्थभन्दा घटीबढी हुन्छ, सायास वा अनायास । दुवैतर्फबाट गोली खाएर मर्नेहरु भाग्यमानी भए भने शरीरभरिको प्रत्येक रौँलाई समेत नबिराई यातना दिएर मारिएकाहरु अभागी ।

कुटपिटले थङथिलो पारिनु, हातखुट्टा भाँचिनु, किचकाच पारिनु, ठाउँठाउँमा चिरेर नुनचुक दलेर भुत्ते हतियारले रेटराट गरिनु, अनेक शारीरिक र मानसिक यातना दिइने, विभत्स घाइते बनाएर कसैले उपचार वा सहयोग गऱ्यो भने त्यसको पनि यही गति हुनेछ भनिनु, त्रासद् धम्कीसहित सडेर वा स्यालले लुछेर मर्नका लागि छाडिनु सामान्य भयो ।

फलतः सयकडौँ परिवार विस्थापित भए । देशैभरि जेजस्ता घटना भए, यो जिल्लामा पनि दुईतिरैबाट भए । त्यो कुनै नौलो कुरा भएन ।

तर, मलाई स्तब्ध पार्ने कुरा के हो भने झपडजस्तो आफ्नू गाउँको विकासका लागि मरिमेट्ने मान्छे, त्यो पनि खारिएको कम्युनिस्टको किन त्यसरी हत्या भयो ?

झपडबाहेक अन्य एकजना मेरा विकास कार्यका सहयोगीको हत्या र अर्का एकदुई जनाको विभत्स अङ्गभङ्गबाट म अत्यन्त खिन्न भएँ । मेरा यी मित्रहरुले आआफ्ना गाउँका खानेपानीको मुहान र पाइपलाइन खन्ने गोरेटो, वितरण-टङ्की र धाराहरुको स्थान टुङ्गो गर्ने, उपभोक्तालाई पैसा जम्मा गरेर मर्मत-सम्भार कोष बनाउन प्रेरित गर्ने तथा बचत-ऋण कार्यक्रम सञ्चालन गर्ने काममा तासेसलाई ठूलो मद्दत गरेका थिए । पानीको हाहाकार भएका ती गाउँमा दिनदिनै घन्टौँ टाढाबाट पानी बोक्न बाध्य महिलाले उनीहरुकै त्याग-तपस्याले छरछेउमा धाराको सुख पाएका थिए । गाउँलेहरुले सफा पानी खान पाएका थिए । बचत-ऋण कार्यक्रमले गाउँलेलाई थोरै भए पनि स्थानीय साहुको चर्को ब्याजबाट मुक्ति दिएको थियो । यी आफ्ना गाउँको विकासका अगुवा थिए । यिनको आँगनमा बसेर दिनदिनभरि गाउँलेहरुसँग छलफल गरेको, यिनको दलानमा रात बिताएको र यिनको परिवारले सागसिस्नुले सत्कार गरेको मेरो सम्झना आलै छ ।

ती हुन्- पुरानागाउँका बाउन्नवर्षे टीकाराज आरन, जसलाई ०५७ साल फागुन १६ गते माओवादीले घरबाट अलि पर लगेर मरणासन्न हुने गरी कुटपिट गरेपछि गोली हानेर मारे । अर्का हुन्, तिलपुङका बद्रीप्रसाद अधिकारी । माओवादीले ०५८ साल चैत १८ गते आफ्नै घरमा सिलौटाले किचेर उनको यौटा खुट्टाको नलीहाड धुलोपिठो बनाए । पुरानागाउँकै टुनाराज गिरी पेटमा गोली खाएर बल्लतल्ल बाँचेपछि विस्थापित भइसकेका थिए ।

पछि मैले तिनको 'अपराध'बारे सोध्दा रामेछापका सम्बन्धित माओवादी नेताले भने, 'दाइ, हामीले केही गरेका होइनौं, हामीले हाम्रो जनयुद्धको मूलबाटाका तागारा मात्रै भाँच्तै हिँडेका हौँ, चाहे ती टीकाराज आरन हुन्, झपडबहादुर बुढाथोकी हुन् वा बद्रीप्रसाद अधिकारी !'

*('अन्तर्मनको यात्रा', दसौं संस्करण, ०६६ को एक अंश । - सम्पादक)*

# प्रेसमाथि माओवादी दमन

**केही अपवादलाई छाड्ने हो भने माओवादी जनयुद्धभन्दा पहिले नेपालमा पत्रकारको हत्या भएको थिएन । यो अपजस बोक्न माओवादी नेतृत्व जहिले पनि तयार हुनुपर्छ ।**

**❒ शिव गाउँले**

२०५३ सालको प्रारम्भसम्म माओवादी एकप्रकारका रहस्य थियो, नेपाली प्रेसका लागि । उनीहरूको भूमिगत आन्दोलन एकप्रकारको कौतुहल र मनोरञ्जनपूर्ण सामग्रीका रूपमा प्रकाशन हुन्थ्यो । निजी टेलिभिजन र रेडियोको उपस्थिति नरहेको त्यो अवस्थामा उसका गतिविधिमाथि निजी प्रेसले जे जति स्थान दिन्थ्यो त्यो नै सबैथोक थियो । गैरवामपन्थी पृष्ठभूमिबाट आएका त्यसबेलाका क्रियाशील पत्रकारका लागि रहस्यैरहस्यको पोको थियो माओवादी । त्यसैले कतिले दिनभर जङ्गलमा सुतेर रातीराती गाउँ छिर्ने, कतिले हुँदै नभएको समूह, त कतिले झिनोमसिनो अपराध गर्ने समूहका रूपमा अर्थ्याए माओवादीलाई । ०५४ सालको आधाआधीसम्म पनि माओवादीबारे नेपाली प्रेसले तथ्यभन्दा भावना बढी पस्कियो ।

०५२ देखि ०५८ सालसम्म माओवादी र मूलधारको प्रेसबीचमा सम्बन्ध सुमधुर नै थियो । समाचारको नयाँ क्षेत्र हुनाले पत्रकारहरू माओवादी र उसका गतिविधि थाहा पाउन इच्छुक थिए । माओवादी पनि मूलधारको प्रेससम्म आफना गतिविधिहरू पुऱ्याएर प्रचार चाहन्थ्यो । दुवैलाई दुवैको आवश्यकता थियो ।

तर, समयक्रममा पुष्टि भयो, त्यसबेला प्रेसलाई माओवादीभन्दा माओवादीलाई प्रेस धेरै चाहिएको थियो । त्यसैकारण हुनसक्छ, उनीहरूले यस चरणमा प्रेसविरुद्ध ठूला ज्यादती गरेनन् । ०५६ सम्म आइपुग्दा उनीहरूले प्रेसलाई आफनो क्षेत्रमा बोलाउने, सलामी दिने, माला लगाइदिने गर्न थालेका थिए । बढ्दोक्रममा रहेको माओवादी गतिविधिबारे जान्न र थाहा पाउन खोजिरहेको प्रेसलाई माओवादीले राम्ररी उपयोग गरे । कतिसम्म भने एउटी छापामार महिला कसरी राइफल बोक्न आइपुगिन् ? भन्ने होइन, उनी कसरी राइफल बोक्छिन्, त्यसका वर्णनहरू छापिए । अहिले सम्पादकीय नेतृत्वमा पुगेका मूलधारका धेरैजसो पत्रकारहरू त्यसबेला संवाददाता थिए । प्रेस काउन्सिल नेपालको अभिलेख पल्टाए थाहा हुन्छ त्यसबेला पत्रकारहरू तथ्यभन्दा भावनामा नै बढी प्रभावित थिए ।

०५८ देखि ०६३ सालसम्मको अवस्था माथिको भन्दा भिन्न प्रकारको थियो । माओवादीको प्रभाव देशका प्रायः सबै ठाउँमा विस्तार भइरहेको थियो । उसले दाङमा सैनिक ब्यारेकमा हमला गरेर उसकै शब्दमा 'रणनीतिक प्रत्याक्रमण' को चरणमा प्रवेश गरेको थियो । अर्थात् माओवादीकै शब्दमा उसको रणनीतिक रक्षा र सन्तुलनपछिको तेस्रो चरण थियो त्यो । आधार इलाकाहरूमा समानान्तर सत्ताको अभ्यास थालिएको थियो । प्रहरी, सशस्त्र प्रहरीपछि सरकारले पनि सेना परिचालन गर्ने सोच बनाइसकेको अवस्था थियो । तर, दरबार र दलबीचको खिचातानीले त्यो सम्भव हुन सकिरहेको थिएन ।

यसपछि चाहिँ प्रेसप्रति माओवादीको दृष्टिकोण बदलियो । हिजोसम्म माला लगाएर, सलामी दिएर स्वागत गरिने प्रेसलाई माओवादीले वर्गीय कित्ताका आधारमा विभाजन गर्न थाल्यो । उसले त्यसपछि प्रेसलाई आफनो, तटस्थ र शत्रु गरी तीन भागमा विभाजन गऱ्यो । 'आफना' भनिएकाहरू उसैसँग थिए, समस्या थिएन । तटस्थ भनिएका पत्रकारलाई सकेसम्म आफनो बनाउने, नसके सोझै वा घुमाउरो पाराले धम्क्याउने काम सुरु भयो । यो कालखण्डमा 'तपाईंका बारेमा पार्टीमा गुनासा/ उजुरीहरू आएका छन्' भनेर मनोवैज्ञानिक रूपमा प्रेसलाई धम्क्याउन थालियो । कतिपयलाई चाहिँ 'तपाईंले लेखेको समाचार पार्टीको हाइकमान्डले पनि पढेको र राम्रो लाग्यो भनेको' सुनाउन थालियो । अर्कोतिर 'समाचार ठीक भएन भन्ने छ है' भन्न पनि थालियो । उसको यो सन्देश 'अर्को समाचार लेख्दा होस पुऱ्याउन दिइएको धम्की' थियो ।

यसपछि माओवादीबाट पत्रकारहरू मारिन थाले । कर्णालीका पत्रकार नवराज शर्मा 'वसन्त' माओवादीबाट मारिने पहिलो पत्रकार हुन् । नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार १९ वैशाख ०५९ मा उनी मारिएका थिए । त्यसपछि माओवादी आफैंले वर्गीय कित्ताकाटको राजनीति सिर्जना गरेर पत्रकारलाई 'जासूस' र 'क्रान्तिकारी' को व्यवहार गर्न थाल्यो । त्यसयता माओवादी 'जनयुद्ध' को आलोचना गर्नेहरू 'सुराकी'का नाममा मारिए । पत्रकार महासङ्घकै विवरण अनुसार अहिलेसम्म माओवादी पक्षबाट १० जना पत्रकारहरू मारिएका छन् । मारिनेको नामावलीको अन्तिममा छन्- कञ्चनपुरका पत्रकार प्रकाश ठकुरी *(हेर्नुहोस बक्स)* । यद्यपि नेपालमा राज्य वा माओवादी पक्षबाट जति पत्रकारहरू मारिए करिब-करिब सबैजसो यही कालखण्डमा मारिएका छन् ।

पटकपटक लागेको सङ्कटकालका समयमा मुख्य गरेर सेनासँग दोहोरो भीडन्तको सामना गर्नुपरेको बेला माओवादीले यी निःशस्त्र कलमधारीमाथि ज्यादती गरेको देखिन्छ । जो मारिए, उनीहरूमाथि लगाइएका आरोपहरू सजिला छन् । धेरैजसो हत्यामा गरिएको दावी भनेको 'सुराकी गरेको ठहर गरी सफाया गरिएको' भन्ने हुन्थ्यो । त्यस कालखण्डमा माओवादीको स्थानीय नेतृत्व कतिसम्म क्रूर देखियो भने एकजना पत्रकारलाई झुण्डयाएर पिटेर मारियो । झण्डै पाँच बर्षपछि दैलेखका पत्रकार डेकेन्द्रराज थापाको अस्थिपञ्जर खनेर निकालिंदा पत्ता लागेको अवस्था हो यो । सिन्धुपाल्चोकका ज्ञानेन्द्र खड्कालाई कसरी सेरिएको थियो भनेर स्पष्ट हुन नेपाल पत्रकार महासङ्घले निकालेको बुलेटिन हेरे पुग्छ । उनलाई सार्वजनिक ठाउँमा यति क्रूरतापूवर्क मारियो कि त्यसरी सामान्यतया एउटा पशुलाई पनि वलि दिइन्न ।

माओवादीबाट मारिएका पत्रकारका बारेमा चर्चा गर्दा छुटाउन नहुने एउटा सन्दर्भ छ । माओवादी नेतृत्वले पत्रकार हत्याबारे अनुसन्धान गर्न जब आयोग बनाउँछ अथवा त्यसबारेमा अगुवा पत्रकारहरूसँग छलफल गर्छ त्यसबेला एउटा प्रसङ्ग उठाउने गर्छ । राज्यले पनि त ठूलो सङ्ख्यामा पत्रकारहरू मारेको छ, माओवादीकै शब्दमा जो उनीहरूसँग नजिक थिए । माओवादीको यो भनाइमा एकहदसम्म सत्यता पनि छ । तर, मलाई के लाग्छ भने यसमा माओवादी इमान्दार छैन ।

ऊ आफनो दलभित्र वर्गीय लडाइँका नाममा अरूमाथिको ज्यादतीलाई ठीक भनेर व्याख्या गर्छ । अनि, अरू पक्षबाट आफूमाथि भएको ज्यादतीलाई निरपेक्ष ढङ्गले व्याख्या गर्छ । यसमा मैले भन्न खोजेको के हो भने राज्य वा अरू कुनै दलले गरेको ज्यादती देखाएर माओवादीको अत्याचार ढाकछोप हुँदैन । माओवादीले अहिले मात्रै होइन, इतिहासमा पनि पत्रकार हत्याको जिम्मेवारी लिनैपर्छ र आफ्नो भागमा पर्ने सजाय भोग्नैपर्छ ।

०६३ यता माओवादीको व्यवहार भौतिक आक्रमणबाट मनोवैज्ञानिक हस्तक्षेपमा आइपुगेको छ । धेरै ठाउँमा माओवादीको जनसङ्गठनका नाममा पत्रकार धम्क्याउनेक्रम अहिले पनि जारी छ । प्रेसलाई अहिले पनि 'जनताका पक्षपाती' कि 'सुकिला मुकिलाका पक्षपाती' भनेर कित्ता छुट्याउन छाडेको छैन माओवादी नेतृत्वले । यसमा टिठलाग्दो पाटो यो छ कि गाली गर्ने माओवादी अध्यक्ष स्वयम्ले पत्रकार सम्मेलन गरेर माफी मागिसक्दा पनि त्यस दलका पढेलेखेका कतिपय कार्यकर्ताले अहिले पनि प्रेसलाई धम्क्याउन छाडेका छैनन् ।

माओवादी र प्रेसबीचमा सम्बन्ध सुमधुर नहुनुमा हिंसात्मक काम कारबाहीको परिस्थिति र उसका कार्यकर्ताको व्यवहार र शैली मात्रै जिम्मेवार छैन, उसको मूलभूत नीति पनि उत्तिकै जिम्मेवार छ । किनकि अहिले पनि माओवादीले 'बहुदल' स्वीकार गरे पनि 'बहुलवाद' स्वीकार गरेको छैन । तर, 'अभिव्यक्ति स्वतन्त्रता'को पक्षपाती 'प्रेस' 'व्यवसायिक स्वतन्त्रता' स्वभावका कारण पनि बहुलवादका पक्षमा उभिन्छ । किनकि प्रेसको विशेषता भनेकै भिन्न वर्ग, आस्था र पृष्ठभूमिका विचारलाई स्थान दिनु हो । समाजका विभिन्न तत्वका बीचमा संवाद गराउनु हो । तर, बहुलवाद नमान्ने दर्शनले दुई वा दुईभन्दा धेरै दल हुनसक्ने तर तिनको मूलभूत विचार उस्तै-उस्तै हुनुपर्ने भन्ने मान्यता राख्छ । अर्थात् सहयोगी दलबीच प्रतिस्पर्धा हुनसक्ने भयो । अझ खुलेर छलफल गर्दा 'ऊभन्दा म ठीक भन्न पाइयो' तर 'उसको दलको र मेरो दलको नीति कार्यक्रम, विचार र लक्षित वर्ग नै भिन्न-भिन्न हो' भन्न नपाइने भो । झट्ट हेर्दा सामान्य लागे पनि किन कुनै माओवादी कार्यकर्ताले आफूसँग असहमत हुने पत्रकारको हत्या गर्नु सहज ठान्छ भन्ने कुरामा यो मान्यताले पनि काम गरेको छ ।

केही अपवादलाई छाड्ने हो भने नेपालमा पत्रकारको हत्या नै गर्न अघिसर्ने प्रचलन माओवादी जनयुद्धभन्दा अगाडि थिएन । जेल हालिन्थ्यो पत्रकारलाई, आपराधिक समूहले हत्या गर्ने प्रयास गर्थे । पदम ठकुराठी त्यसका उदाहरण हुनुहुन्छ । कुटपिट तथा धम्कीको क्रम त नेपालको इतिहास जत्तिकै पुरानो छ । त्यस अर्थमा पत्रकारमाथि ज्यानै लिने ज्यादतीको अपजस माओवादीले जहिलेसुकै पनि बोक्न तयार हुनैपर्छ । तर, पछिल्लो समयमा यस्तो असभ्य व्यवहारको भागिदारी माओवादी एक्लैले मात्र हुनुपर्दैन किनकि समाजमा यस्ता धेरै पात्रहरूको उदय भइसकेको छ, जो पत्रकारलाई धम्क्याएर आफनो उदेश्य पूरा गर्न चाहन्छन् ।

## माओवादीद्धारा मारिएका पत्रकार

| क्र.सं. | नाम | सम्बद्ध संस्था | मिति | मृत्युको कारक |
|---|---|---|---|---|
| १ | नवराज शर्मा 'वसन्त' | कदम साप्ताहिक | २०५९।१।१९ | माओवादी |
| २ | अम्बिका तिमल्सिना | जनादेश साप्ताहिक | २०५९।८।२५ | माओवादी |
| ३ | ज्ञानेन्द्र खड्का | रासस | २०६०।४।२१ | माओवादी |
| ४ | गोपाल गिरी | साप्ताहिक मञ्च | २०६०।१०।१ | माओवादी |
| ५ | डेकेन्द्रराज थापा | रेडियो नेपाल | २०६१।४।२७ | माओवादी |
| ६ | धनबहादुर रोका मगर | रेडियो नेपाल | २०५९।१०।१६ | माओवादी |
| ७ | खगेन्द्र श्रेष्ठ | धरान टुडे | २०६१।१२।१९ | माओवादी |
| ८ | वीरेन्द्र साह | एभिन्यूज टेलिभिजन | २०६४।६।१८ | माओवादी |
| ९ | जगतप्रसाद(जेपी) जोशी | जनादेश दैनिक | २०६५।०८।१३ | माओवादी |
| १० | प्रकाशसिंह ठकुरी | राजधानी दैनिक | २०६४।३।२१ | माओवादी |

स्रोतः नेपाल पत्रकार महासङ्घ

*(प्रस्तुत आलेखमा राज्य र अन्य दलबाट प्रेसमाथि गरिएका ज्यादतीको विवरण र त्यसको विश्लेषण समावेश छैन । -लेखक)*

# युद्ध अपराधलाई संरक्षण

❑ **जनक नेपाल**

दैलेखका पत्रकार डेकेन्द्रराज थापालाई पाँच वर्षअघि माओवादी कार्यकर्ताले अपहरण गरेर हत्या गरे । देशभरका पत्रकारहरु आन्दोलित भएपछि माओवादीले उक्त अपराधप्रति क्षमा माग्दै दोषीमाथि कारबाही गर्ने प्रतिबद्धता बतायो । तर, हत्यामा संलग्नहरुलाई कारबाही गर्न सघाउनुको सट्टा अभियुक्तहरुलाई संरक्षण गरेर एकीकृत (माओवादी)ले दण्डहीनतालाई प्रश्रय दिइरहेको छ ।

नेपाल पत्रकार महासङ्घले राष्ट्रिय मानवअधिकार आयोगको सहयोगमा २०६५ असार ११ गते पत्रकार थापाको चिहान उत्खनन गर्‍यो । उत्खनन गरिएको अस्थिपञ्जर पत्रकार थापाको भएको पुष्टि भएपछि परिवारले अन्तिम संस्कार गर्ने सांस्कृतिक अधिकार पायो । त्यसअघि बेपत्ता तर मारिएको अपुष्ट खबरका भरमा थापाकी पत्नी किरिया बसेकी थिइन् ।

पत्रकार थापाको हत्यामा संलग्न भएको आरोप लगाउँदै भदौमा पीडित परिवारले माओवादी कार्यकर्ताहरु छविलाल शाही, लक्षीराम घर्ती र बमबहादुर खड्काविरुद्ध किटानी जाहेरी दिए । शाही युद्धकालमै मारिइसकेका छन् । घर्ती द्वारी गाविसस्थित घरमै छन् भने अर्का अभियुक्त खड्का माओवादी लडाकुको दशरथपुरस्थित अस्थायी शिविरमा बस्छन् । तर, माओवादीको चर्को राजनीतिक दबाबले प्रहरीले अभियुक्तहरुलाई पक्राउ गर्ने र बयान लिने सामान्य प्रक्रियासमेत पूरा गर्न सकेको छैन ।

माओवादीले ०६१ असार १२ गते पत्रकार थापालाई अपहरण गरेका थिए । माओवादीले सरकारलाई दबाब दिन भन्दै नारायण नगरपालिका आउने खानेपानी पाइपमा अवरोध पुर्‍याएका थिए । राज्य र माओवादीको बन्दुकको शासन रहेको त्यो बेला आमनागरिक निरीह थिए । नागरिक अगुवाको हैसियतमा थापालगायतका पत्रकारहरुलाई माओवादीसँग संवाद गर्न पठाइयो । माओवादीले जनदबाबपछि खानेपानी सुचारु गरे तर पत्रकार थापालाई भने अपहरण गरे । झण्डै डेढ महिनापछि साउन २६ गते द्वारी गाविसको गाउँमा पुर्‍याइयो । त्यहाँको एक विद्यालयको कक्षाकोठामा पत्रकार थापालाई चरम यातना दिइयो । उनलाई उल्टो झुड्याएर लाठीले जथाभावी हानिएको थियो । चिहान उत्खननका क्रममा द्वारी गाउँ पुग्दा एक वृद्ध महिलाले मसँग सुनाएकी थिइन, 'ती बाबु मरें-मरें भन्दै डाँको छोडेर रोएका थिए । 'बरु गोली हानेर मार !' भन्दै चिच्याए पनि । उनीहरु (माओवादी)सँग बन्दुक थियो, त्यसैले गुहार दिन सकिएन । उनको चित्कार सुनेर सुत्नै सकिएन ।'

बेहोस भएपछि माओवादीले पत्रकार थापालाई गाउँको एक घरको **दलानमा** रहेको खाटमा सुताएका थिए । त्यही उनको मृत्यु भएपछि नजिकैको पहरामुनि खाल्डो खनेर रातारात गाडेको गाउँलेले बताएका छन् । पहरोको खोचमा चिहान उत्खनन गर्दा सर्ट, अन्डरवेयर र हाफपाइन्ट लगाएको थापाको अस्थिपञ्जर भेटिएको थियो । चरम यातनाले उनको वायाँ खुट्टा दुई टुक्रा भएर भाँचिएको फरेन्सिक विज्ञ डा. हरिहर वस्ती बताउँछन् ।

सरकार फेरिएको-फेरियै छन् । माओवादी नेतृत्वको सरकारका अर्थमन्त्री डा. बाबुराम भट्टराई दैलेख पुग्दा पत्रकार महासङ्घले दोषीमाथि कारबाही गर्न सरकार र पार्टीका तर्फबाट सहयोग गर्न ज्ञापनपत्रसहित आग्रह गरेको थियो । 'खाटा लागिसकेको घाउ नकोट्याउँदै राम्रो' भन्दै उनी उम्किए, 'पार्टीले त्यस घटनामा माफी मागिसकेको छ ।' माफी मागेपछि अपराधीले उन्मुक्ति पाउने कुरा न्यायिक हुनसक्छ ? भट्टराई र उनको पार्टी संक्रमणकालीन न्यायको पक्षमा नरहेको भन्ने योभन्दा राम्रो उदाहरण अरु के हुनसक्छ ?

नेकपा (एमाले) नेतृत्वको सरकार बनेपछि पनि दोषीलाई बचाउन प्रहरी र प्रशासनमा माओवादी दबाब उस्तै छ । पत्रकार थापाको मुद्दामा मात्र हैन, द्वन्द्वकालका अपराधीहरुलाई कारबाही गराउन सरकारले कुनै ठोस कदम चाल्न सकेको छैन । अझ दुःखलाग्दो कुरा, हामी लोकतान्त्रिक गणतन्त्र भन्छौं तर प्रहरीले हत्याका कुनै अभियुक्तलाई सोधपुछ गर्न नसक्नेजस्तो लाजमर्दो शासन व्यवस्था हामी भोगिरहेका छौं । युद्धकालीन अपराधहरुको छानबिन गर्ने र संक्रमणकालीन न्याय दिलाउने राजनीतिक दलहरुको प्रतिबद्धता कागज र भाषणमा सीमित देखिन्छ ।

एकीकृत माओवादी राज्य पक्षबाट भएका बेपत्ता, हत्या र यातनाका चर्का भाषण गर्छन् । तर, आफ्नै पार्टीबाट भएका बेपत्ता, हत्या, विस्थापन र युद्ध अपराधलाई भने 'न्यायिक' ठान्छन् । हत्या, बेपत्ता र युद्धअपराध कहिल्यै न्यायिक हुन सक्दैनन् । ती गम्भीर अपराध हुन् । सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भई युद्धकालीन अपराधको निष्पक्ष छानबिन हुँदा अहिलेका उच्च सरकारी अधिकारी मात्र हैन, माओवादीको उच्च नेतृत्व पनि कारबाहीको घेरामा पर्ने स्थिति आउनसक्छ । त्यसैले हुनसक्छ, बेपत्ता र सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन र सङ्क्रमणकालीन न्यायको वकालत औपचारिक बैठकमा ज्यादै कम र खुलामञ्चमा बढी गर्ने गरिएको छ ।

*(पत्रकार महासङ्घका केन्द्रीय सदस्य नेपाल थापाको चिहान उत्खनन मिसनका संयोजक पनि रहनुभएको थियो )*

# बाँदरमुढे : अझै निको नभएको घाउ

❒ **जनक अर्याल**

चितवन माडीका कृष्ण अधिकारीलाई बाँदरमुढे घटना सम्झनेबित्तिकै माओवादीप्रति घृणा जागेर आउँछ। २०६२ जेठ २३ गते बिहान माडीको बगईदेखि भरतपुर आउँदै गरेको ना२ख ३२४५ नम्बरको बसलाई माओवादीले विद्युतीय धरापमा पारेर विस्फोट गराएका थिए। विष्फोटनमा परेर ३८ जनाको मृत्यु र ७२ जना घाइते भएका थिए। तर, त्यत्रो जघन्य अपराधमा संलग्नहरू अझै कारबाहीमा पर्नसकेका छैनन्। बरु उनीहरूलाई माओवादी पार्टीको उच्च जिम्मेवारी दिएरै राखिएको छ।

उनी सम्झन्छन्, 'नेकपा (माओवादी)ले घटना भएकै दिन विज्ञप्ती निकालेर घटनालाई 'अत्यन्त दुःखद्' भन्दै संलग्नहरूलाई कारबाही गर्ने बताएको थियो। त्यसपछि ०६३ सालमा नेकपा (माओवादी)का शीर्ष नेताहरू 'प्रचण्ड', बाबुराम र 'बादल' स्वयम्ले पीडितहरूसँग भेटेर 'अब पीडितमात्रै होइन, समग्र माडीबासीको उत्थानका लागि माओवादी त्यहाँ 'नयाँ कार्यक्रम' लिएर जान्छ। माडीलाई अब नयाँ माडीका रूपमा विकास गरिनेछ' भनेका थिए।

बाँदरमुढेमा माओवादीले गरेको नरसंहारको पाँच वर्ष पूरा भइसकेको छ। तर, माओवादी स्वयम्ले 'कलंकित र अत्यन्त दुःखद्' भनेको घटनाका दोषीलाई कारबाहीको साटो पार्टीका महत्वपूर्ण जिम्मेवारी दिएर सम्मान पो गरिएको छ। उनी भन्छन्, 'माओवादी नेता देवेन्द्र पौडेल 'सुनिल'ले माडी आउँदा घनश्याम दहाल 'अविनाश', यामबहादुर परियार 'इन्द्रजीत', अनक मगर 'किसान', शिव रेग्मी 'हर्क', रामबहादुर कुमाल 'सुजन', चण्डिका पौडेल 'साहस'लगायत घटनाका दोषीलाई कारबाही गर्छौं भनेको वर्षौं भइसक्यो तर जनतासँग गरेको त्यो बाचा माओवादीले पूरा गरेका छैन।'

बाँदरमुढे घटनालगत्तै सरकारले घाइतेहरूको निःशुल्क उपचार गरिदिने घोषणा गरेको थियो। 'शाही सरकार'ले गरेको घोषणा, त्यतिखेर पूरा गरेन, वर्ष दिन नहुँदै शाही सरकार ढल्यो, त्यसपछि आएका लोकतान्त्रिक सरकारले पनि पीडितका लागि केही गरेनन्। कतिपय घाइतेहरूले झिटीगुन्टा बेचेर जसोतसो उपचार गराइरहेका छन् भने कतिपयले आर्थिक अभावका कारण उपचार गर्नै छाडिदिएका छन्।

आवश्यक उपचार नपाएको कारण यसबीच घटनाका दुईजना घाइतेले मृत्युवरणसमेत गरे। टाउकोमा चोट लागेका अयोध्यापुरी- २, देवेन्द्रपुरका गंगाबहादुर गुरुङले दुई वर्षअघि खोलामा हामफालेर आत्महत्या गरे। टाउको दुखिरहने समस्या भएका उनको आर्थिक अभावले नियमित उपचार हुनसकेको थिएन। अयोध्यापुरी- ५ खरकट्टाका नारायण पौडेलको पनि डेढ वर्षअघि हृदयघातबाट मृत्यु भयो। विस्फोटनमा परेर उनको टाउको र करङमा चोट लागेको थियो। अझै पनि छ/सात जना घाइतेहरूले नियमित उपचार गराइरहेका छन्।

**पत्याउनै गाह्रो**

सामाजिक कार्यकर्ता रामप्रसाद न्यौपाने त्यस बिभत्स घटनाका साक्षी थिए। एउटा गैरसरकारी संस्थाको काम विशेषले माडी जाने सिलसिलामा उनी बाँदरमुढेमा विष्फोट भएको केहीबेरमै उद्धारका लागि पुगेका थिए। बसभित्र चाङ लागेको मानिसको लास र रक्ताम्य भएर लडिरेका बिरामीहरूको चित्कार सुन्दै उद्धार गर्ने काममा उनले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। 'म अहिले पनि त्यो घटनाको वर्णन गर्न सक्दिनँ। मान्छे यति क्रुर पनि हुनसक्छ ? मलाई पत्याउनै मुस्किल भएको छ।' उनी थप्छन्, 'मानवले गर्नै नसक्ने घटना भएको हो बाँदरमुढेमा। १०-१२ जना सैनिक चढेका छन् रे भनेको भरमा डेढ सय मान्छे चढेको बसमा बम पड्काउनु बर्बरताको पराकाष्टा हो।'

'हामी पुग्दा बसभित्र मान्छे चिच्याइरहेका थिए। विस्फोटले हुत्याएर पाखामा पुगेकाहरू बगरमा घोप्टो परेर रुँदै थिए। बगरमा बसको अस्थिपञ्जर र सँगै ठूलो खाल्डो परेको थियो। बगरमा रगत र मासुका टुक्राहरू यत्रतत्र छरिएका थिए। बसभित्र लासको खात अत्यासलाग्दो थियो', उनी भन्छन्, 'तर, जतिसक्दो छिटो घाइतेहरूलाई अस्पतालसम्म पुर्‍याउनु हाम्रो कर्तव्य थियो। हामी एकमिनेट पनि ढिला नगरी उनीहरूको उद्धारमा लाग्यौं।'

**घाइतेहरूको दुर्दशा**

- अयोध्यापुरी- ६, देवेन्द्रपुरका कृष्ण अधिकारी अझै निको भइसकेका छैनन्। देब्रे खुट्टाको गोलीगाँठो फुटेका उनले पत्रकार युवराज घिमिरे र डा. चक्रराज पाण्डेको सहयोगमा उपचार गराइरहेका छन्।
- अयोध्यापुरी- ६, देवेन्द्रपुरकी दुर्गामाया मगरको अवस्था झनै नाजुक छ। ढाडको नलिहाड भाँचिएकी उनले अझै उपचार
  गराइरहेकी छिन्।

- अयोध्यापुरी- ६, देवेन्द्रपुरकी धनकुमारी पौडेलको भाँचिएको खुट्टा र जलेको शरीर अझै निको भएको छैन । आवश्यक उपचार गराउन रकमको अभाव खड्किरहेको छ ।
- अयोध्यापुरी- ८, गणेशकुञ्जकी सीता सुवेदी कम्मरको जोर्नी खुस्किएर अहिले पनि उपचारमै छिन् । हिँड्न र काम गर्न सक्दिनन् ।
- अयोध्यापुरी- ८ गणेशकुञ्जकी विष्णुमाया विकको भाँचिएको खुट्टा निको हुन नसकेपछि बैशाखीको सहारामा हिँड्डुल गर्छिन् । उनले उपचारका लागि आवश्यक रकम जुटाउन सकेकी छैनन् ।
- अयोध्यापुरी- ४ शिवद्वारकी हरिकला पुनको मेरुदण्डमा चोट लागेको र करङ भाँचिएकाले काम गर्न सक्दिनन् । आफैं सामान्य उपचार गराइरहेकी उनी सुविधासम्पन्न अस्पतालमा पुग्नसकेकी छैनन् ।

उल्लिखित नामहरू त केही उदाहरण मात्र हुन् । बाँदरमुढे विस्फोटमा परेर घाइते भएका अधिकांश घाइतेहरू पूरै निको भइसकेका छैनन् । अधिकांशले रकम अभावका कारण उपचार गराउनै छाडेका छन् । कतिपयमा मानसिक समस्या देखिएको छ । बाहिरबाट हेर्दा स्वस्थ देखिए पनि उनीहरूमा एक न एक समस्या आइरहने गर्दछ । सुविधासम्पन्न अस्पतालमा घाइतेहरूको स्वास्थ्य परीक्षण र उपचार गराउनु अत्यावश्यक छ ।

*(अर्याल 'पारदर्शी' दैनिक, चितवनका सम्पादक हुनुहुन्छ ।)*

# बसभित्रै जलाएर बालिका काजोलको हत्या

चितवनको भण्डारामा २०५८ फागुन १० गते एउटा यात्रुवाहक बसका पाँच जना यात्रीले जिउँदै जलेर मृत्युवरण गरे । आठ वर्षीया बालिकासहित मारिएका यात्रीहरूको मृत्युको कारण थियो- माओवादी 'जनयुद्ध' । बन्द सफल गराउने नाउँमा माओवादी कार्यकर्ताहरूले बसका यात्रुहरूलाई झर्नै नदिई पेट्रोल छर्केर आगो लगाउँदा उनीहरूको अकाल र हृदयविदारक मृत्यु हुनपुगेको थियो । यात्रुहरूले खचाखच बसमा आगो लगाउनु बर्बरताको हद थियो ।

तत्कालीन नेकपा (माओवादी)ले फागुन १० र ११ गते दुईदिने नेपाल बन्दको आयोजना गरेको थियो । फागुन ११ गते मुस्लिम समुदायको प्रमुख पर्व बकर-ईद परेको थियो । त्यसैले अधिकांश मुस्लिमहरू बन्द अगावै आफ्नो घर पुग्न चाहन्थे । माओवादीको बन्द हिंसात्मक हुने अधिकांशलाई जानकारी थियो । समयमै घर पुग्न भनेर अघिल्लो दिन साँझ ९ बजेतिरै उक्त बस करिब ८० जना यात्रु लिएर काठमाडौंबाट छुटेको थियो । बाटोको अवरोधले निर्धारित समयभन्दा दुई घण्टा ढिला बस भण्डारा पुगेको थियो ।

बन्दको पहिलो दिन बिहान करिब पौने चार बजे १०-१५ जनाको समूहमा आएका सशस्त्र माओवादीहरूले खुकुरी देखाई काठमाडौंबाट वीरगञ्जतर्फ गइरहेको जीतपुर टाइगर नामक ना २ ख ४९५५ नम्बरको रात्रिबस रोके । बसभित्र रहेका यात्रुलाई बाहिर निस्क भन्दै ड्राइभरलाई गाडी ब्याक गरेर राख्न लगाए । आधाजसो यात्रुहरू तुरुन्तै निस्के । बसमा रहेको एउटा ढोकाबाट सबैजना एकैचोटि निस्कन सम्भव थिएन । त्यसैले आधाजति मानिसहरू ओर्लने क्रममा थिए । त्यतिकैमा माओवादीहरूले बसमा तीनवटा पेट्रोल बम प्रहार गरे । छिनभरमै बस ह्वारह्वार्ती बल्नथाल्यो । आगो दन्किएको बसभित्र रुवाबासी र भागदौड मच्चियो । कोही अलिअलि जलेर भए पनि ढोकाबाटै निस्किए । कोही झ्याल फोरेर सडकमा हामफाले । तिनीहरू घाइते भएर पनि बाँचे तर जो भागदौड गर्न सकेनन्, उनीहरू आगोमै जलेर मरे । बसभित्र जलेर मर्नेहरूमा पर्सा जिल्ला, वीरगञ्ज उपमहानगरपालिका वडा नं.- २ की आठ वर्षीय बालिका काजोल खातुन, बारा जिल्ला विश्रामपुर- ९ मुसरहवाका वर्ष २५ का सेख समसोद्दिन र पर्सा जिल्ला, वीरगञ्ज उपमहानगरपालिका- १७ का ३५ वर्षीय जाहेर हुसेन अन्सारी, २२ वर्षीय इन्साफ अख्तर अन्सारी र अन्य दुईजनाको सनाखत हुन नसकेको जिल्ला प्रहरी कार्यालय भरतपुरले जानकारी दियो । बसभित्र जलेका यात्रुहरूको शव चिन्नै नसकिने थियो । पाँचवटा अँगार (डढेर बाँकी रहेको वस्तु)का डल्लालाई हेरेर अड्कलमा तीन जनाको सनाखत भयो, अरू दुईको टुङ्गो लाग्न सकेन ।

# माओवादीको अपराधकर्म

### ❐ कर्णबहादुर थापा

नेपालको राजनीतिक इतिहासमा पार्टीगत तहमा हजारौं जनताका छोराछोरीको हत्या गर्ने पार्टी माओवादीमात्रै भएको छ । राज्यव्यवस्थाका तर्फबाट जनतामाथि दमन भएका घटना हामी अन्यत्र पनि पाउनसक्छौं । तर, कुनै पार्टीले हजारौं जनताको हत्या गरेको पाइँदैन । जनतामाथिको दमनलाई उनीहरुले जनयुद्ध, क्रान्ति, मार्क्सवाद, माओवादजस्ता शब्दको आवरणमा ढाकछोप गर्न खोजे पनि माओवादीको अपराधकर्म कुनै हालतमा छोप्न र बिर्सनसक्ने प्रकारको छैन । माओवादी आतङ्कबाट सम्पूर्ण जनता नै पीडित भए । जुनसुकै तह र तप्काका जनता पनि माओवादीको बर्बर दमनबाट अप्रभावित

रहन सकेनन् । जनयुद्धनामक त्यस आतङ्कले न बालबालिकालाई बाँकी राख्यो न वृद्धवृद्धालाई नै बाँकी राख्यो, न किसानलाई बाँकी राख्यो न स्कुल पढाउने शिक्षकलाई नै । न कारखानामा काम गर्ने मजदुर बाँकी रहे न भारी बोक्ने भरिया नै । दुर्गम ग्रामीण बस्ती त माओवादी आतङ्कको पागल हात्ती कुद्ने मैदानजस्तै भए । माओवादीसँग असहमतहरु प्रतिक्रियावादीको बिल्ला भिराएर मारिए, कुटिए र लुटिए भने माओवादी नै भए पनि तोकिएको कमान्डरसँग असहमत हुनेहरु गद्धारको पगरी भिराइएर मारिए, लुटिए र कुटिए । जनयुद्धलाई हत्या, आतङ्क र लुटपाटका काला दिनको रुपमा प्रत्यक्ष पीडित नेपाली जनताका छोराछोरीले सम्झन बाध्य छन् । यसबेला म आफ्नो कार्यक्षेत्र बाजुरामा माआवादीद्धारा हत्या गरिएका कमरेड ताराचन्द्र रेग्मी, नरपति बूढा र मानसिंह थापा गुरुङलाई सम्झिरहेको छु । उहाँहरुको हत्या कसरी गरियो ? त्यसमा ककस्को संलग्नता थियो भन्ने विषयमा यहाँ सङ्क्षिप्त चर्चा गरिन्छ :

ताराचन्द्र रेग्मी नेकपा (एमाले)को बाजुरा जिल्ला उपसचित तथा  कोल्टी गाविसको निर्वाचित गाविस अध्यक्ष हुनुहुन्थ्यो । नरपति बूढा बाजुरा जिल्ला सापाटा गाविसको निर्वाचित गाविस अध्यक्ष र एमालेको सङ्गठित सदस्य हुनुहुन्थ्यो भने मानसिंह थापा गुरुङ बाजुरा जिल्ला पाण्डुसैन गाविस निवासी हाम्रा पार्टीको सामान्य समर्थक र पेसाले भेडा चराउने गोठालो हुनुहुथ्यो । उहाँहरुमध्ये मानसिह थापा गुरुङ माओवादीको पहिलो निशाना हुनुभएको थियो । ०५८ कात्तिक २९ का दिन, थापाको गाँउघरकै कुनै व्यक्तिको मृत्युको १३ दिन भएको  थियो । भोटेजातिको संस्कार अनुसार १३ दिनको दिन जाँडरक्सी सेवन गरेर भतेर मान्ने चलन छ । त्यसदिन गाउँलेहरुले आफनो संस्कारको बारेमा जानकारी गराएर माओवादीको स्वीकृति लिएर नै जाँड खाएका थिए । मानसिंह त्यही कार्यक्रममा जाँड खाएर घर फर्कदै गर्दा बाटो ढुकेर बसेका ६ जना माओवादीले कुटीकुटी हत्या गरे । उनीहरुको एउटै आरोप थियो कि जाँड खाएर आई आफूहरुलाई गाली गर्‍यो । जबकि मानसिंहले गाली होइन, बाटो रोकेर जाँड किन खाएको भन्दा माओवादीकै स्वीकृतिले १३ दिने नातेदारको संस्कारमा खाएर फर्केको भन्ने स्पष्टीकरण मात्रै दिनुभएको थियो । सोधेका प्रश्नको जवाफ फर्काउनु नै आफ्नो  मृत्युको कारण बन्ला भन्ने मानसिंहलाई कसरी लागोस् र ? मदिरा बन्द गर्ने बाहना बनाएर असचेत जनताको बीचमा जाने माओवादीको यो शैली स्वयम्मा निन्दनीय रहेको छ । जबकि, रक्सी र जुवाको अखडाको रुपमा रहेका देशका सबभन्दा ठूला क्यासिनोमा माओवादीले अड्डा जमाएका छन् । देशका हरेका गाउँबस्तीमा जुवा र रक्सीको कारोबारमा माओवादीका स्थानिय नेता र कार्यकर्ताहरु नै सबभन्दा अग्रपङ्क्तिमा रहेका छन् । तर, रक्सी खाएको आरोपमा मान्छे मार्नेसम्मको काममा लाग्न उत्प्रेरित हुने माओवादीका नेता र त्यस हर्कतमा संलग्न हुने कार्यकर्ता कसले जिम्मेवारी लिने ?

०५९ बैशाख १ गते नरपति बुढालाई पनि माओवादीले कुटीकुटी नै मारे । उहाँ मारिनुपर्ने कारण थियो– गाविस अध्यक्ष भएको नाताले आर्थिक सहयोग नगर्नु र नागरिकता बनाउन आउनेहरुका लागि गाविसको सिफारिस गरिदिनु । जनताको सेवा गरेवापत आफू मारिन पनि सक्छु भन्ने कुरा नबुझ्नु नै नरपतिको मृत्युको मुख्य कारण बन्नपुग्यो । माओवादीद्धारा बन्द गरिएको गाविस भवन उनीहरुको स्वीकृतिबिना खोलेर जनताको पीरमर्कामा साथ दिएबापत् बिहानको समयमा घरमा बसिरहेको समयमा आएका स्थानीय माओवादी कार्यकर्ता कर्णबहादुर विक, केशव, तीर्थ बूढा सिर्जन, दीपक शाही , वीरजीत शाही, सुरेश रोकाया स्वर्णिम, भूमि, अनार, प्रसिद्ध र भरत नामका व्यक्तिले उहाँलाई घरकै आँगनमा भाटाले कुटेर छाडे । त्यही दिन नरपति बूढाको मृत्यु भयो । पछि मानसिह र नरपतिको हत्याबारे जनताले प्रश्न उठाउँदा माओवादीको जवाफ हुने गर्दथ्यो, 'उहाँहरुलाई मार्ने माओवादीको कुनै मनसाय थिएन ! माओवादीले कुटेका मात्रै थिए रे ! क्रान्तिकारी कुटाइ सहन नसक्नेहरु आफै मरेका हुन् !' माओवादी कुट्न त अन्य कैयन व्यक्तिहरुलाई  पनि कुटेका थिए तर उनीहरुले सहन सके, मरेनन् । मार्ने मनसाय नराखेर कुट्दा जो मर्‍यो त्यसमा मर्नेकै दोष हुन्छ । यस्तो व्याख्या रोचकै लाग्छ तर यस्तो जवाफको 'क्रान्तिकारिता'ले हामी सबैलाई गम्भीर बनाउँछ । माओवादीलाई उग्रबामपन्थी देख्ने एमालेका कार्यकर्तालाई नकुटे, नमारे माओवादी कसरी सच्चा क्रान्तिकारी हुन्छ ? यस प्रश्नको सही जवाफ प्रचण्डले दिने कि मार्न हिँड्ने बिचरा केशवले ? यो वास्तवमा कम्युनिस्ट आन्दोलनको चिन्तन प्रणालीसँग गाँसिएको निकै पेचिलो प्रश्न हो ।

माओवादीको तेस्रो सिकार हुनुभयो ताराचन्द्र रेग्मी । त्यो ०६० चैत २१ वा २२ गते थियो । नेकपा (एमाले)ले त्यो समयमा शान्ति र प्रजातन्त्रको लागि जनअभियान सञ्चालन गरिरहेको थियो । गाँउबस्तीहरु माओवादी आतङ्कको कव्जामा थिए । माओवादीसँग असहमत हुनु र उनीहरुका गतिविधिको आलोचना गर्नु भनेको मृत्युलाई निम्तो दिने समय थियो । बाजुरा जिल्ला कमिटीको योजनामा त्यो जनअभियान सञ्चालन गर्ने निर्णयबमोजिम तत्कालीन सेती अञ्चल समन्वय कमिटीका सचिव दिनेशचन्द्र सुवेदीको अगुवाइमा ताराचन्द्र रेग्मी, लालबहादुर थापा, प्रकाश शाहसमेतको टोली कुल्देउमाडौं गाविसको मौरे भन्ने ठाउँमा पुगेको समयमा दिउँसो ३.०० बजेको समयमा माओवादीको हतियारधारी एक जत्थाले कमरेड ताराचन्द्र रेग्मी र लालबहादुर थापालाई अपहरण गर्‍यो । लालबहादुर थापा ५ दिनपछि अपहरणमुक्त हुनुभयो । तर, ताराचन्द्र रेग्मीलाई अपहरण गरेकै दिन तोली गाविसको किम्नी भन्ने गाउँमा लगेर मरणासन्न हुने गरी कुटपिट गरियो । करिव पाँच दिनसम्म किम्नीकै गाउँमा राखियो भने केही दिनपछि छतारा गाविसमा लगियो । त्यहाँ अन्य पार्टीका कुनै पनि समर्थक र गाउँलेहरुलाई जानकारी नै नदिई अछाम जिल्लाको ऋषिदह गाविसको डाँडाश्री भन्ने गाउँमा खाना खान र बोल्न पनि नसक्ने अबस्थामा पुर्‍याइयो । स्थानिय बासिन्दाकाअनुसार उहाँलाई लगभग एक महिनासम्म त्यही गाउँमा बन्दी बनाएर राखियो । बन्दी अबस्थामा चाहिँ कुनै यातना दिनेकाम भएन । माओवादीका तर्फबाट उहाँ

नमार्ने कुरामा विश्वास दिलाइयो । यतिसम्मकि हत्या गर्ने दिनको विहानसम्म पनि कसैले त्यसको कुनै प्रकारको आभास पाउन सकेनन् ।

०६० चैत २१ वा २२ गतेको बिहान उहाँलाई बन्दी बनाइएको डाडाँश्री गाउँबाट विशेष सल्लाह गर्नु छ भनेर गाउँभन्दा माथि करिव ४५ मिटरको बाटो हिँडाएर लगे । अनि त्यहींको गोठछानामा असक्त हुने गरी भाटाले कुटियो । त्यसपछि नजिकैको वनमा लगेर गोली हानियो । पहिलो गोली सायद निसानामा लागेन, हात वा पाखुरा कतै लाग्यो । त्यसपछि ताराचन्द्र आफू बाँच्नका लागि अन्तिम प्रयत्न गर्दै चिच्याउँदै भाग्नुभयो । हत्याराहरुले खेद्दै लगे र ढुङ्गैढुङ्गाले हाने । जब ताराचन्द्र रेग्मी खोलाको किनारमा लड्नुभयो, हत्याराहरुले ठूलो ढुंगाले टाउकोमा हानेर किचे । शरीरका विभिन्न भागमा ढुंगाले किचेर उहाँको जीवन समाप्त पारे । त्यसको भोलिपल्ट माओवादीले हत्याको जिम्मेवारी लिए । विज्ञप्तिमा चैत ६ गते सफाया गरेको उल्लेख थियो । सरकार-माओवादीका बीच भएको समझदारीअनुरुप चैत ७ गतेपछि कुनै पनि राजनीतिक दलका नेता वा कार्यकर्ताको अपहरण र हत्या नगर्ने प्रतिबद्धता माओवादीबाट सार्वजनिक गरिएको हुनाले चैत ६ गते नै सफाया गरेको झुटो विज्ञप्ति उनीहरुबाट सार्वजनिक गरिएको थियो । त्यस्तो विज्ञप्ति सार्वजनिक भए पनि घटनास्थल र लास भने भेटिएको थिएन ०६३ मंसिरसम्म । मंसिर ७ गते बारबीस गाउँ कमिटीका तत्कालीन सचिव रामबहादुर वानियाँ र यो पङ्क्तिकार स्थानीय जनताको सहयोगमा घटनास्थल पुगेर लास पत्ता लगाउने काम भयो । माओवादीले हत्या गरेर एउटा ढुंगाको चेपमा शव छाडी गएपछि स्थानीय गाउँलेहरुले गाडेका रहेछन् । गाडिएको ठाउँमा उधिनेर हेर्दा ताराचन्द्रले लगाएको छालाको ज्याकेटको खल्तीमा ‘शान्ति र प्रजातन्त्रका लागि एमालेको जनअभियान’ लेखिएको रातो कपडा भेटियो । घनघोर जङ्गलको बीचमा स्थानीय एक जना बूढा बाले देखाएको बाटोलाई पछ्याउदै खाडल उधिन्न जानु र त्यसक्रम भेटिएको एक जना सहयोद्धाको खप्पर लिएर फर्कदाको समयमा परेको चोटलाई यहाँ शव्दमा व्यक्त गर्न नसकिंदो रहेछ । उक्त हत्यामा संलग्न माओवादी कार्यकर्ताहरु हाल पनि बाजुरा र कालीकोटका विभिन्न ठाउँमा क्रियाशील नै छन् । दानबहादुर बोगटी ‘क्षितिज’, लालबहादुर फडेरा ‘विपिन’, लक्ष्मी भट्टराई ‘सगरमाथा’, कर्ण विक ‘केशव’, पदम भण्डारी ‘पवन’हरु यो हत्यामा प्रत्यक्ष संलग्न थिए र हितमान उपनामका व्यक्तिको निर्देशनमा यो हत्या भएको थियो ।

अन्तर्राष्ट्रिय कानुनले युद्धलाई अपराधको रुपमा परिभाषित गरेको धेरै समय बितिसक्यो । तैपनि राष्ट्र-राष्ट्रका बीच र अन्तरदेशीय युद्धहरु यदाकदा चलिरहेकै छन् । युद्ध आफैंमा अपराध हो । तर, युद्धका पनि निश्चित नियमहरु हुन्छन् । युद्धमा हतियारसहित लड्ने मानिसहरुको मृत्यु अवश्य हुन्छ । त्यसलाई असामान्य रुपमा लिइँदैन । तर, जो युद्धमा सामेल छैन वा हतियारविहीन वा घाइते छ, त्यस्ता व्यक्तिको हत्या गर्नुलाई जघन्य अपराधको कोटीमा राखेर युद्ध समाप्त भएको कैयौं समयपछि पनि युद्ध अपराधमा मुद्धा चलाएर दोषीहरुलाई दण्डित गर्ने मानवअधिकारको विश्वव्यापी मान्यतालाई नेपालमा पनि लागू गर्नुपर्ने अवस्था छ । यदि अपराधीहरु खुलेआम हिँडिरहने स्थिति भयो भने प्रतिशोधको डरलाग्दो अभियान नचल्ला भनेर भन्न सकिँदैन । त्यसकारण सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरी दोषीहरुलाई दण्डित गर्ने कुरामा आम जनतालाई राज्यले विश्वस्त तुल्याउन ढिलो गर्नुहुँदैन । ❐

# माओवादी हिंसा र रोल्पाले भोग्नुपरेको क्षति

**❐ शान्तकुमार ओली**

६१ वर्षअघि स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीले राजनीतिक तथा सङ्गठन विस्तारको क्रममा रोल्पा जिल्लामा गहिरो प्रभाव पारेको छ । २००७ सालको राजनीतिक परिवर्तनपश्चात् रोल्पामा कम्युनिस्ट विचारको प्रचार-प्रसार भएको पाइन्छ । खासगरी कमरेड मोहनविक्रम सिंहको सम्पर्कमा त्यतिखेर जिल्लाका केही व्यक्तिहरु कम्युनिस्ट पार्टीप्रति आकर्षित भएका थिए । ०११/१२ देखि रोल्पामा कम्युनिस्ट विचारमा विश्वास राख्नेहरुको संख्या बढोत्तरी भएको देखिन्छ । ०१५ को आमनिर्वाचनमा पराजित भएको कम्युनिस्ट पार्टीले आफ्नो राजनीतिक तथा साङ्गठनिक कामलाई अघि बढाउने सन्दर्भमा मोहनविक्रम सिंह पटकपटक रोल्पा आउनुभएको थियो र ०३८ सालमा थवाङमा ठूलो अप्रेसन भएको थियो ।

पार्टीको तेस्रो महाधिवेशनपछि कम्युनिस्ट आन्दोलनमा आएको फुट र विभाजनको असर रोल्पामा पर्नु स्वाभाविकै थियो । मोहनविक्रम सिंहको अगुवाइमा ०३१ मा नेकपा (चौम)को गठन भएपछि रोल्पाका कम्युनिस्टहरु पनि त्यसकै पक्षमा उभिए । चौममा आएको विभाजनमा पनि रोल्पालीहरु मोहनविक्रम सिंहकै पक्षमा रहे । तर, ०४१ मा नेकपा (मशाल)मा भएको विभाजनपछि यो जिल्ला मोहनविक्रमको नेतृत्व प्रभावबाट मुक्त भएको देखिन्छ। खासगरी, माओवादीहरुले चीनको ‘यनान’जस्तै सङ्घर्षको केन्द्रका रुपमा विकास गर्न खोजेको आजको थवाङ पहिले कमरेड

मोहनविक्रम सिंहको प्रमुख राजनीतिक सेल्टरजस्तै थियो । त्यहाँका मान्छेलाई आफू नै एमबी हो भनी झुक्याएर मोहन वैद्यले विभाजनपछि आफ्नो पक्षमा पारेको भन्ने भनाइ पनि रहेको छ । ०४६ सालको आन्दोलनपछि प्रचण्ड महामन्त्री रहेको तत्कालीन नेकपा (मशाल)को प्रभाव अङ्गका रुपमा रोल्पा रहँदै आयो ।

०४५ को 'सेक्टर काण्ड'पछि पार्टीको महामन्त्री बनेका प्रचण्डले एकताकेन्द्र निर्माण भएर त्यसमा विवाद भएपछि रोल्पा-रुकुमलाई जनयुद्धको आधार बन्ने भविष्यवाणीसहित पार्टीको सम्पूर्ण शक्ति रोल्पा-रुकुममा विन्यास गरेको देखिन्छ । सामाजिक, आर्थिक र चेतनाका हिसाबले पछि परेको रोल्पाली-रुकुमेलीहरुलाई जनवादी राज्यसत्ताको रङ्गीन सपना बाँडेर 'कन्भिन्स' गर्न सकिने यस समूहको बुझाइ थियो । त्यसकै प्रयोगको क्रममा उनीहरुले सशस्त्र सङ्घर्षको आधारभूमि बनाउने प्रयास पनि गरे । रोल्पालीहरुले स्वयम् भोगिरहेको समस्यालाई मुख्य मुद्दा बनाएर उनीहरुको पक्षमा लडिदिने भनिदिँदा सहमत हुने कुरा स्वाभाविक पनि थियो । ०४८ को संसदीय निर्वाचनपछि बहुमतको सरकार बनाएको काङ्ग्रेसले रोल्पामा संजमोको प्रभावलाई कम गर्न दमनका विभिन्न तरिकाहरु प्रयोग गर्ने, एकैजना व्यक्तिलाई १० औं मुद्दा लगाउनुका साथै काङ्ग्रेसका कार्यकर्ताहरु पुलिसको सहयोगी बन्ने र संजमोका गतिविधिलाई न्यून गर्न 'रोमियोजस्ता अप्रेसनहरु चलाएर जनयुद्धको आधार बनाउन बलपूर्वक धकेल्ने काम गरेको पाइन्छ । त्यसप्रकारको राजनीतिक पृष्ठभूमिमा ०५२ फागुन १ गते रोल्पाको होलेरी प्रहरी चौकीमा आक्रमण गरेर माओवादीले औपचारिक रुपले तथाकथित जनयुद्धको घोषणा गरेको थियो । यस पृष्ठभूमिबाट अघि बढेको एमाओवादीका हाल रोल्पा पृष्ठभूमि भएका ११ जना सभासद्हरु रहेका छन् । एमाओवादीको केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी समितिमा समेत रोल्पालीहरुको प्रभावपूर्ण उपस्थिति रहेको छ । त्यसको प्रमुख कारण 'जनयुद्ध'मा उनीहरुले निर्वाह गरेको भूमिका नै हो भन्न सकिन्छ ।

जनवादी राज्य स्थापनाको उद्देश्य बोकेको माओवादी 'जनयुद्ध' ०५३/०५४ पछि बदलाको भावनाबाट प्रभावित भएर आफूइतरका राजनीतिक पार्टीका नेताकार्यकर्ताहरुको हत्यामा केन्द्रित भएको देखिन्छ । त्यसबाट अधिकमात्रामा स्थानीय कार्यकर्ता र जनप्रतिनिधिहरु प्रभावित भए । उनीहरुले ०५२ सालमै करेटी गाविसका डोलबहादुर घर्तीको काङ्ग्रेस भएकै कारणले हत्या गरेका थिए। ०५४ को स्थानीय निर्वाचनपछि उनीहरु स्थानीय सत्ता खाली गराउने नाममा जनप्रतिनिधिहरुविरुद्ध जाइलागेका थिए । त्यसअन्तर्गत उनीहरुले दर्जनौं गाविस अध्यक्ष र उपाध्यक्षको हत्या गरेको देख्न सकिन्छ । त्यसक्रममा उनीहरुले निकै आततायी र बर्बरतापूर्ण निम्न हत्याकाण्डसमेत मच्चाएका थिए ।

**हार्जङ हत्याकाण्ड**

०५५ फागुन २५ गते राती रोल्पा जिल्लाको हार्जङ गाविसमा माओवादीहरुले राजनीतिक प्रतिशोधका क्रममा गराएको एउटा निन्दनीय र भर्त्सनायोग्य हो- हारजङ हत्याकाण्ड । हार्जङ गाविस रोल्पा जिल्लाको निर्वाचन क्षेत्र नं.- १ अन्तर्गत ५ नं. इलाकामा अवस्थित छ । मगरहरुको घना बस्ती रहेको यस गाविसमा तीन महिनाभन्दा बढी आफ्नै उत्पादनले खान पुग्ने मानिस भेट्टाउनै गाह्रो पर्दछ । चरम गरिबीको समस्याबाट पीडित हार्जङबासीहरुले ०४८ र ०४९ को स्थानीय निर्वाचनमा संजमोलाई मतदान गरेका थिए । तर, ०५४ को स्थानीय निर्वाचनमा गाविस अध्यक्षसहित बहुमत स्थानमा नेकपा (एमाले)का उम्मेदवारहरुलाई विजयी गराएका थिए । ०५५ को जिविस निर्वाचनमा एमालेलाई मतदान गरेको बहानामा त्यहाँका जनताविरुद्ध माओवादीहरु नृशंस ढङ्गले प्रस्तुत भए । फलतः सामान्य गाउँको सुरक्षाका निम्ति भेला भएका स्थानीय बासिन्दालाई माओवादीहरुले घरमा आगो लगाएर ज्यूँदै जलाई सामूहिक रुपमा हत्या गरे भने कतिपयलाई लाठीले हानेर हत्या गरे । यसरी १५ जना होनहार रोल्पालीहरुको मध्ययुगीन बर्बरताको नमुना प्रस्तुत गर्दै हत्या भयो । उक्त घटना विशुद्ध रुपमा राजनीतिक प्रतिशोधको परिणाम थियो । वर्गीय, राजनीतिक र मानवीय कुनै हिसाबले पनि उक्त घटनालाई न्यायोचित ठहऱ्याउन सकिँदैन । गरिबीको रेखामुनि रहेका मानिसहरुको पासविक र निर्मम ढङ्गले गरिएको हत्याले वास्तवमा माओवादीको तथाकथित जनयुद्ध कसका लागि लक्षित हो भन्ने सन्दर्भमा गम्भीर प्रश्न खडा गऱ्यो र त्यसका निम्ति जवाफ अहिलेसम्म माओवादी नेतृत्वले दिनसकेको छैन ।

**झेनाम हत्याकाण्ड**

निमलाल रोका एक गरिब परिवारमा जन्मनुभएको थियो । सानैदेखि लाहुर गएर कमाएको दुईचार हजारले परिवार धान्दै आउनुभएका रोका ०५८ साल असोज ७ गते भारतबाट घर आउनुभएको थियो । सामान्य भलाकुसारीपछि खानपिनमा जुटेका रोका परिवारको माझमा २/३ जना अपरिचित अनुहार आए । आफूहरु माओवादी भएको र खाना खान दिनुपर्ने कुरा गरे । उहाँले आफू आजमात्रै भारतबाट आएको र श्रीमती सुत्केरी भएको हुँदा खाना पकाउन सक्ने स्थिति छैन भनेपछि एक्कासी उहाँका विरुद्ध ती अपरिचित व्यक्तिहरु जाइलागे । उनीहरुको कुटाइबाट कमरेड निमलाल रोकाको घटनास्थलमै मृत्यु भयो । गरिब परिवार दुःखपूर्वक पालनपोषण गरिरहेका निमलाल रोकाको हत्याले जिल्लाको दक्षिणी भेगमा माओवादीको नियत र व्यवहार उदाङ्गो हुनपुग्यो ।

**मृत्युदण्डः संयोगवश कार्यान्वयन हुनसकेन** !

०५९ भदौ २९ गते नेकपा (एमाले) रोल्पाका तत्कालीन उपसचिव कमरेड शान्तकुमार ओली (लेखक)लाई स्थानीय सत्ता तथा जनयुद्धको विरोध गरेको आरोपमा राज्य-विप्लवको मुद्दा लगाई अपहरण गरिएको थियो । ७ दिनसम्म लामो छलफल गरेपछि उनीहरुले ओलीलाई मृत्युदण्ड दिने सजाय सुनाए । माओवादी सेनाको घेरामा रहेको अवस्थामा ओली ०५९ भदौ १६ गते तालाबाङमा उनीहरु सुतेको मौका छोपेर भाग्न सफल भएकाले मात्रै मृत्युदण्डको कार्यान्वयन हुन

पाएन । यसरी ओली माओवादीको मुखबाट मुस्किलले बाँच्न सम्भव भयो । माओवादी जनयुद्धको क्रममा रोल्पाली नेकपा (एमाले)का १९ जना कार्यकर्ता माओवादीबाट मारिनुपरेको छ भने ६ जना कार्यकर्ताले राज्य पक्षबाट ज्यान गुमाउनुपर्‍यो ।

वास्तवमा माओवादीको कथित जनयुद्धबाट सबैभन्दा बढी पीडित रोल्पा जिल्लाले मानवीय क्षति, भौतिक पूर्वाधार, विकास निर्माणलगायतका विषयहरुको आधारमा अध्ययन गर्ने हो भने यो जिल्ला ५० वर्षपछाडि धकेलिएको छ । एक त राज्यबाट दृष्टि पुर्‍याउन नसकेर पछाडि पारिएको, अझ त्यसमा माओवादीले नुनचक दल्दै दारुण अवस्थामा पुर्‍याउने काम गरेको हुनाले जनयुद्धको कष्ट र कहर धेरै बढी हुनपुगेको छ । पुरानाको ध्वंस र नयाँको निर्माण गर्ने भन्दै गाविस भवन, पुल, सेवाकेन्द्र, टेलिफोन टावर, प्रहरी कार्यालय उनीहरुले पूर्णतः ध्वस्त बनाए । आफूभन्दा फरक विचार बोक्ने राजनीतिक दलका कार्यकर्ता, समर्थक र शुभचिन्तकहरुलाई छानीछानी विभिन्न झुटा आरोप जस्तो कि सीआईडी-सुराकी गरेको, कथित सत्ताको उर्दी नमानेको, चन्दा र खाना नदिएको आरोपमा जनतामा स्थापित र इमानदार व्यक्तिहरुलाई मार्ने, अपहरण गर्ने, बेपत्ता पार्ने, विस्थापित गर्ने, सम्पत्ति कब्जा गर्ने, अपमान र बेइज्जती गर्नेलगायतका काम गर्न उनीहरुले कुनै कसर बाँकी राखेनन् । तिनका जनविरोधी कामको विरोध गर्नेहरुको हत्या गर्ने भएको हुँदा कैयौं रोल्पाली जनता दमनको जाँतामा पिसिन विवस भए । माओवादीहरुले घरमा नारा लेखेकोमा आफ्नो घर लिप्दा पोतिएको कारण हार्जङ निवासी ८३ वर्षीया खिरमता पुनको हात ढुङ्गामाथि राखेर किचिदिएका थिए । त्यही पीडाका कारण उनको मृत्यु भयो । गाउँलेहरुले असह्य भएर माओवादीलाई गाउँ प्रवेशमा रोक लगाउने निर्णय गरेपछि बढेको विवादका क्रममा कुख्यात हारजंग हत्याकाण्ड भएको थियो ।

यसरी युद्धका कारण दुःख पाउने नेकपा (एमाले)का थुप्रै नेता-कार्यकर्ता, शुभचिन्तक र समर्थकहरु छन् । उनीहरुबाट नेपाली काङ्ग्रेस र राप्रपाका थुप्रै नेता-कार्यकर्ता मारिएका छन् । राजनीतिक दलका नेता-कार्यकर्तामात्र होइन, प्रहरीहरु पनि त्यत्तिकै मारिएका छन् । रोल्पा जिल्लामा कार्यरत ६८ जना सुरक्षाकर्मीले जनताको सुरक्षामा खटिँदाखटिँदै ज्यान गुमाएको पाइन्छ । नेपाली सेनाले समेत यस जिल्लामा युद्ध आम्नेसाम्ने हुँदा धेरै क्षति ब्यहोरेको छ । माओवादीले गरेको गाम आक्रमणमा सबैभन्दा बढी सिपाहीहरू मारिएका छन् । राँक टेलिफोन टावर सुरक्षार्थ खटिएका नेपाली सेना र अन्य विभिन्न स्थानमा पनि सैनिक मारिएका थिए । स्वयम् माओवादीहरुले पनि यस जिल्लामा धेरै ठूलो क्षति व्यहोरेका छन् । यसक्रममा झन्डै ७ सय ५० जनाभन्दा बढी माओवादीहरु राज्यद्वारा मारिएका छन् भने १ सय १५ भन्दा बढी अन्य दलका समर्थकहरु मारिएका छन् । यस्तै, राज्यबाट ५२ जना बेपत्ताको सूचीमा छन् भने माओवादीले १५ जनालाई बेपत्ता पारेको छ । रोल्पामा यति धेरै रोल्पाली जनताको ज्यान 'जनयुद्ध'ले लिएको छ । यसभन्दा अझ बढी घाइते, अपाङ्ग र विस्थापितको संख्या रहेको छ । विदेश गएका युवाहरुबाट प्रतिव्यक्ति ३० हजार उठाउने तथा विभिन्न आरोप लगाएर त्यतिकै मात्रामा आर्थिक सङ्कलन गर्ने काम माओवादीद्वारा गरियो । यसरी रोल्पा जिल्ला अस्तव्यस्त भएको छ । रोल्पा राँक-रिपिटर टावरलगायत सम्पूर्ण संचारविच्छेद गरियो । गाविसमा जाने बजेटमा पूर्णरुपले रोक लगाइयो र १० वर्षको अवधिमा करोडौं रुपियाँ जनतामा जानै पाएन । जिविस, गैरसरकारी सङ्घसंस्था तथा नेपाल सरकारबाट गाउँमा कुनै काम हुन नसक्दा बजेट 'फ्रिज' भयो ।

रोल्पा जिल्लाको यो कहालीलाग्दो तस्बिरले नै यहाँ माआवादीले गरेको ज्यादती प्रस्ट हुन्छ । नेकपा (एमाले)का २५ भन्दा बढी नेता-कार्यकर्ताले अनाहकमा ज्यान गुमाएका छन् । समग्रतामा विश्लेषण गर्ने हो भने माओवादीद्वारा सञ्चालन गरिएको 'जनयुद्ध'ले रोल्पालाई उपलब्धि होइन ठूलो क्षति गरेको छ । जिल्लालाई अगाडि होइन, वर्षौं पछाडि धकेल्ने काम गरेको छ । त्यसको बदलामा जनताले केही उपलब्धि पाउनसकेका छैनन् । तर, एकीकृत माओवादीका केही दर्जन नेताहरु स्थापित भएका छन् । केहीले सभासद् हुने अवसर पनि प्राप्त गरेका छन् । तर, क्रान्ति भनेको विध्वंस हो भन्ने चाहिँ पुष्टि हुनसकेन । यसनिम्ति माओवादी नेतृत्वले पश्चाताप गर्नैपर्छ । ❒

# माओवादी तरिका माओवादीकै विरुद्ध

## ❒ रेवन्त झा

गौतम बुद्धले भन्नुभएको छ, 'तिमी अरुमाथि यस्तो व्यवहार नगर, जुन व्यवहार आफैंमाथि भए तिमीलाई नराम्रो लाग्छ ।' बुद्धको उपदेशको यति सार कुरा बुझिसकेको व्यक्ति वास्तवमा शान्तिकामी असल एवम् अहिलेको युगमा महान् हुन्छ । नपालको शान्ति प्रक्रिया र प्रयत्न यसैवरिपरि घुमिरहेको छ । शान्ति स्थापनाका लागि अघि बढिरहेका छौं । यसक्रममा एकले अर्कोलाई दोष दिंदै जनताको बीचमा आआफ्नो डम्फु बजाउन व्यस्त छौं । सम्भवतः माओवादी नेतृत्वले पनि यसको सार बुझेको भए यति ठूलो हिंसा र ज्यादती गर्दैन थियो होला ।

पहिले माओवादीहरु आफ्नो विचार नमान्ने, आफ्नो विरोध गर्न र आफ्नो विचारभन्दा फरक तर असल विचार बोकेर जनताको मन जित्नसक्ने व्यक्तिहरुको हत्या गर्ने गर्दथे । तर, आजको परिस्थिति फरक भएको छ । माओवादीहरु शान्ति प्रक्रियामा आएका छन् । तिनका हतियार कन्टेनरमा राखिएको छ । पार्टी नीति शान्ति वार्तामा प्रतिबद्ध रहने नै रहेको छ । तर यो कुरा अरु हतियारधारीहरुले बुझ्नसकेका छैनन् । माओवादीले शान्तिसम्झौतामा हस्ताक्षर गरिसकेपछि हालसम्म उसका १ सय ३५ भन्दा बढी नेताकार्यकर्ताको ज्यान गइसकेको स्वयम् माओवादीहरु बताउँछन् । यसमध्ये तराईमा मात्रै ६० प्रतिशतभन्दा बढीको ज्यान गएको छ । शान्ति प्रक्रियामा रहेको माओवादीले वाईसीएलको नाममा चन्दा आतंक, हत्याहिंसा मच्चाउन छाडेको छैन । उसले शान्तिप्रक्रियामा आएयता हालसम्म ३५ जना व्यक्तिहरुको हत्या गरिसकेको छ । मानवअधिकारवादी संस्था इन्सेकका अनुसार ४८ जना माओवादी कार्यकर्ताको हत्या भएको छ । कसैको पनि हत्या हुनु राम्रो होइन । यही कुरा पहिले माओवादीले बुझ्नसकेको भए कति जाति हुन्थ्यो ? उसले अरु पार्टीका नेताकार्यकर्तालाई हत्या गर्नुलाई उसले क्रान्तिको संज्ञा दिने गर्दथ्यो । लडाका बनाउन बढी क्रियाशील रहने माओवादी प्रवृत्तिले पहिले गौर घटना निम्त्यायो । जसमा माओवादीको ठूलो कार्यकर्तापङ्क्ति हताहत भयो र तराईमा त्यसको दूरगामी असर पर्‍यो । माओवादीले हिंसात्मक जनयुद्ध गरेर आएको भए पनि अहिले शान्तिपूर्ण बाटोमा अघि बढ्ने कोसिसमा छ । नेताहरुका भाषणमा पनि शान्तिपूर्ण बाटोमै प्रतिबद्ध रहेको सुन्न सकिन्छ । तर, कब्जा र हत्याहिंसाको उपद्रव हुने गर्दछ । तर, अरु देशका हिंसात्मक आन्दोलनपछिको शान्तिपूर्ण अवतरणको प्रक्रियालाई हेर्ने हो भने हामी धेरै प्रतिशोधपूर्ण क्रियाकलाप भएको देख्नसक्छौं । तर, नेपालमा खासै प्रतिशोधात्मक क्रियाकलाप भएको देखिन्न । पहाडमा उनीहरुको जस्तोसुकै क्रियाकलाप भए पनि खासै प्रतिक्रिया देखिएको पाइँदैन । तर, तराईमा माओवादीप्रति अलि बढी प्रतिशोधात्मक क्रियाकलाप भएको देखिन्छ । त्यसको केही मात्रामा भए पनि राजनीतिक कारण रहेको छ । तराईमा बसोबास गर्ने मधेसी, दलित, पिछडिएका, मुसलमान, थारु, जनजाति र मुसहर ढाँगरजस्ता जातिहरुलाई असम्भव अधिकार दिलाउने भनेर माओवादीले आफ्नो आन्दोलनमा जोड्ने काम गरेको थियो । तर, पछि सम्झौताको बेला उनीहरुलाई बेवास्ता गरेको अनुभूति भयो । ती वर्ग र समुदाय खुला रुपले माओवादीको विरोधमा छन् । अनि, आफ्नो अधिकार प्राप्तिका लागि उनीहरु माओवादीले सिकाएकै बाटोमा अघि बढेको देखिन्छ । र, उनीहरु हत्या-हिंसा गर्न उद्यत् छन् । अर्कोतिर पहाडमा विभिन्न जातीय सङ्गठनहरु आआफ्नै हिसाबले अघि बढिरहेका छन् । उनीहरुले हत्याहिंसामै जोड नदिए पनि हड्ताल, बन्द, चक्काजाम र प्रहरी चौकीमा हमलाजस्ता क्रियाकलाप गर्न उद्यत् देखिन्छन् । तराईमा केही राजनीतिक माग राख्ने भूमिगत सङ्गठनहरु क्रियाशील छन् । तैपनि धेरैजसो हतियारधारी सङ्गठनहरुले नै हत्याहिंसा, फिरौती, अपहरण, लुटपाटजस्ता आपराधिक र अमानवीय क्रियाकलाप गरिरहेका छन् । कुनै परिवर्तन गराउने उद्देश्य नभई पैसा कमाउने र प्रतिशोधात्मक क्रियाकलाप गर्ने र आफ्नो हैकम चलाउने मात्र तिनीहरुको नियत हो । माओवादीहरु शान्तिपूर्ण प्रक्रियामा आएयता अन्य राजनीतिक दलका कार्यकर्ताको हत्या गर्न छाडेका छैनन् तर उनीहरुको आफ्नो कार्यकर्ताको हत्याको तुलनामा यो संख्या निकै कम छ । शान्तिपूर्ण प्रक्रियाको बाटो जति लामो हुन्छ, यो शृङ्खला अझ बढ्ने हो कि भन्ने चिन्ता गर्नुपर्ने अवस्था रहेको छ । तसर्थ, शान्तिप्रक्रिया छिटो टुङ्ग्याएर सङ्क्रमणकाललाई छोटो बनाउनु नै मुलुक र शान्तिकामी जनसमुदायको हितमा छ । यो काम छिटो गर्ने कि नगर्ने भन्ने चाहिँ माओवादीकै हातमा निर्भर छ । माओवादीले आफ्ना मागहरुको सूची बढाउनु हुँदैन । त्यस्तै, नेपाली काङ्ग्रेस र नेकपा (एमाले) पनि शान्तिप्रक्रिया चाँडोभन्दा चाँडो निष्कर्षमा पुर्‍याउन इमानदारीपूर्वक लाग्नुपर्ने देखिन्छ । साथै, आफूलाई मधेसवादी भन्ने दलहरुसँगको सम्झौतालाई कार्यान्वयन गरेर ती  एमाले, काङ्ग्रेस र माओवादीले तराईमा आफ्नो हैसियत पुनःस्थापना, शान्तिसुव्यवस्थाको बहाली र विकास-निर्माणलाई तीव्रता दिन ध्यान केन्द्रित गर्नुपर्छ । राजनीतिक र प्रशासनिक प्रक्रिया सफलतापूर्वक अघि बढाउँदा हिंसात्मक र आपराधिक समूहहरु स्वतः निस्तेज हुने र प्रतिशोधात्मक स्थितिसमेत नहुने वातावरण सिर्जना गर्न सकिन्छ । यसनिम्ति मूलतः तीनवटा प्रमुख दलहरुले शान्तिप्रक्रिया सँगसँगै विशेष ध्यान दिनु आवश्यक देखिन्छ । ❐

# ‘जनयुद्ध’को ध्वंस र पुनःनिर्माणको लागत लेखाजोखा

❐ **मोतीप्रसाद पौडेल**

नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले २०५२ फागुन १ गतेदेखि जनयुद्धको घोषणा गर्‍यो । त्यस मितिदेखि नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच विस्तृत शान्तिसम्झौता भएको दिन ०६३ मंसिर ५ गतेसम्मको अवधिलाई सशस्त्र द्वन्द्वकाल भनिन्छ । जतिबेला माओवादीले जनयुद्धको सुरुवात गर्‍यो, त्यतिबेला नेपालमा संवैधानिक राजतन्त्रात्मक बहुदलीय व्यवस्था थियो । जननिर्वाचित संसद् थियो र जननिर्वाचित सरकार पनि थियो । बहुदलीय व्यवस्थाअन्तर्गत जननिर्वाचित संसद् र सरकार भएको बेलामा सशस्त्र जनयुद्धको घोषणा गरेर राज्यका विभिन्न निकायमाथि आक्रमण गर्नु बहुदलीय व्यवस्था र जननिर्वाचित संसद् र सरकारविरुद्धकै आक्रमण थियो । माओत्सेतुङको नेतृत्वमा भएको चिनियाँ क्रान्तिजस्तै सशस्त्र जनयुद्ध गरेर गाउँबाट सहरलाई घेरेर सत्ताकब्जा गर्ने र जनवादी व्यवस्था स्थापना गर्ने कुरा गर्नु, 'राजासँग पनि अघोषित कार्यगत एकता थियो' भन्ने दावी गर्ने पार्टीले नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेकपा (मसाल)लगायतका राजनीतिक पार्टीका कार्यकर्तामाथि समेत आक्रमण गर्नु, गरिब, दलित र शोषित पीडित व्यक्तिहरूलाई पनि आक्रमणको निशाना बनाउनु विरोधाभाषपूर्ण थियो । नेकपा (माओवादी)का क्रियाकलाप विरोधाभाषपूर्ण हुँदाहुँदै पनि मुलुकभित्र विद्यमान विभिन्न किसिमका अन्तरविरोधहरूलाई उपयोग गर्दै उसले आफ्ना गतिविधिहरूलाई एकहदसम्म अगाडि बढाउन सफल भयो । माओवादीले जनयुद्धको नाउँमा गर्ने आक्रमण र राज्यले माओवादीलाई दमन गर्न लिएको नीतिले देश चरम द्वन्द्वको भुमरीमा फस्यो । यस्तै अवस्थामा राजा ज्ञानेन्द्रको नेतृत्वमा निरङ्कुशतावादी तत्वहरू टाउको उठाउन सफल भए । प्रतिगामी तत्वहरूको आडभरोसामा राजा ज्ञानेन्द्रले संवैधानिक राजतन्त्रको परिधि नाघेर निरङ्कुश राजा बन्ने कोसिस गरे । अनि सबै राजनीतिक पार्टीहरूलाई पाखा लगाएर सम्पूर्ण सत्ता आफ्नो हातमा लिए । राजा ज्ञानेन्द्रको यो कमदले संवैधानिक राजतन्त्रात्मक बहुदलीय व्यवस्था स्वीकारेका नेपाली काङ्ग्रेस, नेकपा (एमाले)लगायतका राजनीतिक पार्टी र सशस्त्र जनयुद्ध गरिरहेको नेकपा (माओवादी)लाई एकै ठाउँमा ल्यायो । उनीहरूबीच १२ बुँदे समझदारी भयो र निरङ्कुश राजतन्त्रविरुद्ध ०६२/६३ को विशाल जनआन्दोलन भयो । यो जनआन्दोलनको सफलतापछि ०६३ मंसिर ५ गते नेपाल सरकार र नेकपा (माओवादी)बीच विस्तृत शान्तिसम्झौता भयो । नेकपा (माओवादी)को जनयुद्ध विधिवत् अन्त्य भयो । माओवादी जनयुद्ध सुरु भएदेखि यसको अन्त्य हुँदासम्मको पूरापूर अवधि १० वर्ष १० महिना पाँच दिन हुन्छ ।

माओवादी जनयुद्ध सुरु भएदेखि विस्तृत शान्तिसम्झौता हुँदासम्मको अवधिमा भएको सशस्त्र द्वन्द्वले देशका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिकलगायतका हरेक क्षेत्र द्वन्द्वबाट प्रभावित भए । यो द्वन्द्वको क्रममा मुलुकले धेरै क्षति व्यहोर्नुपर्‍यो । यो द्वन्द्वका कारणले हजारौंको मानवीय क्षति र अर्बौंको भौतिक क्षति मुलुकले भोग्नुपरेको छ । यो द्वन्द्वमा हजारौं मानिसहरू मारिएका छन्, सयौं मानिस बेपत्ता भएका छन्, घाइते, अपाङ्ग, अपहरण, कैद वा हिरासत र टुहुराको सङ्ख्या सयौं रहेको छ । सार्वजनिक सरकारी सामुदायिक निजी गरेर सयौं हजारौंको सङ्ख्यामा भवन घर र सम्पत्ति क्षति भएको छ । हजारौंको सङ्ख्यामा मानिसहरू आन्तरिक रूपमा विस्थापित भएका छन् । यो सशस्त्र द्वन्द्वले जुन खालको क्षति भएको छ त्यसको जस्ताको तस्तै पूर्ति हुन सम्भव छैन । तर, त्यसको यथासम्भव भरथेग गर्न राज्यले ध्यान दिनुपर्छ । जो मानिस मारिए, उनीहरूको क्षतिपूर्ति त कतैबाट कहिल्यै पनि पूरा हुँदैन । राज्य इमान्दारीपूर्वक लाग्ने हो भने पीडित पक्षलाई राहतको महसुस गराउन चाहिं सक्छ ।

यो सशस्त्र द्वन्द्वले राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक सबै क्षेत्रमा व्यापक असर पार्‍यो । त्यसका कारणले धेरै क्षति पनि भयो । अब शान्तिकालमा आएर त्यो सशस्त्र द्वन्द्वका कारणहरू पत्ता लगाउनु, त्यसको निराकरणका उपायहरू खोज्नु, द्वन्द्वले पारेका असरहरू केलाउनु सकारात्मक/नकारात्मक पक्षहरूको विश्लेषण गर्नु, त्यसका कारणले भएको क्षतिको तथ्य सङ्कलन गर्नु, क्षतिपूर्ति, राहत र पुनःनिर्माणको योजना बनाउन जरुरी हुन्छ । शान्ति तथा पुनःनिर्माण मन्त्रालयले यी कामहरू गरिरहेको पनि छ । हालसम्म उपलब्ध भएको जानकारीका आधारमा द्वन्द्वकालमा भएको क्षति र राहत तथा पुनःनिर्माणको अनुमानित स्थिति मात्र यहाँ प्रस्तुत गरिएको छः

**विभिन्न द्वन्द्व प्रभावित पक्षहरूको लगत**

नेपाल सरकार शान्ति तथा पुनःनिर्माण मन्त्रालयले द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत सङ्कलन गर्नका लागि द्वन्द्व प्रभावित व्यक्ति परिवार तथा संरचनाको लगत सङ्कलन कार्यदल गठन गरेर लगत सङ्कलन गर्ने कामको जिम्मेवारी दिएको छ । ०६४ जेठ २७ देखि कार्यदल गठन भएर पटकपटक गठन पुनःगठन हुँदै काम गरिरहेकोमा पछिल्लोपटक ०६६ भदौ २६ गते मेरो नेतृत्वमा पुनःगठन भएको कार्यदल अहिले कार्यरत रहेको छ । त्यसले हालसम्म एक लाखभन्दा बढी द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत सङ्कलन गरिसकेको छ । यसक्रममा जिल्ला प्रशासन कार्यालयबाट सिफारिस भएर आएको सङ्ख्या त हजारौं छ भने जिल्ला-जिल्लामा करिब ५० हजार जति निवेदन परेकोमा तिनलाई प्रक्रिया पुर्‍याएर कार्यदलमा पठाउने काम जारी नै छ । जिल्लाजिल्लाबाट भएका सिफारिसहरूको अध्ययन गरी सबै प्रक्रिया पुगेका व्यक्ति, परिवार तथा संरचनाको लगत राख्ने काम व्यवस्थित हुन्छ । लगत प्रतिवेदन तयार गरिसकेपछि शान्ति तथा पुनःनिर्माण मन्त्रालयमा पेस हुन्छ र मन्त्रालयको निर्णयपछि राहत तथा पुनःनिर्माणको प्रक्रियामा जाने गर्दछ ।

हालसम्म मलाई जानकारी भएसम्म विगत सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षहरूबाट मारिनेहरूको सङ्ख्या १६ हजार भन्दा बढी छ । जिल्ला-जिल्लामा परेका निवेदनहरू र आएका सिफारिसहरूको हालसम्मको अवस्था हेर्दा यो सङ्ख्या १७ हजारको हाराहारीमा पुग्ने सम्भावना छ । द्वन्द्वको क्रममा बेपत्ता हुने नागरिकहरूको सङ्ख्या १३ सय भन्दा बढी छ । यो सङ्ख्या पनि करिब १५ सय पुग्ने अवस्था देखिन्छ । अपाङ्गहरूको सङ्ख्या चार हजारभन्दा बढी छ र यो सङ्ख्या करिब छ

हजार पुग्ने देखिन्छ । अपाङ्ग नभएका तर घाइतेमात्र भएकाहरूको सङ्ख्या १३ सयभन्दा बढी छ र यो सङ्ख्या पनि करिब १५ सय पुग्ने सम्भावना छ । घाइते भएर अपाङ्ग भएकाहरूको सङ्ख्या र घाइतेमात्रै भएर अपाङ्ग नभएकाहरूको सङ्ख्या जोड्दा करिब ७ हजार ५ सय व्यक्तिहरू यो सशस्त्र द्वन्द्वमा घाइते भएको स्थिति बुझिन्छ । त्यस्तै अपहरण भएकाहरूको सङ्ख्या १ हजारभन्दा बढी छ । यो सङ्ख्या करिब १२/१३ सयसम्म पुग्ने देखिन्छ । द्वन्द्वक्रममा देशका धेरै नागरिकहरू विस्थापित भएका थिए । कति अहिलेसम्म पनि विस्थापितकै अवस्थामा छन् । यसरी विस्थापित हुनेहरूको सङ्ख्या ७० हजारभन्दा बढी छ । यो सङ्ख्या ८० हजारभन्दा बढी पुग्ने देखिन्छ । बाबु आमा र दुवै गुमाएका १८ वर्षभन्दा कम उमेरका बालबालिकाहरूलाई टुहुरा मानेर लगत सङ्कलन गर्ने काम भइरहेकोमा यो सङ्ख्या कति हुन्छ ? अहिले नै भन्न नसकिए पनि १ सय ५० देखि २ सयको हाराहारीमा पुग्ने देखिन्छ । द्वन्द्वको क्रममा कैद वा हिरासतमा रहनेहरूको सङ्ख्या पनि उल्लेख्य छ । खास गरेर २४ दिनभन्दा बढी कैद वा हिरासतमा रहने व्यक्तिहरूको मात्रैको लगत राखिने हुनाले यो सङ्ख्या पनि १५ सयसम्म पुग्ने देखिन्छ । निजी सम्पत्ति क्षतिमा कतिसम्म क्षति भएको होला यकीन जानकारी पाउन गाह्रो छ । सम्बन्धित व्यक्तिले दावी गर्ने अङ्क धेरै हुन्छ, जिल्ला सम्पत्ति क्षति मूल्याङ्कन समितिले मूल्याङ्कन गरेको अङ्क, त्यसभन्दा धेरै कम हुन्छ । त्यसैले यसमा यत्ति नै भन्न गाह्रो छ । तर, एक अर्ब रुपियाँ बराबरको निजी सम्पत्ति क्षति भएको अनुमान गर्न सकिन्छ । सार्वजनिक सरकारी सम्पत्ति क्षतिको सङ्ख्या ५५ सयभन्दा बढी छ । यो सङ्ख्या पनि करिब ६ हजारको हाराहारीमा पुग्ने देखिन्छ । यसरी करिब १२/१३ अर्ब बराबरको सम्पत्तिको क्षति भएको देखिन्छ ।

**राहत पुनःस्थापना तथा पुनःनिर्माण**

द्वन्द्वप्रभावित व्यक्ति पारिवार तथा संरचनाको लगत सङ्कलनको उद्देश्य तथ्य र तथ्याङ्क यकिन गर्नु हो । वास्तविक तथ्य र तथ्याङ्क यकिन भएपछि पीडित पक्षलाई राहत पुनःस्थापना तथा पुनःनिर्माणका लागि शान्ति तथा पुनःनिर्माण मन्त्रालयले निर्णय गरेर सम्बन्धित इकाइमा पठाउने गर्छ । र त्यहाँबाट राहत तथा आर्थिक सहायता उपलब्ध गराउने गरिन्छ । द्वन्द्वपीडितहरूका लागि आर्थिक सहायता तथा राहत वितरणको काम प्रभावकारी बनाउनका लागि 'राहत तथा पुनःस्थापना इकाइ' शान्ति तथा पुनःनिर्माण मन्त्रालयले गठन गरेको छ । त्यसले नेपाल सरकारको 'द्वन्द्वपीडितहरूको लागि आर्थिक सहायता तथा राहतसम्बन्धी मापदण्ड', 'मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका' आदिको आधारमा राहत प्रदान गर्ने काम गर्छ । 'द्वन्द्वपीडितहरूका लागि आर्थिक सहायता तथा राहतसम्बन्धी मापदण्ड-०६४' अहिले खारेज भइसकेकेले 'नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी गतिविधि-०६६' बमोजिम राहत तथा आर्थिक सहायता प्रदान गर्ने काम हुन्छ ।

विभिन्न पीडित पक्षले विभिन्न किसिमले आर्थिक सहायता वा राहत पाउँछन् । मृतकका नजिकका हकदारले प्रतिव्यक्ति एक लाख रुपियाँ पाउँछन् । पुनःविवाह नगरेकी मृतककी विधवाले २५ हजार रुपियाँ पाउँछन् । यो जिविसमार्फत् प्राप्त हुन्छ । बेपत्ता पारिएका नागरिकका नजिकका हकदारले पनि प्रतिव्यक्ति एक लाख रुपियाँ पाउँछन् । घाइते व्यक्तिलाई गैरनाफामूलक, सरकारी/सामुदायिक अस्पताल वा स्वास्थ्य संस्थामा उपचार गराएमा अस्पतालको बिल वा भौचर अनुसारको सम्पूर्ण खर्च सरकारले ब्यहोर्ने गर्छ । यो खर्च स्वास्थ्य मन्त्रालयमार्फत् उपलब्ध गराउने गरिन्छ । मृतकका तीन जनासम्म छोराछोरीलाई १८ वर्ष उमेर नपुग्दासम्म स्वदेशभित्रको औपचारिक शिक्षाका लागि छात्रवृत्तिस्वरूप प्राथमिक तहका लागि २० हजार, निम्नमाध्यमिक तहका लागि १२ हजार, माध्यमिक तहका लागि १४ हजार, प्रमाणपत्र तहका वा उच्च माध्यमिक तहका लागि १६ हजार रुपियाँ प्रदान गरिन्छ । यो रकम शिक्षा तथा खेलकूद मन्त्रालयले जिल्ला शिक्षा कार्यालयमार्फत् उपलब्ध गराउँछ । द्वन्द्वको कारणबाट ५० प्रतिशतभन्दा बढी घाइते भएका छात्रछात्रा तथा ५० प्रतिशतभन्दा बढी घाइते भएका व्यक्तिका छोराछोरीलाई समेत यस्तो छात्रवृत्ति सोही प्रक्रियाबाट उपलब्ध हुन्छ । पूर्ण रूपमा अपाङ्ग भएकालाई २ लाख रुपियाँ दिइन्छ । अन्यलाई त्यही रकमलाई आधार मानेर प्रतिशतिको आधारमा आर्थिक सहायता दिइन्छ । यो आर्थिक सहायता शान्ति तथा पुनःनिर्माण मन्त्रालयले जिल्ला प्रशासन कार्यालयमार्फत् उपलब्ध गराउँछ । यसै प्रक्रियामार्फत अपहरण वा बेपत्ता पारी ३० दिनभन्दा बढी सम्पर्क बाहिर राखिएका व्यक्ति वा निजको नजिकको हकदारलाई २५ हजार रुपियाँ आर्थिक सहायता उपलब्ध हुन्छ । विस्थापितहरूका लागि प्रतिव्यक्ति तीन सयदेखि एक हजारसम्म विस्थापित भएको ठाउँदेखि घरको दूरी हेरी यातायात खर्च प्रतिव्यक्ति खाना, बास र खाजा खर्च पाँच सय, प्रतिव्यक्ति भरणपोषणका लागि चार महिना (१ सय २० दिन)सम्मका लागि प्रतिदिन ६० रुपियाँका दरले) घरमर्मतका लागि प्रतिपरिवार ७ हजार ५ सय, घर नष्ट भएको प्रमाणित भएमा घर निर्माणका लागि प्रतिपरिवार २० हजार, विस्थापित व्यक्तिका बालबालिकालाई शैक्षिक राहतस्वरूप प्रतिबालबालिका २ हजार ४ सय रुपियाँ एकपटक एकमुष्ट दिइन्छ । विस्थापित परिवारलाई आयआर्जनका लागि बीउविजन र कच्चा पदार्थ खरिद गर्न एक हजार र कृषि उपकरण, वस्तुभाउ, उद्योग व्यवसाय, औद्योगिक उपकरण खरिद गर्न १० हजार गरी एकमुष्ट २० हजार रुपियाँ निर्ब्याजी ऋण उपलब्ध गराउने ब्यवस्था रहेको छ । यस्तै निजी सम्पत्तिको क्षतिवापत् क्षतिपूर्ति दिने व्यवस्था पनि छ । क्षति भएको आधारमा स्थानीयस्तरबाटै क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था रहेको छ ।

सार्वजनिक/सरकारी सम्पत्ति वा भौतिक संरचनाहरूको क्षतिको पुनःनिर्माण शान्ति तथा पुनःनिर्माण मन्त्रालय, द्वन्द्वोत्तर शान्ति तथा पुनःनिर्माण परियोजनामार्फत् हुन्छ । द्वन्द्वकालमा भएको ५ हजार ५ सयभन्दा बढी ध्वस्त भौतिक संरचनाहरूको पुनःनिर्माणका लागि ३१ अर्बभन्दा बढी खर्च लाग्ने अनुमान रहेको छ । यसमा ८ सय ६० जति भौतिक संरचनाको निर्माणकार्य सम्पन्न भइसकेको छ । त्यसका लागि २ अर्ब ४ करोड ९५ लाख ७० हजार रुपियाँ खर्च भइसकेको छ । १३ सय ४० भौतिक संरचनाहरू अहिले पुनःनिर्माणको अवस्थामा छन् । त्यसका लागि २ अर्ब २३ करोड

५३ लाख रुपियाँ खर्च लाग्नेछ । अन्य ३३ सयभन्दा बढी भौतिक संरचनाहरूको पुनःनिर्माण कार्य अझै सुरु हुनसकेको छैन । जसका लागि २७ अर्बभन्दा बढी खर्च लाग्ने अनुमान छ ।

कैद वा हिरासतमा परेका र टुहुराका लागि अहिले निर्देशिका बनिसकेको छैन । निकट भविष्यमा निर्देशिका बनिसकेपछि सोहीबमोजिम आर्थिक सहायता वा राहत उपलब्ध हुने व्यवस्था हुनेछ ।

**निष्कर्ष**

सशस्त्र द्वन्द्वले पुऱ्याएको क्षति र राहत आर्थिक सहायताप्रक्रिया र पुनःनिर्माणबारे यहाँ मोटामोटी जानकारी दिने कोसिस मात्र गरिएको छ । द्वन्द्वपीडितहरूको लगत सङ्कलन गरेर प्रतिवेदन तयार गरी शान्ति तथा पुनःनिर्माण मन्त्रालयमा बुझाउने र मन्त्रालयले सम्पूर्ण प्रतिवेदनहरूको अध्ययन गरी सार्वजनिक गर्ने काम उपयुक्त समयमा गर्ने नै छ । हाल सबै द्वन्द्वपीडितहरूको लगत सङ्कलनको काम नसकिएकाले स्पष्ट लेख्न सम्भव भएन । ❐

## माओवादी लडाकुहरूको समायोजन र पुनःस्थापना

# गाँठो कहाँ छ ?

❐ **डा. दीपकप्रकाश भट्ट**

माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनःस्थापनाको कार्य अगाडि बढ्न नसकेकाले १२ बुँदे समझदारीबाट सहमतिको बाटोबाट अगाडि बढेको नेपाली राजनीति अहिले आएर आम नेपाली नागरिकहरू र अन्तर्राष्ट्रिय समुदायका लागि निरन्तर चासो र अन्योलको विषय बनिरहेको छ । यस विषयमा कसले कति व्यावहारिक र लचिलो बन्नुपर्ने हो, को कति लचिलो बन्यो, बनेन र किन बनेन भन्नेबारेमा केही चर्चा आवश्यक भएकाले यसबारेमा यहाँ छलफल गर्न खोजिएको छ ।

संविधानसभाबाट नयाँ संविधान निर्माणको सामान्य अवधि दुई वर्षलाई बढाएर तीन वर्ष भइसक्दा पनि शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन आवश्यक पहल नभएको कुरा यथार्थ हो । संविधान बन्ने कुराको ग्यारेन्टी नभई लडाकु समायोजनले पूर्णता पाउँदैन भन्नु राजनीतिक रूपले छलको कुरा हो, जुन माओवादीले प्रस्ट रूपमा गरिरहेको छ । जबकि ऊ आफैं संविधानसभाको सबैभन्दा ठूलो र जिम्मेवार पार्टी हो । लडाकुको प्रमुख जिम्मेवार पनि ऊ आफैं हो । तर, यसो भनिरहँदा राज्यकै भरणपोषणबाट पालिएका माओवादी लडाकुप्रति अन्य दलहरूको जिम्मेवारी नै छैन भन्न मिल्दैन । यी लडाकुहरूको समग्र व्यवस्थापन माओवादीका लागि पुँजी भए पनि अरू दलहरूका निम्ति वैधानिक जिम्मेवारी नै हो । नेपाली सन्दर्भमा *समायोजन* भनेको माओवादी सेनाका लडाकुहरूको सुरक्षा निकायहरूमा समायोजन हो र *पुनःस्थापना* भनेको समायोजन हुनेबाहेकका पूर्वलडाकुहरूलाई आयआर्जनका लागि सीपमूलक तालिम वा वृत्तिविकासका लागि आर्थिक प्याकेज र सामाजिक सम्मानसहित पूर्ववत् समाजमा फर्किने व्यवस्था मिलाउनु हो ।

**माओवादी लडाकुहरूको विकासक्रम**

नेकपा (माओवादी)ले जनमुक्ति सेना भनेर चिनाउने गरेको संरचनालाई वैधानिक रूपमा माओवादी सेनाका लडाकु भन्ने गरिएको छ । संसदीय राजनीतिबाट सामाजिक-आर्थिक परिवर्तन सम्भव नभएको भन्दै नेकपा (माओवादी)ले ०५० तिर तीन प्रकारका समूहहरू-लडाकु समूह, सुरक्षा समूह र भोलेन्टियर समूह गठन गरेको थियो । ०५२ मा सुरु गरेको सशस्त्र विद्रोहसँगै छापामारहरूको एकीकृत सङ्गठनात्मक संरचना पनि विकास भएको देखिन्छ । पछि यो विकास हुँदै गएर ०५७ मा गुरिल्ला दस्ताहरूको विभिन्न समूहलाई 'जनमुक्ति सेना'को नामकरण गरियो । त्यसको चार वर्षमा सात डिभिजन बनाएको घोषणा गरियो । जुन सैन्य विज्ञानको हिसाबले अन्तर्राष्ट्रिय मान्यताअनुसार एक डिभिजनको हाराहारीमा छ । माओवादी सेनाका लडाकुहरूलाई शिविरमा राख्ने निर्णय विस्तृत शान्ति सम्झौताअनुसार सातवटा मुख्य शिविर र प्रत्येक मुख्य शिविर वरिपरि तीन/तीनवटा सहायक शिविरहरू राख्ने गरी भयो ।

शिविरहरूमा रीतपूर्वक दर्ता हुन आएका भनिएका ३२ हजार २ सय ५० मध्ये ८ हजार ६ सय ४० मापदण्डको घोषणापछि प्रमाणीकरणका लागि उपस्थित भएनन् भने ४ हजार ८ अयोग्य घोषित भए । त्यसमध्ये २ हजार ९ सय ७३ चाहिं १८ वर्षमुनिका थिए भने १ हजार ३५ मई २५, २००६ पछि भर्ना भएका थिए । सहमतिअनुसार त्यसपछि भर्ना भएकालाई अयोग्य मान्ने प्रावधान थियो । त्यसमा ३ हजार ८ सय ४६ महिला थिए । माओवादीका तर्फबाट जम्मा गरेका हतियारको सङ्ख्या ३ हजार ४ सय ७५ रहेको छ । अयोग्य ठहरिएका ४ हजार ८ लाई बिदाइ गर्ने कार्यक्रमअन्तर्गत उपस्थित २ हजार ३ सय ८५ जनालाई जनवरी ०१० मा मात्र बिदाइ गरियो । १९ हजार ६ सय २ को प्रमाणित संख्याबाट केही पार्टी छाडी निस्क्रिय बन्ने, केही मृत्यु भएर र केही अन्य विभाजित समूहमा लाग्ने गरी छाड्नेहरूको सङ्ख्या हेर्दा अहिलेको सङ्ख्या १९ हजार ५ सय ५० रहेको छ ।

**सहमति र उल्लङ्घनका शृङ्खलाहरू**

०६३ मंसिर २२ गतेका दिन नेपाल सरकार र नेकपा (माओवादी)बीच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौतामा 'अस्थायी शिविर साइटमा रीतपूर्वक दर्ता भएको माओवादी सेनाका लडाकुहरू मात्रै स्तरीय मान्यताहरू पूरा गरी सुरक्षा निकायहरूभित्र गरिने सम्भावित समायोजनका लागि योग्य हुनेछन्'। यसरी ०६५ असार ११ गते संविधान संशोधन र शान्ति प्रक्रियालाई अगाडि बढाउन राजनीतिक दलहरूका बीच भएको सहमतिको बुँदा २ मा 'विस्तृत शान्ति सम्झौता तथा नेपाल सरकार र नेकपा (माओवादी)का बीच संयुक्त राष्ट्रसङ्घका प्रतिनिधिको रोहवरमा भएको सेना र हतियारको व्यवस्थापन अनुगमनसम्बन्धी सम्झौताअनुरूप अस्थायी शिविरहरूमा संयुक्त राष्ट्रसङ्घद्वारा दर्ता र प्रमाणीकरण भएका माओवादी सेनाका लडाकुहरूको बढीमा ६ महिनाभित्र समायोजन र पुनःस्थापना तथा हतियारको व्यवस्थापन गरिनेछ।' जसमा अगाडि भनिएको छ, 'अन्तिरिम संविधान ०६३ को धारा १४६ मा उल्लिखित विशेष समिति मन्त्रिपरिषद् गठन भएको १५ दिनभित्र निर्माण गरी त्यसले आफ्नो काम प्रारम्भ गर्नेछ। समायोजन र पुनःस्थापना नभएमा प्रमाणित लडाकुहरूका लागि छ महिनापछि राज्यले कुनै दायित्व लिनेछैन'। तर, एनेकपा माओवादी नेतृत्वको सरकार र विशेष समितिले त्यसलाई समीक्षा गर्ने काम गरेन, न त अरू दलहरूले नै गरे। अयोग्य प्रमाणित भएकाहरूको सम्बन्धमा भएको सहमतिलाई १५ दिनभित्र माओवादीले व्यवस्थापन गरिसक्ने भनिएको भए पनि त्यसलाई टुङ्गोमा पुऱ्याउन शान्ति तथा पुनःनिर्माण मन्त्रालयको पहलमा युएनडीपी, युनिसेफ, अनमिन र माओवादीसहितको संयुक्त टोलीले तीन वर्षमा गर्नुपर्ने काम अगाडि बढायो। त्यसले बल्ल पूर्णता पाइरहेको छ। विशेष समिति गठन भएको दिनबाटै रेखदेखको प्रक्रिया र त्यसको शिविरसम्मको संरचना (चेन अफ कमान्ड) कसले गर्ने, कसले हेर्ने, नियन्त्रण, निर्देशन, तलबाट माथिको रिर्पोटिङ प्रक्रिया, आचारसंहिता निर्माण र समग्र विषयको अनुगमन कसले गर्ने भन्ने निर्णय गरेर अघि बढनुपर्थ्यो तर त्यो भएन। यी सबै विषयमा प्राविधिक समितिले लगभग एक वर्षपहिले नै खाका निर्माण गरी सहमतिको दस्तावेज विशेष समितिमा निर्णयार्थ पेस गरेको थियो। तर, माओवादीका तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरूले प्राविधिक समितिमा सहमति जनाए पनि निर्णय गर्ने ठाँउमा लगेर रोकिदिएपछि अरूले के गर्ने भन्ने प्रश्न अहिलेसम्म अनुत्तरित नै रहेको छ। किनकि त्यहाँ सहमतिले मात्रै निर्णय हुन्छ।

आफ्नै नेतृत्वको सरकार हुँदा मौखिक रूपले लडाकुहरू विशेष समितिमातहत आएको घोषणाबाहेक अरू कुनै काम माओवादीले अगाडि बढन दिएको देखिँदैन। लडाकुहरू विशेष समितिअन्तर्गत आउन चाहन्छन्। तर, त्यस वैधानिक समितिमा हुनुपर्ने निर्णय नगरी त्यसलाई निकम्मा बनाएर माओवादीले उच्चस्तरीय राजनीतिक संयन्त्रले यसमा अन्तिम टुङ्गो लगाउने भनेको छ। विशेष समितिका विभिन्न बैठकहरूमा कहिले नेपाली सेनाको लोकतान्त्रीकरण गनुपर्छ र कहिले राष्ट्रिय सुरक्षा नीति बनाएर सुरक्षा निकायहरूको संख्या तोकेर जानुपर्छ अनि मात्र समायोजन हुनसक्ने भन्ने विचार पनि ल्याएको छ। जबकि, नेपाली सेनाको लोकतान्त्रीकरण अन्तरिम संविधान र विस्तृत शान्ति सम्झौतामा उल्लेख भए पनि त्यसको समयावधि तोकिएको छैन। अहिलेसम्म माओवादी नेताहरूले देशमा दुई सेना रहेको र दुवै सेना मिलाएर नयाँ तेस्रो राष्ट्रिय सेना बनाउने कुरा गर्छन्। जुन सहमतिविपरीत कुरा हो। त्यसको जवाफ दिने क्रममा अरूले कुनै पनि लडाकु सुरक्षा निकायमा समायोजन हुन नसक्ने अभिव्यक्ति दिँदै हिँड्ने गरेको पाइन्छ। यी दुवै कुरा सम्झौताविपरीत छन्। यसले गर्दा लडाकु र सरकार वा अन्य दलहरूबीच कुनै निर्णय र त्यससम्बन्धी संवाद नै हुने अवस्थाको सिर्जना भएन। रेखदेखको पहिलो काम नै अगाडि नबढेपछि समायोजन र पुनःस्थापनाको काम कसरी सम्भव हुन्छ ?

**आर्थिक पक्ष**

माओवादी सेनाका लडाकुहरूमाथि राज्यका तर्फबाट मात्रै छ अर्बको हाराहारीमा बजेट खर्च भइसकेको छ। यसबाहेक विभिन्न सहयोगी र दातृसंस्था अनि मित्रराष्ट्रहरूको सहयोगलाई जोड्दा यो रकम थप एक अर्बभन्दा बढी पुगेको छ। सुरुमा प्रतिलडाकु मासिक ३ हजार दिइएको मासिक भत्ता माओवादी नेतृत्वको सरकारले बढाएर ५ हजार पुऱ्याएको थियो। यसैगरी, भरणपोषणका लागि दैनिक ६० रुपियाँ दिँदै आएकोमा बढाएर भूगोल हेरी ७२ देखि १ सय १० रूपैयाँ पुऱ्याइएको थियो। यसबाहेक 'नेपाल शान्ति कोष'मार्फत यस वर्षको, शिविर पहुँच मार्गका लागि ४५ करोड, पूर्वाधार निर्माणमा १० करोड, स्वास्थ्यमा ३५ लाख, खानेपानीमा ३ करोड ३६ लाख छुट्टयाइएको छ। कोषलाई डेनमार्क, नर्वे, स्वीटजरल्यान्ड, बेलायत, जर्मनी र फिनल्यान्डको सहयोग रहेको छ। यसबाहेक जीटीजेडको प्रत्यक्ष सहयोगमा शिविरहरूमा भौतिक पूर्वाधार निर्माण, कम्प्युटर शिक्षा र अङ्ग्रेजी सिकाउनका लागि सहयोग जारी छ। अहिलेसम्म सरकारमार्फत भत्ता, भरणपोषण, टहरा निर्माण, भवन, सडक, खानेपानी, विद्युत् र सञ्चार गरी ५ अर्बभन्दा बढी खर्च भएको छ। राज्यले जिम्मा लिएपछि त्यसलाई इमानदारीपूर्वक पालना र पूरा गर्नुपर्ने हुन्छ तर कहिलेसम्म भन्ने प्रश्न चाहिं अहम् बनेको छ।

आर्थिक पक्षसँग जोडिएको एउटा महत्वपूर्ण पाटो माओवादी लडाकुहरूले दैनिक खाना खर्च र मासिक भत्ताका रूपमा पाउने रकमबाट प्रत्येक पार्टी सदस्यले दिनुपर्ने लेबीस्वरूप प्रतिव्यक्ति १ हजार रुपियाँ मात्र पनि उठाउने हो भने त्यो रकम मासिक एक करोड नब्बे लाखको हाराहारी र वार्षिक २३ करोड हुनजान्छ। तीन वर्षमा यो आम्दानी लगभग ६९ करोड हुनपुग्छ। पाँच सय रुपियाँ मात्र उठाउँदा पनि यसको आधा हुन आँउछ। मुलुकका अरू राजनीतिक दलहरूको

आम्दानीको आन्तरिक स्रोतका हिसाबले यो कुनै तुलना नै गर्न नमिल्ने अकल्पनीय आङ्कडा रहेको छ । कुनै पनि कम्युनिस्ट पार्टीमा, चाहे त्यो उग्र चिन्तनले ग्रसित होस् या नहोस्, पार्टी सदस्यका लागि लेबी अनिवार्य मानिन्छ । यसले स्पष्ट पार्छ, जति समायोजन र पुनःस्थापनाको विवाद लम्बिन्छ त्यति माओवादी पार्टीलाई ठूलो आर्थिक फाइदा हुन्छ । साथै, अरू पार्टी र आमजनतालाई राजनीतिक र मानसिक दबाब छ नै । अहिले पनि खर्च सरकारको र खटन माओवादीको छ । त्यसको सम्पूर्ण फाइदा माओवादीलाई भएपछि उसले समायोजन अगाडि नबढाउनुको कारण सहजै बुझ्न सकिन्छ ।

**काङ्ग्रेस-एमालेका चिन्ता र चुनौती**

- माओवादीले विगतमा भएका अनौपचारिक समझदारीभन्दा बढी सङ्ख्यामा लडाकुहरू सुरक्षा निकायमा समायोजन गर्न चाहन्छन् ।
- राष्ट्रिय सेनालाई राजनीतिकरण गर्ने उद्देश्यले बढीभन्दा बढी सङ्ख्यामा, राजनीतिक वैचारिक रूपमा प्रशिक्षित माथिल्लो तहका लडाकुहरू नेपाली सेनामा समायोजन गर्न चाहन्छन् ।
- सुरक्षा निकायहरूमा राजनीतिकरण हुन गई व्यावसायिकतामा ह्रास, अनुशासनहीनतादेखि विद्रोहको सम्भाव्यता प्रबल बनाउन चाहन्छन् । समाजमा पुनःस्थापना हुन जानेहरू पनि विद्रोहीको मानसिकताले नयाँ ढङ्गले पुनःगठित हुन सक्छन् ।
- समायोजित लडाकुहरूसँग भविष्यमा पनि एनेकपा (माओवादी)को सम्बन्ध, सम्पर्क र प्रभाव कायम रहिरहन सक्छ ।
- एनेकपा (माओवादी)ले स्थापित मापदण्डलाई आफ्नै तरिकाले अर्थ्याएर सुरक्षा अङ्गको मापदण्डलाई अस्वीकार गर्नसक्छ र समूहगत प्रवेशको माग गर्नसक्छ ।
- जनतासँग प्रत्यक्ष सम्पर्कमा रहने नेपाल प्रहरीमा समायोजन गर्दा माओवादीले प्रहरीको निर्देशन र पोसाकको दुरूपयोग गर्नसक्ने स्थिति हुनसक्छ ।
- सुरक्षा निकायहरूको सङ्ख्यामा वृद्धि हुनजान्छ ।

**एनेकपा (माओवादी)का चिन्ता र चुनौती**

- कम सङ्ख्यामा लडाकुहरूको सुरक्षा निकायमा समायोजन गर्ने स्थिति सिर्जना हुनसक्छ ।
- न्यूनतम सङ्ख्यामा माथिल्लो तहका लडाकुहरू समायोजन हुन बाध्य पारिएमा सुरक्षा निकायहरूलाई राजनीतिक प्रभावमा ल्याउन गाह्रो पर्नसक्छ ।
- न्यूनतम सङ्ख्यामा समायोजन गराइएमा लडाकुहरूमा जगाइएको महत्वाकाङ्क्षा पूरा नहुने, बाँडिएको सपना साकार नहुने र नेतृत्वको विश्वसनीयता गुम्ने खतरा रहन्छ ।
- लडाकुहरू मानसिक रूपले पूर्णरूपमा समायोजन हुन कठिन पर्ने र समायोजित लडाकुहरूमाथि दोस्रो दर्जाको व्यवहार हुनसक्ने सम्भावना रहन्छ ।
- समायोजित लडाकुहरूमाथि पार्टीको प्रभाव क्रमशः घट्दै जान्छ । ।
- सुरक्षा निकायहरूको विद्यमान मापदण्ड स्वीकार्न बाध्य गराइनसक्छ ।
- सानातिना विवाद/समस्या सिर्जना भएमा स्थापित नियमकानुन लगाई निलम्बन/बर्खास्त गर्नसक्ने स्थिति हुनसक्छ ।
- सुरक्षा निकायको स्थापित मापदण्ड लागू भएको खण्डमा समायोजित हुने लडाकुहरूको सङ्ख्या अति न्यून हुनजान्छ ।

नेपाल सरकार र एकीकृत मधेसी लोकतान्त्रिक मोर्चाका बीच २८ फेब्रुअरी २००८ मा भएको सहमति पनि कार्यान्वयनको मुख ताकेर बसेको अवस्थामा रहेको छ, जसमा नेपाली सेनालाई राष्ट्रिय र समावेशी चरित्रको बनाउन मधेसी र अन्य पछाडि परेका समुदायको समूहगत भर्तीको कार्य उल्लेख गरिएको छ । यो छुट्टै विषय र प्रसङ्ग भए पनि समूहगत प्रवेशको गलत नजिरलाई भविष्यमा आधार मान्नुहुँदैन ।

**अन्तर्राष्ट्रिय अनुभव र नेपाली मोडेलको समायोजन**

कम्युनिस्ट पार्टी वा कुनै अन्य सशस्त्र समूहले स्थापित सत्तामाथि विजय प्राप्त गरिसकेपछि पुरानो सेनालाई विघटन गरी आफ्नो सेनालाई राष्ट्रिय सेना घोषणा गर्ने गरेका छन् । जस्तो, सोभियत रुस, चीन, भियतनाम, क्युबा, उत्तर कोरिया आदि यस्तो कुनै मोडेल वा खाका नेपालमा हुबहु लागू गर्न मिल्दैन । सन् १९४५ पछि संयुक्त राष्ट्रसङ्घको नेतृत्व र अगुवाइमा विश्वमा ४५ भन्दा बढी देशमा समायोजन र पुनःस्थापनाका कार्यहरू सम्पन्न भएका छन् । जसमध्ये २३ वटा अफ्रिकी राष्ट्रहरू रहेका छन् । अहिलेसम्म पनि यसको कुनै निश्चित मोडेल विकास भएको छैन । तर, धेरैजसो राष्ट्रहरूमा डीडीआर अर्थात निशस्त्रीकरण, अपरिचालन र पुनःस्थापनाको मोडेल अधिकांश राष्ट्रहरूमा संयुक्त राष्ट्रसङ्घ र सहयोगी राष्ट्रहरूले गरेका छन् । केही अफ्रिकी राष्ट्रहरूमा राष्ट्रिय सेनाबाट टुक्रिएर गएका सेनाले विद्रोह गरेका ठाउँमा राजनीतिक सहमतिका आधारमा समूहगत समायोजन भएका उदाहरणहरू छन् । यसमा कुनै पनि एकसूत्रीय उदाहरण लिन सकिने

उदाहरण विश्वभरिबाट खोज्न सकिने अवस्था छैन । द्वन्द्वोत्तरकालमा विभिन्न राष्ट्रले विद्रोही लडाकु र सेना समायोजन गरेका छन् तर नेपालको अवस्था ती कुनैसँग मिलिहाल्ने पनि छैन ।

यसमा कसरी अगाडि बढने ? सबैभन्दा उपयुक्त बाटो प्रत्येक लडाकुलाई समायोजन वा पुनःस्थापना कुन रोज्ने भनेर जाने नै हो । तर, राजनीतिबाट प्रेरित सबै वा अधिकांशले सेनामै जाने एकमात्र विकल्प रोजे भने के गर्ने भन्ने समस्याको हल निकाल्न सङ्ख्या तोकेर जानुपर्ने अवस्था छ । किनकि उनीहरूलाई त्यो रोजाइको ज्ञान र जानकारी गराउन, भविष्यमा उनीहरूले केके गर्न सक्छन् ? सुरक्षा निकायमा जानेहरूको भविष्य कस्तो हुन्छ ? पुनःस्थापनामा जान चाहनेहरूको भविष्य कस्तो हुने र कस्तो आर्थिक प्याकेज पाउने भन्ने कुरामा भर पर्छ । समायोजनको प्रक्रियामा ध्यान दिनुपर्ने अरू महत्वपूर्ण कुरामा पर्छन्- सुरक्षा निकायको समावेशी संरचना निर्माणका लागि महिला, दलित र मधेसी समुदायको प्रतिनिधित्व बढी गराउने, विगतमा सुरक्षा निकाय छाडेर गएकाहरूलाई समायोजन नगर्ने, मानवाधिकार उल्लङ्घन गरेकाहरू र आपराधिक वा फौजदारी अभियोग लागेकाहरूलाई समायोजन नगर्ने ।

यो निकै संवेदनशील, जटिल र अमूर्त विषय बनेको छ । यसकारण नेपालमा माओवादी सेनाका लडाकुहरूको समायोजन र पुनःस्थापनाको मोडेल यहीं विकास गरिनुपर्छ । लडाकुहरूको उमेर र मन युवा छ तर उनीहरूकै भाषामा भन्दा अनिश्चित भविष्य बोकेका छन् । किनकि छ महिनामा सकिने भनेको समायोजन र पुनःस्थापनाको टुङ्गो साढे तीन वर्षसम्म पनि नलागेपछि आउने निराशा, कुण्ठा र उद्वेलनलाई व्यवस्थित गर्न स्वयम् माओवादी नेतृत्वलाई पनि गाह्रो हुँदै गइरहेको प्रतीत हुन्छ । त्यसैले अहिले चलिरहेको छलफल र बहस पहिले नै सुरु हुनुपर्थ्यो तर ढिलै भए पनि यो प्रक्रिया अगाडि बढेकोमा सन्तोष गर्नुपर्ने बाध्यतामा हामी रहेका छौं । ❒

# मृत्युको खबर

**❒ घनश्याम शर्मा**

एकाबिहानै 'ढक-ढक' गरेर ढोकामा कसैले ढक्ढक्यायो । सोचें, घरभाडा नतिरेको दुई महिना हुन आँटिसक्यो, घरपेटी बा आएछन् कि क्या हो !

'को हँ ?' सानो स्वरले सोधें ।

'म ढोका खोल न ।' बिहानको चिसो, सिरक छोड्न मन लागेको थिएन । श्रीमती भान्छा कोठातिर थिइन् । उठेर ढोका खोलें । 'ए दाजै पो हुनुहुँदोरहेछ । आउनुस् आउनुस्' भन्दै म पुनः सिरकमै पसें । घरतिरको सोधपुछ र भलाकुसारी गर्‍यौं हामीले । दाजुले सँगै भतिजो पनि बोकेर आउनुभएछ । काठमाडौंको चिसो, खुट्टामा जुत्ता पनि छैन, चप्पल लगाएर, एउटा पुरानो पातलो स्वेटरमा बिचरा जाडोले काँपिरहेको थियो भतिजो ।

'के छन् ? हाम्रा गाम्घरतिरा हालखबर ?'

'खै भाइ के भनौं । के छ भन्ने, के छैन भन्ने । तिमेरु त सहराँ बरु जो छ यसो गुजेरा गरी टोपल्या छौ । हामी त गाम्मा बस्नै नसकिने भइयो जाम्, कता जाम् , कसो अर्ने क्या अर्ने । खै म त तिम्सित सल्लाह पो अर्न आ त नि ! गाम्मा अचेल हामीजस्ता युवा मान्छे कोही छैनन् । कोही मर्दा मलामी पनि पाइन्नन् क्यारे ! गाम् त सप्पै बूढाबूढीको । ठिटाहरू कोही जङ्गल पसे, कोही विदेश जाने अरे भन्दै भका खेतबारी बेच्दै सहरतिर पसे । कोही कतार, कोही मलेसिया कोरिया खै कता हो कता रे । हामी जस्ताले त न गाम् छाड्न सकियो, न जागिर छाड्न सकियो । १५ वर्ष त्यही गाम्को स्कुलाँ मास्टरी गरियो । अब को पाँच वर्षा पेन्सिने भइन्छ, के अरि जागिरै छाड्नु, छाडेर पनि यी लालाबाला च्याप्दै खोई कता हिंड्न हो ? '

'अनि खेतीपाती कस्तो छ ?'

'के हुनु खै र कल्ले अर्दिने खेतीपाती ? गाउँमै मान्छे नभएछि' । खेताँ' यसो बल्लतल्ल असारे धान लगाथ्यौम् र बाँच्न पाइया छ । पाखो सप्पै बाँझै छ । अदियाँ अर्ने कोही पाइँदैन, कथंकदाचित पाइहाले पनि आधी-आधी होइन, अब त पहिलेजस्तो अधियाँवालले जति दियो त्यसमै चित्त बुझाउनु पर्ने रे ! दुःखजेलो गरेर कमाएको दुईचार पैंसा यसो लगानी गरेको थिएँ त्यो पनि सबै खाइदिए, कसैले नतिर्ने रे !'

श्रीमतीले चिया बनाएर ल्याइन् । भतिजोलाई देख्नेबित्तिकै उनको मुखमण्डल परिवर्तन भैसकेको थियो । मेरो खरदारको जागिर । तीनवटा लालाबाला मेरा आफ्नै छन् । दुईटी छोरी लगालग । त्यसपछि पुनः दुईपल्टको क्युरेट कारण त्यतिखेर पनि छोरी नै देखिन् । अन्तिम प्रयासमा एउटा पुत्र लाभ हुनु । दुईपटकको त्यो डाक्टरी प्रक्रियाले श्रीमतीको जिउ त यति बिग्रिसकेछ, महिनामा एकपल्ट डाक्टरकहाँ पुग्नैपर्छ । बल्लबल्लको एउटा छोरो, त्यो पनि कहिले निमोनियाँ त कहिले ब्रोनकाइटिस । उसका निम्ति पनि १५ दिनमा एकपटक डाक्टरकोमा जानैपर्छ ।

एकपटक छोरालाई जचाउँदा फिस छुट्टै दुईसय पचास, दिसापिसाब रगत नियमित जाँच्नैपर्ने, त्यो छुट्टै । अनि त्यसपछिको औषधिको 'प्रेस्किप्सन' हेर्दा मलाई नै कतिपटक भाउन्न छुटेर आफैं पनि त्यतै भर्ना भएर बसौं जस्तो हुने !

श्रीमतीलाई हरेकपटकको औषधि, रगत जाँच्ने, कुन्नि केके जाँच्ने, एक्सरे भिडियोग्राफी आदि आदि ....। नगरौं, यही एउटा बिचरीले मलाई अहिलेसम्म बाँच्न दिएकी छे । यो संसारको दुःखको महासागरमा साथ दिएकी छे । गरौं मेरो यो हविगत !

पाहुना, महिनामा एक दुईजना कोही न कोही त आएकै हुन्छन् । डेरा नदेखाउनू नि भन्छे श्रीमती । खोज्दै अफिसमा पुग्छन्, कसरी भनौं तिमीहरू मकहाँ जान हुँदैन, सोध्नै पर्‍यो 'कता बस्नु भा'छ ?' भन्छन्, 'कहाँ बस्नु नि सरासर तपाईकहाँ नै आ'को नि । हिजो नाइटाँ' चढया, आज बिहानै झर्‍यो, बसपार्कबाट हिँड्दै-हिँड्दै खोज्दै तपाईकाँ आ'को । ल भयो फसाद ! अब कुनै उपाय छैन डेरामा लानै पर्‍यो । पानी छैन, एकदिन बिराएर पानी आउँछ, खानेपानी थाप्नै धौ-धौ । कलको पानीले भाँडा माझ्छन् सबै पहेंला छन् ।

नुहाउन त १५ दिनमा एकपल्ट मुस्किलले । यसमाथि पाहुना । दुई दिन बस्यो तेस्रो दिन भन्छन् मलाई त डाक्टर देखाउनुपर्छ । कुन डाक्टर होला ग्यास्टिकको राम्रोसँग जाँच्ने ? दुई दिन बिदा पर्छ काठमाडौंमा, अर्को तीन दिन नेपाल बन्द रे, भयो अब यसरी एक जना हप्ता दुई हप्ता बसेर फिर्छन्, त्यो दिन मेरो जिउ पूरै हलुङ्गो हुन्छ । कपासजस्तै हल्का अनुभव गर्छु आफूलाई । डेरामा हामी सबै परिवार खुसी हुन्छौं । सबैका अनुहार चम्किएका देख्छु । विशेष गरी श्रीमतीको मुखमण्डलमा एउटा अनौठो आभा झल्किरहेको पाउँछु म । यसरी एकजनाले मेरो यो महिनाको बजेटमा निकै ठूलो हलचल पैदा गरेर हिंडे ।

अर्का एकजना आउँछन् संचयकोष झिक्न । पैसा पनि झिक्छन् । गाउँमा सानो दोकान राख्ने रे छोराहरू बेरोजगार भए यसो एउटालाई कहीं गरेर खान्छ कि भनेर । सोच्छु विचार राम्रै हो । आफ्नो सन्तानको भविष्यप्रति चिन्तित मान्छे । पैसा हातमा नपरुन्जेल खान्थे-बस्थे, पैसा झिकेको दिनबाट बेपत्ता ! दिनभरि कता हो कता साँझ रेष्टुरेन्ट चहार्दा रहेछन्, त्यो पनि क्याबिन रेस्टुरेन्ट । आधारातमा आएर भान्छा कोठाको खाटमा सुत्यो । मातेको मान्छे, रक्सी धोक्यो बेसकन । लाजले बिहानै उठ्यो बरालियो अर्कोतिर । यसरी दुई हप्ता जति भेटघाट नभईकन सबै पैसा रित्याएछन्, फर्किने बेला गाडीभाडा खोजिदिनु पर्‍यो रे । के गर्ने पैसा नदिऊँ आफैले पाल्नुपर्छ, दिऊँ श्रीमतीसँग झगडा हुने'भो अर्काको कारणले । श्रीमतीलाई कन्भिन्स गरेर बल्लबल्ल बाटो लगाएँ । त्यही साँझ डेरामा एक किलो मासु ल्याएर भोज गर्‍यौं हामीले ता कि हामी भर्खरै एउटा ठूलो सङ्कटबाट मुक्त भएका छौं ।

अफसोस ! हाम्रो यो खुसी धेरै लामो हुन सकेन । आज पुनः एकाबिहानै दाइ आइपुग्नु भयो र साथमा एक थान भतिजोसमेत बोकेर ।

'के गर्ने भाइ बा-आमालाई पनि मैले नै हेर्नुपरेको छ । घरमा भैंसी नपालेर सुख छैन । बाआमा गोरसबिना खान्नम् भन्छन् । तिम्री भाउजूले पनि सारै दुःख पाई, कहिल्यै सोझो ढाड बनाएर थकाई मार्न भ्या'की छैन । यसो एउटा भतिजोलाई तिमीले राखेर पढाइदिन्थ्यौ कि भनेर सल्लाह पो गर्न आ'को म त', आफ्नो प्रमुख उद्देश्य यसरी बताउनुभयो ।

मैले यसो श्रीमतीको अनुहारतिर हेरेको उनका आँखा राताराता हुँदै थिए । एकछिन पछि त अनुहार कालो अनि रातो हुँदै बिग्रिएको मुखमण्डल देखेर उनको म पनि आहत हुँदै थिएँ । मैले दाइलाई कुनै जवाफ दिन सकिनँ । सल्लाह नै गर्नु थियो भने त एक्लै आउँथे होलान् । अब भतिजोलाई बोकेरै आइसकेपछि के भन्ने, खै कसरी फर्काएर लैजान भन्ने । भतिजो चियामा बिस्कुट चोबेर खाँदै थियो । श्रीमती यत्रा ठूला डरलाग्दा आँखा बनाएर त्यै भतिजोलाई हेरिरहेकी थिइन् । हामी दुईजना लोग्ने स्वास्नीको कुनै प्रतिक्रिया नपाएपछि दाजुले फेरि थपे, 'केही छैन तिमीहरू आत्तिनुपर्दैन, सबै खर्च तिमीहरूलाई गर्नुपर्छ कहाँ भन्छु र म । यसो दुईचार महिनामा अलिकति पैसा पनि पठाई हाल्छु । भैंसीको घिउ, दाल चामल बेलाबेला पठाउँला, यसका लागि अलिकति दालमा पानी थपे भैगो, दुई मुट्ठी चामल बढाए कुरै खतम । '

म अलिकति आशावादी भएँ । श्रीमती पनि लामो सास फेर्दै भान्छातिर लागिन् । सोचें, उहाँले पनि विवेक त राख्नुहुन्छ होला नै । किनभने पाँच जनाको हाम्रो परिवार, काठमाडौंको महँगी । बिहानबेलुका कतै पार्टटाईम काम गरिएन भने बाँच्नै असम्भव छ । भतिजोलाई छाडेर जाने निश्चितजस्तै भएपछि अब हाम्रो जनसंख्या आधा दर्जन हुने भयो । घरपेटीले उहिले नै तपाईंका केटाकेटी धेरै भए भन्थ्यो, अब झन् के गर्ने होला । घरबाटै निकाल्छ कि क्या हो । पुनः अर्को डेरा खोज्नु भनेको मेरा निम्ति महाभारतको १८ पर्वमध्येको एउटा पर्व हुन्छ । म विवश थिएँ । बाध्य भएँ । हो साँच्चै गाउँमा दुःख छ होला दाइलाई । बाआमाको जिम्मा पनि एक्लैले लिएका छन् । वर्षौं भयो हामी गाउँ नगएका, यसरी चित्त बुझाएँ मैले पनि । मनको तीतो भने व्यक्त गर्नै पर्‍यो यसरी भने मैले,

'हुन्छ दाजु ठिकै छ । ऊ मेरो पनि छोरो हो । केही फरक छैन उसमा र मेरो छोराछोरीहरूमा, तपाईं चिन्ता गर्नुपर्दैन म बन्दोबस्त गरौंला । मेरो दुःख पनि त तपाईंले देखेकै छ ।'

दाइ गाउँ फर्किनुभयो । जानेबेला ३ हजार रूपैंया छाडेर जानुभयो । भतिजोको स्कुल भर्ना गर्न । अब यो घरमा एउटा नयाँ प्राणीको आगमनले सबैलाई असहज बनायो । केटाकेटी भन्छन्, 'यो फुच्चे सधैं हाम्रो कोठामा बस्ने हो ?' घरपेटी सोध्छन् 'ए बा ! यो पनि तपाईंकै बच्चा हो ? हरे शिव गमलाको सबै फूल चुँडिदिएछ ।' मैले भनें, 'के गर्ने बा मेरो आफ्नै दाइको छोरा हो । भर्खर गाउँबाट आएको, बुझ्दैन केटाकेटी हो, एकपटकलाई माफ गरिदिनुस् आयन्दा यसो गर्दैन । क्षमा माग्नुपर्‍यो मैले । उसलाई पनि गाली गरें । बिचरा आफ्नो आमाबुबा नभएको बच्चा ह्वाँह्वाँ रुन थाल्यो । मलाई तुरुन्तै पश्चाताप पनि भयो । गाली नगर्नुपर्ने रहेछ । उसलाई स्कुल भर्ना गरियो । तर, डेरामा भने तीनवटैले जुरुक्क कोठै उचाल्ने गर्थे अब यो चौथोले त झन् ...!'

श्रीमती उसलाई देखी सक्दिनन् । तीनवटै केटाकेटी मिलेर एक्लो पार्छन् उसलाई । म यो दृश्य हेर्नै सक्दिनँ । गाली गरौं आफ्ना केटाकेटीलाई कसरी गर्ने, नगरौं बिचरोको अवस्था दयनीय हुन आँटिसक्यो । एकनास टोलाई मात्र रहन्छ । सुरुसुरुमा अलि फूर्तिलो थियो । श्रीमतीले दुईहात गर्न थालिन् । मैले बेलाबेला श्रीमतीलाई गाली पनि गरें, 'तिमी किन यसो गर्छ्यौ ?' उनको तर्क थियो, 'देख्नुहुन्न आफ्ना छोराछोरी केही खाँदैनन्, उनीहरूलाई विशेष गर्नुपरेन ? ऊ त गम्गम् एक थाल भात खान्छ पेटभरि , हजुरले चिन्तै गर्नपर्दैन । उसले आफ्नो जोहो गर्न जानेको छ । के पठाइदिया छन् र ? कति पैंसा पठाउँछन् महिनैपिच्छे र मैले उसलाई पनि मेरै छोराछोरीलाई जस्तो दूध-फलफूल खुवाउने र ? गाउँको सबै आयस्ता कुम्ल्याका छन् हजुरका दाइले । उल्टै एउटा छोरो पनि ल्या'र जिम्मा लाइदियाछन् ।' हाम्रो झगडाले चर्को रूप लेला जस्तो भयो । मैले भनें, 'उसो भए तिमीले त्यतिखेरै भन्नुपर्दैनथ्यो हामी राख्न सक्दैनौं भनेर ।' मैले आफ्नो कमजोरी उनीमाथि खन्याएर निवृत्त हुनखोजें ।

'ए भन्थें नि ! भन्न आँटेकी त थिएँ नि ! यत्रो मेरो मुखमा ठूला आँखा गाडेर हेर्ने उतिखेर चैं । अहिले मलाई नहप्काउनुस्', उनको प्रतिवाद थियो ।

हो बा साँच्चै म खङ्ग्रङ्ग भएँ । बोल्नै सकिनँ । पल्लो कोठाबाट त्यही भतिजो रोएको आवाज सुनियो । के भयो भन्दा मेरो सानो चाहिं छोराले उसको किताब च्यातिदियो रे । उसले भाइलाई पिट्यो रे, ठूली छोरीले उसैलाई पिटिदिई रे । म दोधारमा परें । कसलाई सम्झाउने, कसलाई के भन्ने ? श्रीमती हत्तपत्त उठेर गइन् र भतिजोलाई दुई चड्कन लगाएर भन्न थालिन् 'आफूभन्दा सानो भाइलाई माया गर्नुपर्दैन ? तिम्रो किताब अर्को किन्न सकिँदैनथ्यो ?' म किङ्कर्तव्यविमूढ भएँ । यो अवस्थामा मैले आफूलाई मध्यस्थ बस्नु नै उपयुक्त ठानें । उसको रुवाई अझ चर्किंदै थियो । कान्छो छोराले पनि भेटेछ क्यार एक दुई चड्कन । कोठामा निकैबेर रुवाबासी चलिरह्यो । म भने भित्तामा एकटकले आँखा लगाएर ओछ्यानमा पल्टिरहें । सोचें, दाइलाई खबर गरेर भतिजोलाई फर्काएर लैजानु भन्ने । अहँ त्यो पनि भर्खर स्कुल भर्ना गरेको एक वर्ष पनि भएको छैन । गाउँमा अरूले के भन्छन् । बदनामै हुन्छ मेरो । ठिक्क पर्‍यो भन्छन् सबजना दाइलाई । हरेक दिनजसोको यो हाम्रो रुवाबासी मथ्थर हुने कुनै सङ्केत छैन । कहिले कुन निहुँमा त कहिले कुन निहुँमा उनीहरू बाझिरहेकै हुन्छन् ।

अफिसबाट साँझ सरासर डेरामा आएको । भतिजोले बुकुल्टो बासी भात खाँदै रहेछ । पानीसँग निल्ने प्रयास गरिरहेको थियो । यो दृश्य देखेर मेरो आँखाबाट दुई थोपा आँशु झरे । श्रीमतीलाई सोधें । 'के गर्ने त दाल हिजै सिद्धेको, अनि बिहान सबैजना सागको झोलसँग भात खाएको होइन ? खै तलब कहिले आउने हो ? पसलमा पनि चार हजार उधारो पुग्यो रे । आजबाट उसले पनि उधारो नदिने रे , छोरीहरूलाई दालमोठ र चिउरा दिएँ ', श्रीमतीको जवाफ थियो । 'उसो भए बिहानै भन्नुपर्दैन त, या त तिम्रो सिक्री बैङ्कमा राख्थें, या त कुनै साथीभाइसँग सरसापट गर्थें ।' खल्ती छामछुम पारें । बीस रूपैंयाँको एउटा नोट भेट्टाएँ । भोलि बिहानलाई एक पोका दूधको समस्या त समाधान भयो । अब दुई छाकलाई तर्कारी र दालको समस्या थियो । सरासर पसल गएर साहुजीलाई अनुनय विनय गरेर १ पाउ दाल र १ पाउ कोभी बोकेर आएँ । क्यालेन्डरमा पाना पल्टाएँ, हेरें अझै तलब आउन सात दिन बाँकी छ । हाम्रो सात दिन क्यै गरी चल्दैन । भोलिपल्ट बिहानै श्रीमतीलाई सिक्री मागें । घाँटीबाट सिक्री फुकालेर उनले दुई थोपा आँशु चुहाइन् । केही जानी केही पर्‍यो भने अब के गर्ने ? किनभने हामीसँग अब सम्पत्तिको नाममा केही पनि थिएन ।

दिउँसो अफिसमा फोन आयो । हाकिमले मेरो फोन भन्दै बोलाए । अचानक मेरो हातबाट रिसिभर झर्‍यो .......। गाउँबाट फोन आएको थियो, विद्यालयमा भएको दोहोरो भिडन्तमा मेरो दाइले ......ज्यान गुमाएछन् । मैले हाकिमको कोठाका भित्ताहरू हेरिरहें त्यसमा मेरो दाइको अनुहार देखिरहेको थिएँ र भतिजोलाई सम्झिरहेको थिएँ । म अब कसरी डेरामा जाउँ र यो दुर्दान्त समाचार मेरो भतिजोलाई सुनाऊँ । नसुनाउँ के गरौं, म दोधारमा परिरहेको छु ।

❐

# ती दुवैले भनेनन्

❒ अग्निशिखा

कतै रगतको भल बग्यो
र, सरकारले भन्यो-
‘आतंककारी, उग्रवादी मारियो’
कतै रगतको फोहोरा छुट्यो
र, माओवादीले भने-
‘प्रहरी या सुराकी मारियो’
ती दुवैले भनेनन्-
एउटा नेपाली मारियो
एउटा नेपालीको रगत बग्यो ।

‘गरीबको मुक्ति’को लागि
झुपडीका छानाहरुमा आगो झोसियो
मान्छे जिउँदै जले, डढे
बन्दूक पड्काएर विजय गान गाइयो
त्यो मानसिक रुपमा पराजित ‘हार-जङ्ग’ थियो
पराजित-युद्ध थियो,
‘शान्ति सुरक्षा’को लागि
झुपडीका छानाहरुमा फेरि आगो झोसियो
त्यहाँ पनि मान्छे जिउँदै जले, डढे
बन्दूक पड्काएर त्यहाँ पनि विजय-गान गाइयो
त्यो मुलुकै निस्स्याउने खार थियो
‘खारा’को धुँवा थियो ।

सरकारले भन्यो-
‘हारजङ्गमा माओवादी निर्दयता देखियो’
माओवादीले भने-
‘खारामा सरकारी निर्दयता देखियो’
ती दुवैले भनेनन्-
आआफ्नो निर्दयताको हिस्सा कति छ ?
एउटाले हारजङ्ग लुकाउने प्रयास गऱ्यो
अर्कोले खारा लुकाउने प्रयास गऱ्यो ।

कतै दिलबहादुर रम्तेलको छातीबाट
रगतको फोहोरा छुट्यो

र, माओवादी चिच्याए-
'सरकारले बालकलाई समेत शिकार बनायो'
कतै प्रकाश ढुङ्गानाको छातीलाई
बमले छिया-छिया बनायो
र, सरकार चिच्यायो-
'माओवादीले शिशुलाई समेत शिकार बनायो'
ती दुवैले भनेनन्-
मुलुकको शिकार कति पटक भयो ?
मुलुकको चित्कार कतिपटक सुनियो ?

एउटाले 'माओ'को नाम लियो
अर्कोले 'बुद्ध'को नाम लियो
एउटाले 'क्रान्ति'को नाममा हिंसा थोपऱ्यो
अर्कोले 'शान्ति'को नाममा हिंसा थोपऱ्यो
आम जनताले 'क्रान्ति' पनि बुझेनन्
'जनयुद्ध' जनताका लागि पीडा भयो
'जननिर्वाचित सरकार' जनताका लागि पीडा भयो
ती दुवैले भनेनन्-
भो, अब अति भो !
माओ र बुद्धको नाम बदनाम भयो !!
❒

# राजनीतिक शब्द परिचय

**क्रान्ति (Revolution)** : शाब्दिक अर्थमा देशमा हुने ठूलो परिवर्तन, हेरफेर र अदलीबदली नै क्रान्ति हो। शासनप्रणाली, सत्ता, अवस्था आदिको परिवर्तन, त्यस्तो परिवर्तनका लागि हुने प्रयास वा विद्रोहलाई नै क्रान्तिका रुपमा अर्थ्याउने गरिन्छ। यद्यपि, क्रान्तिलाई परिभाषित गर्ने सन्दर्भमा सबैको धारणा एकनासको छैन। विभिन्न राजनीतिक दर्शनमा आस्था राख्नेहरुले आआफ्नो राजनीतिक मान्यताअनुरुप क्रान्तिलाई अर्थ्याउने गरेका छन्। पुँजीवादीहरुले एउटै राज्यप्रणालीमा राज्यसत्ताको खास चरित्रमा परिवर्तन नभए पनि आन्दोलनका कारण निरङ्कुशताबाट प्रजातान्त्रिक पद्धतिमा परिवर्तन हुनुलाई पनि क्रान्ति मान्दछन्। तर, कम्युनिस्टहरुले त्यस्तो घटनालाई क्रान्ति मान्दैनन्। उनीहरु त्यस्तो घटनालाई आन्दोलनबाट भएको परिवर्तन मात्र मान्दछन्। समाजमा एउटा सामाजिक-आर्थिक संरचनाबाट अर्को आमूल परिवर्तनकारी सामाजिक-आर्थिक संरचनामा हुने रुपान्तरणलाई नै कम्युनिस्टहरुले क्रान्ति मान्दछन्। कम्युनिस्टहरुको परिभाषामा क्रान्ति भनेको सर्वहारा, श्रमिक वर्गको मुक्तिको पक्षमा हुने आमूल परिवर्तनकारी घटना हो, जसले स्वाधीनता, सामाजिक न्याय, आर्थिक समानता आदि कुरालाई स्थापित गर्दछ। त्यस्तो क्रान्तिको रुप सशस्त्र र शान्तिपूर्ण दुवै खालको हुने कुरालाई पनि कम्युनिस्टहरुले स्वीकार गर्दै आएका छन्।

**प्रतिक्रान्ति** (Counter Revolution) : क्रान्तिको उद्देश्य, सार र मान्यताका विरुद्ध उभिनु वा क्रान्तिका विरुद्ध लाग्नु नै प्रतिक्रान्ति हो। कुनै क्रान्ति सम्पन्न भएपछिको परिवर्तित स्थितिमा त्यो क्रान्तिबाट स्थापित मान्यताका विरुद्ध लाग्नु, क्रान्तिको लक्ष्यविरोधी कार्य गर्नु वा क्रान्तिविपरीतको कार्यमा संलग्न रहनु नै प्रतिक्रान्ति हो। अर्को अर्थमा कुनै क्रान्तिको विरोधमा गरिने 'क्रान्तिको उल्टो क्रान्ति नै प्रतिक्रान्ति' हो, जसलाई त्यो क्रान्तिका विरोधी वा प्रतिक्रियावादी

शक्तिद्वारा शासनसत्ता हत्याउन गरिने काम वा क्रियाकलापका रुपमा बुझ्न सकिन्छ । क्रान्तिबाट स्थापित सत्तालाई हटाई प्रतिक्रियावादी शक्तिहरु पुनः सत्तामा पुग्न खोज्नु वा पुग्नुलाई पनि प्रतिक्रान्ति मानिन्छ । यो शब्दको प्रयोग क्रान्ति र त्यसबाट स्थापित मान्यतालाई उल्ट्याउने विभिन्न सन्दर्भमा हुने गर्दछ । विशेषगरी साम्यवादी क्रान्तिबाट स्थापित सत्ताका विरुद्ध लागेर प्रतिक्रियावादी शक्तिद्वारा आफूअनुकूलको पुरानै सत्ता वा नयाँ नामको पुँजीवादी, सामन्ती, निरङ्कुशतावादी अथवा अन्य खालको सत्ता स्थापित गर्ने प्रयत्न गर्नु वा त्यस्तो सत्ता स्थापित गर्नु नै प्रतिक्रान्ति हो ।

**वामपन्थी** (Leftist) : पुराना मान्यता, विचार, अवस्था वा आस्थामा आमूल परिवर्तन चाहने राजनीतिक मत, विचार र अभियानलाई वामपन्थी मान्ने गरिएको छ । त्यस्तो विचार लिने र त्यो विचारको अभियानमा लाग्नेलाई पनि वामपन्थी भनिन्छ ।

**वाम** (Left) मतको सुरुआत गणतन्त्रका पक्षधर मोन्तेग्नार्द (Montagnard) र ज्याकोबिन (Jacobin) बाट भएको मानिन्छ । मार्क्सवादको विश्वव्यापी प्रभावपछि 'वामपन्थी' शब्दको प्रयोग समाजवाद (Socialism) र साम्यवाद (Communism) सँग जोडिन पुग्यो । 'वामपन्थी' शब्दको प्रयोग खासगरी कम्युनिस्टकै सन्दर्भमा गर्ने गरिएको छ ।

सन् १७८९-१७९९ को फ्रान्सेली राज्यक्रान्तिपश्चात् फ्रान्सको संसद् बैठकमा विपक्षी पार्टीका संसदीय दलका सदस्यहरु संसद्का अध्यक्ष वा सभामुखको देब्रेपट्टि अर्थात् वायाँतिर बस्ने प्रचलन सुरु भयो । त्यसरी, बायाँपट्टि बस्ने सांसदहरु गणतन्त्रवादी थिए । उनीहरु सरकारको विरोधमा हुन्थे । बायाँपट्टि बस्ने सांसदहरु सरकारको विरोध मात्र गर्दैनथे, शोषित-पीडित मजदुर वर्गको हितमा बोल्ने गर्थे ।  उनीहरु मजदुर वर्गमाथिको शोषण बन्द गर्नु पर्ने आवाज पनि उठाउँथे । ती सांसदहरु समानताको कुरा पनि गर्थे । संसद्मा दायाँपट्टि बस्ने सरकार (राज्य) पक्षका सांसदहरुलाई शोषक-सामन्त र पुँजीपति वर्गको स्वार्थमा काम गर्ने पक्ष र बायाँपट्टि बस्ने विपक्षी सांसदहरुलाई गरिब एवम् शोषित-पीडितका लागि काम गर्ने पक्षका रुपमा लिन थालियो । बायाँतिर बस्ने सांसदहरुको भूमिकालाई क्रान्तिकारी एवम् प्रगतिशील कदमका रुपमा व्याख्या गरियो । फ्रान्सेली संसद्मा बायाँपट्टि बस्नेलाई 'वाम' (Left) भन्न थालियो । 'वाम' हरुको विचार र उनीहरुको अभियानलाई पछि 'वामपन्थी' भन्न थालिएको हो ।

**उग्रवामपन्थी** (Ultra Leftist) : वामपन्थी विचारको नाममा उग्र हुनु वा वस्तुस्थितिलाई सही रुपमा विश्लेषण नगरी अस्वाभाविक रुपमा चर्को क्रान्तिकारिता प्रदर्शन गर्नु नै उग्रवामपन्थी विचार  हो । अझ स्पष्टरुपमा भन्नुपर्दा वस्तुगत परिस्थितिको उचित विश्लेषण एवम् मूल्याङ्कन नगरी जबर्जस्ती उग्र क्रान्तिकारी विचार र नीतिहरुलाई लागू गर्न खोज्नु नै उग्रवामपन्थी विचार हो । यो उग्रवामपन्थी विचारले आफूलाई सधैं शक्तिशाली ठान्छ । आफूले जे गरे पनि त्यो क्रान्तिकारी हुने र सही हुने धारणा राख्छ । शत्रुको शक्तिलाई उसले कहिल्यै सबल ठान्दैन । शत्रुलाई सधैं दुर्बल र आफूलाई सधैं सबल देख्नु उग्रवामपन्थी विचारको विशेषता हो ।

उग्रवामपन्थी विचार असङ्गठितरुपमा सोभियत सङ्घको बोल्सेभिक क्रान्तिभन्दा अगाडिदेखि नै देखापर्दै आएको थियो । सन् १९२० पछि जर्मनीलगायतका देशहरुमा उग्रवामपन्थी विचारको उदय सङ्गठितरुपमै भयो । जर्मनीमा सोभियत सङ्घको बोल्सेभिक पार्टी र सामाजिक जनवादका विरुद्ध उग्रवामपन्थी विचार देखापरेको थियो । यो उग्रवामपन्थी विचारलाई अराजकतावादसँग जोडेर पनि विश्लेषण गर्ने गरिन्छ । उग्रवामपन्थी विचारले राजनीतिक क्रान्ति र आर्थिक-सामाजिक रुपान्तरणका लागि जनताका बीचमा लामो समयसम्म रहेर सङ्गठन गर्ने, आर्थिक-सामाजिक रुपान्तरण गर्ने र विकासका कामहरु गर्ने कुरामा जोड दिँदैन । यो विचारले जनताको मन जितेर वा जनतालाई प्रभावित गरेर होइन, त्यसविपरीत तुरुन्तातुरुन्तै, छिटोभन्दा छिटो, जबर्जस्ती गरेर, डरत्रास फैलाएर, बलका आधारमा, हातहतियारका आधारमा, हिंसा-अराजकताका आधारमा, छलकपट र षड्यन्त्रका आधारमा सत्ता हत्याउने प्रयत्न गर्दछ । उग्रवामपन्थी विचारले अन्ततः दक्षिणपन्थी विचारलाई नै सहयोग पुऱ्याउने विश्लेषण वामपन्थीहरुले गर्ने गरेका छन् ।

**❒ शार्दूल भट्टराई**

# डम्बरबहादुर सिंह

## अध्यक्ष, नेकपा (एमाले) जाजरकोट

सशस्त्र द्वन्द्वको सन्त्रासले निसास्सिएर बस्नुपर्दा होस् या दैवीप्रकोपको पीडामा रुनुपर्दा, जाजरकोटी जनतालाई वर्षैपिच्छे एउटा न एउटा सङ्कट र महामारीले घेरिरहेकै हुन्छ । 'जनवादी क्रान्ति'का निम्ति भनी भएको सशस्त्र युद्धको चपेटाले रुवाएको जाजरकोटलाई एक वर्षअघि झाडापखालाको महामारीले झनै पीडित बनायो । आँखामा

जम्मा भएका दुई थोपा आँसु पनि रित्तिए जाजरकोटीहरूमा । तिनै घाइते जनताको पीडा र ढुकढुकीमा पुनःगठित हुँदै आस्थाको झन्डा फहराउन जुटिरहेको छ, नेकपा (एमाले) । त्यसको नेतृत्व गरिरहनुभएको छ- डम्बरबहादुर सिंहले ।

सामान्य जीवनशैली, सौहार्द र नम्र स्वभावका सिंहले दोस्रोपटक जिल्लामा पार्टीको नेतृत्व हाँकिरहनुभएको छ । संविधानसभापछि पराजयका कारण घाइतेजस्तै बनेको नेकपा (एमाले) छिन्नभिन्न भएको सङ्गठनलाई एकत्रित बनाउनु उहाँको नेतृत्वमा पार्टी पङ्क्ति जुटिरहेको छ । राष्ट्रव्यापी रूपमा पुनःगठनको मुद्दा लिएर अगाडि बढेको बेला उहाँ सर्वसम्मतिले पार्टीको जिल्ला अध्यक्ष चुनिनुभएको हो ।

अभाव र सङ्कटपूर्ण रूपमा बाँचिरहेको निम्नवर्गीय परिवारका सिंह २०२१ मंसिरमा जन्मिनुभएको हो । सदरमुकामबाट दुई दिन हिँडेर पुगिने नायकवाडा- ६ तोलखानामा कर्णबहादुर र पञ्चकला सिंहको छोराका रूपमा उहाँ जन्मिनुभयो र कष्टसाध्य मिहिनेत गरेर तीन महिनामात्रै खान पुग्ने परिवारमा हुर्किनुभयो । ६ वर्ष पुग्दानपुग्दै उहाँका बुबालाई गुमाउनु परेपछि त्यो परिवार छिन्नभिन्न मात्रै भएन, बाँच्नेहरूले पनि धेरै कष्टसाध्य पीडा खेप्नुपर्‍यो । उहाँ त्यही सङ्कटमा हुर्केर ढुङ्गामा उम्रिएको बिरुवाझैं बढ्नुभयो ।

कुनै चलचित्रमा दुःखको पटकथा हेरेजस्तै छ- सिंहको पारिवारिक कहानी । उहाँका बुबाका तीन श्रीमती थिए । जसमा उहाँ कान्छीपट्टिका तीन दिदीपछाडिको कान्छो सन्तान हुनुहुन्छ । उहाँकी जेठी आमाबाट २ भाइ र माइलीबाट दुई बहिनी थिए । सौताको रूपमा तीन बहिनीले डाँडा-पाखामा आआफ्नो गृहस्थी सम्हालेर बस्नुपर्ने अवस्था थियो । बुबाको निधन भएपछि आमाहरूबीच झगडा सुरु भयो ।

तन्त्रमन्त्रमा विश्वास गर्ने त्यस समयमा सौताहरूबीच लागू (मन्त्रमार्फत् मार्न) लगाउने भन्दै आपसी झैंझगडा चर्कियो । दुर्गम ठाउँको अशिक्षित र कमजोर चेतनायुक्त धरातल भएका मानिसहरूको बस्ती हुनाले गाउँलेहरूले सौताहरूबीचको झगडा देखेर धामी उपचारको खोजी गर्नुपर्छ भने । धामीले 'सौतासौताबीच देउताले सरापे । सबै सन्तानै भष्म हुन्छन्' भनेपछि त्यो परिवारमा कोलाहल सुरु भयो । डेढ वर्षको अन्तरालमा सिहंकी जेठी आमा, माइली आमा र उनीहरूका सबै सन्तानहरूको निधन भयो । त्यस्तै, उहाँकी आमापट्टिका दुई दिदीबहिनीको पनि निधन भयो । त्यस परिवारमा सिंह उहाँकी आमा र बिहे भएर गएकी जेठी दिदीमात्रै बाँकी रहनुभयो । अकल्पनीय रूपमा अधिकांश सदस्यहरू गुमाएपछि त्यहाँ बाँच्न सफल उहाँ र आमा ०२९ सालमा घर छाडेर शरण लिन जेठी दिदी हस्तकला सिंहको घरमा पुग्नुभयो । यसरी उहाँको जीवनको दोस्रो अध्याय अघि बढ्यो ।

'आफ्नो घरमा बस्दा जतिखेर पनि मर्न सकिन्छ भन्ने डरको स्थिति रह्यो, त्यसैले आमा र म दिदीकहाँ गयौं', उहाँ भन्नुहुन्छ । हुन त गाउँमै उहाँलाई 'मेरो दलानमा बसिदे, घाँस काटिदे' भनेर पनि गाउँलेहरूले नभनेका होइनन् । तर, दिदीले मान्नुभएन र उहाँकै घरमा बस्यौं', उहाँले भन्नुभयो । उहाँकी आमाको कान नसुन्ने र मुख पनि राम्ररी नलाग्ने समस्या थियो । फेरि ग्रामीण परिवेशको चेतनास्तर न हो, उहाँकी दिदी चाहिँ क्षेत्रीको छोरासँग बिहे गरेर जानुभएको थियो । त्यसैले दिदीको गाउँ समाजले 'सबै परिवारलाई खाएर क्षेत्रीको घरमा बस्न आएको' भन्ने घृणाको पात्र बन्नुपरेको नमज्जा पनि उहाँले भोग्नुपर्‍यो । जसका कारण सगोल परिवारमा रहेकी दिदी पनि छुट्टिएर बस्न थाल्नुभयो । त्यसबेला उहाँ नाङ्गै खुट्टा हिँड्नुहुन्थ्यो । 'दिदीले चोली लगाउने कपडा मैले सिलाएर लुगा लाउँथे', उहाँ आफ्नो दुःखद् विगत सम्झँदै भन्नुहुन्छ ।

त्यसैबीचमा उहाँले पढ्न थाल्नुभयो । सिलिङ्गीचौर प्राथमिक विद्यालय र लिम्सा निमाविमा उहाँले पढ्नुभयो । उहाँ पढ्न अब्बल विद्यार्थी हुनुहुन्थ्यो । त्यसैले चारदेखि सात कक्षासम्म पढ्दा उहाँले कहिल्यै कापी कलम किन्नुपरेन । त्यसबेला उहाँको विद्यालयमा खम्बुप्रसाद रोकायसँग भेट भयो, जसले उहाँलाई पढ्नलेख्न उत्प्रेरित मात्रै गर्नुभएन, विद्यालयमा छात्रवृत्ति दिएर उहाँलाई पढ्न हौसला र सहयोग पनि गर्नुभयो । त्यसबेला छात्रवृत्तिस्वरूप ४० रुपियाँ प्राप्त गर्दा दिदीको घरमा ठूलो खुसियाली छाएको थियो । त्यसपछि उहाँ पढ्न सदरमुकाम आउनुभयो । ८ र ९ कक्षा त्रिभुवन व्यावसायिक मावि खलङ्गामा पढ्नुभयो । त्यहाँ पनि उहाँको गरिबी र अभावलाई बुझ्ने गुरुहरू भेटिनुभयो । राजेश्वर कार्की, अम्मर शाहलगायतका शिक्षकहरूले उहाँलाई कापी र कलम किनिदिनुहुन्थ्यो । उहाँहरूले किनिदिएको चप्पल नै पहिलोपटक उहाँको खुट्टामा परेको अनुभव थियो । त्यहाँबाट उहाँ १० कक्षा पढ्न डोल्पा जानुपर्ने भयो । त्यसबेला उहाँले घरमा भएको आमाको पोतेमाला नेपालगञ्ज लिएर बेच्नुभयो । त्यही पैसा लिएर डोल्पाको त्रिभुवन मावि काइगाउँ जानुभयो, त्यहीं उहाँ अनेरास्ववियुमा आबद्ध हुनुभएको थियो ।

अनेरास्ववियुमा आबद्ध कृष्ण घिमिरे र दुर्गा अधिकारी आदिसँगको भेट्ले उहाँ अखिल बन्नुभयो । उहाँहरूले विद्यार्थीहरू सङ्गठित हुनुपर्छ भन्ने एउटा सानो कोठामा भेला गर्नुभयो । अनि अनेरास्ववियुबारे यसरी जानकारी दिनुभयो । ती दिन सम्झिँदै उहाँले आफ्नो राजनीतिक जीवनको आरम्भलाई जोड्नुभयो । यसरी ०३८ मा उहाँ अखिलको सदस्य बन्नुभयो । त्यसै वर्ष उहाँ टेस्ट परीक्षामा उत्तीर्ण भएपछि सीता प्रावि कार्कीज्युलामा शिक्षक बन्नुभयो । त्यहाँ उहाँको ९० रुपियाँ तलब थियो तर स्याला प्राविमा १ सय २० रुपियाँ तलब दिने भएपछि उहाँ त्यहीं

जानुभयो । त्यसबीचमा उहाँ प्रावि बयालाको सरकारी दरबन्दीमा शिक्षक बन्नुभयो । त्यहीं पढाउँदा नै उहाँ आफैंलाई पढाएका गुरु खम्बप्रसाद रोकायको सङ्गतमा पुग्नुभयो र नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको साधारण सदस्यता हुँदै आजीवन सदस्यता प्राप्त गर्नुभयो । ०४८ सालमा उहाँ सरकारी पूर्वाग्रह र दमनको चपेटामा पर्नुभयो । त्यसबेला उहाँल सिलिङ्गे चौरम्बस्थित सरस्वती प्राविमा पढाउनुहुन्थ्यो । शिक्षक सङ्गठनमा लागेकै कारण उहाँलाई काङ्ग्रेसी सरकारले अपमानित गर्दै ८ महिनाको तलब रोकिदियो र घरदेखि तीन घन्टा टाढा पढ्नपर्ने दीपेन्द्र निमावि सक्लामा सरुवा गरिदियो ।

सत्ता दुरूपयोगको त्यस समयमा धेरैले आत्मसमर्पण गरेर सङ्गठन त्यागे । काङ्ग्रेसको ठाडो निर्देशनमा चल्ने प्रमुख जिल्ला अधिकारी नेत्रबहादुर कार्की र जिल्ला शिक्षा अधिकारी बलिरामप्रसाद सिंहले वामपन्थी शिक्षकहरूलाई असाध्यै दुःख दिए । जिल्लामा सात सयको संख्याका शिक्षक सङ्गठनका सदस्यहरू ह्वात्तै घटेर ५० जनामा सीमित भयो । जिल्लामा शिक्षक सङ्गठनको दोस्रो सम्मेलन हुँदा सम्भवतः नेतृत्वका लागि अगाडि सर्ने शिक्षक नै पाउन गाह्रो भयो । दोस्रो सम्मेलनबाट उहाँ सहसचिव बन्नुभयो । ०५५ सम्म आउँदा उहाँ इलाका कमिटी सचिव हुनुभएको थियो । त्यसबेला उहाँ स्कुलको प्रधानाध्यापक हुनुहुन्थ्यो । 'शिक्षकको आवरणमा मलगायत केही शिक्षकहरू पार्टी कामलाई घनिभूत बनाउन क्रियाशील थियौं', उहाँ सम्झिनुहुन्छ । त्यसबेला पार्टीको जिल्ला नेतृत्वमा रत्नप्रसाद शर्मा हुनुहुन्थ्यो । अर्को नेता भैरवसुन्दर श्रेष्ठ जिविस सभापति हुनुहुन्थ्यो । 'उहाँहरूले मलाई नजिकबाट चिन्नुहुन्थ्यो अनि विश्वास पनि गर्नुभयो', उहाँले भन्नुभयो ।

उहाँको पारदर्शी काम र सरल व्यवहारले सबैलाई एमालेप्रति आकर्षण गरिरहेको थियो । त्यसैको परिणाम उहाँ सचिव भएको इलाकाअन्तर्गतका नायकवडा, रोकायगाउँ र सकला गाविस 'लालकिल्ला'मा विकसित भइसकेका थिए । ०५४ मा नेपालगञ्जमा सम्पन्न छैटौं महाधिवेशनमा उहाँले स्वयम्सेवक भएर काम गर्नुभयो । उहाँलाई त्यतिखेर मुलगेटमा बस्ने जिम्मेवारी दिइएको थियो । त्यहाँ भएको झडपमा उहाँको खुट्टामा इटा लागेर घाइते पनि बन्नुभयो । यदि खुट्टा नै भाँचिएको भए त सरकारले उहाँको शिक्षक जागिर नै खाइदिन्थ्यो होला ! ०५५ मा तत्कालीन जिविस सभापति भैरवसुन्दर श्रेष्ठको विशेष प्रस्ताव र सचिव रत्नप्रसाद शर्माको आग्रहमा उहाँलाई पूर्णकालीन राजनीतिमा आउनुपर्छ भन्ने प्रस्ताव आयो । 'तर, मैले दुवै कमरेडहरूलाई म राजनीतिमा लागे मेरी लाटी र कान नसुन्ने आमालाई कसले पालिदिन्छ भनें', उहाँ भन्नुहुन्छ । पार्टी विभाजनको असर जाजरकोटमा पनि पर्नु स्वाभाविकै थियो । त्यसैले ०५६ को आमचुनावमा १ नम्बर क्षेत्रको सांसदको उम्मेदवार भइदिनुपर्ने प्रस्ताव घरमा आयो । उहाँले खम्बु रोकायालाई उम्मेदवार बनाउनुपर्छ भन्ने प्रस्ताव गर्नुभयो । त्यसपछि उहाँ नेताहरूसहित काठमाडौं आउनुभयो । महासचिव माधव नेपाल र अर्का नेता केपी शर्मा ओलीलाई भेट्नुभयो । दुवै नेताहरूले उहाँलाई नै सांसदको टीकाट दिने बताउनुभयो । त्यही उत्साह लिएर जिल्ला फर्किनुभएका सिंहले शिक्षण पेसाबाट राजीनामा दिनुभयो । तर, पार्टी केन्द्रले उहाँलाई टीकाट नदिएर कृष्णबहादुर शाहीलाई पो दियो ।

पछि उहाँ जिल्ला कमिटी सदस्य र ३ नम्बर इलाकाको इन्चार्ज बन्नुभयो । ०५७ मा सम्पन्न जिल्ला अधिवेशनले लालबहादुर महतारालाई सचिव र सिंहलाई उपसचिव बनायो । त्यसलगत्तै रुकुम, रोल्पा र जाजरकोट आदि जिल्लामा माओवादी उग्रता र उद्दण्डता प्रदर्शन गर्ने थलो बनिहाले । र, ०५७ देखि ०६२ सम्म सङ्गठन कमिटी बनाएर पार्टी चलाउनुपर्ने भयो । माओवादीको निशाना उहाँहरूसँगै सिङ्गो पार्टीपङ्क्ति नै बन्यो । र, पार्टी सदस्य घटेर २ सय ४० मा सीमित बन्यो । त्यसबेला उहाँ सदरमुकामकेन्द्रित भएरै बस्नुभयो । उहाँको परिवार चाहिँ गाउँमा नै बस्थ्यो । परिवारसँग चाहिँ एक हिसाबले विच्छेदजस्तै थियो । दशैंतिहारमा उहाँ रातारात लुकीछिपी कहिलेकाहीं घर पुग्नुहुन्थ्यो । तर, त्यसो गर्दा पनि तत्कालीन शाही सेनाले निगराखी राखिरहेको हुन्थ्यो । कहिलेकाहीँ उहाँकी जीवनसंगिनी सदरमुकाम आउनुहुन्थ्यो । 'यदि बाँच्ने हो भने राजनीतिमा नलाग्न भनिदिनू, मर्न दिने हो भने तेरो श्रीमानलाई राजनीतिमै लाग भनिदिनू' भनेर मेरी श्रीमती रुँदै सदरमुकाम आउँथिन्', उहाँ सम्झँदै भन्नुहुन्छ । घरमा माओवादीले धम्की दिइरहेकाले उहाँकी श्रीमती राजनीति छोड्न आग्रह गर्दै थुप्रैपटक सदरमुकाम आउनुभयो । 'रुँदैरुँदै पिठ्यूँमा दालतरकारी बोकेर उनी आउँथिन् तर मैले सम्झाइबुझाइ पठाउँथें', उहाँ भन्नुहुन्छ ।

माओवादी ज्यादतीले सीमा नाघ्दै गर्दा जिल्लामा एमाले नै तारो बन्यो । राजाले त्यही मौका छोपी शासन हातमा लिए । त्यसपछि शाही सेनाले सदरमुकाममा निगरानी गऱ्यो र सदरमुकाम बाहिर माओवादीले । द्वन्द्वरत पक्षको सशस्त्र लडाइँमा एमालेले आफ्नो २१ जना होनहार कार्यकर्ता गुमाउनुपऱ्यो । ०५७ मा भ्रष्टाचारविरोधी आन्दोलनको राँके जुलुसमा सहभागी बन्दा सेनाले पक्रेर उहाँलाई अमानवीय ढङ्गले यातना दियो । त्यसबेला उहाँहरूलाई सेनाले 'माओवादीका भरौटे' भनेर पो यातना दियो । उहाँहरू ०५७ मै माओवादी ज्यादतीविरुद्ध अभियान लिएर गाउँतिर जानुभयो । त्यसको नेतृत्व लालबहादुर महतारा र उहाँले गर्नुभएको थियो । त्यसबेला रक्दाको गोठमा रातभरि माओवादीले नजरबन्दमा राखे । उहाँहरू १२ जना हुनुहुन्थ्यो । माओवादीको हतियारधारी जत्थाले भन्यो, 'यसभन्दा एक

पाइला अगाडि बढ्यो भने मात्रै तिमीहरूको घाँटी रेटिदिन्छौं ।' त्यसो भनेपछि उहाँहरू एउटा गोठमा बस्नुपरेको थियो । त्यस दिन रातभरि उहाँहरूले बहस गर्नुभयो । माओवादीले उहाँहरूलाई पानीसम्म पिउन दिएनन् । यसरी उहाँ दुईपटक माओवादी अपहरणमा पर्नुभएको छ ।

एकपटक तत्कालीन भेरी अञ्चल सचिव लक्ष्मण ज्ञवालीसहितको एमालेको अभियानलाई माओवादीले हातपात गर्‍यो । केन्द्रबाट गङ्गालाल तुलाधर जिल्ला पुगेर फर्कंदा भन्नुभएको थियो, 'यसरी पार्टी सदस्यता जोगाएर राख्ने तपाईंहरू महान् हुनुहुन्छ, यस कुरालाई म पार्टी महासचिवसमक्ष रिर्पोटिङ गर्छु ।' द्वन्द्व चरमोत्कर्षमा पुगेका बेला त्यहाँका कार्यकर्ताकोमा पार्टी र क्रान्तिप्रतिको निष्ठा देखेर उहाँ खुसी हुनुभएको थियो । अर्थात्, त्यस्तो सङ्कटको बेलामा पनि उहाँहरूले पार्टी जोगाउन खुबै सङ्घर्ष गर्नुपरे पनि आस्था जोगाएर अविचल रहनुभयो ।

०६२ मा उहाँ सर्वसम्मत पार्टी सचिवमा चुनिनुभयो । त्यसपछि उहाँ द्वन्द्वकालमा शून्यजस्तै भएको पार्टी सङ्गठनलाई ब्यूँताउन रातदिन नभनी जुट्नुभयो । 'मैले सपनामा समेत सङ्गठन निर्माणको काम गरिरहेको हुन्थें', उहाँ भन्नुहुन्छ, 'एकदिन मैले भोलि अर्को गाउँ जान्छु भनेर अघि निद्रामै बोलेको अशोक कोइरालाले सन्नुभएछ ।' बिहानै उठेर कोइरालाले 'के हो तपाईं त सुत्दा पनि पार्टी निर्माणको कुरा गर्नुहुन्छ' भनेर सोध्नुभयो । संविधानसभाको चुनावमा उहाँ, युवासङ्घका महासचिव निरज आचार्य र रीता रावललाई क्रमशः पार्टीले उम्मेदवारका रूपमा प्रस्तावित गरेको थियो । तर, तेस्रो नम्बरमा प्रस्तावित रितालाई नै पार्टीले उम्मेदवार बनाउने निर्णय गर्‍यो । जबकि, स्वयम् रिताले समेत उहाँलाई उम्मेदवार बनाउनुपर्ने भन्दै आउनुभएको थियो । 'त्यतिखेर पार्टी कार्यकर्ता र जनताको भावनाका आधारमा होइन, पूर्वाग्रही ढङ्गले उम्मेदवार छनोट गर्दा केही समस्याजस्तो महसुस भयो', उहाँ भन्नुहुन्छ । उहाँको नाम समानुपातिकको सूचीमा राखिएको त थियो तर दुवै क्षेत्रबाट एमाले प्रत्यक्षतर्फ पराजित भयो ।

दुवै क्षेत्रबाट पराजित भएपछि त्यसको समग्र समीक्षाका लागि सचिवका हैसियतले उहाँले विस्तारित जिल्ला कमिटीको बैठक बोलाउनुभयो । तर, केही कार्यकर्ताहरूले उहाँको राजीनामा माग्नथाले । त्यसबेला पार्टीको मध्यपश्चिम इन्चार्ज रहनुभएका वामदेव गौतम बैठकमा जानुभयो । उहाँले पार्टीलाई नयाँ ढङ्गले पुनःगठन गर्ने भन्दै सबैको राजीनामा माग्नुभयो । उहाँहरूलाई हटाएर रावललाई क्रमशः सचिव, उपसचिवको जिम्मेवारी दिइयो ।

उहाँ दोस्रोपटक जिल्लाको प्रमुख नेतृत्वमा आउनुभएको छ र, पार्टी निर्माण र जागरणको अभियानमा केन्द्रित भइरहनुभएको छ । अधिवेशनअघि शून्य रहेको 'नवयुग' सदस्यता २ सय २२ पुगेको छ । पार्टी सदस्यता २ सय ४० रहेकोमा हाल १ हजार ६ सय पुगेको छ । उहाँ दुःख र पीडा पोख्दै हुनुहुन्छ, 'माओवादीका ३/४ जना केन्द्रीय सदस्य, अफ्र अध्यक्ष पुष्पकमल दाहालका सल्लाहकार भएको हाम्रो जिल्लामा एमालेका भने कोही नेताकहाँ माग लिएर जाँदा खासै गम्भीरता देखाउनुहुन्न । प्रचण्ड, सुशील कोइरालालगायतका अरू पार्टीका नेताहरू तीनपटक जाजरकोट गइसके । तर, हाम्रा नेताहरूलाई लैजानै सकिएको छैन ।' उहाँकै शब्दमा 'अध्यक्ष, महासचिव र केपी कमरेडलाई लिएर कार्यकर्तापंक्तिमा उत्साह र जागरण ल्याउन खोजेका छौं । समय मिलाउने प्रयत्न जारी छ ।'

५ छोरा र १ छोरीका पितासमेत रहनुभएका उहाँ पार्टीभित्रको अनुशासनहीनताको अन्त्य गरी कठोर रूपमा अघि बढ्नुपर्ने आवश्यकता देख्नुहुन्छ । 'आधारभूत जनताको हामीप्रति ठूलो आशा रहेको तर नेताहरूले केन्द्रमै बसेर कार्यकर्ताको अवमूल्यन गरेको उहाँको गुनासो छ । जाजरकोटी जनताको माझमा पार्टीको झन्डालाई माथि उठाउन एकताबद्ध भई अगाडि बढ्न प्रयत्नशील रहेको बताउँदै उहाँ जोड दिनुहुन्छ, 'पार्टीको झन्डालाई विजयको खुसियालीमा फहराउन चाहन्छौं । तर, त्यसका लागि पार्टीले तलतलसम्म उचित ध्यान पुर्‍याउन सक्नुपर्छ । अर्थात्, पार्टी नेतृत्वले माथिबाट तलतिर ध्यान केन्द्रित गर्नुपर्छ ।'

❐ **लोकेन्द्र केसी**

# जिल्ला र क्षेत्रीय अधिवेशन जारी

**नेकपा (एमाले) यतिबेला आठौं महाधिवेशनद्वारा पारित विधानअनुरूप जिल्ला-जिल्ला र निर्वाचन क्षेत्रहरूमा अधिवेशन आयोजना गरी पार्टीलाई तल्लो तहसम्म बहुपदीय संरचनामा रूपान्तरण गर्न जुटिरहेको छ । यस अभियानअन्तर्गत यसपालि पर्सा र सर्लाहीका जिल्ला अधिवेशन तथा राप्ती र भेरी अञ्चल अन्तर्गतका क्षेत्रीय अधिवेशनबाट निर्वाचित नयाँ नेतृत्व एवं राष्ट्रिय प्रतिनिधि परिषद्का सदस्यहरूको नामावली प्रस्तुत गरिएको छ :**

## पर्सामा विजय महतो

नेकपा (एमाले) पर्साको सातौं अधिवेशनले विजयप्रसाद महतोको अध्यक्षतामा ६६ सदस्यीय नयाँ नेतृत्व निर्वाचित गरेको छ। २०६६ मंसिर २९ र ३० गते वीरगञ्जको टाउनहलमा भएको अधिवेशनको उद्घाटन पार्टी पोलिटब्युरो सदस्य उर्मिला अर्यालले गर्नुभएको थियो। अधिवेशनलाई पार्टी अध्यक्ष झलनाथ खनालले 'टेलिफोन-सम्बोधन' गर्नुभएको थियो। उक्त अवसरमा वैकल्पिक केन्द्रीय सदस्य तथा पर्साका केन्द्रीय प्रतिनिधि रामचन्द्र साह तेली, केन्द्रीय सदस्य महमुद आलम, पूर्व केन्द्रीय सदस्य पुरुषोत्तम पौडेललगायतले पनि सम्बोधन गर्नुभएको थियो।

उपाध्यक्ष गणेश कुशवाहा, सचिव पुरेन्द्रकिशोर लाम र उपससचिव आत्मदेवी उपाध्याय रहनुभएको छ। जिल्ला कमिटीका सदस्यहरूमा रामजी उपाध्याय, उसमान अन्सारी, विचारी यादव, मिथिला पौडेल, विक्रम चौरसिया, गङ्गाबहादुर खड्का, अरविन्दकुमार सिंह, मुक्तिनारायण साह, गोकर्ण पाठक, सुदीप लामा, महेश दास, अक्षेयलाल पटेल, राजदेव साह, मधुमाया अधिकारी, कैलाश महतो, प्रभुप्रसाद कुर्मी, फरमान अन्सारी, अशोक यादव, दुर्गा क्षत्री, हिरा विक, इमाम हुसेन, गङ्गाधर महतो, ठाकुर न्यौपाने, सीता खड्का, प्रल्हाद गुप्ता, पटवारीलाल बैठा, मेघराज पासवान, रामलाल राम, अम्बिका हजरा, अफजल हुसेन अन्सारी, मनोजप्रसाद कुर्मी, बृज यादव, नेपालेन्द्र साह, बाबुजान अली, सन्ध्या भट्ट, प्रभा खड्का, निर्मला भण्डारी, कृष्णचन्द्र लामिछाने, श्याम बञ्जारा, सलिम मिया, मोहन कार्की, मनोजकुमार कुशवाहा, ज्ञानबहादुर साह, धुरेन्द्र यादव, सन्तोष चौधरी, श्यामदेव चौधरी, राजेन्द्र यादव र राजेन्द्र हजारा छानिनुभएको छ।

यस्तै जिल्ला कमिटीका वैकल्पिक सदस्यहरूमा टेकनारायण महतो, अमल यादव, राजकुमार सिंह, मनोज साह, सुनिल श्रेष्ठ, आनन्द उपाध्याय, मानदेव हजारा, उमेश गुप्ता, मजिद अहमद, अमानत अन्सारी, राजेश्वर तिवारी, शिवजी विश्वकर्मा, सोधाप्रसाद यादव र श्रीलाल रौनियार रहनुभएको छ।

# सर्लाहीमा मनोज देवकोटा

नेकपा (एमाले) सर्लाही जिल्ला कमिटीको अधिवेशनले मनोज देवकोटाको अध्यक्षतामा जिल्ला नेतृत्व निर्वाचित गरेको छ। २०६७ जेठ ९ गते निर्वाचन सम्पन्न अधिवेशनमा प्रतिस्पर्धी रेवती पन्तको १ सय ६१ भन्दा देवकोटाले २ सय ९ मत ल्याई विजयी हुनुभएको थियो। अधिवेशनको उद्घाटन वैशाख २४ गते पार्टी पोलिटब्युरो सदस्य तथा जनकपुर अञ्चल संयोजक रामचन्द्र झाले गर्नुभएको थियो। उक्त अवसरमा केन्द्रीय सदस्य तथा जनकपुर अञ्चल सहसंयोजक केशव देवकोटा, केन्द्रीय सदस्यहरु रवीन्द्र बैठा, कमलादेवी महतोलगायतले सम्बोधन गर्नुभएको थियो।

कमिटीको उपाध्यक्षमा राजनारायण साह, सचिवमा डिल्ली उप्रेती र उपसचिवमा नरनारायण सहनी निर्वाचित हुनुभएको छ। यस्तै जिल्ला कमिटी सदस्यहरूमा हरि उप्रेती, ध्रुव गौतम, विदुर प्याकुरेल, गोविन्द पासवान, कल्पना कट्वाल, अञ्जु पौडेल, तारा पोखरेल, वेती लुङ्गेली, पर्मिला गौतम, ध्रुव ढुङ्गेल, रामबहादुर कार्की, मर्तुजा मन्सुर, श्याम शिवाकोटी, डम्बर विक, राजाराम साह, केदार मैनाली, सुरेन्द्र कार्की, केशव ढकाल, जमरुद्धिन मन्सुर, विकाउ यादव, रितुराज ऋषि, देवन्द्र राय, वसन्त भट्टराई, चिरञ्जीवी पोखरेल, पशुपति पोखरेल, रुवल सहनी, किरणदेवी राय, गीतादेवी राय, पार्वती विक, रेणुका पौडेल, रामसागर महतो, हिरानन्द महतो, फकिरा महतो, रामएकवाल मण्डल, बासाई महतो, विन्देश्वर हजारी, पदमबहादुर लो, शङ्कर लामा, आनन्द विहारी चौधरी, गौरीशङ्कर धामी, चन्द्रेश्वर मण्डल, भरत गौतम, नवराज मिश्र, दिव्यप्रसाद भट्टराई, सन्सरीमाया थिङ, देवकुमारी गुरागाईं, रञ्जना सरकार, मिरा कार्कीलगायत चुनिनुभएको छ।

# दुई अञ्चलका क्षेत्रीय समन्वय कमिटी

**राप्ती**

**प्यूठान**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : धनबहादुर रायमाझी

अध्यक्ष नेत्रबहादुर रोकाया, उपाध्यक्ष डीके पोखरेल, सचिव वसन्त जीसी, उपसचिव भेषराज पोखरेल र सदस्यहरू दुर्गा खड्का, अमर अधिकारी, लालबहादुर महतारा, नारायणी पौडेल, लीलामणि कालाथोकी, टीकाराम पल्ली, पुर्खसिंह सुनार, टङ्क जिसी, तुलबहादुर रोका, शेरबहादुर केसी, यामलाल पाण्डे, शेरबहादुर सुनार, गोखरबहादुर रोका, दुर्गा आचार्य, बलराम केसी, हिमालय रिजाल, हिरामणि भण्डारी, भवानी रोका, बीबी सन्तोष, भुवन पुन, मधुसुदन शर्मा, खिमबहादुर विष्ट, गङ्गा केसी, खतिदेवी विक, मीना सोमै, काले मिजाँ, गुमानसिंह विक, भुपालसिंह खत्री, वासुदेव रेग्मी, दुर्गबहादुर नेपाली, ट्यामप्रसाद गोराथोकी, पिता राउत।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : रमेशप्रसाद राजभण्डारी

अध्यक्ष मोहन जिसी, उपाध्यक्ष पद्म खड्का, सचिव वेगम विक, उपसचिव हेम राजभण्डारी र सदस्यहरू लीलबहादुर बुढा, चित्रबहादुर बुढाथोकी, रकमबहादुर थापा मगर, केशव पोखेल, गिरबहादुर सुनार, रतिमान राना, विजय मल्ल, टुकबहादुर केसी, सूर्यबहादुर केसी, शान्तराज पण्डित, राजकुमार कक्षपती, रामलाल श्रेष्ठ, हेमु गिरी, लोकबहादुर पुन, तुकमान बुढामगर, ईश्वरबहादुर केसी, गणेश जीसी, तुलबहादुर पछाई, गोपालप्रसाद घिमिरे, इमानसिंह घर्तीमगर,

कर्णबहादुर घर्तिमगर, लीलाबहादुर जिसी, चिन्ता भारती, कमला थापा, चित्रकला बुढा, दुर्गा पराजुली, ढुना केसी, जवुना सुनार, गिरिजा पुलामी, मीनबहादुर घर्तिमगर, टङ्कबहादुर थापामगर, मानबहादुर थापा मगर, कृष्णप्रसाद श्रेष्ठ, रानबहादुर विक, खुमबहादुर परियार र मेघबहादुर परियार ।

**रोल्पा**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : कुमार दशौंदी

अध्यक्ष हितबहादुर रोका, उपाध्यक्ष दोर्ण गिरी, सचिव देवेन्द्र पोखेल, उपसचिव यज्ञबहादुर बुढाथोकी र सदस्यहरू नन्दकुमार आचार्य, कर्मसिं विक, रिमु खत्री, गोपाल केसी, जूनमाया रोका, नर्मदा सुवेदी, ताविराम पुन, हर्कबहादुर घताने, गोविन्द सुवेदी, भरत अधिकारी, भीमसेन गिरी, पुष्पराज घर्ती, गौमती विक, राहुल घर्ती, रामबहादुर पुन, रेमबहादुर थापा, मेघबहादुर रोका, मिना घर्ती, विरमा खत्री ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : मानबहादुर बाठा मगर

अध्यक्ष निमप्रसाद रोका, उपाध्यक्ष मोतिकला डाँगी, सचिव ज्योतिप्रसाद केसी, उपसचिव तेजबहादुर डाँगी, सदस्यहरू अर्जुन पुन, अम्बिका डाँगी, यज्ञबहादुर बुढा, माघि रोका, टेकबहादुर घर्ती, लीला वली, हरि नेपाली, कमल खड्का, अमृत बाठा, कुशबहादुर पुन, माधव घर्ती, विष्णु वली, प्रसाद घर्ती, थमन केसी, धनबहादुर घर्ती, यामबहादुर केसी, जितबहादुर पुन, दलसुर वली, पूर्णबहादुर बुढा, इन्द्रबहादुर वली, थमबहादुर सुनार, नदिराम घर्ती, गोपी केसी, देवराज वली, सिद्धबहादुर डाँगी, पहल विक, रामकुमार शर्मा ।

**रुकुम**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : खेममान खड्का

अध्यक्ष टोपबहादुर ओली, उपाध्यक्ष टोपबहादुर मल्ल, सचिव देवीलाल खड्का, उपसचिव तेजकुमार शर्मा, सदस्यहरू सुशिला दाहाल, पुष्पा केसी, भावना बुढाथोकी, देवी नेपाली, नुमेन्द्रा केसी, सरस्वती केसी, कमला विक, सुशीला विक, तीर्था खड्का, गमिसरा पुन, जुहारीलाल बुढा, खिर्मी बुढा, शक्तिकुमार पुन, पालसिं रोका, विपना पुन, अर्थि बुढा, मनकुमारी घर्ती, रामबहादुर ओली, मोहनचन्द्र सेर्पाली, यामबहादुर हमाल, रामबहादुर खड्का, मनलाल खड्का, नारायणी सेन, राजकुमार पुन, भागिन्त बुढा, ढाँटी बुढा, ओमप्रकाश कुँवर, छविलाल शर्मा, धनबहादुर घर्ती, कलमसिं सुनार, धनीप्रसाद बुढा, गोरबहादुर बुढा, मदनकुमार खड्का, पृथ्वीबहादुर रावत, कविराज शर्मा, सुशिला गौतम, रन्जीत नेपाली, दलवीर नेपाली, गोविन्द विक, पहलमान विक ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : शेरबहादुर केसी

अध्यक्ष बेगमप्रसाद देवकोटा, उपाध्यक्ष लोकबहादुर खड्का, सचिव पर्शुराम लामिछाने, उपसचिव नवराज परियार, सदस्यहरू टर्रो विष्ट, नरबहादुर चन्द, विनोद डाँगी, गीता मल्ल, षडानन्द रिजाल, कर्णसिं डाँगी, भम ओली, ऐभान खड्का, रामबहादुर केसी, केशव शर्मा, सीतारा भीम देवकोटा, नरु ओली, नवीन गौतम, बलबहादुर बोहरा, भद्र मल्ल, नन्दराम बुढाथोकी, बालकृष्ण मल्ल, टेका राणा, प्रेमप्रकाश पुन, बिमला पुन, खीमा राणा, झरना केसी, दीपा मल्ल ( हमाल), चन्द्रकला केसी, पवित्रा बस्याल, निर्मला चन्द, रणमती विक, शिला सिन्चुरी, शशीराम बस्याल, दले बादी, हरिबहादुर पुरी, ऐभान बुढा, भीमबहादुर खड्का, इन्द्रबहादुर ओली, मनिराज बोहरा ।

**सल्यान**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद्** : गुलाबजङ्ग शाह

अध्यक्ष ईश्वरी बुढाथोकी, उपाध्यक्ष पठबहादुर पुन, सचिव टोपबहादुर डीसी, उपसचिव खड्गप्रसाद आचार्य, सदस्यहरू धनबहादुर पुन, मनवीर बुढा, जीतबहादुर पुन, टीकाराम विक, मनीराम नेपाली, डम्बर शाही, टोपबहादुर विष्ट, कमारा कुमा, डम्बरबहादुर रावत, शेरबहादुर रावत, अकबर पुन, रामबहादुर चन्द, पहलमान डाँगी, मानबहादुर खड्का, रोहवर सुनार, खुमराज वली, पर्शुनारायण गौतम, मानबहादुर चलाउने, टोपबहादुर बुढाथोकी, कमल खड्का, शान्तकुमार यरी, उपेन्द्र वली, खड्कबहादुर बुढा, खगेन्द्र चन्द ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : उदयबहादुर बोहरा

अध्यक्ष रामकुमार खड्गी, उपाध्यक्ष दलबहादुर बुढा, सचिव गणेश शर्मा, उपसचिव गोविन्द केसी, सदस्यहरू दीपककुमार शर्मा, वीरबहादुर वली, कालीबहादुर रेउले, मुमलाल डाँगी, नारायण वली, उमलाल घर्ती, रुद्रबहादुर बाठा, ओजबहादुर बस्नेत, द्रोणबहादुर केसी, उदीराम रोका, हेमलाल बोहरा, बेलबहादुर चन्द, भूपाल डाँगी, बुद्धि केसी, रुद्रवीर घर्ती, लोकेन्द्रसिं खड्का, वसन्ती योगी, शारदा परियार, मोतिकुमारी रोका, चन्द्रा घर्ती, तिलबहादुर रानामगर, फटोजङ्ग घर्ती, कृष्णबहादुर राना, कृष्णलाल कामी, बलसिंह सार्की, मोहमद रसिद मियाँ ।

**दाङ**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : रेवतीरमण शर्मा

**क्षेत्र नं २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : नरुलाल चौधरी

अध्यक्ष हेमराज पुन, उपाध्यक्ष, किरण भण्डारी, सचिव मदन अधिकारी, उपसचिव सरिता सुवेदी, सदस्यहरूमा भुवन अधिकारी, भीमबहादुर थापा, विपतराम चौधरी, केशवराज आचार्य, पार्वती विक, मतिकला रावत, सुलेखा सुवेदी, पुष्पा पोखेल, शिवा थापा, दलिततर्फ रामबहादुर सुनार, अमृत नेपाली, सूर्यनारायण चौधरी र मनोहरि चौधरी, मजदुरबाट टोपबहादुर झाँक्री, भवानी थापा, टङ्क सुनार, प्रेमबहादुर डाँगी, खुसल पाण्डेय, चित्रबहादुर चौधरी, लीलाधर थापा, टीकाराम बुढाथोकी, कमानसिंह घर्ती, प्रेम पुन, शिशिर अर्याल, अनन्त पौडेल, हरि बेल्बासे, शोभाखर भुसाल, सीताराम चौधरी र रामचन्द्र चौधरी हुनुहुन्छ भने भुवन देवकोटा, आलोक घिमिरे र प्रेमबहादुर केसीलाई कमिटीमा मनोनित गरिएको छ ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : देवी पोखरेल

अध्यक्ष घनश्याम बुढाथोकी, उपाध्यक्ष गोपाल आचार्य, सचिव दोर्ण वहकरी र उपसचिव प्याउली केसी, सदस्यहरू दानबहादुर केसी, ज्ञानेन्द्रबहादुर बस्नेत, हरिमाया गौतम, गौरा केसी, मेनका केसी, हुमा डीसी, सीता सापकोटा, अम्बिका पोखेल, आदित्य गौतम, विनोद पाण्डे, दीनानाथ आचार्य, घनश्याम घिमिरे, जगनु चौधरी, तीर्थराज चौधरी, पहिलराम चौधरी, धनिराम चौधरी, गगन पुन, तिलक विक, तेजबहादुर नेपाली, झगबहादुर सुनार, तिलक बस्नेत, सौडियार गाविसबाट भगतसिं चौधरी, शोभा शाह, डम्बरबहादुर चौधरी, बोधीबहादुर बस्नेत, ठाकुरप्रसाद भण्डारी, ओबहादुर सिजवाल, झगेन्द्रबहादुर बस्नेत, छोटेलाल चौधरी, गङ्गाराम आचार्य, अम्बिका गौतम, खुबीराम न्यौपाने, उपेन्द्र खड्का, खीमबहादुर जीसी र धनिराम चौधरी निर्वाचित हुनुभएको छ ।

**क्षेत्र नं. ४**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : टोपेन्द्र केसी

अध्यक्ष चिन्तामणि आचार्य, उपाध्यक्ष डिला डाँगी, सचिव अमर खड्का, उपसचिव दीपककुमार भट्टराई, सदस्यहरू तुलसीपुरबाट विनोद शर्मा, इन्द्रवीर डाँगी, नारायण खनाल, पोमनारायण रिजाल, यज्ञबहादुर थापा, खड्गबहादुर डाँगी, अमृता गौतम, अनानरकली मिया, सरस्वती शर्मा, होमबहादुर थापा, ध्रुव देवकोटा, सुशिला आचार्य, डिल्लीबहादुर डाँगी, सुवर्ण आचार्य, जिउपाल बस्नेत, दलबहादुर महतारा, सन्तोष केसी, बलदेव आचार्य, यमकुमारी खड्का, सुन्दर नेपाली, निमकान्त पौडेल, तुलसा लामिछाने, रेशमबहादुर वली, कृष्णबहादुर केसी, डिल्लीबहादुर बुढाथोकी, गेहेन्द्रराज धिताल, गमनसिंह खड्का, सेतु नेपाली, ज्ञानुमाया रावत, सुशिला बुढाथोकी, राजेन्द्र केसी, डिल्ली बुढाथोकी, सुन्तली चौधरी, निमबहादुर सिंह, जयबहादुर विक, मिनबहादुर खत्री, वीरबहादुर चौधरी, सीताराम चौधरी, परवीर पुन र शारदा शर्मा ।

**क्षेत्र नं. ५**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : टीकाराम खड्का

अध्यक्ष भुवनेश्वर पौडेल, उपाध्यक्ष माधव योगी, सचिव भिमबहादुर योगी र उससचिव सीमा न्यौपाने, सदस्यहरूमा प्रेमबहादुर खत्री, डिल्ली पाण्डे, अमरबहादुर राना, वेदप्रसाद वली, डिल्ली भण्डारी, अमृता कँडेल, लालबहादुर विक, भरत अधिकारी, तकबहादुर चौधरी, हेमराज लामिछाने, लीला अधिकारी, मोहनलाल भारती, मानबहादुर आले, देवबहादुर वली, प्रदीप बुढा, प्रेमबहादुर नेपाली, सोमराज रावत, पुतला रेग्मी, टीकाराम रिजाल, कृष्णबहादुर डाँगी, प्रेम नेपाली, वोगटी भण्डारी, इन्द्रमणि आचार्य र गेहेन्द्रबहादुर वली ।

**भेरी अञ्चल**

**बाँके**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : हरिभक्त अधिकारी

अध्यक्ष नरेन्द्रप्रसाद शर्मा, उपाध्यक्ष कमला चौधरी, सचिव डिल्लीराम शर्मा पौडेल, उपसचिव थानबहादुर विक र सदस्यहरूमा तोयनाथ रावत, भीमबहादुर चदारा, रीमबहादुर खत्री, बिजुला अधिकारी, कृष्णबहादुर खड्का, केशरकुमारी भुसाल, बालकुमारी ओली, तेजनाथ रिजाल, मो. अली गुज्जार, कर्णबहादुर थापा, रुद्र खनाल, रतीराम खटीका, नरजित पुन, गुमानसिंह नेपाली, अनिता केसी, सोहोनिय थारु, पदमराज ओली, प्रेमबहादुर बस्नेत, खिलकराज केसी, धनसिंह बुढामगर, देवकान्त थपलिया, कमला विक, तीर्थराज डीसी, जीतराम थारु, तुलसीराम भण्डारी र खुमराज चन्द ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : दिनेशचन्द्र यादव

अध्यक्ष राजेन्द्र बर्मा, उपाध्यक्ष सम्सुद्दिन सल्मानी, सचिव कप्तान कुमार पाठक, उपसचिव विष्णु गौतम र सदस्यहरूमा आजम अलि किङ्गरिया, राधेश्याम गोडिया, झगरु लोनिया, कालीप्रसाद आर्य, मोहनलाल चौहान, कैयुम खाँ, गोपाल खत्री, तिलकबहादुर कुर्मी, डम्मर थापा, मोहम्मद हसन खाँ, शेरबहादुर गुरुङ, मिश्रीलाल खटीका, इन्द्रजीत यादव,

मनोजकुमार बर्मा, राम सोहरत त्रिपाठी, कृष्णकुमार सोनार, खातुन बेहना, अब्दुल हमिद बेहना, बिजुलीप्रसाद खटीका, साहबुद्धिन खाँ, कुन्ता बेहना, खडकु चन्द, मुर्तजा सिद्दिकी र बन्दराम त्रिपाठी ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : डम्बर सुवेदी

अध्यक्ष धनबहादुर चन्द, उपाध्यक्ष कल्पना सुवेदी, सचिव प्रेमकाजी शाक्य, उपसचिव विजयकुमार गुप्ता र सदस्यहरूमा खड्कबहादुर डीसी, हिबहादुर सुनार, खेमादेवी धिताल, पार्वती बोहरागुरुङ, दलबहादुर श्रीस, हिराधर गैरे, दिनेश ज्ञवाली, अम्मेरजङ्ग शाही, धनबहादुर गुरुङ, चेतबहादुर गुरुङ, भरतबहादुर बर्मा, ओमप्रकाश त्रिपाठी, हर्कबहादुर गुरुङ, उषा गौतम, समिल अन्सारी, शान्ति जीसी, चक्रबहादुर बम, गङ्गा श्रेष्ठ, सन्तोषकुमार राई, मो. ईमरान अन्सारी, सौकतअली शेष, रविन्द्र लम्साल, अक्षरी पोखेल, विष्णुबहादुर श्रेष्ठ, विनोद गौतम, कृष्णकुमार थापा, नन्दकला श्रेष्ठ, खिमप्रकाश विष्ट, वीरबहादुर बोहरा, प्रेमालक्ष्मीदेवी हमाल, जनतुल शेष, विकलबहादुर कर्माचार्य, रामरूप कुर्मी, दिनेशकुमार कुर्मी, बबन सिंह, राजपता रैदास, बाबादिन बागवान, लक्ष्मीप्रसाद शर्मा, रामचरण चौधरी, उद्यौराम यादव र स्वरूप काँदू ।

**क्षेत्र नं. ४**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** वेदनिधि प्याकुरेल

अध्यक्ष घनश्याम खनाल, उपाध्यक्ष जयसिं राकाय, सचिव यामबहादुर महतारा, माधवराज घिमिरे उपसचिव र सदस्यहरूमा गोमा ढकाल, रूपबहादुर मल्ल, रामविलास थारु, शिवलाल पाण्डे, भागिराम थारु, मनबहादुर सुनार, शिव राना, गौरी शर्मा, नैने रोकाय, इन्द्रबहादुर थापा, सन्तवीर सुनार, ढगिराम दमाई, भद्रबहादुर बस्नेत, जयकला परियार, कैदे थारु, दलबहादुर बस्नेत, नामदार खाँ, नरबहादुर खत्री, चन्द्रा बोगटी, रूपलाल खत्री, टीकाराम विश्वकर्मा, देवराज बीसी, सविर अलि अन्सारी, भाइलाल सुनार, गेहेन्द्रप्रसाद धिताल, कर्णबहादुर बुढा, लक्ष्मी मल्ल र कृष्णबहादुर राना ।

**सुर्खेत**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** बालकृष्ण बीसी

अध्यक्ष मनबहादुर विक, उपाध्यक्ष टीकाराम गिरी, सचिव शेरबहादुर थापा, उपसचिव भीमबहादुर रावत र सदस्यहरू प्रकाश जैसी, हरि हमाल, सचिनकुमार बडुवाल, भक्तबहादुर थापा, डिलबहादुर बयक, हृदयनारायण शाह, विष्णुप्रसाद खराल, रतन चलाउने, ललाबहादुर घर्ती मगर, एकेन्द्र जैसी, हरिप्रसाद खनाल, टेकबहादुर कार्की, लीलाराम चपाई, हरिप्रसाद ढकाल, रामचन्द्र शर्मा, वलबहादुर रोकाय, कृपाराम अधिकारी, इन्द्रबहादुर रावत, प्रेमबहादुर रोकाय, पर्शुराम कँडेल, जगत म्रसाङ्गी मगर, मानबहादुर बुढा, दीपक शर्मा, दीपक बम, राधा कार्की, आइतीसरा महतारा, सुर्जा घर्तीमगर, दमन्ता शाही, लिलादेवी कँडेल, जनक दर्लामी मगर, रविलाल सुनाखरी मगर, पदमबहादुर थापा मगर, दानबहादुर गुरुङ, रामलाल विश्वकर्मा, शशी सार्की, रुद्र विक, रत्नबहादुर थापा, जगतराज उपाध्याय, नन्दराम अधिकारी, शिदराज रेग्मी, बलबहादुर कठायत, पुष्पा आचार्य, जितबहादुर राम्जाली मगर, भुपेन्द्रबहादुर बस्सी, गजबहादुर बुढा, मानबहादुर बुढा र रतनबहादुर बुढा ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : बालाराम शर्मा

अध्यक्ष गणेशबहादुर वली, उपाध्यक्ष डण्डपानी आचार्य, सचिव पूर्णबहादुर थापा मगर, उपसचिव टोपबहादुर खत्री र सदस्यहरू होमप्रकाश ढुङ्गाना, बागमती गुरुङ, मोहन गौतम, बखतबहादुर शाही, खडानन्द कँडेल, लोकप्रसाद ढकाल, शम्भुप्रसाद गौतम, रामप्रकाश सापकोटा, यमलाल सुवेदी, कृष्णप्रसाद तिवारी, भक्तिप्रसाद आचार्य, विनोद ढकाल, नरबहादुर बीसी, टीकाराम सोमै, मानबहादुर विर्कटा, लक्षीराम हुन्चिङ मगर, गोमा देवकोटा, अमरबहादुर राना, सीताराम पौडेल, दिलबहादुर बुढा, दिलबहादुर शाही, दलबहादुर गुरुङ, टीकाराम जीसी, रणबहादुर राना, छविलाल राना, कालिप्रसाद आचार्य, पुनबहादुर पुलामी, भागीराम थारु, रामकुमार दर्लामी मगर, केशरबहादुर तारमी, कृष्णबहादुर थापामगर, कुलवीर दर्लामी, तुलाराम नेपाली, बेलमती नेपाली, दलबहादुर बसेल, प्रेम रामदाम, बलबहादुर सुनार, गीताकुमारी कोइराला, मानकुमारी चौधरी, रीता पौडेल, अम्बिसरा बुढामगर, शान्ता खड्का र रामबहादुर घले ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : ताराप्रसाद देवकोटा

अध्यक्ष मानबहादुर खत्री, उपाध्यक्ष टीकाराम सुवेदी, सचिव यज्ञप्रसाद ढकाल, उपसचिव देवेन्द्र शाह र सदस्यहरू गोकर्ण गुरुङ, ऋषिराम खरेल, विनोद गिरी, तारादेवी गौतम, तिलकराम डाँगी, मानबहादुर शाही, झकबहादुर जीसी, गणेश शर्मा, शान्तिकुमार आँकुरा, रामबहादुर रसाइली, प्रताप पुन, तुल्सी शर्मा, देवबहादुर खत्री, नन्दा सिंह, नन्दलाल घर्ती, खड्कबहादुर चन्द, मोहनलाल कँडेल, चित्रबहादुर थापा, यामबहादुर थापा, गङ्गाबहादुर वली, टेकबहादुर खत्री, रामबहादुर घर्ती, गङ्गाराम गुरुङ, जीतबहादुर पुन, लोकबहादुर खत्री, नरेन्द्र मल्ल, नरबहादुर राना, पूर्णदेव गिरी, डम्करबहादुर घर्ती, कालीबहादुर मल्ल, रेशमबहादुर खत्री, चन्द्रमान सुनार, गोमा रेग्मी, गणेशमान सिंह ठकुरी, टीकालक्ष्मी रावत, शिवलाल शर्मा, प्रेमप्रसाद शर्मा, वकिल बस्नेत, सुरेशकुमार खत्री, नन्दराम शर्मा, गणेश वली, प्रेमबहादुर सरु, लिलबहादुर सुनार ।

**जाजरकोट**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : भैरवसुन्दर श्रेष्ठ

अध्यक्ष विष्णुकुमार पुन, उपाध्यक्ष सुशिला सिंह, सचिव कृष्णबहादुर गिरी, उपसचिव अर्जुनबहादुर सिंह र सदस्यहरू खेमराज गिरी, वमबहादुर मल्ल, कृष्णप्रसाद जैशी, दिलबहादुर रावल, पृथ्वीबहादुर सिंह, चित्रबहादुर बस्नेत, मनबहादुर बुढा, ओमप्रसाद केसी, भवीलाल पौडेल, इन्द्रमाया हमाल, विजय चन्द, हिरा सिंह, सुरेश, भक्तबहादुर रावल, ओमबहादुर बुढा, धनकुमारी मल्ल, विष्णु शर्मा, पवित्रा गिरी, देवी सिंह, गोपालबहादुर नेपाली, मर्दवीर महर, बलवीर दमाई, लक्ष्मण विक, पुष्टबहादुर घर्ती, मानबहादुर थापा मगर, गणेश घर्ती मगर, अर्जुनबहादुर पुन मगर ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : लालबहादुर महतारा

अध्यक्ष नरबहादुर खत्री, उपाध्यक्ष जयराम न्यौपाने, सचिव प्रेमनाथ योगी, उपसचिव गुमान महतारा र सदस्यहरू रीमबहादुर हमाल, धर्मबहादुर सिंह, रामबहादुर गिरी, सत्यदेव शाह, रामबहादुर शाही, अमरबहादुर शाही, नैनबहादुर शाही, गोकर्णप्रसाद न्यौपाने, लालबहादुर थापा, बालकृष्ण बीसी, ऐबान शाही, झुपा शाही, गोपाल विक, धर्मलाल वली, पदमबहादुर शाह, भद्रबहादुर पुन, रामबहादुर पुन, राधिका न्यौपाने, देवीसरा शाही, भरोशिला महतारा, हिरादेवी शाही, जयबहादुर विक, प्रसाद विक, दलबहादुर परियार, पहले नेपाली, चन्दे कामी, कृष्णकुमारी सिंह ।

**बर्दिया**

**क्षेत्र नं. १**

अध्यक्ष इन्द्रप्रसाद लुइटेल, उपाध्यक्ष शेरबहादुर थापा, मीनराज पङ्गेनी सचिव, तिलक केसी उपसचिव तिलक केसी र सदस्यहरू मानबहादुर ओली, कृष्पणप्रसाद अधिकारी, रजनी गौतम, सीता ढकाल, दीपा पौडेल, लक्ष्मी विक, रैमती रसाइली, गौरीकान्त अधिकारी, लालबहादुर क्षेत्री, रामजीप्रसाद सुवेदी, तीर्थप्रसाद अधिकारी, गङ्गाप्रसाद वास्तोला, नरबहादुर डाँगी, भीमबहादुर सिंह, रोमबहादुर घर्ती, तुल्सीप्रसाद थारु, प्रेमसरा परियार, सरस्वती शर्मा (मल्ल), विन्तीराम थारु, सुन्दरमान श्रेष्ठ, शिवकुमार श्रेष्ठ, मैयाँ पौडेल, रामदेव थारु, मानबहादुर सुनार, षदानन्द सुवेदी, भुपालबहादुर पुन, सीता लामिछाने, जोखन थारु, वेनीमाधव पौडेल, भगवती रैदाश, गोमा पौडेल, गोपाल सुनार, सीताराम थारु, रामबहादुर थापा, हुसेन अहमद खाँ, विश्वनाथप्रसाद यादव, चन्द्रावती न्यौपाने, लक्ष्मण विक, कविराम सुनार, दुर्गा हमाल, कृष्णबहादुर राना, धिरेन्द्र रसाइली, देवीमाया बस्याल, थानेश्वर थारु, कृष्णप्रसाद बास्तोला ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : शोभा ज्ञवाली

अध्यक्ष टङ्कप्रसाद अधिकारी, उपाध्यक्ष रामबहादुर रावल, सचिव मानबहादुर विष्ट, उपसचिव चन्द्रप्रसाद लामिछाने र सदस्यहरू सूर्य चौधरी, केशवप्रसाद रिजाल, रामेश्वर ज्ञवाली, प्रणय ओली, जीतबहादुर गिरी, चिरन्जीवी बर्सौला, राजकुमार थपलिया, फत्तु थारु, नारायणप्रसाद खनाल, जलवीर थारु, विश्राम थारु, नाथुराम थारु, दिलबहादुर विक, राममाया विटालु, रुन्द्र न्यौपाने, नारायण गौतम, नारायण पौडेल, दुर्गादत्त बर्सौला, गोपीकृष्ण ज्ञवाली, भेषराज भुसाल, चुडामणि भण्डारी, गुरुदत्त शर्मा, सुरेन्द्र पौडेल, लीलामणि ज्ञवाली, सहवीर अहमद दोर्जे, रामसुमरिन यादव, जगदीश अहिर यादव, हुमा भण्डारी, शिला विक, मीना ढकाल, कमला पुरी, शान्ति बर्सौला, कुश्माण्डा शर्मा, कृष्णा शर्मा, भीमा परियार, जागेश्वर नेपाली, कालिप्रसाद चौधरी, विश्राम थारु, देवीलाल थारु, चुन्नु थारु, बालकृष्ण चौधरी ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : खगराज शर्मा

अध्यक्ष दुर्गा वली, उपाध्यक्ष लक्ष्मीकान्त शर्मा, सचिव लोकनाथ गैरे, उपसचिव हरिबहादुर सुनार र सदस्यहरू मानबहादुर जुल्मी, कमल ढकाल, विनोद ज्ञवाली, चन्द्रसिंह गुरुङ, चन्द्रबहादुर नेपाली, लक्ष्मी मल्ल, मन्दरी पुन, पम्फा विक, गोविन्द सिग्देल, प्रकाश वादी, नारायण अधिकारी, रुद्रप्रसाद खनाल, विमला कँडेल, कृष्णबहादुर शाही, कालुराम चौधरी, केदारप्रसाद सिग्देल, चन्द्रबहादुर जिसी, लोकराज बस्याल, दिलबहादुर परियार, बलबहादुर बराइली, गोविन्द भण्डारी, कृष्णप्रसाद शर्मा, भोगबहादुर ओली, गजाधर कँडेल, लीलामणि ज्ञवाली, पूर्णकला खनाल, डिल्लीराम शर्मा, चन्द्रा खड्का, भेषराज शर्मा, रामप्रसाद नेपाली, शिवप्रसाद थारु, लालबहादुर खत्री, मोहन थापा, पल्टा थारु, पहरी थारु, राजेन्द्रप्रसाद खनाल, झकप्रसाद आचार्य, धनराज खत्री, जगतप्रसाद चौधरी, मैजु थारु, नरबहादुर खड्का, दीपलाल कँडेल, फिरु चौधरी, सुकुन गुरुङ, दिलबहादुर योन्जन, जोगमाया घर्ती ।

**क्षेत्र नं. ४**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : इन्द्रबहादुर सेन

अध्यक्ष छविराज भट्ट, उपाध्यक्ष महानन्द वाग्ले, सचिव लालबहादुर कठायत, उपसचिव कमलप्रसाद बन्जाडे र सदस्यहरू तेजेन्द्रध्वज जीसी, कृष्ण शर्मा, शिवमणि शर्मा, माया चौधरी, जानकी चौधरी, लोकबहादुर विक, गुरुप्रसाद चौधरी, सिर्जना थापा, कैलाश थारु, महम्मद अहम्मद अब्बासी, देवराज रेग्मी, ईश्वरीप्रसाद चौ, भद्रबहादुर घिमिरे, लालीप्यारी चौधरी, ललित थापा, गङ्गाराम चौधरी, गोपाल परियार, सन्जय देवकोटा, दलबहादुर पुन, छटकबहादुर चौधरी, मदन रिमाल, खगेश्वर रिजाल, सीता जानकी थारु, लक्ष्मण चौधरी, गोपीनाथ पौडेल, नारायण केसी, लक्षीराम विक,

कृष्णप्रसाद ढकाल, जानकी शाही, धर्मानन्द चौलागाईं, बलबहादुर चलाउने, पूर्णबहादुर रावल, मनिराम थारु, कमानसिंह धामी, थान्चे थारु, शालिकराम थारु, धनवीर थारु ।

**दैलेख**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** टेकबहादुर खाँ

अध्यक्ष रत्नबहादुर खड्का, उपाध्इक्ष कलावति न्यौपाने, सचिव देवबहादुर हमाल, उपसचिव शान्ति शर्मा, सदस्यहरु पदमलाल रिजाल, नामाखर शर्मा, जोराबहादुर बडुवाल, दीपककुमार थापा, कृष्णा रावत, डम्मरबहादुर तारामी, लालबहादुर नेपाली, भरतबहादुर थापा, वीरबहादुर कटुवाल, यामनारायण उपाध्याय, पदमबहादुर बिसी, नन्दबहादुर रावल, मानबहादुर रावल, रिना पोखरेल, कृष्णा श्रेष्ठ, जगतकुमार महतारा, मन्धरा शर्मा, टिकाराम न्यौपाने, ललित थापा, कर्णबहादुर शाही, मन्दिरसिंह बुढा, बलबहादुर गुरुङ, शन्तबहादुर चन्द, मणिराम शर्मा, कर्णबहादुर चन्द, कमलप्रसाद अधिकारी, कृष्णबहादुर शाही, विष्णुप्रसाद अधिकारी, मायादेवी अधिकारी, मोहनबहादुर खत्री, सुरेन्द्रबहादुर शाही, कर्णबहादुर वली, मीनराज भट्टराई, बालाराम शर्मा, यामबहादुर गुरुङ, नमराज नेपाली, जयबहादुर गुरुङ, लीलाराम गुरुङ, भक्तबहादुर थापा, षधु बुढा, देवु गुरुङ, भगवती खान, धनसरी रेग्मी, खड्कबहादुर शाही, कृष्णबहादुर थापा, गगनबहादुर अधिकारी, लालबहादुर विक, नमराज खत्री, लक्ष्मी कटुवाल र डम्बरबहादुर नेपाली ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य :** लक्ष्मीप्रसाद पोखरेल

अध्यक्ष तिलकप्रसाद रिजाल, उपाध्यक्ष टुंगबहादुर शाही, सचिव हस्तप्रसाद शर्मा, उपसचिव जुना हमाल, सदस्यहरु कृष्णप्रसाद भट्टराई, उदयराम शर्मा, पदमपाणी पौडेल, मणिराज जैसी, खड्कबहादुर मल्ल, कविराज रावत, दिपेन्द्रकुमार नेपाली, जगतबहादुर पन्त, रणदिप विक, बालकुमारी खड्का, निर्मला पोखरेल, नन्द शाही, गिता शाही, गौमता विक, तुल्सी खनाल, कोकीला शर्मा, नन्दकला कार्की, अमृता चपाईं, दुर्गा भण्डारी, कविराम सुनार, बसन्तबहादुर नेपाली, दिपेन्द्रकुमार मोनाल, दानबहादुर सुनार, केशव विक, नवादी कामी, मानबहादुर बराल, प्रेमबहादुर रामजाली, कृष्णबहादुर थापा, टोपबहादुर गुरुङ, नन्दबहादुर थापा, प्रेमबहादुर आले, इब्राहिम मिया, गंगाराम आचार्य, नरेन्द्रबहादुर शाही, चक्रप्रसाद शर्मा, मोहनकुमार योगी, नयाराम जैसी, लिलाराम महतारा, प्रेमराज आचार्य, पूर्णप्रसाद आचार्य, नगेन्द्रबहादुर थापा, लक्ष्मीप्रसाद नेपाल, मन्दबहादुर केसी, सूर्यबहादुर हमाल, ब्रमप्रसाद जैसी, देविराम थापा, बखतबहादुर खड्का, छवि रावल, ललितजंग माभ्री, सूर्यबहादुर विष्ट, पदमबहादुर माभ्री, खगेन्द्रबहादुर थापा, रंगनाथ खनाल, लाछी खत्री, राजबहादुर महतारा, लछिराम केसी, खड्कबहादुर खड्का, चन्द्रप्रसाद रिजाल, धर्म थापा, रवीन्द्र शाही, केशवबहादुर शाही, जगतप्रसाद शर्मा र हर्कबहादुर दशौंती ।

## सम्पर्क विशेष समन्वय कमिटी

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यहरू**

**मेची** : कृष्ण आङदेम्बे, **कोशी** : नरेन्द्र श्रेष्ठ, **सगरमाथा** : बिल्टु यादव, **जनकपुर** : गणेशविक्रम कार्की, **नारायणी**ः रामहरि सिलवाल, **बागमती** : कृष्ण श्रेष्ठ, **गण्डकी** : श्रीकान्त बराल, **लुम्बिनी** : गिरीराज भण्डारी, **धौलागिरी** : सुभाष पौडेल, **राप्ती** : कृष्णबहादुर गौतम, **कर्णाली** : पूर्णबहादुर मल्ल, **भेरी** : पङ्कजसिंह राठौर, **सेती** : प्रयाग खड्का र **महाकाली** : दीपकप्रकाश भट्ट ।

# सर्लाहीमा कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त विवेचना

**❐ लक्ष्मण पौडेल**

२००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपश्चात् २००८ सालदेखि नै सर्लाही जिल्लामा कम्युनिस्ट पार्टीको प्रचार, सङ्घर्ष र सङ्गठन निर्माणको सुरुआत भएको पाइन्छ । शोषक वर्ग र उनीहरूले गरेका अपराधपूर्ण अत्याचारविरुद्धको सङ्घर्ष र बलिदानको गाथा सामन्ती, मध्ययुगीन उत्पीडन र त्यसविरुद्ध कम्युनिस्ट पार्टीको नेतृत्वमा

भएको वर्गसङ्घर्षको इतिहास सहीमा अत्यन्तै समृद्ध र मननयोग्य रहेको छ । विगतमा सर्लाही जिल्लाको दक्षिणी र पश्चिमी क्षेत्र एउटा बृहद् भूभागमा अवस्थित थियो । निर्दलीय निरङ्कुश पञ्चायती व्यवस्थाअन्तर्गत आञ्चलिक र जिल्ला विभाजन हुँदा सर्लाहीको त्यो विशाल भूभाग काटियो । सीमा नदीका रूपमा पवित्र वागमती नदीपूर्व सर्लाही जिल्ला र त्यसपारि पश्चिम रौतहटतर्फ पारियो । त्यो बृहद् भूभागमा त्यतिखेर स्वयम् कम्युनिस्ट पार्टीका संस्थापक नेता कमरेड पुष्पलाल आउनुभएको थियो । उहाँले सेल्टर लिनुभएको गाउँलाई आज 'नरहरगञ्ज' भनिन्छ, जो वागमती नदीको पूर्वी किनार र भारतको सीमासँगै जोडिएको छ । सबैभन्दा ऐतिहासिक विषय यो छ कि, २००९ देखि ०१५ सालसम्म भएका किसान सङ्घर्ष जसको नेतृत्व समय-समयमा कमरेड तुलसीलाल अमात्य, कमरेड मनमोहन अधिकारी, कमरेड विष्णुबहादुर मानन्धरलगायतका नेताहरूले सम्हाल्नुभएको थियो, त्यसको विषद इतिहास यो छोटो लेखमा समेट्नु असम्भव छ । त्यसबेला यस भेगमा कम्युनिस्ट पार्टीका चार प्रमुख केन्द्रहरू स्थापित थिए । ती किसान सङ्घर्षका समेत केन्द्र थिए । त्यहींबाट सङ्घर्षका महत्वपूर्ण कार्यक्रमको घोषणा गरिन्थ्यो । ती केन्द्रहरू ईनरवारी, महमदपुर, मोतीपुर, पिपरिया र सिसौट थिए । खासगरी, ००९ देखि ०१५ सालबीच भएका किसान आन्दोलनका उथलपुथलपूर्ण ६ वर्षहरू अत्यन्तै अनुसन्धान गर्नलायक र ऐतिहासिक महत्वका रहेका थिए । यो इतिहास यस्तो पठनीय र मननीय भए पनि लिपिबद्धताको अभावमा, अभिलेख खडा गर्ने कुरामा त्यो बेलाका अग्रजहरूले ध्यान नपुऱ्याउँदा प्रायः त्यसै मेटिँदै गए । स्थानीय सङ्घर्षका अभूतपूर्व बलिदानका गाथाहरू मानिसको स्मृति र जनश्रुतिमा सीमित रहे । किसान आन्दोलनका अगुवाहरूको नामगाम सबै हराउँदै गयो । फलतः उहाँहरूको योगदानबारे वर्तमान पुस्ताले थाहै नपाउने अवस्था देखापऱ्यो । तिनताका आगोको ज्वाला दन्केझैं दन्केको किसान आन्दोलन केवल आन्दोलन मात्रै थिएन, त्यो जमिन्दारहरूको घोर उत्पीडनका विरुद्ध 'आत्मसम्मान'का खातिर लडिएको रक्तिम सङ्घर्ष थियो । मानवमुक्तिका लागि उठान गरिएको वर्गसङ्घर्ष थियो र स्वतन्त्रताका लागि त्यसबेला जनताले उठाएको जबर्जस्त आवाज र हुँकार थियो ।

- 'रे नही जी कहो' (ए ! हैन जी वा तपाईं भन !!)

मध्यतराईको यस भूभागमा ठूलाठूला भूमिपति, सामन्त वा जमिन्दारको शासनसत्ता र बोलबाला थियो । जमिन्दारहरूको शोषण र अत्याचारबाट श्रमजीवी तहतप्काका किसान, जनसमुदाय, खेतीहर, मजदुर र भूमिहार किसान प्रत्यक्ष रूपले शोषण उत्पीडनको ज्वालामा पिल्सन विवश थिए । उनीहरूले जति र जस्तै अत्याचार गरे पनि न सरकारले सुन्दथ्यो न अदालतले नै न्याय दिन्थ्यो । जनताको जहिले पनि हार हुने गर्दथ्यो । गुहार लगाउने ठाउँ थिएन । उजुर-आर्जेको कुनै गुन्जाइस हुँदैनथ्यो । वर्गविद्वेष चरम अवस्थामा थियो र वर्गसङ्घर्ष अनिवार्य नियति भएको थियो । कम्युनिस्ट पार्टीको सिधा नेतृत्व र अखिल नेपाल किसान सङ्घको संयोजनमा सामन्ती उत्पीडनविरुद्ध उठेको एकप्रकारको 'जेहाद' थियो त्यो । गाउँगाउँमा हजारौं संख्यामा किसान/खेतीहरू मजदुरहरू सङ्गठित भइरहेका थिए । त्यतिखेर खेत खलिहान ( खलो) मा बहुमूल्य पसिना पोख्ने किसानहरू जसको जोत्, उसको पोतको नाराअन्तर्गत सङ्गठित हुँदै अघि बढेका थिए । प्रत्यक्ष रूपले शोषण, उत्पीडन, हत्या र बलात्कार मच्चाउने जमिन्दार वर्ग र तिनका दलालसँग सिधासिधा टक्कर लिने मनसायले वर्गीय जनता स्वेच्छिक रूपले सङ्गठित भइरहेका थिए । तिनले गरिबगुरुवाका सघन बस्तीमा राता झन्डाहरू फहराउन थाले । ती झण्डा केवल हँसिया हथौडायुक्त लालझण्डाहरू थिए र गरिबका निसानी थिए । यो चीनको हुनानमा भएको किसान आन्दोलन जस्तै-जस्तै थियो तर यसको खासै अध्ययन अनुसन्धान नै भएन ।

सर्वहारा वर्गीय जनसमुदाय लाठी, भाला, गडाँस, हँसुवाजस्ता घरेलु हतियारले सुसज्जित हुँदै, आन्दोलनको ज्वाला दन्काउँदै, इन्क्लवको नारा घन्काउँदै अघि बढिरहेका थिए । त्यसबेला गाउँका धनीमानी मुखिया र जमिन्दारहरू श्रमिक जनतालाई अपमानपूर्वक 'रे', 'तु' (ए-तँ) भनेर सम्बोधन गर्दथे किसान जनसमुदायको आत्मसम्मानमा धक्का पुग्ने त्यस्ता सम्बोधनविरुद्ध 'रे' नही 'जी' कहो भन्ने दबाबमूलक आग्रह हुन्थ्यो- किसानको । तर, यो सुन्दा मात्रै सरल नारा थियो, व्यवहारमा यसलाई पुष्टि गर्न निकै ठूलो विप्लव नै मच्चाउनुपर्दथ्यो ।

जहाँ-जहाँ किसान सङ्घको निर्माण भयो, ती सङ्घभन्दा पनि सङ्घर्ष समितिजस्ता थिए । त्यहाँ छानीछानी अत्याचारी जमिन्दारलाई जबर्जस्त ढङ्गले सजाय दिने, कान समातेर दुईजनाले दुईतिर उठबस गराउने, गाला चड्काउने, अनुहारमा हल्दी-चुना (बेसार र चुन) दलेर ढोल पिटेर गाउँ परिक्रमा गराउने, घरको छतबाट सिधै भुइँमा पछार्ने, घाँटीमा गोरु जोत्न प्रयोग गरिने छालाको नारा (जोतारो) लड्काइदिने, हलो झुन्ड्याइदिने, महिलाहरूका फाटेका सारीको फेटा गुथाएर महिलाउपर भएको दुर्व्यवहारको बदला लिने, खेत र बाटाको हिलोमा लट्पट्याउने, कालो मोसो दल्ने, कुभिन्डो, लौकाको माला लगाइदिनेजस्ता कारबाहीहरू चर्चित थिए । तिनताकका जमिन्दारहरू गाउँ देहातमा आफूलाई मर्द र ठालू सावित गर्न ठाडाठाडा र लामा जुँगा पाल्ने गर्दथे । उनीहरूका विरुद्ध जाई लाग्ने विद्रोही किसानलाई सर्वप्रथम चरम यातना दिइन्थ्यो । यातना र पिटाइले कायल बनाएपछि खलियान (खलो)को बीचमा चित्त लडाइन्थ्यो । अनि सामन्तहरू किसानका छातीमा लातले टेकेर जुँगा मुसार्दथे, अँयेट्दथे । त्यस्तो ज्यादतीका विरुद्ध विद्रोही किसानले 'रे नही जी कहो !' मात्र भनेनन्, उनीहरूले 'मोच उखाडो !' (जुँगा उखेल !!) भन्ने अभियानसमेत अघि बढाए । ठाउँठाउँमा अत्याचारी जमिन्दार र तिनका पट्वारी र मुन्सीहरूका जुँगा उखेलिए । सर्वप्रथम अखिल नेपाल किसान सङ्घको नेतृत्वमा ठूलो संख्यामा सङ्गठित हुने, अनि गाउँका खुँखार सुदखोर, जमिन्दारहरूका लठैतहरू र परपीडक अत्याचारी सामन्तलाई गिरफ्तार गर्ने सजायस्वरूप उसका जुँगा उखेल्ने गरियो । त्यसयता शोषक जालीफटाहाहरू भन्ने गर्थे, 'सर्लाही के ढेला बोलता' अर्थात् ( सर्लाहीमा माटाका डल्लाहरूसमेत बोल्दछन्) ।

विशेषगरी त्यतिखेर सर्लाहीको दक्षिणी भेगमा साहु, सेठ र सामन्तहरूका ठूलाठूला घर थिए । ती घरहरूलाई 'हवेली' भन्ने गरिन्थ्यो । किसान विद्रोह जति सघन हुँदै गयो, दक्षिणी भेगमा अत्याचारी शोषकहरूको भागभाग सुरु भयो । कतिपय जमिन्दारहरू धनसम्पत्तिको कुम्लो बोकेर आफ्नो अन्नको भकारीमा आफैंले आगो झोसेर रातमा कसैले थाहा नपाउने गरी भाग्दथे । कतिपय दिनमै महिलाको चोली सारी भिरेर, बुर्का-घुम्टी (मजेत्रो) ओढेर पनि सीमा पार हुन्थे । तिनताका सङ्घर्षमा लागेका किसानहरूबीच एउटा सुन्दर भनाइ प्रचलनमा थियो, 'तोहर घरमें वर-पिपल उगा देङ्गे' (तेरा घरमा वरपिपल उमारी दिउँला !!') । यो वरपिपल उमार्ने कुरा बढो सुन्दर र लाक्षणिक थियो । एकातिर हवेलीमा रहने जमिन्दारहरू, गरिबहरूलाई चर्को घामा जोताउँदथे । उनीहरूलाई भोकैप्यासै खटाउँदथे र नगन्य ज्यालाबनी दिने गर्दथे । अर्कोतिर किसानका झोपडीमा आफ्ना दलालहरूद्वारा रातमा आगो लगाउँथे । आगलागीमा परेर अन्न र कपडा स्वाहा भएका गरिबहरूलाई थप शोषण र अत्याचार गरेर राप र दुःखकष्टको तापमा सेकाउँदथे/सुकाउँदथे ।

जब किसान जनताको सङ्घर्ष अघि बढ्यो तब जनताले 'भकारी फोडो' (भकारी फुटाऊ) आन्दोलन अगाडि बढाए । जनता सर्वप्रथम जमिन्दारको खलिहान (खलो)मा किसान सभा गर्दथे । अनि हवेलीको दरबाजा (ढोका) मा गएर सभाले तोकेको सजाय पीडित पक्षबाट घोषणा गराइन्थ्यो । त्यही घोषणाले भकारी फुटाइन्थ्यो र त्यहाँ भएको अन्न जनतालाई वितरण गरिन्थ्यो । यसरी सजायवाला कसुरवाला जमिन्दारहरू 'हवेली' छाडेर भारत वा विहारको कुनै क्षेत्रतर्फ पलायन हुन्थे । ती भव्य र ठूलाठूला भवनमा भवन नै फुटाएर वरपिपलका बोटहरू झ्याङ्गिन्थे- त्यहाँ गर्मी याममा किसान जनता शीतल छहारीमा आराम गर्दथे । फलस्वरूप दुष्ट सामन्तलाई चेतावनी दिँदा 'तोहर घरमै वरपिपल उगादेङ्गे' भन्ने कहावत प्रचलनमा थियो ।

**कागज फट्टा आन्दोलन (कागज फाडो) आन्दोलन**

देहाती जमिन्दारहरू, प्रायः गरिब र निमुखा किसान जो अनपढ र निरक्षर थिए, उनीहरूलाई रु. १।- कर्जा दिएर १०।- बनाउँथे र रु. १००।- कर्जा प्रदान गरेर त्यहाँ शून्य थपी १०००।- बनाउँदथे । त्यसपछि किसानका खेतीयोग्य जमिन र घरघडेरी हडप्दथे । त्यसको विरुद्ध नै यहाँका सङ्घर्षशील किसानले आन्दोलन संचालन गरेका थिए । यसरी नेपाल कम्युनिस्ट पार्टीको निर्देशन र किसान सङ्घको नेतृत्वमा यस जिल्लामा बृहत् आकारका जनसङ्घर्ष भएका थिए । जमिन्दारी शोषणविरुद्धका त्यस सङ्घर्षले २० औं हजार जनताको आँखा खोल्ने काम गऱ्यो । त्यसै सङ्घर्षका दौरान हजारौं थान कीर्ति र जाली तमसुक, दृष्टिबन्धक, भोगबन्धक, चक्रवर्ती ब्याज लादिएका कयौं कागजात फाडिएका र जलाइएका थिए । कतै सङ्घर्षका दौरान लुटपाटका घटना पनि घटे भन्ने कुरा सुनियो-डाँकाजनी आगजनीका घटना पनि घटे । प्रत्यक्षदर्शी किसानका अनुसार, त्यस्ता घटना कति सत्य हुन्थे भने कतिपय सुनियोजित पनि थिए । पछिल्लो अवधिमा जमिन्दार र सरकारको गठजोडमा त्यत्तिकै दमन उत्पीडनसमेत भएको थियो । किसानलाई गाउँगाउँमा घुसेर सिपाहीले पक्रने, जमिन्दारका दरबाजामा लगी नाङ्गेझार पारेर पिट्ने, उनीहरूको घर-झोपडीमा आगलागी गराउने, पुनः जाली कीर्ते कागज गरेर जमिन हड्प्ने, किसानले फलाएका अन्नबाली लुट्ने, बाबुले गरेका गल्तीको सजाय उनका छोरा र श्रीमतीलाई दिने, गुप्त वा खुला रूपमा हत्या गराउने, महिलामाथि बलात्कार गर्ने, आन्दोलनका अगुवालाई हात्तीका खुट्टामा डोरीले कसेर घिसार्ने, लाठीभाला प्रहार गरेर अङ्गभङ्ग र घाइते बनाउने, मालजाल (गाई-भैंसी बाखा खसी) लुट्ने, डकैती र चोरीका मुद्दामा फसाएर जेलमा जाकिदिनेजस्ता अमानवीय अत्याचार र दमन भोगेको कुरा अझै दक्षिण भेगका वयोवृद्ध नेता र किसान 'बाबा'हरू बताउँछन् ।

जमिन्दारविरोधी सङ्घर्षकै दौरानमा ११ सालमा प्रहरीले ताकेर हानेको गोलीबाट कमरेड जगदेव राय ठाउँको ठाउँ मारिनुभो भने अरू कयौं व्यक्ति गोलीले घाइते बने । हाल सर्लाही जिल्लाको सिसौट गाविसमा उहाँको प्रतिमा स्तम्भ रहेको छ ।

०१५ सालको संसदीय निर्वाचनमा यही भेगबाट (हालको रौतहट) कमरेड हरदयाल महतो र शेख फरमान मुसलमानले नेपाल कम्युनिस्ट पार्टीका तर्फबाट निर्वाचनमा विजय प्राप्त गर्नुभएको थियो । वास्तवमा किसान सङ्घर्षको राप र ताप नै विजयको प्रमुख कारण थियो । ०१७ को फौजीकाण्डपश्चात् देशमा निर्दलीय निरङ्कुश पञ्चायतीतन्त्र लादियो । ०१९ सालपछि कम्युनिस्ट पार्टीमा आएको फुट र विभाजनका कारण विस्तारै-विस्तारै यस जिल्लामा किसानहरूको तमाम गतिविधि अवरुद्धजस्तै भए । सत्ताको तीव्र दमन झेल्न नसकी किसान सङ्गठनहरू दबिए/दबाइए । तिनताका कतिपय नेता, कार्यकर्ता विचलित र पलायन पनि हुनपुगे । टिदयल र पीयलको विभाजनले समग्र पार्टी सङ्गठनमा समेत तलतलसम्म विभाजनको रेखा कोरियो । सङ्गठनमा केन्द्रको निर्देशन-निगरानी टुट्यो । यसरी उठेको तराईको किसान आन्दोलनको समीक्षा, विश्लेषण, संश्लेषण र संरक्षण कतै भएन । सङ्घर्षमा उठेका गरिब जनताउपर अत्यन्त ठूलो दमनचक्र चलाइयो । आन्दोलनमा समर्पित कतिपय व्यक्तिहरूले पछिल्लो चरणमा पञ्चायतको शरण लिन पुगे । एकपटक उठिसकेका गरिब जनता चाहिँ तत्पश्चात् पुनः निराश भए ।

**उत्तरतर्फ पुनः उठ्यो कम्युनिस्ट आन्दोलन**

नेकपाको विभाजनपछि ०३१ सालतिर कमरेड मोहनविक्रम सिंह र निर्मल लामाको नेतृत्वमा यस जिल्लाको उत्तरी भेगमा फेरि पनि राता झण्डाहरू फहराउन थाले । जनक्रान्तिको अन्तर्राष्ट्रिय गीत गाउन थालियो । तिनताका यस भेगमा व्यापक रूपमा प्रचारप्रसार र पार्टीको सङ्गठन निर्माण गर्ने प्रयत्न भएको पाइन्छ । विशेषतः चौम भनेर कमैया, राजघाट, हजारिया, शङ्करपुर, मूर्तिया, घुर्कौली, सासापुर गाविसहरूमा कमरेड ऋषि देवकोटा 'आजाद' सङ्गठन निर्माणका लागि आउनुभएको थियो । त्यसबेला अनेकन पार्टी/समूह निर्माण गरियो । कर्मैयाका लक्ष्मण पौडेल, जनक मैनाली, रोहित

आलेमगर, हातिदण्डानिवासी भूपालमान लो र तिलकमान लोलाई समेटेर यस उत्तरी भेगमा सामन्ती र शोषकविरुद्ध लड्ने अठोट र सङ्कल्प गरियो। कमरेड 'आजाद'को ०३७ फागुन १४ गते क्रुर पञ्चायती शासकले सिन्धुलीको भिमानमा निर्ममतापूर्वक हत्या गरेपछि यहाँको कमिटी लावारिस र टुहुरोजस्तै भयो। प्रिय नेता र गुरुको हत्याले हामी मर्माहत र हतप्रभ हुनपुग्यौं। दमनले पार्टी सम्पर्क समेत टुट्यो। र, पार्टीलाई अपूरणीय क्षति भयो। यसैबीच नख्खु जेल तोडेर बाहिरिनुभएलगत्तै सीपी मैनाली सर्लाही प्रवेश गरेर हरिवनको दनुवारी टोलमा सेल्टर लिनुभयो। त्यहाँ केही किसानलाई सम्पर्कका खातिर पठाइएको थियो। ०३४ मा कमरेड लक्ष्मण पौडेलले भारतको कानपुर पुगी कमरेड तुलसीलाल अमात्यसँग सम्पर्क गरी इनरवारी, कटहरिया, नरहरगञ्ज, गाउँको भ्रमण गरेर परशुराम पोखरेल, लक्ष्मी सहनी, दुर्गा सहनी, क. घरामा, देवनन्दन ठाकुर, जयमङ्गल झालगायत किसान आन्दोलन र कम्युनिस्ट पार्टीका पुराना सदस्यसँग सम्पर्क गर्ने काम गर्नुभएको थियो। यस भेगमा पछि मानन्धर समूह नेकपा (संयुक्त)को राम्रो पकड बनेको थियो। ०३६ सालमा सङ्गठन निर्माणको क्रममा कमरेड केशव बडाल र डीबी कार्की नेमकिपाको राजनीति बोकेर यहाँ यहाँ आइपुग्नुभयो। उहाँहरूको सम्पर्कमा लक्ष्मण पौडेल, ध्रुवप्रसाद ढकाल, गोविन्द महतलगायत आउनुभो। ग्रामीणस्तरमा केही कमिटीहरू निर्माण गर्ने प्रयत्न पनि भयो। कर्मैयाका दलित र माझी समुदायबीच रात्रि पाठशाला संचालन गरियो। सन्तोष पौडेल, सितल पौडेल, पुरुषोत्तम ढुङ्गाना, बिसु पौडेल, सुभद्रा सत्याललगायतको 'कम्युनिस्ट बल दल' निर्माण गरियो। टोली नेता आलर्क पौडेल ठानिए। नेकपा (माले) को सङ्गठन केन्द्रमा सम्पन्न भएलगत्तै यहाँ पनि विधिवत नेकपा (माले)को प्रवेश भयो। त्यसको सम्पर्कमा कमरेड गणेश बस्नेत आउनुभो। विधिवत पार्टी कमिटी गठनचाहिँ ०३८ सालमा लक्ष्मण पौडेलको नेतृत्वमा भएको थियो, जसको सदस्यमा सोमबहादुर लामा र प्रेम तिमिल्सिना हुनुहुन्थ्यो। यस कमिटीको निर्माण कमरेड सुरेश कार्कीले गर्नुभयो। कमरेड वीरबहादुर लामा, योगेन्द्र साह उहाँहरूलाई पनि यही पेरीफेरिमा संस्मरण गर्नु उपयुक्त हुन्छ। यस जिल्लाको भूमिगत राजनीतिमा सुरेश कार्की- उदयपुर, सूर्य शर्मा- चितवन, केशवप्रसाद लामिछिाने- मकवानपुर, ज्ञानबहादुर भुजेल- लालगढ, मदन ढुङ्गेल- रामेछापलगायतका कमरेडहरूले यस जिल्लामा कम्युनिस्ट पार्टीको निर्माणमा ऐतिहासिक भूमिका निर्वाह गर्नुभएको छ। भूमिगत नेताहरूमध्ये यस जिल्लामा माधव नेपाल, ईश्वर पोखरेल, केशव बडाल, मुकुन्द न्यौपाने, केदार न्यौपानेले महत्वपूर्ण योगदान दिनुभएको छ। पछिल्लो समयमा भूमिगत पार्टी कामको आवश्यकताले कमरेड लक्ष्मण पौडेललाई नारायणी अञ्चल तहको जिम्मेवारी प्रदान गरियो। उहाँले ०४२ देखि ०४८ बीच बारा, पर्सा र रौतहटको नेतृत्व गर्नुभयो। त्यो पनि सर्लाहीको पार्टीकै देन हो भन्न सकिन्छ। यस जिल्लाको उत्तरी भेगमा पार्टीका अत्यन्तै महत्वपूर्ण ठूलाठूला भेला ग्रुप बैठक र सङ्घर्षहरू सम्पन्न भएका छन्। त्यस्ता महत्वपूर्ण कामको तयारी महिनौं लगाएर गर्नुपर्दथ्यो। सत्रुहरूबाट पार्टीलाई जोगाउन धेरैभन्दा धेरै नेता-कार्यकर्ता परिचालन गर्नुपर्दथ्यो। खाद्यान्न र आर्थिक जोहो गर्नु त्यतिकै कठिन थियो। नारायणी र जनकपुरको संयुक्त कार्यकर्ता भेला, जुन कर्मैया गाविसमा भयो, त्यो विशेष स्मरणीय छ। कताकताबाट कम्युनिस्टहरूको ठूलो बैठक हुँदैछ भनेर पुलिस प्रशासनले जानकारी पाइसकेको थियो। भेला तोकिएकै मितिमा सुरु भयो तर बैठकस्थल भने बदल्नुपर्ने भयो र यसै गाविसअन्तर्गत बद्रीप्रसाद खनालको घरमा सम्पन्न भयो। भेला पूरा तीन दिन चल्यो। भेला समापन भएको एक घण्टा बित्दा नबित्दै पुलिसको झुण्ड आइपुग्यो। तर, त्यहाँ केही पनि थिएन, केबल चार पाथी चामल पाक्ने जुठो खड्कौंलो, थाल र बटुकाको थुप्रोमात्रै थियो। ०४५ माघ ७ गते लक्ष्मण पौडेलको घरमा पुलिसले छापा मार्‍यो। गाउँभरि प्रहरी आतङ्क मच्चियो। यस्ता महत्वका भेला बैठक सम्पन्न गराउने कमरेडहरूको नाम उल्लेख गर्नु न्यायोचित नै हुन्छ, जसले अत्यन्तै महत्वको योगदान गरेका छन्। त्यतिबेला साना भाइ, बहिनीहरू, रेवती पन्त, तुलसा दाहाल, शुभद्रा पौडेल, भगवती ढुङ्गाना, शुभद्रा सत्याल, भरत विश्वकर्मा, कृष्ण दमै, हीरा माझी, अञ्जु पौडेल, मधुसूदन अधिकारी, प्रेम तिमल्सिना, हरि सत्याल, कृष्ण लामाहरूको योगदान र खटाई अझै स्मृतिमा ताजै छ। ०४५ को माघे संक्रान्तिका दिन यस जिल्लाको कर्मैया गाविस- ८, शिवप्रसाद ढुङ्गानाको घरमा पार्टीको उच्च तहको बैठक सम्पन्न गरियो। त्यहाँ माधवकुमार नेपाल, ईश्वर पोखरेल, मुकुन्द न्यौपानेलगायतका दर्जनौं नेताहरूको उपस्थिति थियो। सुरक्षा, खाद्यान्नजस्ता विषयमा यहाँको स्थानीय कमिटीमा निकै गम्भीर मतभेद भयो। बैठक यहीं गर्ने वा नगर्ने भन्ने कुरामा विवाद भयो। तर, बैठक भएरै छाड्यो। त्यसै बैठकले ०४६ को जनआन्दोलनको खाका कोर्ने काम गर्‍यो। यहींबाट खुला सङ्घर्षको उद्घोष गरियो। यसरी सर्लाही जिल्ला कम्युनिस्ट आन्दोलन, किसान आन्दोलन र प्रजातान्त्रिक आन्दोलनको उर्बर भूमिका रूपमा सुविख्यात छ। यस जिल्लामा दर्जनौं योद्धाहरूले सहादत प्राप्त गरेका छन् र हजारौं जनसमुदायको अतुलनीय योगदान छ। उल्लिखित महान् सङ्घर्षहरूमा दशौं हजार जनसमुदायको योगदान अत्यन्त गरिमामय र अविस्मरणीय छ। ०३४ सालको प्रकाशबहादुर काण्ड, जहाँ हजारौं भोका र नाङ्गा किसानले उनको घर र खलिहान कब्जा गर्दै, हँसिया-हथौडाअंकित झण्डा गाडेर किसान सङ्घर्षको ज्वाला दन्काएका थिए। त्यो सर्लाहीकै सुन्दरपुर चोहर्खा गाविसअन्तरगत पर्दछ। प्रकाशबहादुर सिंह त्यहाँका खुङ्खार जमिन्दार थिए। त्यो बेला खडेरी र भोकमरीले एकातिर हजारौं जनता भोकभोकै मर्ने अवस्था थियो भने अर्कोतर्फ जमिन्दारको भकारीमा अन्न सडिरहेको थियो। आन्दोलनकारीहरूले त्यहाँ भएको सबै खन्न कब्जा गरी गरिब जनतालाई बाँडिदिएका थिए। यतिसम्म कि खलामा थुपारिएको सयौं मन अलुवा (सखरखन्ड) भोका मानिसले काँचै खाइदिएका थिए। त्यसपछि किसान जनताहरूमाथि ठूलो दमन भयो। सयौं किसान कार्यकर्ता पक्राउ परे। वारेन्टेड भएपछि लक्ष्मण पौडेलसमेत ५४ जनालाई सरकारले डाँका मुद्दा लगायो। स्मरण रहोस्, प्रकाशबहादुर सिंह सर्वोच्च अदालतका बहालवाला न्यायाधीशसमेत थिए।

**सर्लाहीमा एकीकृत कम्युनिस्ट पार्टी निर्माणका प्रयत्नहरू**

०४८ सालसम्मको आरोह-अवरोह, अनवरत प्रयत्न र कठोर मिहिनेतको फलस्वरूप यस जिल्लामा आम जनताका बीच सुपरिचित अग्रगामी पार्टीका रूपमा कम्युनिस्ट पार्टी अगाडि बढ्यो । उत्तरतर्फ सङ्गठनको काम भए पनि जिल्लाको मध्य र दक्षिणी भेगमा विशेषत: तराईबासी जनसमुदायमा पार्टी अलिक पछि परिरहेको थियो । नेपाल कम्युनिस्ट पार्टी (संयुक्त)का नेता-कार्यकर्ता र नेकपा (माले) पछि एमालेका जिल्लास्तरीय नेताहरूबीच व्यक्तिगत र भावनात्मक सम्बन्धको विकास भइरहेको थियो । विचार आदानप्रदान र अन्तरक्रियाको प्रयत्न जारी थियो । पार्टी एकता नभइरहँदा समेत ०४८ को स्थानीय निर्वाचनमा 'सूर्य' चिह्नमा मतदान गर्ने र 'सूर्य चिह्न' लिएर चुनाव लड्ने काम दुईपार्टी बीचको समझदारीबाट भएको थियो । त्यसनिम्ति एमालेबाट तत्कालीन पार्टी सचिव लक्ष्मण पौडेल र उताबाट कमरेड महेन्द्र राय र रवीन्द्र बैठाबीचको प्रयत्नले काम गरेको थियो । फलस्वरूप जिविसलगायत सर्लाहीका अधिकांश गाविसमा पार्टीको पकड र उपस्थिति निर्माण भयो । विधिवत पार्टी एकीकरण ०४९ पुस १२ गते सम्पन्न भयो । नेकपा (संयुक्त) बाट ५ सय पार्टी सदस्य र नेता कमरेडहरू नेकपा (एमाले)मा ससम्मान लामबद्ध हुनुभयो । तत्पश्चात् महेन्द्र राय- वसन्तपुर, रवीन्द्र बैठा- सङ्ग्रामपुर, रामकेवल माझी मुसहर- चन्द्रनगर, जयमङ्गल झा- गोडैला, राजेन्द्रप्रभाकर अत्रौली, राजेन्द्र राउत, सुमनारायण मण्डल, विसुनदेव महतो, सुरेशप्रसाद सिंह मुख्य हुनुहुन्थ्यो । यो समारोहका प्रमुख अतिथि कमरेड सिद्धिलाल सिंह रहनुभएको थियो । एकताको यस निर्णयले जिल्लामा पार्टीका विस्तार अरू अघि बढ्यो । ०४८ मै सदरमुकामबाट नेकपा (संयुक्त)का रामचन्द्रप्रसाद चौधरी र रिजवान अन्सारी तथा ०४९ मै संयुक्त जनमोर्चा नेपालका जिल्ला सचिव इन्द्र खड्काको नेतृत्वमा शङ्कर दाहालसहितका ७० जना पार्टी सदस्यको नेकपा (एमाले) मा प्रवेश भयो । यसले सर्लाही एमाले सङ्गठित एवं सुदृढ पार्टीका रूपमा उठ्यो । ०४८ मा नेमकिपाका नेतासहित ध्रुव ढकाल, दुर्गालाल चौधरी, राजकुमारथ यादवलगायत ५० जनाको पार्टीमा प्रवेश भयो ।

**प्रजातान्त्रिक आन्दोलनको सङ्क्षिप्त इतिहास**

२०३६ को जनमतसङ्ग्रहमा यस जिल्लामा 'नीलो चिह्न'को जीत भएको थियो अर्थात् बहुदलले विजय प्राप्त गरेको जिल्लाका रूपमा यो सुविख्यात भयो । त्यस सङ्घर्षमा इगलबहादुर जर्घाले प्रहरीको गोलीबाट लालबन्दीबजारमा सहादत प्राप्त गर्नुभयो । उहाँको लालबन्दीबजारमा सालिक निर्माण गरिएको छ । त्यसै वर्ष दक्षिणी भेगको हरपुरवाबजारमा चारजना आन्दोलनकारीको हत्या भयो । सडकमा उत्रिएका आन्दोलनकारीलाई ट्रकमा कोचेर यातना दिइयो । जेल हालियो तर आन्दोलन रोकिएन ।

०४३ सालमा पार्टीले जनपक्षीय उम्मेदवार खडा गर्‍यो र पञ्चायती व्यवस्थामा हस्तक्षेप गर्‍यो । त्यसबेला लक्ष्मण पौडेल कर्मैया, सोमबहादुर लामा ढुङ्ग्रेखोला, भैरव ढुङ्गल लालबन्दी, नवराज भट्टराई, हरिवनलगायत २० औं गाउँ पञ्चायतमा सङ्घर्ष भए । धाँधली भएर सबैतिर चुनाव हारियो तर पञ्चायतीतन्त्रको त्यही कारणले नूर गिर्‍यो ।

२०४६ र ०४७ को सङ्घर्षले यो जिल्ला पूरै ठप्प र आन्दोलित हुनपुग्यो । जिल्ला तहमा नेपाली काङ्ग्रेस तथा वाममोर्चाको समन्वय कमिटी निर्माण भयो । वाममोर्चाको नेतृत्वमा सीबी आले (जनमोर्चा), केशव ढुङ्गाना सचिव तथा सदस्यमा नारायण उप्रेतीलगायत नेकपा (संयुक्त)का समेत ९ जना कमरेडहरू रहनुभएको थियो । त्यस आन्दोलनमा १० औं हजारका ठूलाठूला सभा पनि सम्पन्न भए । मलङ्गवा, ईश्वरपुर, गोडैना, लालबन्दी, हरिवन आन्दोलित भए । नेपाली काङ्ग्रेस र कम्युनिस्ट पार्टीका दर्जनौं नेताले गिरफ्तारी दिए । प्रहरी यातनाका कारण नारायण उप्रेतीको पछि ज्यानै गयो । उहाँको योगदानको कदरस्वरूप हरिवनमा सालिक स्थापना गरिएको छ । त्यसयता पनि देशमा जति पनि ठूलाठूला परिवर्तन भए सर्लाहीका जनताको स्थान अग्रणी रहिआएको छ ।

**संसदीय तथा स्थानीय निर्वाचन**

२०४८ को संसदीय निर्वाचनमा क्षेत्र नं.- ४ बाट कम्युनिस्ट उम्मेदवार वैजनाथ महतोले विजय प्राप्त गर्नुभयो । त्यस्तै, ०४९ को स्थानीय निर्वाचनमा एमालेले जिल्ला विकास समितिमा दुई सदस्यका साथै १३ गाविस अध्यक्ष, १३ उपाध्यक्षसहित ४५ गाविसमा सम्मानजनक स्थान हासिल गरी प्रतिनिधित्व गरेको थियो । प्राय: उत्तरतर्फका गाविसहरूमा विजय प्राप्त गरेको थियो ।

**पार्टीको जिल्ला अधिवेशनबारे**

हालसम्म सर्लाहीमा पार्टीका ६ वटा जिल्ला अधिवेशन सम्पन्न भएका छन् । २०४८ फागुन २० गते नेकपा (एमाले) सर्लाहीको प्रथम जिल्ला अधिवेशन सम्पन्न भएको थियो । उक्त अधिवेशन उद्घाटनसभाका प्रमुख अतिथि कमरेड सीपी मैनाली हुनुहुन्थ्यो भने बन्दसत्रका प्रमुख अतिथि पार्टीका हालका महासचिव कमरेड ईश्वर पोखरेल रहनुभएको थियो । यस अधिवेशनले लक्ष्मण पौडेललाई सचिवमा चयन गर्‍यो । कमरेड विनोद घिमिरे जिल्ला इन्चार्ज हुनुहुन्थ्यो । कमिटीका सदस्यहरूमा कमरेड सोमबहादुर लामा, भैरवप्रसाद ढुङ्गेल, केशव ढुङ्गाना, मुकुन्द श्रेष्ठ, नेत्र काफ्ले, पवन मुडवरी, तुलसा दाहाल, नारायणी ढुङ्गाना, मणि बुढाथोकी, शङ्कर श्रेष्ठ, गौरी सुस्लिङ र रामचन्द्रप्रसाद चौधरी हुनुहुन्थ्यो । त्यस कमिटीको प्रथम बैठक झापा आन्दोलनका वीर सहिदको स्मृतिमा फागुन २१ गते सम्पन्न गरिएको थियो । त्यसपछि दोस्रो अधिवेशन ०५२ सालमा सम्पन्न भयो । लक्ष्मण पौडेल नै पुन: सचिव चयन हुनुभयो । तेस्रो अधिवेशन ०५५ मंसिरमा सम्पन्न गरियो, जसले कमरेड केशव ढुङ्गानालाई सचिव छानेको थियो । चौथो अधिवेशन ०६० फागुनमा भयो । र, उहाँ नै सचिव छानिनुभयो । ०६५ पुसमा भएको पाँचौं अधिवेशनले कमरेड रेवती पन्तलाई जिल्ला सचिवमा स्थापित गर्‍यो भने ०६७ वैशाख २४ गते सुरु भई ८ गतेसम्म चलेको अधिवेशनले कमरेड मनोज देवकोटा अध्यक्ष रहनुभएको ७५ सदस्यीय नयाँ नेतृत्व चयन गरेको छ ।

**२०५० साल : सर्लाहीबासीको घनघोर पीडाको वर्ष**

कम्युनिस्ट पार्टी पीडा, कष्ट र कठिनाइलाई सम्बोधन र स्मरण गर्ने पार्टी हो। सर्लाहीबासी जनसमुदायको पीडाहरूको स्मरण गरिरहँदा ०५० साललाई भुलियो भने त्यसलाई सामान्य गल्ती मान्न सकिन्न। ०५० साल जेठ ३ गते नेकपा (एमाले)का महासचिव कमरेड मदन भण्डारी र कुशल सङ्गठक जीवराज आश्रितको षड्यन्त्रपूर्वक र रहस्यमय जिप दुर्घटनामा मृत्यु हुनपुग्यो। त्यस घटनाको शोकले हामी मर्माहत र हतप्रभ छँदै थियौं। उहाँहरूको हत्याको १३ औं दिन शोक दिवस मनाउने क्रममा मदन-आश्रितको अस्तु काठमाडौंबाट लिएर तत्कालीन जिल्ला इन्चार्ज कमरेड विनोद घिमिरे 'जयन्त' सर्लाही आउनुभो। यो ०५० जेठ १४ को कुरा थियो। १५ गते सदरमुकाम मलङ्गवामा मदन-आश्रितको स्मृतिमा विशाल शोकसभाको आयोजना हुँदै थियो। त्यही शोकसभाको तयारीकै सिलसिलामा सर्लाहीको भक्तिपुर गाविसबाट लालबन्दी आउँदै गर्दा राजमार्ग नजिकै सागरनाथ जङ्गलबीचको सडकमा १४ गते ५ बजे ट्र्याक्टर दुर्घटनामा परी घटनास्थलमै कमरेड जयन्तको मृत्यु भयो। यो हामी सर्लाहीबासी जनता र पार्टीका लागि ठूलो चोटउपरको अर्को असह्य चोट थियो। अझ यसै वर्षको साउन ५ गते बागमतीमा आएको बाढीले जिल्लालाई अपूरणीय क्षति पुऱ्यायो। विकास निर्माणका अर्बौंका संरचनाहरू ध्वस्त भए। जिल्लाको कर्मैया गाविसमा निर्माण भई सुचारु रहेको वामगती नहर पूर्ण रूपले क्षतिग्रस्त हुनपुग्यो। पूर्वी र पश्चिमी नहरको धेरै संरचना उत्तर दक्षिणबाट बहने चुरे सिवालिगका ठाडा खोलाहरूले ध्वस्त बनाए। ५० औं विद्यालय, पुलपुलेसाहरू बाढीले समाप्तै पारिदियो। दशौं हजार घरगोठ, वस्तुभाउ बाढीले निलिदियो। राजमार्गका विद्यालयहरू र खुला चउर आदि बेघरबार बाढीपीडितका शिविरमा परिणत भए। बाढीलगत्तै करिब २५ हजार जनसंख्या गाउँ छाडी शिविरमा शरण लिन बाध्य भयो। अन्नबाली नास भयो। मर्नेहरूको संख्या उत्तरमा मात्र ५ सय ८५ पुग्यो। त्यस्तै, शङ्करपुर ३ सय ४३, मूर्तिया १ सय ३, वरहथवा ८५ जनाले ज्यान गुमाउनुपऱ्यो। मूलतः एमालेको राजनीतिक प्रभाव भएका स्थानमै यो विपत्ति आइलाग्यो। राजमार्ग दक्षिण उत्तरतर्फका १८ गाविसमा मात्रै लगभग ५ सय जनताको जीवनलीला समाप्त पाऱ्यो बाढीले। सरकारी तथ्याङ्कअनुसार जिल्लाभरि ६ सय १ जनाको ज्यान गयो। एमालेका समर्थक शुभचिन्तकको मात्र पीडाको विषय नभई यो समग्र सर्लाहीबासीको शोक र पीडाको असह्य घटना थियो। त्यसबेला काठमाडौंबाट पार्टी अध्यक्ष कमरेड मनमोहन अधिकारी, महासचिव माधवकुमार नेपाल, अशोक राई, शङ्कर पोखरेल, कृष्णगोपाल श्रेष्ठ, पाण्डवराज घिमिरे, सीतानन्दन राय, चन्द्रदेव राउत, मनोज खड्का, किशोर श्रेष्ठलगायतका कमरेडहरू ठूलो सान्त्वना र सहयोगको प्याकेज लिएर आउनुभयो। बाढीको पीडामा अनेकन सङ्घसंस्था, दलहरू, स्वयम्सेवी व्यक्ति, व्यापारी उद्योगपति पत्रकार सबैको स्नेहपूर्ण सहयोग सहानुभूति प्राप्त भएको थियो। शिविर व्यवस्थापनमा त्यसबेला (करिब ३ महिना) ९५ दिन नेकपा (एमाले)को जिल्ला कमिटी- पार्टी कामको प्रमुख विषय बाढीपीडितको सेवा र सहयोग व्यवस्थापनमा रातो दिन खट्यो। ०५० साल साउन महिनाको राती ९-३० बजे आएको बागमती नदीको भीषण बाढी र असंख्य आफन्तजनको मृत्यु सम्झँदा जिउ नै सिरिङ्ग हुन्छ र आँखाबाट अझै आँसु झर्ने गर्छ। लाग्छ- यो सब कष्ट र पीडा जनतासँग रहेर कसरी खेप्नु सम्भव भयो ?

**निष्कर्ष**

२००८ सालदेखि सुरु भएको सर्लाहीको कम्युनिस्ट आन्दोलनको गति दिनानुदिन तीव्र बन्दैछ। करिब ८ लाख जनसंख्या भएको यस जिल्लामा यो पार्टी आज पनि जिल्लाव्यापी रूपमा परिचित र स्थापित पार्टीका रूपमा रहेको छ। विगत संविधानसभाको निर्वाचनमा पार्टीले अत्यन्त ठूलो प्रतिकूलताका बाबजुद एकीकृत माओवादी तथा सर्लाहीका जातीय क्षेत्रीय पार्टीको दबदबालाई चिर्दै क्षेत्र नं १ र क्षेत्र नं. २ मा आफ्नो विजयपताका फहराउन सफल भएको थियो भने अन्य निर्वाचन क्षेत्रमा पनि हाराहारीको प्रतिस्पर्धामा सम्मानजनक मत हासिल गऱ्यो। आज जिल्लाका सम्पूर्ण गाविस र एकमात्र नगरपालिका मलङ्गवामा यसका कमिटीहरू सक्रिय रूपले अघि बढेका छन् र भविष्यको यात्रामा पनि के कुरा ठोकेर भन्न सकिन्छ भने सर्लाहीमा एमाले आउँदा दिनमा अनेकन चुनौती र अग्निपरीक्षामा खरो उत्रेर उन्नतिको शिखर चुम्दै अघि बढ्ने अपेक्षा गरिएको छ।

*(यस लेखमा कमरेड जयमङ्गल झा- गोडैता, दुर्गा सहनी- अचलगढ, विश्वनाथ साह-रौतहट, ओम कोइराला, राजेन्द्र राउत कुर्मी- सर्लाही, रामचन्द्र चौधरी- मलङ्गवा (दिवङ्गत), देवनन्दन ठाकुर- डुमरिया (दिवङ्गत), सर्लाहीको दोस्रो अधिवेशनको राजनीतिक प्रतिवेदन र रौतहटको प्रथम अधिवेशनका राजनीतिक प्रतिवेदनलाई सन्दर्भसामग्रीका रूपमा सदुपयोग गरिएको छ। - लेखक)*

# प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चमा तामाङ

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल, प्रथम सम्मेलनले बलबहादुर तामाङ (स्काई ओभरसिज प्रालि) को अध्यक्षतामा १७ सदस्यीय केन्द्रीय कार्यसमिति सर्वसम्मतिले चयन गरेको छ।

मञ्चको वरिष्ठ उपाध्यक्षमा टङ्कबहादुर राउत (पिजन इन्टरनेशनल ओभरसिज), उपाध्यक्षमा उद्धव खड्का (एबीसी ओभरसिज), महासचिवमा नरेश गेलाल (एसीएम ओभरसिज), सचिवमा सुश्री सुवर्ण श्रेष्ठ (महिमा इन्टरनेशनल- मडिना) र कोषाध्यक्षमा अनन्त भण्डारी (आवर डेस्टिनी) छानिनुभएको छ । सदस्यहरूमा अभिमानसिंह थापा (डिलक्स इम्प्लाइमेन्ट), यम पुलामी (सिमान इन्टरनेसनल), सीताराम गुरुङ (कनेक्सन इम्प्लाइमेन्ट कम्पनी), राजु सडौंला (एक्टिभ ओभरसिज), हरि पाण्डे क्षत्री (फ्युचर स्टार ओभरसिज), टङ्क घिसिङ (डायमण्ड ओभरसिज), बलभद्र ढकाल (धौलागिरी इम्प्लाइमेन्ट सर्भिसेज), भीष्मराज शर्मा शिवाकोटी (साउथ एसियन नेपाल), गोपाल भण्डारी (लोट्स ह्युमन सर्भिसेज) रहनुभएको छ । कार्यसमितिमा अग्नि पौडेल अभी (युरो एसिया इम्प्लाइमेन्ट) र हरिप्रसाद थापा (डिप्रोटन मेनपावर सप्लायर्स) लाई मनोनित गरिएको छ भने थप ३ स्थान रिक्त रहेको छ ।

केन्द्रीय कार्यसमितिले सरोजकुमार पोखरेल, दानबहादुर तामाङ, एलपी साँवा लिम्बू, चित्रगुप्ता साँवा र डीबी कार्कीलाई सल्लाहकार चयन गरेको छ ।

०६७ जेठ १० गते अनमोल व्याङ्केट, नक्साल काठमाडौंमा भएको सम्मेलनमा नेकपा (एमाले)का महासचिव ईश्वर पोखरेल प्रमुख अतिथिको हैसियतमा सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा केन्द्रीय सदस्य तथा वैदेशिक रोजगार फाँट इन्चार्ज परशुराम मेघी गुरुङ, केन्द्रीय सदस्य एवं उपत्यका समन्वय कमिटीका सहसंयोजक योगेश भट्टराई, उपत्यका पेशागत बुद्धिजीवी विशेष जिल्ला कमिटीका अध्यक्ष केदार सञ्जेल, सचिव भोलानाथ पोखरेल र नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घका अध्यक्ष सोमलाल बटाजुलगायतका अतिथिको पनि उपस्थिति रहेको थियो ।

# मुक्ति समाजको नयाँ नेतृत्वका कार्यभार र चुनौती

**❑ अनन्त यात्री विश्वकर्मा**

२०६६ साल फागुन ४ गतेदेखि सुरु भई निर्वाचन प्रक्रियामा स्थगित भएको नेपाल उत्पीडित जातीय मुक्ति समाज, नेपालको पाँचौं राष्ट्रिय सम्मेलन अन्ततः मातृ पार्टी नेकपा (एमाले)को संयोजनमा ०६७ जेठ २५ र २६ गते सम्पन्न भएको छ । निकै लामो प्रसवव्यथामा छट्पटिएपछि सम्मेलनले कमरेड जीतु गौतमको नेतृत्वमा १ सय २५ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गरेको छ ।

कुनै पनि सम्मेलनले प्रमुख तीनवटा कार्य सम्पादन गर्ने गर्छ । पहिलो, विगतको कार्यप्रगतिको समीक्षा गर्ने, चौथो सम्मेलनदेखि यतासम्म सङ्गठनले गरेका कार्यको मूल्याङ्कन गरी राजनीतिक प्रतिवेदन पारित गरेको छ । दोस्रो, भावी कार्यक्रमका रुपमा प्रगतिशील आरक्षणलाई स्पष्ट मोडालिटीसहित पास गरेको छ । र, तेस्रो नयाँ नेतृत्व चयन गरेको छ । यी तीनवटा कार्य सम्पादनको हिसाबले सम्मेलन ऐतिहासिक रुपमा सम्पन्न भएको छ ।

नेपाली समाज ऐतिहासिक रुपान्तरणको प्रक्रियामा रहेको र नेपाली राजनीति ऐतिहासिक संक्रमणकालमा रहेको यो विशिष्ट परिस्थितिमा सम्पन्न यस सम्मेलनले निर्वाचित गरेको नयाँ नेतृत्व अनुभवी र परिपक्व रहेको छ । अध्यक्ष जीतु गौतमले विगतमा सङ्गठनको दुई कार्यकाल महासचिवको जिम्मेवारी पूरा गरिसक्नुभएको छ भने महासचिव कमरेड गणेश बीके ०४९ देखि निरन्तर केन्द्रीय सदस्यका रुपमा क्रियाशील हुनुहुन्थ्यो । उहाँलाई प्रस्ट वक्ता र दलित आन्दोलनका समकालीन नेतृत्वमध्ये प्रगतिशील आरक्षणको व्याख्याता मानिनुहुन्छ । उपाध्यक्ष र सचिवहरु पनि परिपक्व र जिम्मेवार नेताहरु नै छानिनुभएको छ ।

नेपाली समाज आर्थिक राजनीतिक रुपान्तरणको प्रक्रियामा रहेकाले नेतृत्वमाथि नेपाली दलित समुदायको अपेक्षा पूरा गर्ने गह्रुँगो जिम्मेवारी रहेको छ । खासगरी, नयाँ संविधानमा दलित समुदायका मुद्दाहरुलाई स्पष्ट रुपमा दर्ज गर्न सक्नुमै यसको सफलता निहीत हुनेछ । राज्य पुनःसंरचनामा दलितको स्थान कहाँ र कस्तो हुन्छ ? यस विषयमा स्पष्ट र सर्वस्वीकार्य खाका प्रस्ताव अहिलेसम्म आएको छैन । अहिलेसम्म हामी केवल प्रतिनिधित्व र आरक्षण तथा विशेष अधिकारमा सीमित छौं । यो घेराबाट अलि माथि उठ्दै दलितहरुले कुनै न कुनै तरिकाले आफ्नै राज्य निर्माण गर्नुपर्ने आवश्यकताबोध गर्दै अगाडि बढ्नुपर्ने अर्को कार्यभार रहेको छ । दलित आन्दोलनमा रहेका विमुख चिन्तन तथा प्रवृत्तिलाई वैचारिक सङ्घर्ष र बहसबाट सम्मुख विचार निर्माण गर्ने र सहमतीय ढङ्गले अघि बढ्ने गरी यो नेतृत्वले मुक्तिसमाजको नेतृत्व गर्नुपर्छ ।

यी कार्यहरु सहज र सरल छैनन् । नयाँ संविधानमा दलितका सवालहरुलाई सुनिश्चित गर्न वा सङ्घीयतामा दलितको स्थान सुरक्षित कायम गर्न वा प्रगतिशील आरक्षणको कार्यक्रम लागू गराउन 'हेलमेट' लगाएर बसेका राज्य, सरकार र पार्टीहरुलाई सदन र सडकबाट निर्णायक दबाब दिन सक्नुपर्छ । यो काम मुक्ति समाज एक्लैले गर्न नसक्ने स्थितिलाई आत्मसात् गरी मुद्दामा आधारित संयुक्त मोर्चा व्यवस्थित गर्नुपर्छ ।

नेपाली दलित आन्दोलन निरपेक्ष ढङ्गले चलेर सफल हुन सक्दैन । खासगरी, यो आन्दोलनलाई क्रान्तिकारी पार्टी र सर्वहरा वर्गका साथ र मार्गनिर्देशन अनिवार्य हुन्छ । तत्कालमा मुक्ति समाज नेपालले केही बुर्जुवा सुधारवादी शक्तिहरुलाई समेत साथमा लिएर अगाडि बढ्नसक्छ । तर, परिवर्तनको नेतृत्व गर्ने अवसर नयाँ नेतृत्वलाई छ ।

नयाँ नेतृत्वले यो अवसर पूरा गर्न त्यत्तिकै चुनौतीहरुलाई पनि सामना गर्नुपर्नेछ । सबैभन्दा पहिले मुक्ति समाजभित्र देखिएको माथिदेखि तलसम्मका चुनावी विभाजनलाई हाल गर्नुपर्ने हुन्छ । यो केवल प्राविधिक तथा वैयक्तिक कारणले भन्दा पनि समकालीन शक्ति सन्तुलन र परिवर्तनको गतिलाई हेर्ने दृष्टिकोणबाट समेत पैदा भएको छ भन्ने सत्यलाई ग्रहण गर्दै दुई लाइन सङ्घर्ष र जनवादी केन्द्रीयताको विधिबाट हल गर्नु जरुरी छ । यसका लागि सबैभन्दा पहिले नेतृत्व सानो घेराबाट व्यापक हुन सक्नैपर्छ । हामी मार्क्सवादी-लेनिनवादी हौं । हाम्रो साङ्गठनिक अभ्यास प्रगतिशील अथवा जनवादी केन्द्रीयताको आधारमा चल्नुपर्छ । तर, व्यवहारमा कतिपय गतिविधिहरुको बुर्जुवाकरण भइरहेको स्थिति छ । यसकै निरन्तरता हो-प्यानलगत निर्वाचन । लोकतान्त्रिक अभ्यासको नाममा निर्वाचनमा प्रयोग भएका बुर्जुवा हतकण्डाहरुको समीक्षा गर्न पनि त्यत्तिकै जरुरी छ । जित्ने कमरेडहरुले विश्वविजेताको हैसियत खोज्नुहुँदैन । यसले आन्दोलनको भविष्य कमजोर हुनेछ । पराजित कमरेडहरुले निर्वाचनको परिणामलाई चुनौती दिने खालका गतिविधि नगरी नेतृत्वलाई पूर्ण र हरदम सहयोग गर्नुपर्छ ।

अहिलेको निर्वाचित कमिटी सङ्ख्यात्मक हिसाबले निकै ठूलो भएको छ । यसमा फरक-फरक कार्यशैली, क्षमता र गुण भएका साथी आउनुभएको छ । उहाँहरुको क्षमता र गुणलाई एकीकृत रुपमा सङ्गठनको हितमा प्रयोग गर्न सकिन्छ । तर, यसो गर्नु सजिलो छैन । दलित नेतृत्व गाउँबाट सहर, सहरबाट काठमाडौं, काठमाडौंबाट सिंहदरबारमुखी बन्दै गएको सत्य हो । त्यसको परिणाम ग्रामीण दलितको भोगाइलाई बिर्संदै जाने र नयाँ वर्गमा उत्थान हुने समस्या बढेको छ । नवनिर्वाचित नेता कमरेडहरुलाई यो प्रवृत्तिबाट अलग राख्न गाउँमुखी बनाउने, गाउँमुखी बनाउन मूल्याङ्कनको ठोस विधि र मापदण्ड बनाई कडाइका साथ लाग्नु जरुरी छ ।

दलित आन्दोलन विस्तारै केही अगुवा र सम्पन्न दलितहरुको घेरामा केन्द्रित हुँदैछ । गाउँमा बस्ने कार्यकर्तालाई गोठाला, हलिया ठान्ने र सिंहदरबारमा बस्नेलाई मालिक ठान्ने प्रवृत्ति हावी बन्दैछ । राजनीतिक दलहरुले पनि वास्तविक दलितको मुक्तिको कार्यक्रम तर्जुमा गरी लागू गर्ने भन्दा पञ्चायतकालमा दरबारले हीरालाल विश्वकर्मालाई मन्त्री बनाउनेजस्तै रबैयालाई अवलम्बन गर्नु र दलितको कोटा पूरा गर्न हीरालाल प्रवृत्तिलाई अघि बढाउँदै मन्त्री बनाएर टोपल्न खोज्नुहुँदैन । यो प्रवृत्तिलाई चिर्न वर्गीय नेतृत्वको विकासमा ध्यान दिनु जरुरी छ । यस्ता चुनौतीहरु न्यूनीकरण गर्दै नयाँ नेतृत्व अगाडि बढ्न र सही रुपमा दलित मुक्ति आन्दोलनको नेतृत्व गर्न सफल होस्, हार्दिक बधाई र शुभकामना !
❒

# नवनिर्वाचित केन्द्रीय नेतृत्व

**अध्यक्ष** : जीतु गौतम

**उपाध्यक्ष** : टेकु नेपाली (महिला), रामअवतार पासवान (मधेस), खेम नेपाली (पूर्वाञ्चल), सुन्दर विश्वकर्मा (मध्यमाञ्चल), जगत विश्वकर्मा (पश्चिमाञ्चल), भागवत विश्वासी नेपाली (मध्यपश्चिमाञ्चल) र हीरासिंह सार्की (सुदूरपश्चिमाञ्चल)

**महासचिव** : गणेश बीके देउल्याल

**सचिव** : अनुभूतिबम नेपाली, सुन्दर पुकुर्टी, मनोहर पौडेल, रामकिसन मण्डल र प्रभुहजारा पासवान

**कोषाध्यक्ष** : निर्मल देउला

**सदस्यहरु**

**महाकाली**

नरबहादुर विक
कृष्णराम सुनार
केशवराम पार्की
नरेश विक

**सेती**

अफिलाल ओखेडा
गोरख सार्की
धर्मसिंह विश्वकर्मा
काशी नेपाली
प्रेम विक

**भेरी**
करवीर चदाँरा
राजु नेपाली गुइदेल
नन्द विश्वकर्मा
भद्रबहादुर सुनार
गोपाल नेपाली
**राप्ती**
मस्तबहादुर विक
भीउसेन नेपाली
देवराज विक
देवीराम विक
**लुम्बिनी**
चन्द्रबहादुर गहतराज
एकराज विश्वकर्मा
पूर्णप्रकाश विश्वकर्मा
कृष्ण सुनार
ठाकुरप्रसाद लोहगुन
**गण्डकी**
धनबहादुर नेपाली
नन्दराम विक
खड्कबहादुर नेपाली
कृष्णबहादुर नेपाली
नोकबहादुर विक
**धौलागिरि**
गोविन्दबहादुर नेपाली
फूलमती विश्वकर्मा
भीम रसायली
**बाग्मती**
कुलमान विक
दलबहादुर विक
टेक घतानी
तेजबहादुर खाती
**उपत्यका**
शङ्कर पुकुर्टी
चित्र अछामी
कुमाल नेपाली
**नारायणी**
जीतबहादुर विक
मेघराज पासवान
चक्र रुचाल
दशरथ राम
गणेश रसाइली
**जनकपुर**
गोविन्द पासवान
रामकुमार विक
रामगुलाम पासवान
किसन पासवान
**सगरमाथा**
खड्कबहादुर परियार
जीवछ पासवान
चर्चबहादुर श्विकर्मा
ओम दयाल
शुभकलाल राम
**कोशी**
डीबी शाह शङ्कर
डिल्लीश्वर दर्नाल

गोपाल लकान्द्री
जीवन घतानी
केशरबहादुर मोते
**मेची**
छत्र बरायली
जसमाया गजमेर
भवानी शाह शङ्कर
नेत्र नेपाली
**सम्पर्क विभाग**
चन्द्रदेव पासवान
**भारत प्रवास**
छविलाल गोतामे
तिलबहादुर विश्वकर्मा
**खुला**
गुप्तबहादुर दमाईं
चित्र रसाईली
युक्तलाल विश्वकर्मा
बलबहादुर परियार
सुधीरमान विक
लीलबहादुर परियार
अर्जुनकुमार सुनाम
दुर्गाबहादुर विश्वकर्मा
विष्णुप्रकाश विश्वकर्मा (सुस्केरा)
गणेश सुनार
**मधेसी दलित**
विक्रम राम
रामेश्वर मण्डल
बिसुनदेव राम
रामबिलास महरा
प्रभु पासवान
**दुर्गम**
विष्णु नेपाली
केशवराम पार्की
**मधेशी अल्पसंख्यक**
पण्डव मल्लिक
रामनाथ बैठा
दुर्गा सदा
रघुनाथ गोसाई
**पहाडी अल्पसंख्यक**
भेजबहादुर गन्धर्व
बबुरत्न चौला
प्रकाश नेपाली बादी
**महिला**
शान्ति बर्मा
कल्पना बयलकोटी
नीरा जैरु
रामरती राम
आशा स्वर्णकार
मीना परियार
भूमा विश्वकर्मा
धनमाया विश्वकर्मा
मैना अछामी
सीता परियार
पार्वती बरायली
पार्वती विक
लक्ष्मी नेपाली

नरमाया परियार
सत्तीयादेवी खत्वे
एकमाया विक
बिमला विक
शारदा स्वर्णकार
चित्रकला बरायली
दुर्गा परियार

# बालुवाटार बैठक र आठबुँदे सहमति

## ❒ प्रदीप ज्ञवाली

पूर्वनिर्धारित योजनाअनुसार असार २ गतेको बैठकमा सहभागी गराउन माओवादी अध्यक्ष प्रचण्डलाई लिन गएका गृहमन्त्री कृष्णप्रसाद सिटौला मौसमको प्रतिकूलताका कारण १ गते साँझ काठमाडौं आउन सकेनन् । उनीहरू भोलिपल्ट बिहान मात्र काठमाडौं ओर्लिएर सिधै बालुवाटार गए । अन्य दलका नेताहरूलाई ११ बजे उपस्थित हुन सूचना गरिएको थियो ।

११ बजे बालुवाटार पुग्दा बालुवाटारमा अनौठो चहल पहल थियो । जतातते माओवादी लडाकुहरूको उपस्थिति थियो र प्रचण्डसँग डा. बाबुराम भट्टराई, प्रचण्डपत्नी सीता पौडेल, अग्नि सापकोटा, वर्षमान पुनलगायत नेताहरूको बाक्लो उपस्थिति थियो । एकता केन्द्र-मसालका सहमहामन्त्री प्रकाश, अमिक शेरचनलगायत जनमोर्चाका नेताहरू उपस्थित थिए । डा. सुन्दरमणि दीक्षित, हरि रोक्कालगायतका साथीहरू पनि त्यहाँ थिए । शीर्ष नेताको उपस्थिति भए पनि प्रत्येक पार्टीबाट एकभन्दा बढी नेताहरूको उपस्थिति देखेपछि एमालेबाट भरतमोहन अधिकारीलाई पनि बोलाइयो । अस्वस्थ अवस्थामा रहेका प्रधानमन्त्री आराम गरिरहेका थिए । खाना खाएपछि बैठक बस्ने तयारी भयो तर बैठकस्थलको अव्यवस्थाले कहिले भुइँतलाको कार्यकक्ष त कहिले माथिल्लो तला, कहिले पर्यवेक्षकको रोहबरमा त कहिले छुट्टै गर्ने भन्ने छलफलले नै लामो समय खायो । अन्त्यमा पहिले शीर्ष नेताहरूले छुट्टै बैठक बसेपछि सामूहिक बस्ने निष्कर्षका साथ शीर्ष नेताहरूको बैठक आयोजना भयो ।

बैठकमा प्रधानमन्त्रीले कमजोर स्वास्थ्यको कारण सङ्क्षिप्त मन्तव्य व्यक्त गर्दै समस्याको समाधानका लागि आपसी विश्वासलाइ बढाउनुपर्ने, संसद् विघटन गर्दा उत्पन्न हुनसक्ने राजनीतिक शून्यताभित्र प्रतिगामी शक्तिहरूले खेल्न नपाऊन् भनेर होसियार हुनुपर्ने र माओवादीले कब्जा गरिएका घरजग्गा फिर्ता गरेर तथा विगतका सहमति कार्यान्वयन गरेर तथा हतियार र शक्ति प्रदर्शनलाई बन्द गरेर उपयुक्त राजनीतिक वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए । एमाले महासचिव माधवकुमार नेपालको जोड आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्दै छिटो संविधानसभामा जानु पर्ने, त्यसका लागि माओवादीमा देखिएका कतिपय अतिवादी र गलत गतिविधिहरू रोकिनुपर्ने र सरकारले पनि आन्दोलनको भावनाअनुरूप तीव्र गतिमा काम गर्नुपर्नेमा थियो । शेरबहादुर देउवाले आफूलाई राजतन्त्रको पक्षधर देखाउने प्रयत्न भएकोमा त्यसको प्रतिवाद गर्दै विगतमा राजाबाट आफू सबभन्दा पीडित भएको दाबी गरे । उनले माओवादीको आचरणमा सुधार नआएको, शान्तिप्रतिको विश्वसनीयता स्थापित हुन नसकेकोमा आलोचना गर्दै हतियार व्यवस्थापन र विगतको सहमति कार्यान्वयनमा जोड दिए । अमिक शेरचन, प्रभुनारायण चौधरी, भरतविमल यादव र नारायणमान बिजुक्छेको जोड पनि छिटो संविधानसभामा जानुपर्नेमा थियो ।

माओवादी अध्यक्ष प्रचण्ड बैठकमा कडा रूपमा प्रस्तुत भए । उनले बाह्रबुँदे सहमतिको जगमा आन्दोलन सफल भएको र यसमा आफूहरूको अत्यन्त महत्वपूर्ण योगदान रहेको भए पनि संसद्को पुनर्स्थापनापछि सात दलले आफूहरूलाई बेवास्ता गर्दै एक्लै अघि बढ्न खोजेको, संसद्लाई नै सबथोक हो जस्तो व्यवहार गरिएको, महत्वपूर्ण निर्णयहरूमा आफूहरूसँग कुनै परामर्श नगरिएको, आन्दोलनका अपराधीहरूमाथि कुनै कारबाही नगरिएको र आफूहरूमा सात दल आन्दोलनको म्यान्डेटलाई बिर्सेर दरबार र सेनासँगको साँठगाँठमा सङ्लग्न हुन चाहेको हो कि भन्ने गम्भीर आशङ्का पैदा भएको अभिव्यक्ति दिए । उनले प्रतिनिधिसभाको निरन्तरता आफ्ना लागि मान्य नहुने बताउँदै सहमतिका लागि नयाँ संरचनाको खोजी गर्नुपर्ने र तत्काल अन्तरिम सरकार र अन्तरिम संविधानको निर्माण गरेर संविधानसभाको निर्वाचनमा जानुपर्नेमा जोड दिए । आन्दोलनको लगत्तैदेखि सहमतिका साथ अगाडि बढेको भए मुलुक धेरै अगाडि बढिसक्ने थियो भन्दै उनले यो ढिलाइका लागि सात दलको आलोचना गरे । प्रधानमन्त्रीले सङ्क्षिप्तमा प्रतिक्रिया दिँदै सात दल र सरकारको प्रतिबद्धतामा आशङ्का नगर्न आग्रह गर्दै सहमति खोज्न सबैलाई अनुरोध गरे ।

त्यस दिनको बैठकमा दुई पक्षका भिन्नभिन्न सरोकार र चासोहरू स्पष्ट रूपले प्रकट भए । सात दल संसद्को निरन्तरतासाथ माओवादीसँग सहमति खोज्न चाहन्थे र सङ्क्रमणकालीन शून्यताबाट सुरक्षित हुन चाहन्थे भने माओवादीका लागि संसद् विघटन पहिलो प्राथमिकताको कार्यसूची थियो । संविधानसभाको निर्वाचनमा जानुपूर्व सात दल र विशेष गरेर ठूला पार्टीहरूको सरोकार माओवादी सेना र हतियारको व्यवस्थापन, विगतमा भएका सहमतिको कार्यान्वयन, प्रजातन्त्रका आधारभूत मूल्यहरूको प्रत्याभूति र स्वतन्त्र तथा निष्पक्ष निर्वाचनको ग्यारेन्टी थियो । माओवादीको जोड भने गणतन्त्रको स्थापनामा थियो र उसका लागि हतियार व्यवस्थापन, सम्पत्ति फिर्ता, अतिवादी क्रियाकलापको नियन्त्रण गौण विषय थिए । यसले गर्दा त्यस दिन सहमति जुटाउने कार्य निकै कठिन भयो । विश्राम गर्न जानुपूर्व प्रधानमन्त्रीले संसद् विघटन भए पनि निर्धारित समयमा संविधानसभाको निर्वाचन हुन नसकेमा संसद् स्वतः पुनर्स्थापित हुने प्रस्तावसहित सहमति खोज्न सुझाव दिए । सरकारी वार्ताटोली संयोजक सिटौलाले छलफलका निष्कर्ष सुनाइसकेपछि सहमति प्रस्ताव तयार पार्न हामी वार्ताटोलीका सदस्यहरू छुट्टै बस्यौं र आठबुँदे सहमतिको मस्यौदा तयार गर्‍यौं । तर, त्यसमा व्यापक विवाद भयो । संसद् विघटन भए पनि समयमा निर्वाचन नभए विघटित संसद् पुनर्स्थापना गर्ने भन्ने प्रस्तावलाई हास्यास्पद, आत्मविश्वासविहीन र निर्वाचन नगराउने षड्यन्त्रको विषय हो भन्दै डा. भट्टराई, प्रकाश, डा.पाण्डे आदिले तीव्र विरोध गरे । अर्कातिर आन्दोलनबाट पुनर्स्थापित संसद्लाई विघटन गर्ने तर माओवादीद्वारा स्थापित 'जनसरकार', 'जन अदालत' आदि भङ्ग गर्ने कुरामा माओवादीले बेवास्ता गर्ने र निर्णयमा उल्लेख गर्न नमान्ने कुराप्रति सुशील कोइरालालगायत काङ्ग्रेस नेताहरूको तीव्र आपत्ति रह्यो । यति गम्भीर विषयमा पार्टीहरूमा पनि गम्भीर गृहकार्य नभएकाले नेताहरूलाई सहमति जनाउन कठिनाइ उत्पन्न भएको सहज अनुमान गर्न सकिन्थ्यो । आवेग र उत्तेजनामा आएर एकचोटि डा. भट्टराईलगायत केही माओवादी नेताहरूले बैठक छाडेर हिंड्ने धम्की पनि दिए । अन्त्यमा, लामो छलफलपछि, 'अर्को व्यवस्था गरी' भन्ने वाक्यांश थपेर संसद् विघटन गर्ने कुरामा सहमति जुटाइयो, संसद् विघटनसँगै माओवादीले आफ्ना सबै सत्ताहरू विघटन गर्ने प्रतिबद्धता व्यक्त गर्‍यो, हतियार र सेना व्यवस्थापनको अनुगमन गर्न संयुक्त राष्ट्रसङ्घलाई आमन्त्रित गर्ने निर्णय भयो । विगतका सबै सहमतिको कडाइका साथ कार्यान्वयनमा दुवै पक्षको प्रतिबद्धता व्यक्त गरियो र अन्तरिम संविधानको निर्माण, अन्तरिम सरकारको गठन, संविधानसभाको मिति घोषणालगायतका विषयपछि 'अर्को व्यवस्था गरी' संसद् विघटन गर्ने सहमति कायम गरियो ।

निश्चय नै त्यो निकै ठूलो सहमति थियो र त्यसले विशेष गरेर गम्भीर आशङ्काबीचबाट गुज्रिरहेका माओवादीहरूलाई आगामी निकासको सम्बन्धका धेरै हदसम्म आश्वस्त तुल्यायो । माओवादी पक्षले यसलाई आफ्नो विजयकै रूपमा लिएको सहज अनुमान गर्न सकिन्थ्यो । किनकिन प्रधानमन्त्रीलगायत नेपाली काङ्ग्रेसका नेताहरूको अनुहारमा गम्भीर चिन्ताका रेखाहरू देखिन्थे । सहमतिमा पालैपालो हस्ताक्षर गरेपछि आपसमा हात मिलाएर नेताहरू तल झरे ।

बिहानैदेखि बालुवाटार घेरेर बसिरहेका र थुप्रैचोटि बैठकको फोटो खिच्न पाउनुपर्छ भनेर नारा लगाइरहेका पत्रकारहरूको बीचमा पत्रकार सम्मेलन गरेर बैठकका निष्कर्षहरू सार्वजनिक गर्ने सहमति भयो । तर, बैठकले कस्तो निष्कर्ष निकाल्छ र त्यसलाई कसरी सार्वजनिक गर्ने भन्ने विषयमा कुनै पूर्वानुमान नभएको कारण पत्रकार सम्मेलनको तयारी गरिएको थिएन । त्यसैले निकै हतार-हतार आयोजना गरिएको पत्रकार सम्मेलन निकै अव्यवस्थित पनि भयो र त्यसै दिन सार्वजनिक भएका प्रचण्डले यसलाई 'पुरानो राज्यसत्ता'को अव्यवस्थासँग जोडेर कटाक्ष गर्ने मौका गुमाएनन् । यद्यपि, प्रचण्डको त्यसरी सार्वजनिक हुने निर्णय आकस्मिक रूपले गरिएको देखिन्थ्यो, सम्भवतः यो पूर्वनिर्धारित थिएन । महासचिव कमरेड माधव नेपालले एकताकेन्द्र- मसालका नेता प्रकाशलाई पनि त्यसै दिन सार्वजनिक हुन आग्रह गरे पनि उनले त्यो कुरा स्वीकारेनन् ।

पत्रकार सम्मेलनमा कृष्ण सिटौलाले आठबुँदे सहमतिको बारेमा व्याख्या गर्दै पत्रकारहरूलाई पढेर सुनाए । अस्वस्थताको कारण प्रधानमन्त्री उपस्थित हुन नसकेकाले माधव नेपाल, शेरबहादुर देउवालगायतका नेताहरूद्वारा सङ्क्षिप्त मन्तव्य प्रस्तुत भयो । तर, त्यस दिनको मिडिया आकर्षणको विषय प्रचण्ड नै बनेका थिए । आफ्नो लामो मन्तव्यमा उनले 'जनयुद्ध'को औचित्यलाई पुष्टि गर्ने प्रयत्न गर्दै राजनीतिक निकासका लागि माओवादीको भूमिकालाई स्थापित गर्ने प्रयास गरे । उनले त्यस दिनको बैठकका निष्कर्षहरूको महत्वलाई उजागर गर्ने प्रयत्न गरे र शान्ति, प्रजातन्त्र र अग्रगामी निकासका लागि आफ्नो प्रतिबद्धतालाई पुष्टि गर्न खोजे । राजतन्त्रप्रति निकै आक्रामक देखिएका प्रचण्डको अभिव्यक्तिमा अलिकति दम्भ, अलिकति अन्योल र अलिकति विचलन देखिन्थ्यो । पहिलोचोटि सार्वजनिक भएको एउटा विद्रोही नेतामा अपेक्षा गरिने विनम्रता, देश र जनतालाई आश्वस्त पार्नुपर्ने आवश्यकताबोध र आफ्नो आगामी यात्राबारे दिइनुपर्ने स्पष्ट मार्गदर्शनको अभाव त्यहाँ देखिन्थ्यो । त्यतिमात्र होइन, उनले नेपाली सेनाको बारेमा धेरै विवादास्पद कुरा पनि बोले, जसका निम्ति उनले एक हप्तापछि नै क्षमायाचनासहित फिर्ता लिनुपर्ने अवस्था सिर्जना भयो ।

पूर्वसल्लाहबमोजिम मैले त्यहाँ अन्तरिम संविधान मस्यौदा समितिको नाम पढेर सुनाएँ, जसमा अमिक शेरचनले आफूहरूसँग सल्लाह नगरिएको भनेर तत्कालै आपत्ति जनाए ।

**तीव्र प्रतिक्रिया र विश्वासको सङ्कट**

असार दुई गतेको बालुवाटार सहमति दुई पक्षबीच भएको एउटा निकै महत्वपूर्ण सहमति थियो । त्यसले माओवादीलाई राजनीतिक प्रक्रियामा समावेश हुन ढोका खोलिदिने काम गरेको थियो । तर, एकातिर यस्तो महत्वपूर्ण विषयमा कुनै पार्टीमा पनि संस्थागत छलफल नभएको कारण प्रायः सबै पार्टीमा यसले असहजता उत्पन्न गर्‍यो भने संसद्

विघटनको विषयले सांसदहरूमा तीव्र प्रतिक्रिया पैदा गरिदियो । नेकपा (एमाले)ले सहमतिको लगत्तै स्थायी कमिटीको बैठकबाट यसलाई महत्वपूर्ण उपलब्धिका रूपमा स्वागत गर्ने निर्णय गरेको थियो । स्थिति कतिसम्म जटिल भयो भने भोलिपल्टै उपचारका लागि बैङ्कक लागेका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अनुपस्थितिमा बसेको काङ्ग्रेस संसदीय दलको बैठकले विशेष गरेर संसद् विघटन गर्ने निर्णयप्रति तीव्र आपत्ति जनायो । संसदीय दलका नेताले हस्ताक्षर गर्ने तर उनको अनुपस्थितिमा संसदीय दलले आपत्ति जनाउने यस्तो परिघटनाले स्थितिको गाम्भीर्यलाई सङ्केत गर्‍यो । त्यत्तिमात्र नभएर सदनमा सूर्यबहादुर थापाले निकै कटु शब्दमा त्यो सहमतिको विरोध गरे र आठ दलका नेताहरूको आलोचना गरे । उनले आलोचनामा चर्को शब्द प्रयोग गरिरहँदा कतिपय काङ्ग्रेस/कम्युनिस्ट सांसदहरूले ताली बजाउने स्थिति पनि देखापर्‍यो । कतिपय सांसदहरूले माओवादी नेताहरूको सुरक्षाको प्रश्न कति संवेदनशील थियो र त्यसको असर समग्र शान्ति प्रक्रियामा कति गम्भीर हुनसक्थ्यो भन्ने स्थितिको गाम्भीर्यलाई बुझ्ने चेष्टै नगरी गृहमन्त्रीले माओवादी नेताहरूलाई लिन र पुर्‍याउन हेलिकप्टर लिएर गएको घटनालाई खिसीट्युरी गर्ने र उनलाई माओवादीका 'सवारीमन्त्री' भनेर कटाक्ष गर्ने कामसमेत गरे । नेपाली काङ्ग्रेसका कतिपय नेताहरूद्वारा उनको तीव्र आलोचना भयो र त्यो शृङ्खला अगाडि बढ्दै जाँदा पछि शान्ति सुरक्षाको प्रश्नलाई समेत जोडेर उनको राजीनामाको मागलाई पार्टीभित्रैबाट तीव्र पारियो ।

असार २ गतेको सहमतिपछिको दुई महिना वार्ताको हिसाबले निकै जटिल अवस्थाबाट गुज्रियो । एकातिर प्रधानमन्त्रीको लामो अस्वस्थताको कारण क्याबिनेट र शीर्ष राजनीतिक बैठकहरू बस्न नसक्ने, अर्कोतिर विशेष गरेर नेपाली काङ्ग्रेसभित्रबाट सहमतिको निरन्तर विरोध भइरहने र माओवादीबाट सहमतिविपरीत चन्दा असुली, धाकधम्की, जोरजबर्जस्ती, अपहरण र कतिपय ठाउँमा हत्याजस्ता क्रियाकलाप पनि जारी राख्नुले सहमति कार्यान्वयनमा जटिलता पैदा गरिदियो । अन्तरिम संविधान मस्यौदा समितिको संरचनाबारे भएको विवादले एकातिर त्यसले दिइएको १५ दिनको अवधिभित्र कामै सुरु गर्न सकेन भने अर्कातिर किस्ता-किस्तामा भएको सदस्य थप गर्ने निर्णयले यसको विश्वसनीयतालाई पनि कमजोर पारिदियो । त्यतिमात्र नभएर संविधानबारेमा सुझाव दिँदा साझा सहमति खोज्ने भन्दा पनि हरेक पार्टीले आआफ्ना अडानका विषयहरू प्रस्तुत गर्ने र यसलाई सङ्क्रमणकालमा नभई नहुने न्यूनतम विषयहरू मात्रै समावेश गरेर विवादरहित ढङ्गले टुङ्ग्याउने भन्दा पनि आफ्ना सबै राजनीतिक मान्यताहरू स्थापित गर्ने प्रयत्न गरिँदा अन्तरिम संविधान निर्माणको विषय निकै जटिल र लामो बन्न पुग्यो ।

यसैबीच, सरकारका तर्फबाट आठबुँदे सहमतिमा उल्लेख भएअनुसार सेना र हतियारको व्यवस्थापनमा सहयोग पुर्‍याउन संयुक्त राष्ट्रसङ्घलाई पठाइएको पत्रले निकै चर्को विवाद सिर्जना गर्‍यो । यो पत्र पठाउँदा आफूहरूसँग कुनै सहमति र परामर्श नगरिएको भन्ने आरोप माओवादीको थियो, तर त्योभन्दा पनि बढ्ता त्यस पत्रमा प्रयोग गरिएको 'लडाकुलाई हतियारबाट अलग गर्ने'ले माओवादी पक्षमा तीव्र रोष, आक्रोश र विरोध पैदा गरिदियो । ❐

# माओवादीले नेपाली क्रान्तिलाई धोका दिएको छ

**मणि थापा**

*(प्युठानको धर्मावतीमा ४७ वर्षअघि जन्मिएका मणि थापा माओवादीबाट विद्रोह गर्ने माथिल्लो पङ्क्तिका नेता हुनुहुन्छ । माओवादीको १७ सदस्यीय तत्कालीन पोलिट्ब्युरोका एक सदस्य थापाले माओवादीले जनयुद्धलाई सफलतामा पुर्‍याउन नसक्ने निष्कर्ष निकालेर अर्का नेता रवीन्द्र श्रेष्ठसहित २०६२ फागुन २१ गते विद्रोह गर्नुभएको थियो । हाल उहाँ **क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपाल (आरसीपी)**का महासचिव हुनुहुन्छ ।)*

**० तपाईं कहिलेदेखि कम्युनिस्ट आन्दोलनमा लाग्नुभएको हो ?**

- ०३५ सालयता म निरन्तर कम्युनिस्ट आन्दोलनमा छु ।

**० कसरी आकर्षित हुनुभयो यसप्रति ?**

- त्यतिबेला मेरो बुबा रामचन्द्र थापा नेकपा (चौथो महाधिवेशन)को प्युठान जिल्ला सचिव हुनुहुन्थ्यो । मोहनविक्रम सिंह, मोहन वैद्यलगायतका नेताहरू हाम्रो घरमा आइरहनुहुन्थ्यो । त्यही देखेर राजनीतितर्फ लागेको हुँ ।

**० 'जनयुद्ध'को विचार त्यतिबेलादेखि नै राख्नुहुन्थ्यो ?**

- सशस्त्र सङ्घर्षबिना राजतन्त्रलाई समाप्त पार्न सकिँदैन भन्ने धारणा थियो । ०२८ मा झापा विद्रोहमा सहभागी कमरेडहरूप्रति आकर्षण थियो । झापा आन्दोलन र उहाँहरूको साहित्यप्रति झुकाव राख्थेँ । पछि नेकपा (मशाल)ले जनसङ्घर्ष गौण हो, सशस्त्र सङ्घर्ष प्रमुख हो भनेपछि मोहनविक्रम सिंहबाट विद्रोह गरियो ।

**० त्यसो भए ०५२ मा माओवादीले सशस्त्र जनयुद्ध घोषणा गर्दा निकै खुसी हुनुभयो होला ?**

- हो । तर, त्यतिबेला पनि प्रचण्ड र किरणहरू डराउनुभएको थियो । हामी केही युवकहरूले सशस्त्र युद्धको तयारी गर्नुपर्दछ भनेर भित्रभित्रै अभियान चलाएका थियौँ । त्यसलाई उहाँहरू 'अराजकतावादी' भन्नुहुन्थ्यो ।

**० को-को हुनुहुन्थ्यो त्यस अभियानमा ?**

- नेत्रविक्रम चन्द, हितमान शाक्य, कुमार दाहाल, दिवंगत रवि कार्की, गङ्गा श्रेष्ठ, गङ्गा कार्कीलगायत थियौँ ।

**० 'जनयुद्ध' घोषणा गर्दा जनवादी सत्ता आउँछ भन्ने विश्वास थियो ?**

- हतियार नउठाई राज्यसत्ता प्राप्त गर्न सकिँदैन भन्ने विश्वास थियो ।

**० पार्टीले क्रान्ति गर्छ भन्नेमा शङ्का कुन बिन्दुबाट उत्पन्न भयो त ?**

- केन्द्रीय कमिटीको चौथो विस्तारित बैठक (०५४) मा आइपुग्दा मलाई नेकपा (माओवादी)ले क्रान्ति गर्दैन किन भन्ने शङ्का उत्पन्न भएको हो ।

**० किन ?**

- त्यस बैठकले दुइटा निर्णय गऱ्यो, पहिलो- 'नेतृत्वलाई स्थापित गर्ने र नेतृत्वको केन्द्रीकरण गर्ने' नाममा प्रचण्डलाई प्राधिकार घोषणा गर्ने र दोस्रो- उहाँको तस्बिर र उद्धरण (कोटेसन) छाप्ने । यसबाट पार्टीमा व्यक्तिवाद हावी हुन्छ भन्ने मलाई लाग्यो । मलगायत पाँच जनालाई त्यही बैठकबाट केन्द्रीय कमिटीमा ल्याइएको थियो । चारजनाले बोल्नुभयो तर मैले बोलिनँ ।

**० किन ?**

- प्रचण्डले पनि मलाई त्यतिबेला यही प्रश्न सोध्नुभएको थियो । मलाई लाग्यो- यो त मोहनविक्रम सिंहको पाँचौं महाधिवेशनजस्तै भयो । व्यक्तिवादका विरुद्ध विद्रोह गरेर आइयो । फेरि सामन्तवाद र व्यक्तिवादलाई निरन्तरता दिइयो भन्ने लागेका कारण मैले बोलिनँ ।

**० तर, त्यसबेला माओवादीले 'सफलता' पाइरहेको थियो नि त ?**

- प्राविधिक रूपमा आन्दोलन अघि बढेको थियो, जनमत बढेको थियो, फौजी कारबाहीहरू सफल भएका थिए । तर, जनता र कार्यकर्तालाई युद्धमा होमेर मूल नेतृत्व परिवारसहित भारतमा बस्ने जुन काम भयो, मलाई त्यसमा निकै शङ्का थियो । नेतृत्वलाई पूजनीय बनाउने, नेतृत्वलाई राजा, कार्यकर्तालाई रैती ठान्ने र प्रचण्डलाई महामानव बनाउने जुन काम भयो, त्यहींबाट क्रान्ति ओरालो लागेको हो । मैले त्यतिबेला सांस्कृतिक क्षेत्रबाट यसको विरोध गरेको थिएँ ।

**० माओवादीले क्रान्ति गर्दैन भन्ने निष्कर्षमा कहिले पुग्नुभयो त ?**

- पहिला पार्टीका सिद्धान्तका रूपमा मार्क्सवाद, लेनिनवाद, माओवाद र पार्टीको निर्देशक सिद्धान्त भनिन्थ्यो । ०५७ को दोस्रो राष्ट्रिय सम्मेलनबाट पार्टीको निर्देशक विचारका ठाउँमा 'प्रचण्डपथ' अघि सारियो । त्यसअघि केन्द्रीय कमिटीको बैठकमा यो प्रस्ताव आउँदा मैले प्रचण्डसँग भिन्न दस्तावेज चाहियो भनें । राजनीति, अर्थशास्त्र, दर्शन र संस्कृतिका क्षेत्रमा हामीले के नयाँ विकास गऱ्यौं ? त्यसको दस्तावेज आएपछि मात्रै यसमा छलफल गर्न सकिन्छ भन्ने मेरो धारणा थियो ।

**० तपाईंलाई के भनियो त ?**

- जनयुद्धको यत्रो विकास भएको देख्नुहुन्न ? यो सबै कमरेड प्रचण्डको नेतृत्वमा भएको हो, त्यसैले प्रचण्डपथ भन्नुपर्छ भनियो । त्यतिबेला 'विचार पनि तरकारी किने जस्तो हो र' भन्ने मेरो तर्क थियो ।

**० त्यसो भए त तपाईंलाई आशङ्काका दृष्टिले हेरियो होला, होइन ?**

- हेरियो । म पश्चिमको मान्छे तर कहिल्यै पनि रुकुम-रोल्पातिरको जिम्मेवारी दिइएन । असाध्यै कठिन अवस्था रहेको तराईमा पठाइयो,  सांस्कृतिक क्षेत्रमा पनि रुचि राख्ने मान्छे भन्दै मेची-कोसी पठाइयो । मलाई युवक हुँदा पार्टीमा काम गराइयो तर पछिल्लो कालमा सेनामा खटाइयो । दुइवटा ब्रिगेड हुँदा एउटाको कमिसार नन्दकिशोर पुन हुनुहुन्थ्यो भने अर्काको म थिएँ ।

**० किन यस्तो गरियो त ?**

- म प्रचण्डसँग मतभिन्नता राख्थें ।

**० तपाईंले 'विद्रोह' किन गर्नुभयो त ?**

- फुन्टिवाङको बैठक हेरेपछि मैले तपाईंसँग मेरो मतभिन्नता छ भनें । बाबुराम भट्टराईले १३ र ४ बुँदाको फरक मत राख्नुभयो । लावाङ बैठकबाट उहाँजस्तो नेतालाई समेत कारबाही गर्ने मात्र होइन, मार्ने तहसम्मको षड्यन्त्र गरेको आभाष भयो । त्यसपछि अब यस पार्टीमा अटाउन सकिन्छ त भन्ने प्रश्न उब्ज्यो । सङ्घर्षकै क्रममा सिध्याउने योजना थाहा पाएपछि हामीले विद्रोह गऱ्यौं ।

**० अहिले माओवादीलाई कसरी हेर्नुभएको छ त ?**

- हामीले जे भनेका थियौं, माओवादी त्यही बाटोमा छ । अर्थात्, माओवादी दक्षिणपन्थी सुधारवादमा पतन हुन्छ भन्ने हाम्रो निष्कर्ष सही सावित हुँदै गएको छ । १२ बुँदे सहमतिबाट सुरु भएको उसको दक्षिणपन्थी पतनको यात्रा जारी छ ।

**० क्रान्तिका सपना देखाएर युद्धमा लगाइएका लडाकुहरूले शिविरबाट बाहिर निस्किँदा प्रचण्डकै अगाडि माला चुँडाएर फालेको दृश्यले के सङ्केत गर्दछ ?**

- माओवादीले नेपाली क्रान्तिलाई धोका दिएको छ ।

**० यसबाट शिविरका लडाकुहरूको व्यवस्थापन गर्न गाह्रो छ भन्ने देखिँदैन र ?**

- देखिँदैन । किनभने, दुई/तीन वर्षमा शिविरभित्र जे अभ्यास गरियो, त्यसबाट विरक्त भएर सात-आठ हजार इमानदार योद्धाहरू बाहिरिसकेका छन्, अझ कतिपय बाहिरिने क्रममा छन् । शिविरभित्रका कमान्डरहरू लालफित्ताशाही/ठेकेदार बनिसकेका छन् । उनीहरूले राजनीतिक रूपमा आफ्नो भविष्य देखेका छैनन् ।

**० विधिवत् रूपमा 'जनयुद्ध' बिसर्जन गरिसकेको माओवादीले फेरि जनविद्रोहको कुरा गर्नु कत्तिको सुहाउँछ ?**

- राजनीतिक रूपमा हेर्दा यो अनैतिक कार्य हो । गरिब जनताका छोराछोरीलाई प्रयोग गरेर अरूलाई थर्काउने अनि सत्तामा जाने यो उनीहरूको चालबाजी मात्र हो ।

**❒ विष्णु रिजाल**